***

AGNIPURANAM

(Nepali)

****

विषयसूची

अध्याय		पृ.सं.
१.	प्रस्तावना	१
२.	मत्स्यावतार	२
३.	कूर्मावतार	४
४.	वराह आदि अवतार	६
५.	श्रीरामावतार	७
६.	श्रीरामावतार	८
७.	रामायण	१२
८.	रामावतार	१४
९.	रामावतार	१६
१०.	रामअवतार	१८
११.	रामावतार	२१
१२.	श्रीहरिवंशवर्णन	२२
१३.	भारतआख्यान	२७
१४.	महाभारतयुद्ध	२९
१५.	पाण्डवचरित्र	३२
१६.	बुद्धअवतार	३३
१७.	सृष्टिवर्णन	३४
१८.	स्वायम्भुववंश	३५
१९.	कश्यपवंश	३८
२०.	जगत्सर्ग	४०
२१.	सामान्यपूजा	४२
२२.	स्नानविधि	४५
२३.	पूजाविधि	४५
२४.	कुण्डनिर्माण	४७
२५.	वासुदेवादिमन्त्र	५३
२६.	मुद्रालक्षण	५७
२७.	दीक्षाविधि	५७
२८.	आचार्यअभिषेक	६३
२९.	सर्वतोभद्र	६४
३०.	मण्डलविधि	६८
३१.	मार्जनविधान	७०
३२.	संस्कारकथन	७३
३३.	पवित्रारोहणविधि	७४
३४.	होमविधि	७९
३५.	पवित्रअधिवासनविधि	८२
३६.	पवित्रारोपण	८३
३७.	देवपवित्रारोहण	८५
३८.	देवालयनिर्माणफल	८६
३९.	भूपरिग्रहविधान	९०
४०.	अर्घ्यदान	९१
४१.	शिलाविन्यासविधि	९३
४२.	प्रासादलक्षण	९६
४३.	प्रासाददेवतास्थापन	९८
४४.	वासुदेवादिप्रतिमालक्षण	१००
४५.	पिण्डिकालक्षण	१०४
४६.	शालग्रामूर्तिलक्षण	१०५
४७.	शालग्रामापूजाकथन	१०६
४८.	चतुर्विंशतिमूर्त्तिस्तुति	१०७
४९.	मत्स्यादिलक्षणवर्णन	१०८
५०.	देवीप्रतिमालक्षण	१११
५१.	सूर्य्यादिप्रतिमालक्षण	११४
५२.	चतुःषष्टियोगिनी	११६
५३.	लिङ्गादिलक्षण	११७
५४.	नानालिङ्गमानादिलक्षण	११९
५५.	पिण्डिकालक्षण	१२३
५६.	दिक्पालयागकथन	१२४
५७.	कुम्भाधिवासविधि	१२६
५८.	स्नानादिविधि	१२८
५९.	अधिवासनकथन	१३१
६०.	वासुदेवप्रतिष्ठाविधि	१३५
६१.	द्वारप्रतिष्ठाध्वजारोहण	१३७
६२.	लक्ष्मीप्रतिष्ठाविधि	१४१
६३.	सुदर्शनचक्रादिप्रतिष्ठा	१४२
६४.	कूपादिप्रतिष्ठा	१४४
६५.	सभादिस्थापन	१४७
६६.	साधारणप्रतिष्टाविधान	१४९
६७.	जीर्णोद्धारविधान	१५१
६८.	यात्रोत्सवविधिकथन	१५२
६९.	स्नानविधान	१५३
७०.	वृक्षादिप्रतिष्ठा	१५५
७१.	गणेशपूजा	१५५
७२.	स्नानविशेषादिकथन	१५६
७३.	सूर्यपूजाविधि	१६०
७४.	शिवपूजाविधि	१६२
७५.	अग्निस्थापनाविधि	१६९
७६.	चण्डपूजाविधि	१७५
७७.	कपिलापूजा	१७६
७८.	पवित्राधिवासन	१७८
७९.	पवित्रारोहण	१८३
८०.	दमनक आरोहण	१८७
८१.	समयदीक्षा	१८८
८२.	संस्कारदीक्षाविधि	१९६
८३.	निर्वाणदीक्षाकथन	१९८
८४.	निर्वाणदीक्षा	२०२
८५.	प्रतिष्ठाकलाशोधन	२०६
८६.	विद्याविशोधन	२०९
८७.	शान्तिशोधन	२११
८८.	निर्वाणदीक्षाविधि	२१३
८९.	एकतत्त्वदीक्षाविधि	२१७
९०.	अभिषेकादि	२१७
९१.	विविधमन्त्र	२१८
९२.	प्रतिष्ठाविधि	२२०
९३.	वास्तुपूजा	२२५
९४.	शिलाविन्यास	२२८
९५.	प्रतिष्ठासामग्री	२२९
९६.	अधिवासनविधि	२३४
९७.	शिवप्रतिष्ठाविधान	२४३
९८.	गौरीप्रतिष्ठा	२४९
९९.	सूर्य्यप्रतिष्ठा	२५०
१००.	द्वारप्रतिष्ठा	२५१
१०१.	प्रासादप्रतिष्ठा	२५१
१०२.	ध्वजारोपण	२५३
१०३.	जीर्णोद्धार	२५५
१०४.	प्रासादलक्षण	२५७
१०५.	नगरादिवास्तुनिरूपण	२५९
१०६.	नगरादिकवास्तु	२६२
१०७.	स्वायम्भुवसर्ग	२६४
१०८.	भुवनकोश	२६५
१०९.	तीर्थमाहात्म्य	२६७
११०.	गङ्गामाहात्म्य	२६९
१११.	प्रयागमाहात्म्य	२६९
११२.	वाराणसीमाहात्म्य	२७०
११३.	नर्मदादिमाहात्म्य	२७१
११४.	गयामाहात्म्य	२७१
११५.	गयायात्राविधि	२७५
११६.	गयायात्रा	२८०
११७.	श्राद्धकल्पः	२८३
११८.	भारतवर्षवर्णन	२८८
११९.	महाद्वीपवर्णन	२८८
१२०.	भुवनकोशवर्णन	२९०
१२१.	ज्योतिःशास्त्रसार	२९४
१२२.	कालगणना	२९९
१२३.	युद्धजययोग	३०१
१२४.	युद्धजये ज्योतिःशास्त्र	३०४
१२५.	युद्धजये नानाचक्र	३०६
१२६.	नक्षत्रनिर्णय	३१०

अध्याय	पृ.सं.
१२७. नानाबल	३१३
१२८. कोटचक्र	३१४
१२९. अर्घकाण्ड	३१५
१३०. मण्डलवर्णन	३१६
१३१. घातचक्र	३१७
१३२. सेवाचक्र	३१८
१३३. विविध बल	३२१
१३४. त्रैलोक्यविजयविद्या	३२४
१३५. सङ्ग्रामविजयविद्या	३२५
१३६. नक्षत्रचक्र	३२७
१३७. महामारीविद्या	३२८
१३८. षट्कर्म	३३०
१३९. षष्टिसंवत्सर	३३१
१४०. वश्यादियोग	३३३
१४१. षट्त्रिंशत्पदकज्ञान	३३५
१४२. मन्त्रौषधि	३३६
१४३. कुब्जिकापूजा	३३८
१४४. कुब्जिका पूजाविधि	३४०
१४५. मालिनीमन्त्र	३४३
१४६. अष्टाष्टकदेवी	३४५
१४७. त्वरितापूजा	३४७
१४८. सङ्ग्रामविजयपूजा	३४८
१४९. लक्षकोटिहोम	३४९
१५०. मन्वन्तर	३५०
१५१. वर्णाश्रमेतरधर्म	३५२
१५२. गृहस्थवृत्ति	३५४
१५३. ब्रह्मचर्य्याश्रम	३५४
१५४. विवाह	३५६
१५५. आचार	३५७
१५६. द्रव्यशुद्धि	३६०
१५७. शावाशौचादि	३६१
१५८. स्रावाद्याशौच	३६४
१५९. असंस्कृतादिशौच	३७१
१६०. वानप्रस्थाश्रमधर्म	३७२
१६१. यतिधर्म	३७३
१६२. धर्म्मशास्त्रनिरूपण	३७५
१६३. श्राद्धकल्पनिरूपण	३७७
१६४. नवग्रहहोम	३८१
१६५. नानाधर्म	३८२
१६६. वर्णधर्मादिकथन	३८४
१६७. अयुतलक्षकोटिहोमा:	३८५
१६८. महापातकादिप्रायश्चित्त	३८८
१६९. विविध प्रायश्चित्त	३९१
१७०. अन्य प्रायश्चित्तादि	३९३

अध्याय	पृ.सं.
१७१. अन्य विविध प्रायश्चित्त	३९६
१७२. सर्वपाप प्रायश्चित्त	३९८
१७३. सम्पूर्ण प्रायश्चित्त	३९९
१७४. भिन्न प्रायश्चित्त	४०३
१७५. व्रतपरिभाषा	४०४
१७६. प्रतिपदव्रत	४०९
१७७. द्वितीयाव्रत	४०९
१७८. तृतीयाव्रत	४११
१७९. चतुर्थीव्रत	४१३
१८०. पञ्चमीव्रत	४१४
१८१. षष्ठीव्रत	४१४
१८२. सप्तमीव्रत	४१४
१८३. अष्टमीव्रत	४१५
१८४. पुनरष्टमीव्रत	४१६
१८५. नवमीव्रत	४१८
१८६. दशमीव्रत	४१९
१८७. एकादशीव्रत	४१९
१८८. द्वादशीव्रत	४२०
१८९. श्रवणद्वादशीव्रत	४२१
१९०. अखण्डद्वादशीव्रत	४२२
१९१. त्रयोदशीव्रत	४२३
१९२. चतुर्दशीव्रत	४२४
१९३. शिवरात्रिव्रत	४२५
१९४. अशोकपूर्णिमाव्रत	४२५
१९५. वारव्रत	४२६
१९६. नक्षत्रव्रत	४२७
१९७. दिवसव्रत	४२८
१९८. मासव्रत	४३०
१९९. विविध व्रत	४३१
२००. दीपदानव्रत	४३२
२०१. नवव्यूहार्चन	४३३
२०२. पुष्पाध्यायकथन	४३५
२०३. नरकस्वरूप	४३६
२०४. मासोपवासव्रत	४३८
२०५. भीष्मपञ्चकव्रत	४३९
२०६. अगस्त्यार्घ्यदान	४४०
२०७. कौमुदव्रत	४४२
२०८. व्रतदानसमुच्चय:	४४२
२०९. दानपरिभाषा	४४३
२१०. महादान	४४७
२११. नानाविध दान	४५०
२१२. मेरुदान	४५४
२१३. पृथ्वीदान	४५७
२१४. मन्त्रमाहात्म्य	४५८

अध्याय	पृ.सं.
२१५. सन्ध्याविधि	४६१
२१६. गायत्रीनिर्वाण	४६४
२१७. पुनर्गायत्रीनिर्वाण	४६६
२१८. राजाभिषेक	४६७
२१९. अभिषेकमन्त्र	४६९
२२०. सहायसम्पत्ति	४७३
२२१. सेवकवृत्त	४७६
२२२. दुर्गसम्पत्ति	४७७
२२३. राजधर्म	४७९
२२४. पुनः राजधर्म	४८२
२२५. राजनीति	४८४
२२६. सामआदि उपाय	४८७
२२७. दण्डनीति	४८८
२२८. युद्धयात्रा	४९३
२२९. स्वप्नाध्याय	४९४
२३०. शकुनविचार	४९६
२३१. शुभाशुभ	४९७
२३२. शुभाशुभशकुन	५००
२३३. यात्रामण्डल	५०२
२३४. षड्गुण	५०४
२३५. दैनिक राजकर्म	५०६
२३६. रणदीक्षा	५०८
२३७. श्रीस्तोत्र	५१३
२३८. रामोक्तनीति	५१४
२३९. पुनः राजधर्मा	५१६
२४०. पुनः षाड्गुण	५२०
२४१. पुनः सामादि	५२३
२४२. पुनः राजनीति	५२९
२४३. पुरुषलक्षण	५३६
२४४. स्त्रीलक्षण	५३८
२४५. चामरादिलक्षण	५३९
२४६. रत्नपरीक्षा	५४१
२४७. वास्तुलक्षण	५४२
२४८. पुष्पादिपूजाफल	५४४
२४९. धनुर्वेद	५४४
२५०. धनुर्वेदवर्णन	५४७
२५१. पुनश्च धनुर्वेद	५४९
२५२. धनुर्वेदविवेचना	५५०
२५३. व्यवहारनिरूपण	५५२
२५४. व्यवहारकथन	५५८
२५५. दिव्यप्रमाणम्	५६३
२५६. दायविभाग	५६७
२५७. सीमाविवादनिर्णय	५७१
२५८. वाक्पारुष्य	५७६

अध्याय	पृ.सं.
२५९. ऋग्विधान	५८४
२६०. यजुर्विधान	५९१
२६१. सामविधानम्	५९६
२६२. अथर्वविधान	५९८
२६३. उत्पातशान्ति	६००
२६४. बलिवैश्वदेव	६०२
२६५. दिक्पालादिस्नान	६०४
२६६. विनायकस्नान	६०६
२६७. माहेश्वरस्नान लक्ष-कोटिहोम	६०७
२६८. नीराजनाविधि	६०९
२६९. छत्रादिमन्त्र	६११
२७०. विष्णुपञ्जर	६१४
२७१. वेदशाखादिकीर्त्तन	६१५
२७२. दानादिमाहात्म्य	६१६
२७३. सूर्य्यवंश	६१८
२७४. सोमवंश	६२१
२७५. यदुवंश	६२३
२७६. द्वादशसङ्ग्राम	६२६
२७७. राजवंश	६२८
२७८. पुरुवंश	६२९
२७९. सिद्धौषध	६३२
२८०. सर्वरोगहरौषध	६३६
२८१. रसादिलक्षण	६३९
२८२. वृक्षआयुर्वेद	६४१
२८३. नानारोगहरऔषध	६४२
२८४. मन्त्ररूपौषध	६४५
२८५. मृतसञ्जीवनीसिद्धि	६४६
२८६. मृत्युञ्जयकल्प	६५१
२८७. गजचिकित्सा	६५३
२८८. अश्ववाहनसार	६५५
२८९. अश्वचिकित्सा	६६०
२९०. अश्वशान्ति	६६३
२९१. गजशान्ति	६६४
२९२. शान्तिआयुर्वेद	६६५
२९३. मन्त्रपरिभाषा	६६८
२९४. सर्पलक्षण	६७३
२९५. दंष्टचिकित्सा	६७६
२९६. पञ्चाङ्गरुद्रविधान	६७९
२९७. विषहृन्मन्त्रौषध	६८०
२९८. गोनसादिचिकित्सा	६८१
२९९. बालग्रहहरबालतन्त्र	६८३
३००. ग्रहहृन्मन्त्र	६८७
३०१. सूर्य्यार्चन	६९०
३०२. मन्त्रौषधनिरूपण	६९२

अध्याय	पृ.सं.
३०३. अङ्गाक्षरार्चन	६९४
३०४. पञ्चाक्षरादिपूजादिकम्	६९५
३०५. विष्णोर्पञ्चपञ्चाशन्नाम	६९९
३०६. नारसिंहादिमन्त्र	७००
३०७. त्रैलोक्यमोहनमन्त्र	७०२
३०८. त्रैलोक्यलक्ष्मीपूजा	७०४
३०९. त्वरितापूजा	७०६
३१०. त्वरितामन्त्र	७०९
३११. त्वरितामूलमन्त्र	७१२
३१२. त्वरिताविद्या	७१५
३१३. विविध मन्त्र	७१७
३१४. त्वरिताज्ञान	७१९
३१५. स्तम्भनादिमन्त्र	७२२
३१६. नानामन्त्र	७२३
३१७. सकलमन्त्रोद्धार	७२४
३१८. गणपूजा	७२६
३१९. वागीश्वरीपूजा	७२८
३२०. मण्डल	७२९
३२१. अघोरास्त्रशान्तिकल्प	७३३
३२२. पाशुपतशान्ति	७३४
३२३. षडङ्गान्यघोरास्त्र	७३५
३२४. रुद्रशान्ति	७३८
३२५. अंशकादि	७४०
३२६. गौर्य्यादिपूजा	७४२
३२७. देवालयमाहात्म्य	७४४
३२८. छन्द	७४५
३२९. छन्दसार	७४६
३३०. छन्दविवेक	७४६
३३१. छन्दोजातिनिरूपण	७४९
३३२. विषमकथन	७५१
३३३. अर्द्धसमनिरूपण	७५३
३३४. समवृत्तनिरूपण	७५४
३३५. प्रस्तारनिरूपण	७५७
३३६. शिक्षानिरूपण	७५७
३३७. काव्यादिलक्षण	७६०
३३८. नाटकनिरूपण	७६३
३३९. शृङ्गारादिरसनिरूप	७६५
३४०. रीतिनिरूपण	७६८
३४१. नृत्यादावङ्गकर्मनिरूपण	७६९
३४२. अभिनयादिनिरूपण	७७१
३४३. शब्दालङ्कार	७७३
३४४. अर्थालङ्कार	७७८
३४५. शब्दार्थयोरलङ्काराः	७८०
३४६. काव्यगुणविवेक	७८१

अध्याय	पृ.सं.
३४७. काव्यदोषविवेक	७८३
३४८. एकाक्षरकोश	७८६
३४९. कौमारव्याकरण	७८८
३५०. सन्धिसिद्धरूप	७८९
३५१. सुब्विभक्तिसिद्धरूप	७९०
३५२. स्त्रीलिङ्गशब्दसिद्धरूप	७९८
३५३. नपुंसकशब्दसिद्धरूप	८००
३५४. कारक	८०१
३५५. समास	८०४
३५६. तद्धित	८०६
३५७. उणादिसिद्धरूप	८०९
३५८. तिङ्विभक्तिसिद्धरूप	८११
३५९. कृत्सिद्धरूप	८१४
३६०. स्वर्गपातालादिवर्ग	८१५
३६१. अव्ययवर्ग	८२२
३६२. नानार्थवर्ग	८२५
३६३. भूमिवनौषध्यादिवर्ग	८२८
३६४. मनुष्यवर्ग	८३४
३६५. अथ ब्रह्मवर्ग	८३६
३६६. क्षत्रविट्शूद्रवर्ग	८३७
३६७. सामान्यनामलिङ्ग	८४१
३६८. नित्यनैमित्तिकप्राकृतप्रलय	८४४
३६९. आत्यन्तिकलयगर्भोत्पत्ति	८४६
३७०. शरीरावयव	८४९
३७१. नरकनिरूपण	८५१
३७२. यमनियम	८५४
३७३. आसनप्राणायामप्रत्याहार	८५७
३७४. ध्यान	८५८
३७५. धारणा	८६१
३७६. समाधि	८६२
३७७. ब्रह्मविज्ञान	८६५
३७८. ब्रह्मविद्या	८६७
३७९. ब्रह्मविवेचन	८६८
३८०. अद्वैतब्रह्मविज्ञान	८७०
३८१. गीतासार	८७५
३८२. यमगीता	८८०
३८३. अग्निपुराणमाहात्म्य	८८२

१. प्रथमोऽध्यायः

प्रस्तावना

श्रियं सरस्वतीं गौरीं गणेशं स्कन्दमीश्वरम् ।
ब्रह्माणं वह्निमिन्द्रादीन्वासुदेवं नमाम्यहम् ।१।
नैमिषे हरिमीजाना ऋषयः शौनकादयः ।
तीर्थयात्राप्रसङ्गेन स्वागतं सूतमब्रुवन् ।२।
ऋषय ऊचुः
सूत त्वं पूजितोऽस्माभिः सारात्सारं वदस्व नः ।
येन विज्ञानमात्रेण सर्वज्ञत्वं प्रजायते ।३।
सूत उवाच
सारात्सारो हि भगवान्विष्णुः सर्गादिकृद्विभुः ।
ब्रह्माहमस्मि तं ज्ञात्वा सर्वज्ञत्वं प्रजायते ।४।
द्वे ब्रह्मणी वेदितव्ये शब्दब्रह्म परञ्च यत् ।
द्वे विद्ये वेदितव्ये हि इति चाथर्वणी श्रुतिः ।५।
अहं शुकश्च पैलाद्या गत्वा बदरिकाश्रमम् ।
व्यासं नत्वा पृष्टवन्तः सोऽस्मान्सारमथाब्रवीत् ।६ ।
व्यास उवाच
शुकाद्यैः शृणु सूत त्वं वसिष्ठो मां यथाऽब्रवीत् ।
ब्रह्मसारं हि पृच्छन्तं मुनिभिश्च परात्परम् ।७।
वसिष्ठ उवाच
द्वैविध्यं ब्रह्म वक्ष्यामि शृणु व्यासाखिलानुगम् ।
यथाऽग्निर्मां पुरा प्राह मुनिभिर्दैवतैः सह ।८।
पुराणं परमाग्नेयं ब्रह्मविद्याक्षरं परम् ।
ऋग्वेदाद्यपरं ब्रह्म सर्वदेवसुखावहम् ।९।
अग्निनोक्तं पुराणं यदाग्नेयं ब्रह्मसम्मितम् ।
भुक्तिमुक्तिप्रदं दिव्यं पठतां शृण्वतां नृणाम् ।१०।
कालाग्निरूपिणं विष्णुं ज्योतिर्ब्रह्म परात्परम् ।
मुनिभिः पृष्टवान्देवं पूजितं ज्ञानकर्मभिः ।११।

अग्नि लक्ष्मी, सरस्वती, पार्वती, गणेश, कार्तिकेय, महादेव, ब्रह्मा, अग्नि, इन्द्र आदि देवताहरू तथा भगवान् वासुदेवलाई म नमस्कार गर्दछु। नैमिषारण्यमा शौनक आदि ऋषिहरू भगवान् विष्णुको यज्ञ गर्दै थिए। उसै बेला सूत आए। महर्षिहरूले उनलाई स्वागत सत्कार गरेर भने ।१-२।

ऋषिहरूले भने– हे सूत ! हाम्रो पूजा स्वीकार गरेर तिमीले हामीलाई सर्वज्ञता प्राप्त हुने गरी अत्यन्त सारसम्पन्न कुरो बताइदेऊ ।३।

सूतले भने– हे ऋषिहरू हो ! भगवान् विष्णु नै सबैभन्दा सारतत्त्व हुन्। उनी नै सर्वत्र व्यापक भएर सृष्टि र पालन आदि गर्दछन्। म नै त्यो विष्णुस्वरूप ब्रह्म हुँ भनेर उनलाई जानेपछि सर्वज्ञ भइन्छ। शब्दब्रह्म र परब्रह्म गरी ब्रह्मका दुई रूप जान्नुपर्ने छन्। परा र अपरा नामका दुई विद्याहरू पनि जान्नुपर्ने छन्। अथर्ववेदको भनाइ यस्तै छ। कुनै समयमा म, शुकदेव र पैल आदि ऋषिहरू बदरिकाश्रम गएर त्यहाँ व्यासजीलाई नमस्कार गर्दै प्रश्नहरू सोधेका थियौँ। त्यसै बेला उनले सारतत्त्वको उपदेश दिन थाले ।४-६।

व्यासले भने– हे सूत ! तिमी शुक आदिहरूसँगै सुन। कुनै बेलामा मैले मुनिहरूका साथै महर्षि वसिष्ठबाट सारभूत परात्पर ब्रह्मका विषयमा सोधेको थिएँ। उसै बेला उनले मलाई जस्तो भनेका थिए, त्यस्तै म तिमीलाई भन्छु ।७।

वसिष्ठले भने– हे व्यास ! सर्वान्तर्यामी ब्रह्मका स्वरूप दुईवटा छन्, म तिमीलाई भन्छु सुन। उहिले नै ऋषिमुनि तथा देवताहरूसँगै हुँदा अग्निदेवताले यस विष(यमा जसरी जे भने त्यही नै अग्निपुराणका रूपमा म ति(मीलाई भन्दछु। अग्निपुराण सर्वोत्कृष्ट छ। यसका एकएक अक्षर नै ब्रह्मविद्या हुन्, त्यसैले यो परब्रह्म हो। ऋग्वेद आदि सबै वेदशास्त्र अपरब्रह्म हुन्। परब्रह्मस्वरूप अग्निपुराण सम्पूर्ण देवताका लागि सुखदायक छ। अग्निदेवताले जुन कथा सुनाए त्यो अग्निपुराण वेदजत्तिकै सर्वमान्य छ। यस पवित्र पुराणले पाठक र श्रोताहरूलाई भोग र मोक्ष प्रदान गर्दछ। भगवान् विष्णु नै कालाग्निको रूप भएर विराजमान छन्। उनी नै ज्योतिर्मय परब्रह्म हुन्। ज्ञानयोग र कर्मयोगले उनैको पूजा हुन्छ। एक दिन उनै विष्णुस्वरूप अग्निदेवतासित मुनिहरूसँगै यस किसिमको प्रश्न गरेको थिएँ। हे अग्नि !

वसिष्ठ उवाच

संसारसागरोत्तारनावं ब्रह्मेश्वरं वद ।
विद्यासारं यद्विदित्वा सर्वज्ञो जायते नरः ॥१२॥

अग्निरुवाच

विष्णुः कालाग्निरुद्रोऽहं विद्यासारं वदामि ते ।
विद्यासारं पुराणं यत्सर्वं सर्वस्य कारणम् ॥१३॥
सर्गस्य प्रतिसर्गस्य वंशमन्वतरस्य च ।
वंशानुचरितादेश्च मत्स्यकूर्म्मादिरूपधृक् ॥१४॥
द्वे विद्ये भगवान्विष्णुः परा चैवापरा च ह ।
ऋग्यजुःसामाथर्वाख्या वेदाङ्गानि च षट् द्विज ॥१५॥
शिक्षा कल्पो व्याकरणं निरुक्तं ज्योतिषां गतिः ।
छन्दोऽभिधानं मीमांसा धर्म्मशास्त्रं पुराणकम् ॥१६॥
न्यायवैद्यकगान्धर्वं धनुर्वेदोऽर्थशास्त्रकम् ।
अपरेयं परा विद्या यया ब्रह्माभिगम्यते ॥१७॥
यत्तददृश्यमग्राह्यमगोत्रचरणं ध्रुवम् ।
विष्णुनोक्तं यथा मह्यं देवेभ्यो ब्रह्मणा पुरा ।
तथा ते कथयिष्यामि हेतुं मत्स्यादिरूपिणम् ॥१८॥

संसाररूपी सागरबाट पारि तर्नका लागि नौकाको काम गर्न सक्ने परमेश्वर परब्रह्मको स्वरूप कस्तो छ हामीलाई बताऊ र सम्पूर्ण विद्याहरूको सार मानिन्छ, जसलाई जानेपछि सबै थोक जानिन्छ त्यो विद्या पनि हामीलाई सिकाऊ ।८-१२।

अग्निदेवतले भने– हे वसिष्ठ! म नै विष्णु हुँ, म नै कालाग्निरुद्र हुँ। म नै तिमीलाई सबै खालका विद्याको सार सिकाउँछु त्यसलाई अग्निपुराण भनिन्छ । त्यो नै सबै विद्याको सार हो र त्यो नै ब्रह्मस्वरूप हो । सर्वमय र सर्वकारणभूत ब्रह्म त्यसभन्दा भिन्न छैन । त्यसैमा सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर, वंशानुचरित आदि र मत्स्य, कूर्म आदि रूप धारण गर्ने भगवान्को वर्णन छ। हे ब्रह्मन् ! भगवान् विष्णुकै स्वरूप मानिएका परा र अपरा नामका दुई विद्याहरू छन्। ऋक्, यजुः, साम र अथर्व नामका वेद, वेदका पनि शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्यौतिष र छन्द यी छवटा शाखा छन्। मीमांसा, धर्मशास्त्र, पुराण, न्याय, वैद्यक, गान्धर्ववेद, धनुर्वेद र अर्थशास्त्र यिनीहरू अपरा विद्या हुन्। अदृश्य, अग्राह्य, गात्ररहित, चरणरहित, नित्य , अविनाशी ब्रह्मको बोध गराउने शिक्षा नै परा विद्या हो । यस अग्निपुराणलाई परा विद्या मानौँ । उहिले नै भगवान् विष्णुले मलाई र ब्रह्माजीले देवताहरूलाई वर्णन गरेर सुनाएझैँ म पनि तिमीहरूलाई मत्स्य आदि अवतार धारण गर्ने संसारका कारणभूत परमेश्वरको चर्चा गर्नेछु ।१३-१८।

२. द्वितीयोऽध्यायः

मत्स्यावतार

वसिष्ठ उवाच

मत्स्यादिरूपिणं विष्णुं ब्रूहि सर्गादिकारणम् ।
पुराणं ब्रह्म चाग्नेयं यथा विष्णोः पुरा श्रुतम् ॥१॥

अग्निरुवाच

मत्स्यावतारं वक्ष्येऽहं वसिष्ठ शृणु वै हरेः ।
अवतारक्रिया दुष्टनष्ट्यै सत्पालनाय हि ।२।
आसीदतीतकल्पान्ते ब्राह्मो नैमित्तिको लयः ।
समुद्रोपप्लुतास्तत्र लोका भूरादिका मुने ।३।
मनुर्वैवस्वतस्तेपे तपो वै भुक्तिमुक्तये ।

वसिष्ठले भने– अग्निदेवता ! तिमी सृष्टि आदिका कारणस्वरूप भगवान् विष्णको मत्स्य आदि अवतारको वर्णन गर। साथै तिमीले त्यो उहिले नै श्रीभगवान् विष्णुका मुखबाट सुनेको ब्रह्मस्वरूप अग्निपुराण पनि सुनाऊ ।१।

अग्निदेवताले भने– हे वसिष्ठ ! म श्रीहरिका मत्स्यअवतारको वर्णन गर्दछु, सुन । अवतार धारण गर्ने कार्य दुष्टको विनाश र साधु पुरुषको रक्षा गर्नका लागि हो। विगतको कल्पका अन्त्यमा 'ब्राह्म' नामको नैमित्तिक प्रलय भयो । हे मुनि ! त्यस बेलामा भू आदि सबै लोक समुद्रका पानीमा डुबे । प्रलयभन्दा पहिलेकै कुरो हो, वैवस्वत मनुले भोग र मोक्ष सिद्धिका लागि तपस्या गरिरहेका थिए । एक दिन उनी कृतमाला नदीका जलले पितृलाई तर्पण दिँदै थिए, उनका अँजुलीका जलमा एउटा सानो माछाको भुरो आएछ

एकदा कृतमालायां कुर्वतो जलतर्पणम् ।४।
तस्याञ्जल्युदके मत्स्यः स्वल्प एकोऽभ्यपद्यत ।
क्षेप्तुकामं जले प्राह न मां क्षिप नरोत्तम ।५।
ग्राहादिभ्यो भयं मेऽद्य तत् श्रुत्वा कलशेऽक्षिपत् ।
स तु वृद्धः पुनर्मत्स्यः प्राह तं देहि मे बृहत् । ६ ।
स्थानमेतद्वचः श्रुत्वा राजाऽथोदञ्चनेऽक्षिपत् ।
तत्र वृद्धोऽब्रवीद्भूपं पृथुं देहि पदं मनो ।७।
सरोवरे पुनः क्षिप्तो ववृधे तत्प्रमाणवान् ।
ऊचे देहि बृहत्स्थानं प्राक्षिपच्चाम्बुधौ ततः ।८।
लक्षयोजनविस्तीर्णः क्षणमात्रेण सोऽभवत् ।
मत्स्यं तमद्भुतं दृष्ट्वा विस्मितः प्राब्रवीन्मनुः ।९।
को भवान्ननु वै विष्णुर्नारायण नमोऽस्तु ते ।
मायया मोहयसि मां किमर्थं त्वं जनार्दन ।१०।
मनुनोक्तोऽब्रवीन्मत्स्यो मनुं वै पालने रतम् ।
अवतीर्णो भवायास्य जगतो दुष्टनष्टये ।११।
सप्तमे दिवसे त्वब्धिः प्लावयिष्यति वै जगत् ।
उपस्थितायां नावि त्वं बीजादीनि विधाय च ।१२।
सप्तर्षिभिः परिवृतो निशां ब्राह्मीं चरिष्यसि ।
उपस्थितस्य मे शृङ्गे निबध्नीहि महाहिना ।१३।
इत्युक्त्वान्तर्दधे मत्स्यो मनुः कालप्रतीक्षकः ।
स्थितः समुद्र उद्वेले नावमारुरुहे तदा ।१४।
एकशृङ्गधरो मत्स्यो हैमो नियुतयोजनः ।
नावं बबन्ध तच्छृङ्गे मत्स्याख्यं च पुराणकम् ।१५।
शुश्राव मत्स्यात्पापघ्नं संस्तुवन्स्तुतिभिश्च तम् ।
ब्रह्मवेदप्रहर्त्तारं हयग्रीवं च दानवम् ।१६।
अवधीद्वेदमन्त्राद्यान्पालयामास केशवः ।
प्राप्ते कल्पेऽथ वाराहे कूर्मरूपोऽभवद्धरिः ।१७।

। राजाले त्यसलाई पानीमै खसालिदिने विचार गरे । माछाका भुराले 'महाराज ! मलाई पानीमा नफ्याँक । यहाँ गोही आदि जलजन्तुदेखि मलाई डर लाग्छ' भन्यो । यस्तो कुरो सुनेपछि मनुले त्यसलाई आफ्ना कलशका पानीमा हालिदिए । त्यसमा पर्नेबित्तिकै माछो ठूलो भयो र फेरि मनुसित– 'हे राजा ! मलाई यसभन्दा ठूलो ठाउँमा राखिदेऊ' भन्यो । त्यस्तो कुरो सुनेर राजाले उसलाई अझै विशेष ठूलो पानीको भाँडामा राखे । त्यसमा पनि नअटाएर माछाले राजासित– 'हे मनु ! मलाई अझै फराकिलो ठाउँ देऊ' भन्न थाल्यो । त्यसपछि उनले त्यसलाई फेरि ठूलो तलाउको पानीमा हालिदिए । त्यहाँ पनि बढेर त्यो तलाउकै समान भयो र 'मलाई योभन्दा अझै ठूलो ठाउँ देऊ' भन्यो । त्यसपछि मनुले उसलाई फेरि समुद्रमै लगेर हालिदिए । त्यहाँ त्यो माछो क्षणभरमा नै एक लाख योजन ढाक्ने गरी ठूलो भयो । त्यस्तो अद्भुत माछो देखेपछि मलाई अति अचम्म लाग्यो । उनले– 'तिमी को हौ ? निश्चय पनि तिमी भगवान् श्रीविष्णु नै हुनुपर्छ । हे नारायण ! तिमीलाई नमस्कार छ । हे जनार्दन ! तिमीले किन आफ्नो मायाले मलाई अल्मल्यायौ ? भनी सोधे ।२-१०।

मनुले यस किसिमको कुरो गरेपछि सबैको पालन(पोषण गर्नमै लागेका मत्स्यरूपधारी भगवान्ले उनलाई– 'हे राजा ! म दुष्टहरूको नाश र संसारको उद्धार गर्नका लागि अवतरित भएको छु । आजको सातौँ दिनमा समुद्रले सम्पूर्ण पृथ्वीलाई डुबाउनेछन् । त्यस बेला तिम्रा छेउमा एउटा नौका उपस्थित हुनेछ । तिमी सबै किसिमका बिउविजन लिएर त्यस नौकामा बस्नू । तिमीसँग सप्तर्षिहरू पनि हुनेछन् । जहिलेसम्म ब्रह्माको रात रहन्छ, त्यस बेलासम्म तिमीहरू त्यसै नौकामा डुलिरहनू । नौका उपस्थित भएपछि म पनि यसै रूपमा उपस्थित हुनेछु । त्यति बेला तिमीले मेरा सिङमा विशाल सर्पले बनिएको डोरीले त्यो नौका बाँध्नू' भन्दै मत्स्य भगवान् अन्तर्धान भएपछि वैवस्वत मनु उनले बताएको बेला पर्खेर त्यहीँ बस्न लागे । निश्चित समय भएपछि समुद्रले आफ्नो सीमा नाघेर बढ्न थाल्यो, पहिले बताइएअनुसार नै उनी नौकामा बसे । त्यसै बेलामा एउटा सिङ भएको सुनको कान्तिसम्पन्न मत्स्यभगवान् उत्पन्न भए । उनको विशाल शरीर दस लाख योजन लामो थियो । उनका सिङमा नौका बाँधेर राजाले सबै किसिमका पापबाट मुक्त गराउने मत्स्यपुराण उनीबाटै सुने । मनुले मत्स्यभगवान्लाई विभिन्न खालका स्तोत्रले स्तुति पनि गरिरहेका थिए । प्रलयको अन्त्यमा ब्रह्मासित वेद खोसेर लैजाने हयग्रीव नामको दानवलाई वध गरेर भगवान्ले वेदमन्त्रको रक्षा गरे । त्यसपछि वाराहकल्प आयो र श्रीहरिले कच्छप रूप धारण गरे ।११-१७।

३. तृतीयोऽध्यायः

कूर्मावतार

अग्निरुवाच

वक्ष्ये कूर्मावतारञ्च श्रुत्वा पापप्रणाशनम् ।
पुरा देवासुरे युद्धे दैत्यैर्देवाः पराजिताः ।१।
दुर्वाससश्च शापेन निश्रीकाश्चाभवंस्तदा ।
स्तुत्वा क्षीराब्धिगं विष्णुमूचुः पालय चासुरात् ।२।
ब्रह्मादिकान्हरिः प्राह सन्धिं कुर्वन्तु चासुरैः ।
क्षीराब्धिमथनार्थं हि अमृतार्थं श्रियेऽसुराः ।३।
अरयोऽपि हि सन्धेयाः सति कार्यार्थगौरवे ।
युष्मानमृतभाजो हि कारयामि न दानवान् ।४।
मन्थानं मन्दरं कृत्वा नेत्रं कृत्वा तु वासुकिम् ।
क्षीराब्धिं मत्सहायेन निर्मथध्वमतन्द्रिताः ।५।
विष्णूक्ताः संविदं कृत्वा दैत्यैः क्षीराब्धिमागताः ।
ततो मथितुमारब्धा यतः पुच्छं ततः सुराः । ६।
फणिनिःश्वाससन्तप्ता हरिणाप्यायिताः सुराः ।
मथ्यमानेऽर्णवे सोऽद्रिरनाधारो ह्यपोऽविशत् ।७।
कूर्मरूपं समास्थाय दध्रे विष्णुश्च मन्दरम् ।
क्षीराब्धेर्मथ्यमानाच्च विषं हालाहलं ह्यभूत् ।८।
हरेण धारितं कण्ठे नीलकण्ठस्ततोऽभवत् ।
ततोऽभूद्वारुणी देवी पारिजातस्तु कौस्तुभः ।९।
गावश्चाप्सरसो दिव्या लक्ष्मीर्देवी हरिङ्गता ।
पश्यन्तः सर्वदेवास्तां स्तुवन्तः सश्रियोऽभवन् ।१०।
ततो धन्वन्तरिर्विष्णुरायुर्वेदप्रवर्त्तकः ।
बिभ्रत्कमण्डलुं पूर्णममृतेन समुत्थितः ।११।

अग्निदेवताले भने– हे वसिष्ठ ! अब म कूर्मअवतारको वर्णन गर्दछु । यो सुनेपछि सबै खालका पाप नाश हुनेछन् । उहिलेको कुरो हो, देवता र असुरहरूको युद्धमा दैत्यहरूले देवताहरूलाई पराजित गरे । उनीहरू दुर्वासा ऋषिका शापले लक्ष्मीविहीन भएका थिए । त्यसै अवस्थामा सबै देवताहरू क्षीर सागरमा शयन गरिरहेका विष्णुभगवान्सँग गएर– 'हे भगवन् ! तिमीले देवताहरूको रक्षा गर्नुपर्छ' भने । यस्तो सुनेर श्रीहरिले ब्रह्मा आदि देवताहरूसित– 'हे देवताहरू हो ! तिमीहरू क्षीरसमुद्र मन्थन गर्न, अमृत झिक्न र लक्ष्मीलाई भेट्नका लागि असुरहरूसित सन्धि गर । ठूलो काम र गतिलो प्रयोजनका लागि असुरहरूसित पनि सन्धि गर्नुपर्छ । म तिमीहरूलाई अमृत भाग लगाइदिन्छु र दैत्यहरूलाई ठगिदिन्छु। मन्दराचल पर्वतलाई मदानी र वासुकी नागलाई नेती बनाएर अल्छ्याइँ नगरीकन मेरो सहायताले तिमीहरू क्षीरसागर मन्थन गर्न थाल' भने । भगवान् विष्णुले यसो भनेपछि दैत्यहरूसित सन्धि गरेर क्षीरसमुद्रमा आए । त्यसपछि उनीहरूले एकसाथ मिलेर समुद्र मन्थन गर्न लागे। वासुकी नागको पुच्छर जता थियो, त्यतातिर देवता उभिएका थिए। वासुकी नागको श्वासप्रश्वासले दानवहरू दुब्लाउन लागे भने भगवान्का कृपादृष्टिले देवताहरू बलिया हुँदै थिए । समुद्रमन्थन हुन लाग्दा अड्याउने आधार केही नभएकाले मन्दराचल पर्वत समुद्रमा डुब्यो । मन्दराचल डुबेको देखेपछि भगवान् विष्णुले कूर्मको रूप धारण गरेर मन्दराचल पर्वतलाई आफ्ना पिठ्युँमा राखे । त्यसपछि समुद्र मन्थन गर्न लाग्दा त्यहाँबाट हलाहल नामको विष उत्पन्न भयो । त्यो विष भगवान् शङ्करले आफ्ना कण्ठमा धारण गरे । त्यसै विषका प्रभावले उनको घाँटी नै नीलो भएको हुँदा महादेवको अर्को नीलकण्ठ नाम प्रसिद्ध भयो। त्यसपछि समुद्रबाट वारुणीदेवी, पारिजात वृक्ष, कौस्तुभमणि, गाई र दिव्य अप्सराहरू प्रकट भए। त्यसपछि लक्ष्मी उत्पन्न भइन्। लक्ष्मीलाई विष्णुले भेटे। सम्पूर्ण देवताले उनको दर्शन गरेर स्तुति गरे। त्यसो भएपछि उनी लक्ष्मीपति भए। त्यसपछि आयुर्वेदका प्रवर्तक धन्वन्तरि विष्णु भगवान्कै अंशस्वरूप भई हातमा अमृतले भरिएको घैलो लिएर प्रकट भए । दैत्यहरूले उनका हातबाट अमृत

अमृतं तत्कराद्दैत्याः सुरेभ्योऽर्द्धं प्रदाय च ।
गृहीत्वा जग्मुर्जम्भाद्या विष्णुः स्त्रीरूपधृक्ततः ।१२।
तां दृष्ट्वा रूपसम्पन्नां दैत्याः प्रोचुर्विमोहिताः ।
भव भार्याऽमृतं गृह्य पाययास्मान्वरानने ।१३।
तथेत्युक्त्वा हरिस्तेभ्यो गृहीत्वाऽपाययत्सुरान् ।
चन्द्ररूपधरो राहुः पिबंश्चार्केन्दुनार्पितः ।१४।
हरिणाप्यरिणा च्छिन्नं स राहोः तच्छिरः पृथक् ।
कृपयाऽमरतां नीतं वरदं हरिमब्रवीत् ।१५।
राहुर्मत्तस्तु चन्द्रार्कौ प्राप्स्ये ते ग्रहणं ग्रहः ।
तस्मिन्काले च यद्दानं दास्यन्ते स्यात्तदक्षयम् ।१६।
तथेत्याहाथ तं विष्णुस्ततः सर्वैः सहामरैः ।
स्त्रीरूपं सम्परित्यज्य हरेणोक्तः प्रदर्शय ।१७।
दर्शयामास रुद्राय स्त्रीरूपं भगवान्हरिः ।
मायया मोहितः शम्भुर्गौरीं त्यक्त्वा स्त्रियं गतः ।१८।
नग्न उन्मत्तरूपोऽभूत्स्त्रियः केशानधारयत् ।
अगाद्विमुच्य केशान्स्त्री अन्वधावच्च ताङ्गताम् ।१९।
स्खलितं तस्य वीर्यं वै यत्रयत्र हरस्य हि ।
तत्रतत्राभवत्क्षेत्रं लिङ्गानां कनकस्य च ।२०।
मायेयमिति तां ज्ञात्वा स्वरूपस्थोऽभवद्धरः ।
शिवमाह हरी रुद्र जिता माया त्वया हि मे ।२१।
न जेतुमेनां शक्तो मे त्वदृतेऽन्यः पुमान्भुवि ।
अप्राप्याथाऽमृतं दैत्या देवैर्युद्धे निपातिताः ।२२।
त्रिदिवस्थाः सुराश्चासन्दैत्याः पातालवासिनः ।
यो नरः पठते देवविजयं त्रिदिवं व्रजेत् ।२३।

खोसे र त्यसबाट आधा देवताहरूलाई दिए र भाग्न लागे । उनीहरूमध्ये प्रमुख दैत्य भनेका जम्भ आदि नै थिए। उनीहरू भाग्न लागेको देखेर विष्णु भगवान्ले स्त्रीको रूप धारण गरे। अत्यन्त राम्री स्त्रीको रूप देखेपछि दैत्य लठ्ठिएर– 'हे सुमुखी ! तिमी हाम्री भार्या बन र यो अमृत हामीलाई खुवाऊ' भने । 'ल हुन्छ' भनेर भगवान्ले अमृतको घैलो उनीहरूबाट आफ्नो हातमा लिए र अमृतजति देवताहरूलाई खुवाइदिए । त्यस बेलामा राहुले चन्द्रमाको रूप धारण गरेर अमृत खान लागेछ। त्यसै बेलामा सूर्य र चन्द्रमाले त्यसको छलको रूप अरूका अगाडि प्रकट गरिदिए । यस्तो देखेपछि भगवान् श्रीहरिले चक्रले उसको टाउको छिनाइदिए। उसको टाउको र पाखुरासहितको गिँड छुट्टाछुट्टै भए। त्यसपछि भगवान्लाई दया आयो र उनले राहुलाई अमर बनाइदिए ।।त्यस बेलामा ग्रहका रूपमा रहेका राहुले भगवान् श्रीहरिसित 'यी सूर्य र चन्द्रमालाई बारम्बार ग्रहण लाग्नेछ र त्यस्ता बेलामा जसले जेसुकै दान दिएको भए पनि त्यो अक्षय होस्' भन्ने वरदान माग्यो। भगवान् विष्णुले 'तथास्तु' भनेर सबै देवताहरूका सामु राहुका कुराको समर्थन गरे। त्यसपछि भगवान्ले स्त्रीको रूप त्यागे तर महादेवलाई भने त्यस रूपको फेरि दर्शन गर्ने इच्छा भएछ। त्यसैले उनले 'हे भगवन् ! तिमीले आफ्नो स्त्रीरूप मलाई देखाऊ' भन्ने अनुरोध गरे। महादेवको प्रार्थनाले भगवान् श्रीहरिले आफ्नो स्त्रीरूप दर्शन गराए । उनी भगवान्का मायाले अति धेरै मोहित भएछन् र पार्वतीलाई समेत त्यागेर उसै स्त्रीका पछि लागे। उनी नाङ्गो र उन्मत्त भएर मोहिनीको केश पक्रन पुगे । मोहिनी आफ्नो केश छुटाएर त्यहाँबाट हिँडिन्। तिनी गएको देखेपछि महादेव पनि उनका पछिपछि कुद्न लागे। त्यस बेला धर्तीका जुनजुन ठाउँमा महादेवको वीर्य खस्यो ती सबै ठाउँहरूमा शिवलिङ्ग उत्पन्न भए र सुनको खानी बन्यो । त्यसपछि मात्रै 'ए ! यो त माया पो हो त' भन्ने होस आएर भगवान् शङ्कर आफ्नो स्वरूपमा अवस्थित भए। त्यसपछि भगवान् श्रीहरि प्रकट भएर महादेवलाई 'हे रुद्र ! तिमीले मेरो मायालाई जितेका छौ। यस संसारमा तिमीबाहेक अरू कसैले पनि मेरो यस मायालाई जित्न सक्ने पुरुष छैन' भने। भगवान्का प्रयत्नले दैत्यहरूले अमृत पाउन सकेनन्। त्यसै कारण देवताहरूले युद्धमा उनीहरूलाई मारेर पसारे । त्यसपछि स्वर्गलोमा देवताहरू विराजमान भए र दैत्यहरू पातालमा नै बसे। जुन मानिसले देवताहरूको यो विजयगाथा पाठ गर्छ उसले स्वर्गलोक जान पाउँछ ।१–२३।

४. चतुर्थोऽध्यायः
वराह आदि अवतार

अग्निरुवाच

अवतारं वराहस्य वक्ष्येऽहं पापनाशनम् ।
हिरण्याक्षोऽसुरेशोऽभूद्देवाञ्जित्वा दिविस्थितः ।१।
देवैर्गत्वा स्तुतो विष्णुर्यज्ञरूपो वराहकः ।
अद्भुतं दानवं हत्वा दैत्यैः साकञ्च कण्टकम् ।२।
धर्मदेवादिरक्षाकृत्ततः सोऽन्तर्दधे हरिः ।
हिरण्याक्षस्य वै भ्राता हिरण्यकशिपुस्तथा ।३।
जितदेवयज्ञभागः सर्वदेवाधिकारकृत् ।
नारसिंहं वपुः कृत्वा तं जघान सुरैः सह ।४।
स्वपदस्थान्सुरांश्चक्रे नारसिंहः सुरैः स्तुतः ।
देवासुरे पुरा युद्धे बलिप्रभृतिभिः सुराः ।५।
जिताः स्वर्गात्परिभ्रष्टा हरिं वै शरणं गताः ।
सुराणामभयं दत्वा अदित्या कश्यपेन च ।६।
स्तुतोऽसौ वामनो भूत्वा ह्यदित्यां स क्रतुं ययौ ।
बलेः श्रीयजमानस्य राजद्वारेऽगृणात् श्रुतिम् ।७।
वेदान्पठन्तं तं श्रुत्वा वामनं वरदोऽब्रवीत् ।
निवारितोऽपि शुक्रेण बलिर्ब्रूहि यदिच्छसि ।८।
तत्तेऽहं सम्प्रदास्यामि वामनो बलिमब्रवीत् ।
पदत्रयं हि गुर्वर्थं देहि दास्ये तमब्रवीत ।९।
तोये तु पतिते हस्ते वामनोऽभुदवामनः ।
भूर्लोकं सभुवर्लोकं स्वर्लोकं च पदत्रयम् ।१०।
चक्रे बलिञ्च सुतलं तच्छक्राय ददौ हरिः ।
शक्रो देवैर्हरिं स्तुत्वा भुवनेशः सुखी त्वभूत् ।११।
वक्ष्ये परशुरामस्य चावतारं शृणु द्विज ।
उद्धतान्क्षत्रियान्मत्वा भूभारहरणाय सः ।१२।
अवतीर्णो हरिः शान्त्यै देवविप्रादिपालकः ।
जमदग्ने रेणुकायां भार्गवः शस्त्रपारगः ।१३।

अग्निदेवताले भने— हे वसिष्ठ ! अब म पापविनाश गर्न सक्ने वराह अवतारको कथाको वर्णन गर्दछु । परापूर्व कालमा हिरण्याक्ष नामको दैत्य असुरहरूको राजा थियो । देवताहरूलाई जितेर ऊ स्वर्गमा बस्न थाल्यो। देवताहरू स्तुति गर्दै भगवान् विष्णुकहाँ पुगे । त्यसपछि विष्णुले यज्ञवराहको रूप धारण गरे र देवताहरूका बाटाको काँडो बनेको त्यस दानव र अन्य दैत्यहरूसमेतलाई मारेर धर्म र देवताहरूको रक्षा गरे । त्यसपछि भगवान् श्रीहरि अन्तर्धान भए । हिरण्याक्षको अर्को एउटा हिरण्यकशिपु नामले प्रसिद्धि पाएको भाइ थियो। उसले देवताहरूको यज्ञभाग आफ्ना अधीनमा पारेको थियो र देवताहरू सबैको अधिकार खोसेर आफैंले भोगचलन गरेको थियो । भगवान्ले नृसिंह अवतार लिएर सहयोगीहरूसमेत त्यस दैत्यलाई पनि मारिदिए । त्यसपछि सबै देवताहरूलाई आआफ्ना स्थानमा राखिदिए। त्यस बेलामा सबै देवताहरूले ती नृसिंहको खुब स्तुति गरे । उहिले नै देवता र असुरहरूको युद्ध भएको थियो । त्यस युद्धमा बलि आदि दैत्यहरूले देवताहरूलाई परास्त गरेर स्वर्गबाट लखेटिदिएका थिए । त्यस बेला पनि देवताहरू श्रीहरिकै शरणमा गए । भगवान्ले उनीहरूलाई अभयदान दिएर कश्यप तथा अदितिका स्तुतिले प्रसन्न भएपछि अदितिका गर्भबाट वामनका रूपमा प्रकट भए । त्यस बेलामा दैत्यराज बलि गङ्गाद्वारमा यज्ञ गर्दै थियो। भगवान् उसका यज्ञमा गएर त्यस यज्ञका यजमानको राजद्वारमा स्तुति गर्न थाले । वामनका मुखबाट वेदपाठ भएको सुनेपछि राजा बलि खुसी भएर उनलाई वर दिन तयार हुँदा शुक्राचार्य निषेध गर्न लागे तर पनि उनले 'हे ब्राह्मण ! तिमीलाई जे इच्छा छ त्यो माग, म अवश्य तिमीले मागेको कुरो दिन्छु' भने । वामनले राजा बलिसित 'मलाई आफ्ना गुरुका निम्ति तीन पाइला भूमिको आवश्यकता छ, त्यति देऊ' भनी मागे। बलिले 'म अवश्य दिन्छु' भने। सङ्कल्प गर्ने जल हातमा पर्नेबित्तिकै वामन अग्लो पुरुष बने। उनले विराट् रूप धारण गरे र भूर्लोक, भुवर्लोक र स्वर्गलोक नै आफ्ना तीन पाइलामा अँटाए। श्रीहरिले बलिलाई सुतललोकमा पठाइदिए र तीनै लोकको राज्य इन्द्रलाई जिम्मा दिए। देवताहरूसहित इन्द्रले श्रीहरिको स्तुति गरे। उनी तीनै लोकको स्वामी भएर सुखले रहन थाले । हे ब्रह्मा ! अब म परशुराम अवतारको कुरो गर्छु, परशुराम शस्त्रविद्यामा पारङ्गत र विद्वान् थिए ।

दत्तात्रेय प्रसादेन कार्तवीर्यो नृपस्त्वभूत् ।
सहस्रबाहुः सर्वोर्वीपतिः स मृगयां गतः ।१४।
श्रान्तो निमन्त्रितोऽरण्ये मुनिना जमदग्निना ।
कामधेनुप्रभावेण भोजितः सबलो नृपः ।१५।
अप्रार्थयत्कामधेनुं यदा स न ददौ तदा ।
हृतवानथ रामेण शिरश्छित्वा निपातितः ।१६।
युद्धे परशुना राजा धेनुः स्वाश्रममाययौ ।
कार्त्तवीर्यस्य पुत्रैस्तु जमदग्निर्निपातितः ।१७।
रामे वनं गते वैरादथ रामः समागतः ।
पितरं निहतं दृष्ट्वा पितृनाशाभिमर्षितः ।१८।
त्रिःसप्तकृत्वः पृथिवीं निःक्षत्रामकरोद्विभुः ।
कुरुक्षेत्रे पञ्च कुण्डान्कृत्वा सन्तर्प्य वै पितृन् ।१९।
काश्यपाय महीं दत्वा महेन्द्रे पर्वते स्थितः ।
कूर्मस्य च वराहस्य नृसिंहस्य च वामनम् ।
अवरातरं च रामस्य श्रुत्वा याति दिवं नरः ।२०।

त्यस समयमा कृतवीर्य राजका पुत्र राजा अर्जुनले भगवान् दत्तात्रेयका कृपाले हजार बाहु प्राप्त गरेर समस्त भूतलमा राज्य गर्दै थिए । उनी कुनै एक दिन सिकार खेल्न भनी वनमा गएका थिए । उनी धेरै थाकेका थिए । जमदग्नि ऋषिले सेनासहित उनलाई बोलाएर आफ्ना आश्रममा लगे र कामधेनुका प्रभावले सबैलाई भोजन गराए । राजाले आफ्ना लागि भनेर मुनिसँग कामधेनु मागे तर मुनिले दिन मानेनन् । त्यसपछि राजाले बलपूर्वक कामधेनु ऋषिसँग खोसे । यो खबर सुनेपछि परशुरामले हैहयपुरीमा गएर राजासित युद्ध गरे र आफ्ना बन्चराले राजाको टाउको छिनाएर उनलाई युद्धमैदानमै पसारे । अनि कामधेनु फिर्ता लिएर आफ्नो आश्रममा फिर्ता आए । एक दिन जब परशुराम वनमा गएका थिए, त्यसै बखत कृतवीर्यका पुत्रहरूले आश्रममा आएर आफ्ना पिताको शत्रुताको प्रतिशोध लिनका लागि जमदग्नि ऋषिलाई मारिदिए । परशुराम वनबाट फर्केर आउँदा पितालाई मारेको देखे । उनका मनमा अत्यन्त ठूलो क्रोध उर्लियो । उनले एक्काईस पटकसम्म सम्पूर्ण भूमण्डलका क्षत्रियहरूको संहार गरे । त्यसपछि उनैले कुरुक्षेत्रमा पाँचवटा कुण्ड बनाएर आफ्ना पितृहरूलाई तर्पण दिए र सम्पूर्ण पृथ्वी नै कश्यप मुनिलाई दान दिएर आफू महेन्द्रपर्वतमा गई बस्न थाले । यस किसिमको कूर्म, वराह, नृसिंह, वामन र परशुराम अवतारको कथा सुनेपछि मानिस स्वर्गलोक जान्छ ।१-२०।

५. पञ्चमोऽध्यायः
श्रीरामावतार

अग्निरुवाच
रामायणमहं वक्ष्ये नारदेनोदितं पुरा ।
वाल्मीकये यथा तद्वत्पठितं भुक्तिमुक्तिदम् ।१।
नारद उवाच
विष्णुनाभ्यब्जजो ब्रह्मा मरीचिर्ब्रह्मणः सुतः ।
मरीचेः कश्यपस्तस्मात् सूर्यो वैवस्वतो मनुः ।२।
ततस्तस्मात्तथेक्ष्वाकुस्तस्य वंशे ककुत्स्थकः ।
ककुत्स्थस्य रघुस्तस्मादजतो दशरथस्ततः ।३।
रावणादेर्वधार्थाया चतुर्द्धाभूत्स्वयं हरिः ।
राज्ञो दशरथाद्रामः कौसल्यायां बभूव ह ।४।

अग्निले भने– हे वसिष्ठ ! उहिले नै नारदजीले वाल्मीकिलाई सुनाएको जसरी नै अब म तिमीसँग रामायणको वर्णन गर्दछु । यस पाठले भोग र मोक्ष प्रदान गर्दछ ।१।

नारदले भने– हे वाल्मीकि ! भगवान् विष्णुका नाभिकमलबाट ब्रह्माजी उत्पन्न भएका हुन् । ब्रह्माका पुत्र मरीचि हुन् । मरीचिबाट कश्यप, कश्यपबाट सूर्य र सूर्यबाट वैवस्वत मनुको जन्म भयो । त्यसपछि वैवस्वत मनुबाट इक्ष्वाकु उत्पन्न भए । इक्ष्वाकुका वंशमा ककुत्स्थ नामका राजा थिए । ककुत्स्थका रघु, रघुका अज र अजका दशरथ पुत्र भए । उनै राजा दशरथबाट रावण आदि राक्षसहरूको वध गर्नका लागि साक्षत् भगवान् विष्णु चार रूपमा प्रकट भए । उनकी जेठी रानी कौसल्याका गर्भबाट श्रीरामचन्द्र उत्पन्न भए । कैकेयीबाट भरत र सुमित्राबाट लक्ष्मण एवं शत्रुघ्नको जन्म भयो । महर्षि ऋष्यशृङ्गले ती तीनै रानीहरूलाई यज्ञसिद्ध चरु दिएका थिए र त्यही खाँदा चार कुमारको जन्म भएको हो ।

कैकेय्यां भरतः पुत्रः सुमित्रायां च लक्ष्मणः ।
शत्रुघ्न ऋष्यशृङ्गेण तासु सन्दत्तपायसात् ।५।
प्राशिताद्यज्ञसंसिद्धाद्रामाद्याश्च समाः पितुः ।
यज्ञविघ्नविनाशाय विश्वामित्रार्थितो नृपः ।६।
रामं सम्प्रेषयामास लक्ष्मणं मुनिना सह ।
रामो गतोऽस्त्रशस्त्राणि शिक्षितस्ताडकान्तकृत् ।७।
मारीचं मानवास्त्रेण मोहितं दूरतोऽनयत् ।
सुबाहुं यज्ञहन्तारं सबलं चावधीद्बली ।८।
सिद्धाश्रमनिवासी च विश्वामित्रादिभिः सह ।
गतः क्रतुं मैथिलस्य द्रष्टुं चापं सहानुजः ।९।
शतानन्दनिमित्तेन विश्वामित्रप्रभावतः ।
रामाय कथिते राज्ञा समुनिः पूजितः क्रतौ ।१०।
धनुरापूरयामास लीलया स बभञ्ज तत् ।
वीर्यशुल्कां च जनकः सीतां कन्यां त्वयोनिजाम् ।११।
ददौ रामाय रामोऽपि पित्रादौ हि समागते ।
उपयेमे जानकीं तामुर्मिलां लक्ष्मणस्तथा ।१२।
श्रुतकीर्तिं माण्डवीं च कुशध्वजसुते तथा ।
जनकस्यानुजास्यैते शत्रुघ्नभरतावुभौ ।१३।
कन्ये द्वे उपयेमाते जनकेन सुपूजितः ।
रामोऽगात्सवसिष्ठाद्यैर्जामदग्न्यं विजित्य च ।
अयोध्यां भरतोऽभ्यागात्सशत्रुघ्नो युधाजितः ।१४।

श्रीराम आदि सबै दाजुभाइ आफ्नै पिताजस्तै पराक्रमी थिए। कुनै एक समयमा मुनिवर विश्वामित्रले आफ्ना यज्ञमा विघ्न हाल्ने निशाचरहरूको नाश गर्नका लागि राजा दशरथसँग पुत्र रामलाई आफूसित पठाइदिन भनी अनुरोध गरे । त्यस बेला राजाले मुनिसँग राम र लक्ष्मणलाई पठाइदिए । श्रीरामचन्द्रले त्यहाँ गएर मुनिसित शस्त्रास्त्रको शिक्षा प्राप्त गरेर ताडका नामकी राक्षसीको वध गरे । त्यसपछि उनै बलवान् वीरले मारीच नामका राक्षसलाई मानवास्त्रले मोहित पारेर धेरै पर फ्याँके र यज्ञविघातक राक्षस सुबाहुलाई दलबलसहित मारिदिए । त्यसपछि उनी केही समयका लागि मुनिकै आश्रममा रहेका थिए । त्यसभन्दा पछि विश्वामित्र आदि महर्षिहरूका साथमा लक्ष्मणसहित श्रीराम मिथिलाका राजाको धनुषयज्ञ हेर्न भनी गए । आफ्नी आमा अहल्याको उद्धार भएको कुरो सुनेका सन्तुष्ट भएका शतानन्दले निमित्त बनेर श्रीरामबाट विश्वामित्र मुनिको प्रभावको वर्णन गरे । राजा जनककले आफ्ना यज्ञमा मुनिहरूका साथमा श्रीरामचन्द्रको पूजा गरे । श्रीरामले धनुषको ताँदो चढाए र सजिलै त्यसलाई भाँचे । त्यसपछि महाराज जनकले आफूले पालेकी दैवी छोरी सीता, जसको विवाहका लागि पराक्रम नै शुल्क मानिएको थियो, श्रीरामलाई अर्पित गरे । श्रीरामले पनि आफ्ना पिता राजा दशरथ आदि गुरुजन मिथिलामा आएपछि सबैका सामु सीतासँग विधिपूर्वक विवाह गरे । त्यसै अवसरमा लक्ष्मणले मिथिलाका राजाकी छोरी उर्मिलालाई आफ्नी पत्नी बनाए । राजा जनकका भाइ कुशध्वज थिए । उनका श्रुतिकीर्ति र माण्डवी नामका दुई छोरी थिए । यिनीमध्ये माण्डवीसँग भरतले विवाह गरे र श्रुतिकीर्तिसित शत्रुघ्नले विवाह गरे । त्यति भइसकेपछि राजा जनकबाट उचित किसिमले पूजाअर्चना भएर श्रीरामचन्द्र वसिष्ठ आदि महर्षिहरूका साथ त्यहाँबाट हिँडे । मार्गमा जमदग्निका पुत्र परशुरामलाई जितेर उनी अयोध्या पुगे । त्यहाँ पुगिसकेपछि भरत र शत्रुघ्न आफ्ना मामा युधाजितको राजधानीतिर हिँडे ।२-१४।

६. षठोऽध्यायः
श्रीरामावतार

नारद उवाच
भरतेऽथ गते रामः पित्रादीनभ्यपूजयत् ।
राजा दशरथो राममुवाच शृणु राघव ।१।
गुणानुरागाद्राज्ये त्वं प्रजाभिरभिषेचितः ।

नारदले भने– लक्ष्मणसहित भरतहरू मावल गएपछि श्रीरामचन्द्र नै बसेर मातापिताको सेवासत्कार गर्न लागेका थिए । एक दिन राजा दशरथले श्रीरामचन्द्रसित 'रघुनन्दन ! मेरो कुरो सुन । तिम्रा गुणदेखि खुसी भएका प्रजाहरूले मनमनै तिमीलाई राजसिंहासनमा अभिषेक गरिसकेका छन् । प्रजाहरूले तिमी नै युवराज हुनुपर्छ भन्ने

मनसाऽहं प्रभाते ते यौवराज्यं ददामि च ।२।
रात्रौ त्वं सीतया सार्धं संयतः सुव्रतो भव ।
राज्ञश्च मन्त्रिणश्चाष्टौ सवसिष्ठास्तथाब्रुवन् ।३।
सृष्टिर्जयन्तो विजयः सिद्धार्थो राष्ट्रवर्द्धनः ।
अशोको धर्मपालश्च सुमन्त्रः सवसिष्ठकः ।४।
पितादिवचनं श्रुत्वा तथेत्युक्त्वा स राघवः ।
स्थितो देवार्चनं कृत्वा कौसल्यायै निवेद्य तत् ।५।
राजोवाच वसिष्ठादीन् रामराज्यभिषेचने ।
सम्भारान्सम्भवन्तु स्म इत्युक्त्वा कैकेयीं गतः ।६।
अयोध्यालङ्कृतिं दृष्ट्वा ज्ञात्वा रामाभिषेचनम् ।
भविष्यतीत्याचचक्षे कैकेयीं मन्थरा सखी ।७।
पादौ गृहीत्वा रामेण कर्षिता सापराधतः ।
तेन वैरेण सा रामवनवासं च काङ्क्षति ।८।
कैकेयि त्वं समुत्तिष्ठ रामराज्याभिषेचनम् ।
मरणं तव पुत्रस्य मम ते नात्र संशयः ।९।
कुब्जयोक्तञ्च तत् श्रुत्वा एकमाभरणं ददौ ।
उवाच मे यथा रामस्तथा मे भरतः सुतः ।१०।
उपायन्तु न पश्यामि भरतो येन राज्यभाक् ।
कैकेयीमब्रवीत्क्रुद्धा हारं त्यक्त्वाऽथ मन्थरा ।११।
बालिशे रक्ष भरतमात्मानं मां च राघवात् ।
भविता राघवो राजा राघवस्य ततः सुतः ।१२।
राजवंशस्तु कैकेयि भरतात्परिहास्यते ।
देवासुरे पुरा युद्धे शम्बरेण हताः सुराः ।१३।
रात्रौ भर्ता गतस्तत्र रक्षितो विद्यया त्वया ।
वरद्वयं तदा प्रादाद्याचेदानीं नृपं च तत् ।१४।
रामस्य च वने वासं नव वर्षाणि पञ्च च ।

हार्दिक इच्छा गरेका छन् । त्यसैले भोलि बिहानै म तिमीलाई युवराजको पद प्रदान गर्दछु । आज राति सीतासहित तिमीले उत्तम व्रत पालन गरेर संयमपूर्वक बस' भने । राजाका आठ मन्त्रीहरू र वसिष्ठले पनि उनको यो कुरो समर्थन गरे । ती आठ मन्त्रीहरूमा दृष्टि, जयन्त, विजय, सिद्धार्थ, राज्यवर्धन, अशोक, धर्मपाल र सुमन्त्र थिए । यसका अतिरिक्त वसिष्ठ नै पनि थिए । पिता र मन्त्रीहरूको कुरो सुनेर श्रीरघुनाथले 'तथास्तु' भन्दै उनको आज्ञा शिरोपर गरे र माता कौशल्यालाई यो शुभ समाचार बताएर देवताहरूको पूजा गर्दै संयम व्रतको नियममा बसे । उता महाराज दशरथ वसिष्ठ आदि मन्त्रीहरूलाई 'तपाईंहरू रामचन्द्रको राज्याभिषेकको सामग्री जुटाउनुहोस्' भन्दै कैकेयीका भवनमा गए । कैकेयीसँग मन्थरा नामकी अत्यन्त दुष्टा दासी थिई । उसले अयोध्या सजाईंदै गरेको देखेपछि श्रीरामचन्द्रको राज्याभिषेक हुन लागेको कुरो बुझेर रानी कैकेयीलाई सबै हालखबर भनी । कुनै एकपटक केही अपराध गरेकोमा श्रीरामचन्द्रले उसका खुट्टामा समातेर घसारेका थिए । त्यसै शत्रुताका कारण ऊ रामले वनवास जानुपरोस् भन्ने सधैँ चाहन्थी । कैकेयी ! तिमी उठ, रामको राज्याभिषेक हुन लागेको छ । यो तिम्रो पुत्रका लागि, मेरा लागि र तिम्रै लागि पनि मृत्युकै समान भयङ्कर विषय हो । यसमा केही शङ्का नै छैन कुँजी मन्थराको यस्तो कुरो सुनेर रानी कैकेयीलाई खुसी लाग्यो । उनले कुँजीलाई एउटा गहना झिकेर दिइन् र 'मेरा लागि त राम जस्तो हो, भरत पनि उस्तै छोरो नै हो । मैले त भरतलाई राज्य प्राप्त हुने गरी कुनै उपाय नै देखेकी छैनँ' भनिन् । मन्थराले त्यो हार फ्याँकिदिई र रिसाउँदै कैकेयीसित भन्न लागी हे मूर्ख ! तिमी भरतलाई, आफैँलाई र मलाई रामबाट जोगाऊ । भोलि राम राजा हुनेछन् । त्यसपछि राज्य रामका छोराले पाउँछन् । हे कैकेयी ! अब राजवंश भरतभन्दा पर हुँदै जान्छ । (भरतले राज्य पाउने एउटा उपाय म भन्छु ।) उहिले नै देवासुर सङ्ग्राममा शम्बरासुरले देवताहरूलाई कुटेर खेदेको थियो । तिम्रा पति पनि त्यस युद्धमा गएका थिए । त्यस बेला तिमीले आफ्ना विद्याले रातका समयमा स्वामीको रक्षा गरेकी थियौ । त्यसै कारण तिमीलाई महाराजले दुईवटा वर दिने प्रतिज्ञा गरेका थिए । अहिले तिनै दुईवटा वर माग । एउटा वर लिएर रामलाई चौध वर्षका लागि वनवास पठाउने र अर्को वर लिएर भरतलाई युवराज पदमा अभिषेक गराउने गरी माग । अहिले राजाले ती दुवै वर दिनेछन् । यसरी मन्थराले उक्साएपछि कैकेयीले अनर्थको काम पनि अर्थपूर्ण नै भएको देखिन् र 'कुँजी ! तैँले निकै राम्रो उपाय सिकाइस् । राजाले मेरो रहर

यौवराज्यं च भरतें तदिदानीं प्रदास्यति ।१५।
प्रोत्साहिता कुब्जया सा अनर्थे चार्थदर्शिनी ।
उवाच सदुपायं मे कच्चित्तं कारयिष्यति ।१६।
क्रोधागारं प्रविष्टाऽथ पतिता भुवि मूर्च्छिता ।
द्विजादीनर्च्चयित्वाऽथ राजा दशरथस्तदा ।१७।
ददर्श कैकेयीं रुष्टामुवाच कथमीदृशी ।
रोगार्त्ता किं भयोद्विग्ना किमिच्छसि करोमि तत् ।१८।
येन रामेण हि विना न जीवामि मुहूर्त्तकम् ।
शपामि तेन कुर्यां वै वाञ्छितं तव सुन्दरि ।१९।
सत्यं ब्रूहीति सोवाच नृप मह्यं ददासि चेत् ।
वरद्वयं पूर्वन्दत्तं सत्यात्त्वं देहि मे नृप ।२०।
चतुर्दशो समा रामो वने वसतु संयतः ।
सम्भारैरेभिरद्यैव भरतोऽत्राभिषेच्यताम् ।२१।
विषं पीत्वा मरिष्यामि दास्यसि त्वं न चेन्नृप ।
तच्छ्रुत्वा मूर्च्छितो भूमौ वज्राहत इवापतत् ।२२।
मुहूर्त्ताच्चेतनं प्राप्य कैकेयीमिदमब्रवीत् ।
किं कृतं तव रामेण मया वा पापनिश्चये ।२३।
यन्मामेवं ब्रवीषि त्वं सर्वलोकाप्रियङ्करि ।
केवलं त्वत्प्रियं कृत्वा भविष्यामि सुनिन्दितः ।२४।
या त्वं भार्या कालरात्रिर्भरतो नेदृशः सुतः ।
प्रशाधि विधवा राज्यं मृते मयि गते सुते ।२५।
सत्यपाशनिबद्धस्तु राममाहूय चाब्रवीत् ।
कैकय्या वञ्चितो राम राज्यं कुरु निगृह्य माम् ।२६।
त्वया वने तु वस्तव्यं कैकेयीभरते नृपः ।
पितरं चैव कैकेयीं नमस्कृत्य प्रदक्षिणम् ।२७।
कृत्वा नत्वा च कौसल्यां समाश्वास्य सलक्ष्मणः ।

पक्कै पूरा गरिदिनेछन्' भनिन् । यसो भन्दै उनी रिसाएकी रानी बस्ने कोपभवनमा गइन् र अचेत भएझैं गरी भुइँमा लडिन् । उता महाराज दशरथ ब्राह्मण आदिलाई पूजा गरेर कैकेयीका भवनमा आउँछन् त उनी रिसले मुर्मुरिइरहेकी देख्छन् । राजाले 'सुन्दरी ! तिम्रो यो दशा कसरी भयो ? तिमीलाई केही बिसन्चो भएको हो कि ? भन, के चाहियो ? म अहिले नै तिम्रो इच्छा पूरा गरिदिन्छु । जुन रामको अनुपस्थितिमा म एकै क्षण पनि जीवित रहन सक्दिनँ, उसैको शपथ खाएर तिम्रो मनको रहर अवश्य पूरा गर्नेछु भनेर म भनिरहेको छु । साँचो सत्य भन तिमीलाई के चाहियो ?' भने । कैकेयीले 'हे महाराज ! साँच्चै नै तिमी मलाई केही दिन खोज्छौ भने आफ्नो सत्य थाम्नका लागि उहिले नै दिन्छु भनेका दुईवटा वरदान दिने कृपा गर । रामले चौध वर्ष वनमा बास गरून् र यिनै सामग्रीले आजै भरतलाई युवराज पदमा अभिषेक गरियोस् भन्ने म चाहन्छु । हे महाराज ! यी दुवै वरदान तिमी मलाई दिँदैनौ भने म विष खाएर मर्छु' भनिन् । यस्तो कुरो सुनेपछि राजा दशरथ बज्रले लागेर घाइते भएझैं मूर्च्छित हुँदै भुइँमा लडे । केही बेरपछि होस आयो र उनले फेरि कैकेयीसित भने । पापले भरिएको विचार लिएकी कैकेयी ! तिमीले समस्त संसारकै कुभलो गर्‍यौ । मैले वा रामले तिम्रो के बिगार गरेका थियौँ र आज मसित यस्तो कुरो गर्दै छ्यौ ? केवल तिमीलाई नै राम्रो लाग्ने काम गरेर त म संसारमा अति नै निन्दित हुनेछु । तिमी मेरी पत्नी नभएर कालरात्रि रहिछ्यौ । मेरो छोरो भरत यस्तो छैन । हे पापिनी ! मेरो छोरो हिंडेपछि जब म मर्छु, त्यसपछि तिमी विधवा भएर राज्य चलाउनू भनेर दशरथले भने ।१–२५।

दशरथ राजा सत्यको वाचाले बाँधिएका थिए । उनले श्रीरामचन्द्रलाई बोलाएर 'बाबु ! कैकेयीले मलाई झुक्याइन् । तिमी मलाई कैदी बनाएर राज्यमा आफ्नो अधिकार बनाऊ । होइन भने तिमीले वनमा निवास गर्नुपर्ने हुनेछ र कैकेयीको छोरो भरत राजा बन्नेछ' भने । पिता र कैकेयीलाई प्रणाम गरेर प्रदक्षिणा गरेपछि कौशल्याका चरणमा श्रीरामचन्द्रले ढोगे र उनलाई सान्त्वना दिए । त्यसपछि लक्ष्मण र पत्नी सीतालाई साथमा लिएर ब्राह्मण, दुःखी र अनाथहरूलाई दानदक्षिणा दिँदै सुमन्त्रसित रथमा बसेर नगरबाट बाहिर निस्के । त्यस बेलामा मातापिता आदि सबै शोकले आतुर भएका थिए । त्यस रात रामचन्द्रले तमसा नदीका तटमा निवास गरे । उनीसित धेरै नागरिकहरू पनि गएका थिए । उनीहरू सबैलाई सुतेकै ठाउँमा छोडेर अगाडि गए । बिहान उनीहरूले रामलाई नदेखेपछि फेरि निराश भएर अयोध्या फर्किनुपरेको थियो । रामचन्द्र गएका कारण राजा दशरथ अत्यन्तै दुःखी भए ।

सीतया भार्यया सार्द्धं सरथः ससुमन्त्रकः ।२८।
दत्वा दानानि विप्रेभ्यो दीनानाथेभ्य एव सः ।
मातृभिश्चैव विप्राद्यैः शोकार्तैर्निगतः पुरात् ।२९।
उषित्वा तमसातीरे रात्रौ पौरान्विहाय च ।
प्रभाते तमपश्यन्तोऽयोध्यां ते पुनरागताः ।३०।
रुदन् राजापि कौसल्यागृहमागात्सुदुःखितः ।
पौरा जनाः स्त्रीयः सर्वा रुरुदु राजयोषितः ।३१।
रामो रथस्थश्चिराढ्यः शृङ्गवेरपुरं ययौ ।
गुहेन पूजितस्तत्र इङ्गुदीमूलमाश्रितः ।३२।
लक्ष्मणः सगुहो रात्रौ चक्रतुज्जार्गरं हि तौ ।
सुमन्त्रं सरथं त्यक्त्वा प्रातर्न्नावाथ जाह्नवीम् ।३३।
रामलक्ष्मणसीताश्च तीर्णा आपुः प्रयागकम् ।
भरद्वाजं नमस्कृत्य चित्रकूटं गिरिं ययुः ।३४।
वास्तुपूजां ततः कृत्वा स्थिता मन्दाकिनीतटे ।
सीतायै दर्शयामास चित्रकूटं च राघवः ।३५।
नखैर्विदारयन्तं तां काकन्तच्चक्षुराक्षिपत् ।
ऐषीकास्त्रेण शरणं प्राप्तो देवान्विहाय सः ।३६।
रामे वनं गते राजा षष्ठेऽह्नि निशि चाब्रवीत् ।
कौसल्यां स कथा पौर्वां यदज्ञानाद्धतः पुरा ।३७।
कौमारे सरयूतीरे यज्ञदत्तकुमारकः ।
शब्दभेदाच्च कुम्भेन शब्दं कुर्वश्च तत्पिता ।३८।
शशाप विलपन्मात्रा शोकं कृत्वा रुदन्मुहुः ।
पुत्रं विना मरिष्यावस्त्वं च शोकान्मरिष्यसि ।३९।
पुत्रं विना स्मरञ्शोकात्कौसल्ये मरणं मम ।
कथामुक्त्वाऽथ हा राममुक्त्वा राजा दिवं गतः ।४०।
सुप्तं मत्वाऽथ कौसल्या सुप्ता शोकार्त्तमिव सा ।

रुँदैरुँदै उनी कैकेयीको महल छोडेर कौशल्याका भवनमा आए । त्यस बेला नगरका स्त्रीपुरुष र रनिवासका स्त्रीहरू सबै डाको छोडेर रोइरहेका थिए। रामचन्द्रले चीरवस्त्र धारण गरेका थिए। उनी रथमै बसेर शृङ्गवेरपुर पुगे। त्यहाँ निषादराज गुहले उनको पूजा एवं स्वागतसत्कार गरे । श्रीरघुनाथले इङ्गुदीका फेदमा विश्राम गरे। लक्ष्मण र गुह दुवै रातभरि जागा बसेर उनीहरूको हेरविचार गरे । बिहान रथसहित सुमन्त्रलाई रामले बिदा गरेर लक्ष्मण र सीतासहित आफू डुङ्गा चढेर गङ्गा तर्दै प्रयागतिर लागे। त्यहाँ पुगेर उनीहरूले महर्षि भरद्वाजलाई प्रणाम गरे र उनैका आज्ञाले त्यहाँबाट चित्रकूट पर्वततिर लागे । चित्रकूटमा पुगेर वास्तुपूजा गरिसकेपछि मन्दाकिनीका किनारमा (पर्णकुटी बनाएर) निवास गर्न थाले । रघुनाथले चित्रकूट पर्वतको रमणीय दृश्य देखाए । त्यसै बेला कागले श्रीसीतालाई नङ्ग्र्यायो । त्यो देखेपछि रामले त्यसलाई सिन्काको हतियारले हाने । जब त्यो काग देवताहरूको आश्रय छोडेर श्रीरामका शरणमा आयो त्यसपछि उनले त्यसको एउटा आँखो मात्रै नष्ट गरेर जीवनदान दिए। श्रीरामचन्द्र वनमा गएका छैटौं दिनको राती राजा दशरथले कौशल्यालाई उहिलेको एउटा घटना सुनाए । त्यस कथामा उनले नजानीकनै सरयू नदीका किनारमा यज्ञदत्तका छोरा श्रवणकुमारलाई मारेको वृत्तान्त थियो । श्रवणकुमार पानी लिनका लागि आएका थिए। त्यस बेला उनको घैलो भरिँदा जुन शब्द आएको थियो, त्यो जङ्गली जन्तुको हो भनी मैले ठानें र शब्दवेधी बाण हान्दा उनी मरेका थिए । यो खबर पाएपछि उनका पितामातालाई अति नै दुःख लाग्यो। उनीहरू बारम्बार विलाप गरिरहेका थिए। उसै बेलामा श्रवणकुमारका पिताले मलाई शाप दिँदै 'हे राजा ! हामी दुवै पतिपत्नी पुत्रको शोकमा विलाप गर्दै प्राणत्याग गरिरहेका छौं। तिमीले पनि हाम्रै जस्तो पुत्रवियोगका शोकमा नै मर्नुपरोस् । तिम्रा पुत्रहरू मरेका नभए पनि मर्ने बेलामा कुनै छोरा तिम्रा नजिक हुनेछैनन्' भनेका थिए । हे कौशल्या ! आज त्यसै शापको मलाई सम्झना हुँदै छ । मलाई अब यसै शोकले मर्छु कि जस्तो लाग्न थालेको छ भनी कौशल्यालाई सुनाए। यति कथा भनिसक्नेबित्तिकै राजाले 'हे राम !' भन्दै स्वर्गलोकको यात्रा गरिहाले। कौशल्याले महाराज त शोकले थकित भएका छन्, अहिले निदाउन लागे होला भन्ने ठानिन् र सुत्न गइन्। बिहान जगाउन जाने गरेका सूत, मागध र बन्दीजनहरूले सुतिरहेका महाराजलाई जगाउन थाले, तर उनी जागेनन् । त्यसपछि राजा मरेछन् भन्ने जानेर रानी कौसल्या 'अहो ! म नै मरेझैं

सुप्रभाते गायनाश्च सूतमागधवन्दिनः ।४१।
प्रबोधका बोधयन्ति न च बुध्यत्यसौ मृतः ।
कौसल्या तं मृतं ज्ञात्वा हा हतास्मीति चाब्रवीत् ।४२।
नरा नार्योऽथ रुरुदुरानीतो भरतस्तदा ।
वसिष्ठाद्यैः सशत्रुघ्नः शीघ्रं राजगृहात्पुरीम् ।४३।
दृष्ट्वा सशोकाङ्कैयेयीं निन्दयामास दुःखितः ।
अकीर्तिः पातिता मूर्ध्नि कौसल्यां स प्रशस्य च ।४४।
पितरं तैलद्रोणिस्थं संस्कृत्य सरयूतटे ।
वसिष्ठाद्यैर्जनैरुक्तो राज्यं कुर्विति सोऽब्रवीत् ।४५।
व्रजामि राममानेतुं रामो राजा मतो बली ।
शृङ्गवेरं प्रयागं च भरद्वाजेन भोजितः ।४६।
नमस्कृत्यं भरद्वाजं रामं लक्ष्मणमागतः ।
पिता स्वर्गं गतो राम अयोध्यायां नृपो भव ।४७।
अहं वनं प्रयास्यामि त्वदादेशप्रतीक्षकः ।
रामः श्रुत्वा जलं दत्वा गृहीत्वा पादुके व्रज ।४८।
राज्यायाहं न यास्यामि सत्याच्चीरजटाधरः ।
रामोक्तो भरतश्चायान्नन्दिग्रामो स्थितो बली ।
त्यक्त्वाऽयोध्यां पादुके ते पूज्य राज्यमपालयत् ।४९।

भएँ' भन्दै जमिनमा लडिन् । अनि फेरि सबै नरनारीहरू नै डाको छोडेर रुनकराउन थाले । त्यसपछि वसिष्ठले राजाको शव तेलले भरिएको डुँडमा राखेर भरतलाई मावलबाट बोलाए । भरत र शत्रुघ्न मामाका राजदरबारबाट निस्केर सुमन्त्र आदिका साथमा चाँडै नै अयोध्यापुरी आए । यहाँको खबर सुनेपछि भरतलाई अति नै दुःख लाग्यो । कैकेयीले शोक गरेको देखे पनि उनलाई कठोर शब्दमा भरतले निन्दा गर्दै 'तिमीले मेरा टाउकामा कलङ्कको टीको लगाइदियौ, मेरा शिरमा अपयशको भारी हालिदियौ' भन्न थाले । त्यसपछि उनले कौसल्याको प्रशंसा गरे र तेल भरेर डुबाएका डुँडबाट पिताको शव निकाली सरयूका किनारमा अन्त्येष्टि संस्कार गरे । त्यसपछि वसिष्ठ आदि गुरुजनहरूले 'भरत ! अब राज्य ग्रहण गर' भने । भरतले 'म त श्रीरामचन्द्रलाई नै राजा मान्छु । अब उनलाई यहाँ ल्याउनका लागि वनमा जान्छु' भन्दै उनी त्यहाँबाट दलबलसहित निस्किए र शृङ्गवेरपुरबाटै प्रयाग पुगे । त्यहीँ महर्षि भरद्वाजले ती सबैलाई भोजन गराए । त्यसपछि भरद्वाजलाई नमस्कार गरेर प्रयागबाट हिँड्दै चित्रकूटमा रामलक्ष्मण भएका ठाउँमा पुगे । भरतले रामसित 'हे रघुनाथ ! हाम्रा पिता महाराज दशरथ स्वर्गवासी भए । अब तिमी अयोध्या गएर राज्य ग्रहण गर । म तिम्रो आज्ञा पालन गर्दै वनमा जान्छु' भने । यस्तो खबर सुनेपछि रामले पितालाई तर्पण गरे र भरतसित 'तिमी मेरा खराउ लिएर अयोध्यामै फिर्ता जाऊ । म राज्य गर्नकै लागि फिर्ता जान्नँ । पिताको सत्य रक्षाका लागि म बल्कल वस्त्र र जटा धारण गरेर वनमै बस्छु' भने । रामले त्यसो भनेपछि भरत आफ्नो दलबलसहित नै फिर्ता आए र अयोध्या छोडेर नन्दीग्राममा बस्न थाले । त्यहीँ भगवान् रामका खराउ पूजा गर्दै राज्यको पालन राम्ररी गर्न लागे ।२६-४९।

७. सप्तमोऽध्यायः

रामायण

नारद उवाच

रामो वसिष्ठं मातृश्च नत्वाऽत्रिं च प्रणम्य सः ।
अनसूयां च तत्पत्नीं शरभङ्गं सुतीक्ष्णकम् ।१।
अगस्त्यभ्रातरं नत्वा अगस्त्यन्तत्प्रसादतः ।
धनुः खड्गं च सम्प्राप्य दण्डकारण्यमागतः ।२।
जनस्थाने पञ्चवट्यां स्थितो गोदावरीन्तटे ।

नारदले भने— हे मुनि ! श्रीरामचन्द्रले महर्षि वसिष्ठ तथा माताहरूलाई प्रणाम गरेर उनीहरू सबैलाई भरतसितै बिदा गरे । त्यसपछि महर्षि अत्रि तथा उनकी पत्नी अनसूयालाई, शरभङ्ग मुनिलाई, सुतीक्ष्णलाई र अगस्त्यका भाइ अग्निजिह्व मुनिलाई प्रणाम गर्दै श्रीरामचन्द्र अगस्त्य मुनिका आश्रममा पुगे र उनका चरणमा आफ्नो शिर झुकाए । मुनिका कृपाले दिव्य धनुष र दिव्य खड्ग प्राप्त गरेर उनी दण्डकारण्यमा आए । त्यहाँ जनस्थानभित्रै गोदावरी नदीका

तत्र शूर्पणखा याता भक्षितुं तान्भयङ्करी ।३।
रामं सुरूपं दृष्ट्वा सा कामिनी वाक्यमब्रवीत् ।
कस्त्वं कस्मात्समायातो भर्त्ता मे भव चार्थितः ।४।
एतौ च भक्षयिष्यामि इत्युक्त्वा तं समुद्यता ।
तस्या नासां च कर्णौ च रामोक्ता लक्ष्मणोऽच्छिनत् ।५।
रक्त क्षरन्ती प्रययौ खरं भ्रातरमब्रवीत् ।
मरिष्यामि विनासाऽहं खर जीवामि वै तदा ।६।
रामस्य भार्य्या सीताऽसौ तस्यासील्लक्ष्मणोऽनुजः ।
तेषां यद् रुधिरं सोष्णं पाययिष्यसि मां यदि ।७।
खरस्तथेति तामुक्त्वा चतुर्दशसहस्रकैः ।
रक्षसां दूषणेनागाद्योद्धुं त्रिशिरसा सह ।८।
रामं रामोऽपि युयुधे शरैर्विव्याध राक्षसान् ।
हस्त्यश्वरथपादातं बल निन्ये यमक्षयम् ।९।
त्रिशीर्षाणं खरं रौद्रं युध्यन्तं चैव दूषणम् ।
ययौ शूर्पणखा लङ्कां रावणाग्रेऽपतद्भुवि ।१०।
अब्रवीद्रावणं क्रुद्धा न त्वं राजा न रक्षकः ।
खरादिहन्तू रामस्य सीतां भार्यां हरस्व च ।११।
रामलक्ष्मणरक्तस्य पानाज्जीवामि नान्यथा ।
तथेत्या च तच्छ्रुत्वा मारीचं प्राह वै व्रज ।१२।
स्वर्णचित्रमृगो भूत्वा रामलक्ष्मणकर्षकः ।
सीताग्रे तां हरिष्यामि अन्यथा मरणं तव ।१३।
मारीचो रावणं प्राह रामो मृत्युर्धनुर्धरः ।
रावणादपि मर्त्तव्यं मर्त्तव्यं राघवादपि ।१४।
अवश्यं यदि मर्त्तव्यं वरं रामो न रावणः ।
इति मत्वा मृगो भूत्वा सीताग्रे व्यचरन्मुहुः ।१५।

किनारमा पञ्चवटी नामको ठाउँमा बस्न थाले । एक दिन शूर्पणखा नाम भएकी भयङ्कर राक्षसी राम, लक्ष्मण र सीतालाई खानका लागि पञ्चवटीमा आई तर श्रीरामचन्द्रको अति राम्रो रूप देखेर ऊ कामवासनाले पीडित भई र भन्न थाली । शूर्पणखाले भनी– तिमी को हौ ? कहाँबाट आयौ ? मेरो बिन्ती सुनेर अब मेरा पति होऊ । यदि मसित तिमीले सम्बन्ध बनाउँदा बाधक हुन्छन् भने म यी दुईलाई खाइदिन्छु यस्तो कुरो गरेर ऊ तिनीहरूलाई खाइदिन तयार भई । त्यसपछि रामले अह्राएका कारण लक्ष्मणले शूर्पणखाका नाक र कान काटिदिए । काटिएका अङ्गबाट रगतका धारा बगाउँदै शूर्पणखा आफ्नो दाजु खर भएका ठाउँमा गई र 'खर ! मेरो नाक काटियो, यस्तो अपमान खपेर म बाँच्न अब सक्दिनँ । तिमीले मलाई राम, उनकी पत्नी सीता र उनैका भाइ लक्ष्मणको तातो रगत खुवायौ भने मात्रै म बाँच्न सक्छु होला' भन्न थाली । खरले 'अति ठीक कुरो हो' भन्दै उसलाई शान्त हुन लगायो र दूषण एवं त्रिशिराका साथै अरू चौध हजार राक्षसहरूको सेना लिएर श्रीरामचन्द्रमाथि आक्रमण गऱ्यो । श्रीरामले पनि ती सबैको प्रतिकार गरे र आफ्ना बाणले राक्षसहरूलाई छेड्न लागे । शत्रुहरूका हात्ती, घोडा, रथ र पैदलसहितका चतुरङ्गिणी सेनालाई नै उनले यमको मुलुकतिर पुऱ्याए र आफूसित लडाइँ गर्ने भयङ्कर राक्षस खर, दूषण एवं त्रिशिरालाई पनि मृत्युका मुखभित्र हालिदिए । त्यसपछि शूपर्णखा लङ्का गएर रावणका सामु भुइँमा लडीबुडी गर्न थाली । ऊ रिसले मुर्मुरिँदै रावणसित 'तिमी राजा वा रक्षक भन्नयोग्य रहेनछौ । खर आदि हाम्रा सबै राक्षसलाई संहार गर्ने रामकी पत्नी सीतालाई हरण गर । म राम र लक्ष्मणको रगत चुसेर मात्रै बाँच्न सक्छु, नभए सक्दिनँ' भन्न थाली । शूर्पणखाको कुरो सुनेर रावणले 'ल त्यसै हुनेछ' भन्यो । अनि उसले मारीचसित 'तिमी सुनको विचित्र मृगको रूप धारण गरेर सीताका अगाडि जाऊ र रामलक्ष्मणलाई आफ्ना पछि लगाएर आश्रमभन्दा पर पुऱ्याऊ । म सीतालाई हरण गर्दछु । यदि मेरो कुरो मान्दैनौ भने तिम्रो मृत्यु निश्चित छ' भन्यो । मारीचले रावणसित 'रावण ! धनुर्धर राम साक्षात् मृत्युकै रूप हुन्' भन्दै 'नजाऊँ भने रावणका हातबाट मर्नुपर्ने हुन्छ र गएँ भने रामका हातबाट । यसरी मर्नु त अनिवार्य नै छ भने रामकै हातमा मर्नु जाती छ, रावणका हातमा होइन' भन्ने मनमनै सोच्यो । यस किसिमको विचार गरेर ऊ मृगको रूप धारण गर्दै सीताका नजिकै बारम्बार यता र उति कुद्न थाल्यो । सीताका प्रेरणाले निकै परसम्म राम त्यसलाई लखेट्दै गए

सीतया प्रेरितो रामः शरेणाथावधीच्च तम् ।
म्रियमाणो मृगः प्राह हा सीते लक्ष्मणेति च ।१६।
सौमित्रिः सीतयोक्तोऽथ विरुद्धं राममागतः ।
रावणोऽप्यहरत्सीतां हत्वा गृध्रं जटायुषम् ।१७।
जटायुषा स भिन्नाङ्गः अङ्केनादाय जानकीम् ।
गतो लङ्कामशोकाख्ये धारयामास चाब्रवीत् ।१८।
भव भार्य्या ममाग्र्या त्वं राक्षस्यो रक्ष्यतामियम् ।
रामो हत्वा तु मारीचं दृष्ट्वा लक्ष्मणमब्रवीत् ।१९।
मायामृगोऽसौ सौमित्रे यथा त्वमिह चागतः ।
तथा सीता हृता नूनं नापश्यत्स गतोऽथ ताम् ।२०।
शुशोच विललापार्त्तो मां त्यक्त्वा क्व गतासि वै ।
लक्ष्मणाश्वासितो रामो मार्गयामास जानकीम् ।२१।
दृष्ट्वा जटायुस्तं प्राह रावणो हृतवांश्च ताम् ।
मृतोऽथ संस्कृतस्तेन कबन्धं चावधीत्ततः ।
शापमुक्तोऽब्रवीद्रामं स त्वं सुग्रीवमाव्रज ।२२।

बाणले हानेर मारे। मर्ने बेलामा मृगले 'हे सीता ! हे लक्ष्मण !' भनी बोलायो। त्यस बेलामा सीताले पठाएका कारण लक्ष्मण पनि मन नपरीनपरीकन पनि राम भएका ठाउँमा गए। यसै मौकामा रावणले सीतालाई हरण गरेर लग्यो। बाटामा जाँदै गर्दा रावणले गिद्धराज जटायुलाई मारिदियो। जटायुले पनि उसको रथ भत्काइदिएको थियो। रथ भत्किएपछि रावणले सीतालाई काँधमा हालेर लङ्कामा लग्यो र अशोकवाटिकामा राख्यो। त्यहीँ नै उसले सीतालाई 'तिमी मेरी पटरानी होऊ' भन्यो। त्यसपछि राक्षसीहरूतिर हेरेर 'हे राक्षसीहरू हो यिनको हेरविचार राम्ररी गर' भन्यो। उता रामचन्द्रले जब मारीचलाई मारेर फर्किए, त्यस बेलामा लक्ष्मणलाई आउँदै गरेको देखेर 'हे लक्ष्मण ! त्यो मृग त मायाले बनेको रहेछ। वास्तवमा ऊ त कुनै एउटा राक्षस पो हो त। तर तिमी अहिले यहाँ आयौ नि, पक्कै पनि कसैले सीतालाई हरण गरेर अहिले लगेको हुनुपर्छ' भने। श्रीराम आश्रममा पुगे तर त्यहाँ सीता थिइनन्। अनि त उनी साह्रै दुःखी भएर 'हे सीता ! तिमी मलाई छोडेर कहाँ गयौ ?' भन्दै विलाप गर्न लागे। लक्ष्मणले रामलाई सान्त्वना दिए। त्यसपछि उनीहरू वनवनमा घुमीघुमीकन सीताको खोजी गर्न थाले। त्यसै बेलामा उनीहरूको भेट जटायुसित भयो। 'सीतालाई रावणले हरण गरेर लगेको छ' भनिसक्नेबित्तिकै जटायु मर्‍यो। त्यसपछि रघुनाथले आफ्नै हातले जटायुको दाहसंस्कार गरे। त्यति भइसकेपछि उनले कबन्धलाई मारे। कबन्धले शापबाट मुक्ति पाएपछि 'तिमी सुग्रीवलाई भेट' भन्यो ।१-२२।

८. अष्टमोऽध्यायः

रामावतार

नारद उवाच

रामः पम्पासरो गत्वाऽशोचत्स शबरीं ततः ।
हनूमताथ सुग्रीवं नीतो मित्रं चकार ह ।१।
सप्त तालान्विनिर्भिद्य शरेणैकेन पश्यतः ।
पादेन दुन्दुभेः कायञ्चिक्षेप दशयोजनम् ।२।
तद्रिपुं बालिनं हत्वा भ्रातरं वैरकारिणम् ।
किष्किन्धां कपिराज्यं च रुमां तारां समर्पयत् ।३।

नारदले भने— श्रीरामचन्द्र पम्पासरोवरमा गएर सीताका लागि शोक गर्न थाले। त्यहाँ उनले शबरीलाई भेटे। त्यसपछि हनुमानसित उनको भेट भयो। हनुमानले उनीहरूलाई सुग्रीवसित भेट गराउन लगे र सुग्रीवसित उनको मित्रता गराए। श्रीरामचन्द्रले उनीहरू सबैले देख्तादेख्तै सातवटा ताडवृक्षलाई एउटै बाणले छेडिदिए र दुन्दुभि नमाका दानवको विशाल शरीर गोडाले लात हानेर दस योजन पर फ्याँकिदिए। त्यसपछि सुग्रीवको दाजु हुँदाहुँदै पनि शत्रु बनेको बालिलाई मारिदिए र किष्किन्धापुरी, बाँदरको राज्य, रुमा र तारा यी सबैलाई सुग्रीवका अधीनमा बनाइदिए। त्यति भएपछि किष्किन्धापुरीका राजा सुग्रीवले रामसित

ऋष्यमूके हरीशाय किष्किन्धेशोऽब्रवीत्स च ।
सीतां त्वं प्राप्स्यसे यद्वत्तथा राम करोमि ते ।४।
तच्छ्रुत्वा माल्यवत्पृष्ठे चातुर्मास्यं चकार सः ।
किष्किन्धायां च सुग्रीवो यदा नायाति दर्शनम् ।५।
तदाऽब्रवीत्तं रामोक्तं लक्ष्मणो व्रज राघवम् ।
न स सङ्कुचितः पन्था येन बाली हतो गतः ।६ ।
समये तिष्ठ सुग्रीव मा बालिपथमन्वगाः ।
सुग्रीव आह संसक्तो गतं कालं न बुद्धवान् ।७।
इत्युक्त्वा स गतो रामं नत्वोवाच हरीश्वरः ।
आनीता वानराः सर्वे सीतायाश्च गवेषणे ।८।
त्वन्मतात्प्रेषयिष्यामि विचिन्वन्तु च जानकीम् ।
पूर्वादौ मासमायान्तु मासादूर्ध्वं निहन्मि तान् ।९।
इत्युक्ता वानराः पूर्वपश्चिमोत्तरमार्गगाः ।
जग्मू रामं ससुग्रीवमपश्यन्तस्तु जानकीम् ।१०।
रामाङ्गुलीयं सङ्गृह्य हनुमान्वानरैः सह ।
दक्षिणे मार्गयामास सुप्रभाया गुहान्तिके ।११।
मासादूर्ध्वं च विन्यस्ता अपश्यन्तस्तु जानकीम् ।
ऊचुर्वृथा मरिष्यामो जटायुर्धन्य एव सः ।१२।
सीतार्थेयोऽत्यजत्प्राणान्रावणेन हतो रणे ।
तच्छ्रुत्वा प्राह सम्पातिर्विहाय कपिभक्षणम् ।१३।
भ्राताऽसौ मे जटायुर्वै मयोड्डीनोऽर्कमण्डलम् ।
अर्क्कतापाद्रक्षितोऽगाद्दग्धपक्षोऽहमभ्रगः ।१४।
रामवार्त्ताश्रवात्पक्षौ जातौ भूयोऽथ जानकीम ।
पश्याम्यशोकवनिकागतां लङ्कागतां किल ।१५।
शतयोजनविस्तीर्णे लवणाब्धौ त्रिकूटके ।
ज्ञात्वा रामं ससुग्रीवं वानराः कथयन्तु वै ।१६।

'श्रीराम ! सीतालाई तिमीले जसरी भेट्न सक्छौ, त्यसको उपाय म गरिरहेको छु' भने । त्यति कुरो सुनेपछि रामले माल्यवान पर्वतका शिखरमा वर्षायामका चार महिना बिताए र सुग्रीव किष्किन्धामै बसेका थिए। चौमासाभन्दा पछि पनि जब सुग्रीव देखिएनन् त्यस बेला रामचन्द्रका आदेशअनुसार किष्किन्धामा गएर लक्ष्मणले 'सुग्रीव ! तिमी रामचन्द्र भएका ठाउँमा हिंड। आफ्नो प्रतिज्ञामा अडिग होऊ, होइन भने जसरी बालि मारिएको थियो, त्यो बाटो अहिले पनि बन्द भएको छैन, त्यसैले बालिको बाटो पछ्याउनतिर नलाग' भने। सुग्रीवले 'हे सुमित्रानन्दन ! माफ गर, विषयभोगमा आसक्त भएका कारण मैले बेला बितेको थाहा नै पाइनँ' भने । यस खालको कुरो गर्दै सुग्रीव रामचन्द्र भएका ठाउँमा गए र उनलाई नमस्कार गर्दै 'हे भगवन् ! मैले सबै बाँदरहरूलाई बोलाइसकेको छु । अब तिम्रो इच्छाअनुसार नै सीताजीको खोज गर्न म तिनीहरूलाई पठाइदिन्छु । उनीहरू पूर्व आदि सबै दिशामा गएर एक महिनासम्म सीताजीको खोजी गर्नेछन् । जो एक महिनापछि फर्कन्छ, त्यसलाई म मारिदिन्छु' भने । यति कुरो सुनेर धेरै बाँदरहरू पूर्व, पश्चिम र उत्तरका दिशाका विभिन्न बाटामा हिंडे र त्यहाँ जनककुमारी सीतालाई नभेटे पनि निश्चित समयमा श्रीराम र सुग्रीव भएका ठाउँमा फर्केर आए। हनुमान रामचन्द्रले दिएको औँठी लिएर अरू बाँदरहरू साथमा लिई दक्षिण दिशामा जानकीको खोजी गर्न गएका थिए । उनीहरू सुप्रभाको गुफाका नजिकै विन्ध्यपर्वतमा नै एक महिनाभन्दा धेरै समय खोजिरहेका थिए, तर पनि उनीहरूले सीताजीको दर्शन पाएका थिएनन् । आखिरमा निराश भएर उनीहरू 'हाम्रो ज्यान अब व्यर्थमै जाने भयो । जटायुलाई त धन्यवाद दिनैपर्छ किनभने उसले सीतालाई जोगाउन रावणसँग युद्ध गरेर आफ्नो ज्यान बलिदान गरेछ ।' भन्न थाले । उनीहरूको यस्तो कुरो सम्पाति नामका गिद्धका कानमा परेछ। ऊ बाँदर खाने ताकमा थियो। तर जटायुको चर्चा सुन्नेबित्तिकै रोकिएर 'ए बाँदरहरू ! जटायु मेरो भाइ हो। ऊ मसितै सूर्यमण्डलतर्फ उडेको थियो। मैले आफ्ना पँखेटाले छोपेर उसलाई सूर्यका कडा किरणको तापबाट जोगाएँ। त्यसैले ऊ सकुशल बाँच्यो तर मेरा पँखेटा डढेका हुनाले म यहीँ खसेँ। आज श्रीरामचन्द्रको कुरो सुनेको हुँदा मेरा पँखेटा फेरि पलाएर आए । अब म श्रीसीतालाई खोज्छु। उनी लङ्काको अशोक वनभित्र छिन्। लवण समुद्रका द्वीपमा त्रिकुट पर्वतमाथि लङ्काको अवस्थिति छ। यहाँदेखि त्यहाँसम्म सय योजन समुद्र फैलिएको छ। यति कुरो जानेर सबै बाँदर श्रीराम र सुग्रीव भएका ठाउँमा जाओ र उनलाई यही समाचार सुनाओ' भन्यो ।१-१६।

९. नवमोऽध्यायः

रामावतार

नारद उवाच

सम्पातिवचनं श्रुत्वा हनुमानङ्गदादयः ।
अब्धिं दृष्ट्वाऽब्रुवंस्तेऽब्धिं लङ्घयेत्को नु जीवयेत् ।१।
कपीनां जीवनार्थाय रामकार्य्यप्रसिद्धये ।
शतयोजनविस्तीर्णं पुप्लुवेऽब्धिं स मारुतिः ।२।
दृष्ट्वोत्थितं च मैनाकं सिंहिकां विनिपात्य च ।
लङ्कां दृष्ट्वा राक्षसानां गृहाणि वनितागृहे ।३।
दशग्रीवस्य कुम्भस्य कुम्भकर्णस्य रक्षसः ।
विभीषणस्येन्द्रजितो गृहेऽन्येषां च रक्षसाम् ।४।
नापश्यत्पानभूम्यादौ सीतां चिन्तापरायणः ।
अशोकवनिकां गत्वा दृष्टवाञ्छिंशपातले ।५।
राक्षसीरक्षितां सीतां भव भार्येति वादिनम् ।
रावणं शिंशपास्थोऽथ नेति सीतां तु वादिनीम् ।६ ।
भव भार्या रावणस्य राक्षसीवादिनीः कपिः ।
गते तु रावणे प्राह राजा दशरथोऽभवत् ।७।
रामोऽस्य लक्ष्मणः पुत्रौ वनवासं गतौ वरौ ।
रामपत्नी जानकी त्वं रावणेनाहृता बलात् ।८।
रामः सुग्रीवमित्रस्त्वां मार्गयन्प्रैषयच्च माम् ।
साभिज्ञानं चाङ्गुलीयं रामदत्तं गृहाण वै ।९।
सीताऽङ्गुलीयं जग्राहसाऽपश्यन्मारुतिं तरौ ।
भूयोऽग्रे चोपविष्टं तमुवाच यदि जीवति ।१०।
रामः कथं न नयति शङ्कितामब्रवीत्कपिः ।

नारदले भने— सम्पातिको कुरो सुनेर हनुमान, अङ्गद आदि बाँदरहरूले समुद्रतिर हेरे । त्यसपछि उनीहरू आपसमा अब यो समुद्र पार गरेर कसले यी सबै बाँदरहरूलाई बचाऊला ?' भन्न थाले । बाँदरहरूको ज्यान जोगाउने र श्रीरामचन्द्रको कार्यको उचित रूपमा सिद्धिका लागि पवनकुमार हनुमानले सय योजनको समुद्र पार गर्दै गए । समुद्र तर्ने अवसरमा थकाइ मार्नका लागि हनुमानलाई मैनाक पर्वतले बिसाउने ठाउँ दियो । हनुमानले आँखाले हेरेर मात्रै उसलाई सम्मान गरे । त्यसपछि छाया पक्रेर खाने सिंहिका नामकी राक्षसीले टाउको उचाली । उसले मार्न खोजेको देखेर हनुमानले त्यसलाई मारिदिए । समुद्रको पारिपट्टि पुगेर हनुमानले लङ्कापुरी हेरे । राक्षसहरूका घरमा खोजी गरे । रावणका अन्तःपुरमा, कुम्भ, कुम्भकर्ण, विभीषण, इन्द्रजित र अन्य राक्षसका घरघरमा गएर खोजे, मदिरापान हुने ठाउँहरूमा घुमीघुमी हेरे तर पनि कतै सीतालाई देखेनन् । अनि उनी अति चिन्तामा परेका थिए । आखिरमा उनी अशोकवाटिकातिर जाँदाखेरि सिसौका फेदमा सीताजी बसेकी देखिइन् । राक्षसीहरूले त्यहाँ उनलाई हेरविचार गरिरहेका थिए । हनुमानजी सिसौको रुखमाथि चढेर हेरे । रावण सीतासँग 'तिमी मेरी पत्नी होऊ' भन्दै थियो र सीता स्पष्ट शब्दमा 'हुन्नँ' भन्दै थिइन् । त्यहाँ बसेका राक्षसीहरू पनि 'तिमी रावणकी पत्नी होऊ' भन्दै थिए । जब रावण फिर्ता गयो, त्यसपछि हनुमानले 'अयोध्यामा दशरथ नामका एक राजा थिए । उनका राम र लक्ष्मण नामका दुई छोराहरू वनवास गएका थिए । ती दुई भाइ श्रेष्ठ पुरुष हुन् । उनीहरूसँगै भएकी जनक राजाकी छोरी सीता तिमी नै हौ । रावणले तिमीलाई बलपूर्वक हरण गरेर ल्याएको छ । श्रीरामचन्द्र यस बेला बाँदरका राजा सुग्रीवका मित्र भएका छन् । उनले तिम्रो खोजी गर्नका लागि नै मलाई पठाएका हुन् । चिन्ने उपायका लागि गोप्य सन्देशका साथमा श्रीरामचन्द्रले औँठी दिएका छन् । उनले दिएर पठाएको यो औँठी लेऊ' भन्न लागे । सीताले औँठी लिइन् र रुखमाथि बसेका हनुमानलाई हेरिन् । त्यसपछि हनुमान रुखबाट ओर्लेर अगाडि आएर बसेपछि सीताले उनीसित 'रघुनाथ ज्युँदै छन् भने उनले आएर यहाँबाट मलाई किन लिएर जाँदैनन् ?' भनिन् । यस खालको शङ्का गर्न लागेकी सीतालाई हनुमानले 'हे देवी सीता ! तिमी यहाँ छ्यौ भन्ने कुरो श्रीरामचन्द्रलाई

रामः सीते न जानीते ज्ञात्वा त्वां स नयिष्यति ।११।
रावणं राक्षसं हत्या सबलं देवि मा शुचः ।
साभिज्ञानं देहि मे त्वं मणिं सीताददत्कपौ ।१२।
उवाच मां यथा रामो नयेच्छीघ्रं तथा कुरु ।
काकाक्षिपातनकथां प्रतियाहि हि शोकह ।१३।
मणिं कथां गृहीत्वाह हनुमान्नेष्यते पतिः ।
अथवा ते त्वरा काचित्पृष्टमारुह मे शुभे ।१४।
अद्य त्वां दर्शयिष्यामि ससुग्रीवं च राघवम् ।
सीताऽब्रवीद्धनूमन्तं नयतां मां हि राघवः ।१५।
हनुमान्स दशग्रीवदर्शनौपायमाकरोत् ।
वनं वभञ्च तत्पालान्हत्वा दन्तनखादिभिः ।१६ ।
हत्वा तु किङ्करान्सर्वान्सप्त मन्त्रिसुतानपि ।
पुत्रमक्षं कुमारं च शक्रजिच्च बबन्ध तम् ।१७।
नागपाशेन पिङ्गाक्षं दर्शयामास रावणम् ।
उवाच रावणः कस्त्वं मारुतिः प्राह रावणम् ।१८।
रामदूतो राघवाय सीतां देहि मरिष्यसि ।
रामवाणैर्हतः सार्द्धं लङ्कास्थै राक्षसैर्ध्रुवम् ।१९।
रावणो हन्तुमुद्युक्तो विभीषणनिवारितः ।
दीपयामास लाङ्गूलं दीप्तपुच्छः स मारुतिः ।२०।
दग्ध्वा लङ्कां राक्षसांश्च दृष्ट्वा सीतां प्रणम्य ताम् ।
समुद्रपारमागम्य दृष्टा सीतेति चाब्रवीत् ।२१।
अङ्गदादीनङ्गदाद्यैः पीत्वा मधुवने मधु ।
जित्वा दधिमुखादींश्च दृष्ट्वा रामं च तेऽब्रुवन् ।२२।
दृष्टा सीतेति रामोऽपि हृष्टः पप्रच्छ मारुतिम् ।

थाहा छैन । मबाट यो खबर जान्न पाएपछि मात्रै सेनासहित राक्षस रावणलाई मारेर उनले अवश्य तिमीलाई लैजानेछन् । तिमीले चिन्ता नगर । मलाई आफ्नो केही चिह्न देऊ' भने । त्यसपछि हनुमानलाई आफ्नो चूडामणि फिकेर दिँदै 'हे भाइ ! अब जसो गर्दा रामले यहाँ आएर मलाई लैजान्छन्, त्यस्तो उपाय गर । उनलाई कागको आँखो फुटाएको घटनाको सम्झना गराउनू । आज यतै बस र भोलि बिहानै जाऊ । मेरो चिन्ता भगाउने तिमी नै हौ । तिमी आएकाले मेरो दुःख निकै घटेको छ' भनिन् । चूडामणि र कागको घटनालाई चिह्नका रूपमा लिएर हनुमानले 'हे कल्याणी ! तिम्रा पति तिमीलाई लिन अब चाँडै आउनेछन् । अथवा यदि तिमीलाई छिटै जान मन लागेको छ भने मेरा काँधमा बस । म आजै तिमीलाई श्रीराम र सुग्रीव भएको ठाउँ देखाउन लैजान्छु' भने । सीताले 'होइन, रघुनाथ नै आएर मलाई लैजाऊन्' भनिन् ।१-१५।

त्यसपछि हनुमानले रावणलाई भेट्ने युक्ति निकाले । उनले रक्षकहरूलाई मारेर उसको बगैँचा उजाड गराए । त्यसपछि नङ्ग्रा, दाह्रा र अन्य हतियारसहित आएका अनेकौँ राक्षसहरूलाई मार्नुका साथै मन्त्रीकुमार सातवटा र रावणको छोरो अक्षयकुमारलाई पनि यमलोक पुऱ्याइदिए । त्यसपछि इन्द्रजितले आएर उनलाई नागपाशले बाँध्यो र त्यस्ता वीर बाँदरलाई रावणकहाँ लगेर भेट गरायो । त्यस बेला रावणले 'तँ को होस् ?' भनी सोध्यो । उसै बेलामा हनुमानले 'म श्रीरामचन्द्रको दूत हुँ । तिमी श्रीसीतालाई श्रीरघुनाथको सेवा गर्नका लागि फिर्ता गर अन्यथा लङ्कानिवासी यी सारा राक्षसहरूका साथै तिमीले पनि श्रीरामका बाणले घोचिएर पक्कै मर्नुपर्ला' भनी जवाफ दिए । त्यस्तो कुरो सुनेपछि रावण हनुमानलाई मार्नका लागि तयार भयो तर विभीषणले उसलाई रोके । त्यसपछि रावणले उनका पुच्छरमा आगो लगाइदियो । पुच्छर बल्न थाल्यो । यस्तो देखेपछि पवनपुत्र हनुमानले राक्षसहरूका लङ्कापुरी सबै डढाएर भस्म पारे र फेरि सीताजीको दर्शन गरेर उनलाई प्रणाम गरे । त्यसपछि समुद्र तरेर पारि आइसकेपछि अङ्गद आदिसित 'मैले सीताजीको दर्शन गरेर आएँ भने । त्यसपछि अङ्गद आदि सबै सँगै भएर सुग्रीवका मधुवनमा आएर दधिमुख आदि रक्षकहरूलाई परास्त गर्दै मधुपान गरिसकेपछि ती सबै जना श्रीरामचन्द्र भएका ठाउँमा पुगेर 'हामीले सीताजीलाई भेट्यौँ' भने । श्रीरामचन्द्रले अत्यन्त प्रसन्न भएर हनुमानसित सोध्न थाले । तिमीले सीतालाई कसरी देख्न पायौ ? उनले मेरा लागि के सन्देश पठाएकी छिन् ? भनेर सोध्दै रामले म विरहका

कथं दृष्टा त्वया सीता किमुवाच च मां प्रति ।२३।
सीता कथामृतेनैव सिञ्च मां कामवह्निगम् ।
हनुमानब्रवीद्रामं लङ्घयित्वाऽब्धिमागतः ।२४।
सीतां दृष्ट्वा पुरीं दग्ध्वा सीतामणिं गृहाण वै ।
हत्वा तं रावणं सीतां प्राप्स्यसे राम मा शुचः ।२५।
गृहीत्वा तं मणिं रामो रुरोद विरहातुरः ।
मणिं दृष्ट्वा जानकी मे दृष्टा सीता नयस्व माम् ।२६ ।
तया विना न जीवामि सुग्रीवाद्यैः प्रबोधितः ।
समुद्रतीरं गतवान् तत्र रामं विभीषणः ।२७।
गतस्तिरस्कृतो भ्रात्रा रावणेन दुरात्मना ।
रामाय देहि सीतां त्वमित्युक्तेनासहायवान् ।२८।
रामो विभीषणं मित्रं लङ्कैश्वर्येऽभ्यषेचयत् ।
समुद्रं प्रार्थयन्मार्गे यदा नायात्तदा शरैः ।२९।
भेदयामास रामं च उवाचाब्धिः समागतः ।
नलेन सेतुं बद्ध्वाब्धौ लङ्कां व्रज गभीरकः ।३०।
अहं त्वया कृतः पूर्वे रामोऽपि नलसेतुना ।
कृतेन तरुशैलाद्यैर्गतः पारं महोदधेः ।
वानरैः स सुवेलस्थः सह लङ्कां ददर्श वै ।३१।

आगोमा जलिरहेको छु, तिमी सीताका अमृतमयी कथा सुनाएर मेरो मन पोलेको शान्त गराऊ रामले भने। यति कुरो सुनेपछि हनुमानले रामचन्द्रसित 'हे भगवन् ! म समुद्र तरेर लङ्कामा गएको थिएँ। त्यहाँ सीताजीलाई दर्शन गरेर लङ्कापुरी जलाएँ र यहाँ आउँदै छु। सीताजीले दिएको चूडामणि यही हो । तिमीले शोक गर्नु पर्दैन, रावणको वध गरिसकेपछि निश्चय पनि तिमीले सीतालाई भेट्नेछौ' भने । श्रीरामचन्द्र त्यो मणि हातमा लिएपछि विरह व्याकुल भएर रुँदै 'यो मणि देखेपछि मैले मानौँ सीतालाई नै देखेँ जस्तो लागिरहेको छ। अब मलाई सीता भएका ठाउँमा लिएर हिँड । म उनीविना जीवित रहन पनि सक्दिनँ' भन्न थाले। त्यस बेलामा सुग्रीव आदि सबैले रामचन्द्रलाई सम्झाई बुझाई गरेर शान्त पारे। त्यसपछि रघुनाथ समुद्रका किनारमा गए। विभीषणले आएर उनलाई त्यहीँ भेटे। दुष्ट दाइ रावणले विभीषणलाई हेला गरेको थियो। विभीषणले खाली 'दाइ ! तिमीले सीतालाई लगेर रामकहाँ नै जिम्मा लगाऊ' भनेका थिए । यसै अपराधका कारण उसले विभीषणलाई त्यागेको थियो। उनी असहाय भएका थिए। श्रीरामचन्द्रले विभीषणलाई आफ्नो मित्र बनाए र लङ्काको राजपदमा अभिषेक गराए। त्यसपछि रामले समुद्रसित लङ्का जानका लागि बाटो मागे। समुद्रले बाटो नदिएपछि रामले उसमाथि बाण बर्साए। त्यसपछि समुद्र डराएर रामचन्द्र भएकै ठाउँमा आएर 'हे भगवन् ! नल आदि बाँदरका सहायताले मेरो माथिल्लो भागमा पुल बनाएर तिमी लङ्का जाऊ, उहिले तिमीले नै मलाई गहिरो बनाएका थियौ' भन्यो। समुद्रको त्यति कुरो सुनेपछि रामले नललाई रुखपात र ढुङ्गाले समुद्रमा पुल बनाउन लगाए र त्यहीँबाट बाँदरहरूसँगै समुद्र तरे। त्यहाँ पुगेर सुवेल पर्वतमा शिविर हालेर त्यहीँबाट उनीहरूले लङ्कापुरीको निरीक्षण गरे।१६-३१।

१०. दशमोऽध्यायः

रामअवतार

नारद उवाच

रामोक्तश्चाङ्गदो गत्वा रावणं प्राह जानकी ।
दीयतां राघवायाशु अन्यथा त्वं मरिष्यसि ।१।
रावणो हन्तुमुद्युक्तः सङ्ग्रामोद्धतराक्षसः ।
रामायाह दशग्रीवो युद्धमेङ्क तु मन्यते ।२।

नारदले भने— त्यसपछि रामको आदेशअनुसार अङ्गद रावणका नजिक गएर 'रावण ! तिमी जनककुमारी सीतालाई लगेर चाँडै रामका जिम्मा लगाऊ। अन्यथा मर्नेछौ' भन्यो। यस्तो कुरो सुनेर रावण उसलाई मार्न भनी तयार भयो। अङ्गदले कैयौँ राक्षस कुटेर र मारेर फर्कियो र रामचन्द्रसित 'भगवन् ! रावणले केवल युद्ध नै गर्न खोजेको छ' भन्यो। अङ्गदको कुरो सुनेर रामले बाँदरको सेना साथमा लिएर युद्ध

रामो युद्धाय तच्छ्रुत्वा लङ्कां सकपिराययौ ।
वानरो हनुमान्मैन्दो द्विविदो जाम्बवान्नलः ।३।
नीलस्तारोऽङ्गदो धूम्रः सुषेणः केशरी गयः ।
पनसो विनतो रम्भः शरभः कथनो बली ।४।
गवाक्षो दधिवक्त्रश्च गवयो गन्धमादनः ।
एते चान्ये च सुग्रीव एतैर्युक्तो ह्यसङ्ख्यकैः ।५।
रक्षसां वानराणाञ्च युद्धं सङ्कुलमाबभौ ।
राक्षसा वानराञ्जघ्नुः शरशक्तिगदादिभिः ।६।
वानरा राक्षसाञ्जघ्नुर्नखदन्तशिलादिभिः ।
हस्त्यश्वरथपादातं राक्षसानां बलं हतम् ।७।
हनुमान्गिरिशृङ्गेण धूम्राक्षमवधीद्रिपुम् ।
अकम्पनं प्रहस्तं च युध्यन्तं नील आवधीत् ।८।
इन्द्रजिच्छरबन्धाच्च विमुक्तौ रामलक्ष्मणौ ।
तार्क्ष्यसन्दर्शनाद्वाणैर्जघ्नतू राक्षसं बलम् ।९।
रामः शरैर्जर्जरितं रावणं चाकरोद्रणे ।
रावणः कुम्भकर्णं च बोधयामास दुःखितः ।१०।
कुम्भकर्णः प्रबुद्धोऽथ पीत्वा घटसहस्रकम् ।
मद्यस्य महिषादीनां भक्षयित्वाह रावणम् ।११।
सीताया हरणं पापङ्कृतं त्वंहि गुरुर्यतः ।
अतो गच्छामि युद्धाय रामं हन्मि सवानरम् ।१२।
इत्युक्त्वा वानरान्सर्वान्कुम्भकर्णो ममर्द ह ।
गृहीतस्तेन सुग्रीवः कर्णनासं चकर्त्त सः ।१३।
कर्णनासाविहीनोऽसौ भक्षयामास वानरान् ।
रामोऽथ कुम्भकर्णस्य बाहू चिच्छेद सायकैः ।१४।
ततः पादौ ततश्छित्वा शिरो भूमौ व्यपातयत् ।
अथ कुम्भो निकुम्भश्च मकराक्षश्च राक्षसः ।१५।
महोदरो महापार्श्वो मत्त उन्मत्तराक्षसः ।
प्रघसो भासकर्णश्च विरूपाक्षश्च संयुगे ।१६ ।

गर्नका लागि लङ्कामा प्रवेश गरे । हनुमान, मैन्द, द्विविद, जाम्बवान, नल, नील, तार, अङ्गद, धूम्र, सुषेण, केसरी, गज, पनस, विनत, रम्भ, शरभ, महाबली कम्पन, गवाक्ष, दधिमुख, गवय र गन्धमादन आदि यी सबै त्यहाँ आएकै थिए, त्यसबाहेक पनि अरू धेरै बाँदर त्यहाँ आइपुगे । असङ्ख्य बाँदरहरूका साथै बाँदरका राजा सुग्रीव पनि युद्धका लागि उपस्थित भएका थिए । त्यसपछि त राक्षस र बाँदरका बीचमा घमासान लडाइँ मच्चियो । राक्षसले बाँदरलाई बाण, शक्ति र गदा आदि अस्त्रले हान्न थाले भने बाँदर नङ्ग्र्याउन, दाँतले टोक्न र ढुङ्गाले हान्दै राक्षसहरूलाई संहार गर्न थाले । राक्षसहरूका हात्ती, घोडा, रथ र पैदलसहित चतुरङ्गिणी सेना नष्ट भए । हनुमानले पर्वतका टाकुराबाट आफ्नो शत्रु धूम्राक्षलाई मारिदिए । नीलले पनि युद्ध गर्नका लागि अघि सर्दै आएका अकम्पन र प्रहस्तलाई मारिदिए । श्रीराम र लक्ष्मण यद्यपि इन्द्रजितका नागपाशले बाँधिए तापनि गरुडको सहायता पाउनेबित्तिकै मुक्त भए । त्यसपछि दुवै दाजुभाइले बाण प्रहार गरेर राक्षसी सेनाको संहार आरम्भ गरे । रावणलाई युद्धमा आआफ्ना बाणले हानेर थिल्थिलो बनाए । यसरी दुःख पाएपछि रावणले सुतेका ठाउँबाट कुम्भकर्णलाई जगायो । जागा हुनेबित्तिकै कुम्भकर्णले हजार घैला मदिरा खाएर कैयौँ भैँसी आदि प्राणी पनि खायो । त्यसपछि रावणसँग कुम्भकर्णले 'सीताको हरण गरेर तिमीले पाप गरेका छौ । तिमी मेरा ठूल्दाइ हौ, त्यसैले तिमीले भनेको मानेर युद्ध गर्न जान्छु । म अब बाँदरहरूका साथै रामलाई पनि मार्दछु' भन्यो । त्यसो भन्दै कुम्भकर्णले भेटेजति बाँदरहरूलाई कुच्याउन थाल्यो । एकपटक उसले सुग्रीवलाई समात्यो । त्यसै बेलामा सुग्रीवले त्यसका नाक र कान काटिदिए । नाककानविनाको बुच्चो भएपछि उसले बाँदरहरू खान थाल्यो । यस्तो देखेपछि रामचन्द्रले बाण हानेर कुम्भकर्णका दुवै पाखुरा काटिदिए ।१-१४।

त्यसपछि उसका दुवै खुट्टा र घाँटी काटेर भुइँमा ढालियो । त्यसपछि कुम्भ, निकुम्भ, मकराक्ष, महोदर, महापार्श्व, मत्त, उन्मत्त, प्रघस, भासकर्ण, विरूपाक्ष, देवान्तक, नरान्तक त्रिशिरा र अतिकाय नामका अत्यन्त भयानक राक्षसहरू युद्धमा हाम फाल्दै आए । त्यसपछि यिनलाई र यस्तै अरू पनि अनेकौँ युद्धमा तम्सिएका राक्षसहरूलाई राम, लक्ष्मण, विभीषण र बाँदरहरूले पृथ्वीमा सुताए । त्यसो भएपछि मेघनादले मायावी युद्ध गर्दै वरदानका रूपमा पाएको नागपाशले श्रीराम र लक्ष्मणलाई बाँध्यो । त्यसै बेलामा पर्वतमा

देवान्तको नरान्तश्च त्रिशिराश्चातिकायकः।
रामेण लक्ष्मणेनैते वानरैः सविभीषणैः ।१७।
युध्यमानास्तथा ह्यन्ये राक्षसा भुवि पातिताः।
इन्द्रजिन्मायया युध्यन् रामादीन्सम्बबन्ध ह ।१८।
वरदत्तैर्नागबाणैरोषध्या तौ विशल्यकौ।
विशल्ययाव्रणौ कृत्वा मारुत्यानीतपर्वते ।१९।
हनूमान्धारयामास तत्रागं यत्र संस्थितः।
निकुम्भिलायां होमादि कुर्वन्तं तं हि लक्ष्मणः ।२०।
शरैरिन्द्रजितं वीरं युद्धे तं तु व्यशातयत्।
रावणः शोकसन्तप्तः सीतां हन्तुं समुद्यतः ।२१।
अविन्ध्यवारितो राजा रथस्थः सबलो ययौ।
इन्द्रोक्तो मातली रामं रथस्थं प्रचकार तम् ।२२।
रामरावणयोर्युद्धं रामरावणयोरिव।
रावणो वानरान्हन्तिमारुत्याद्याश्च रावणम् ।२३।
रामः शस्त्रैस्तमस्त्रैश्च ववर्ष जलदो यथा।
तस्य ध्वजं स चिच्छेद रथमश्वांश्च सारथिम् ।२४।
धनुर्बाहूंश्छिरांस्येव उत्तिष्ठिन्ति शिरांसि हि।
पैतामहेन हृदयं भित्वा रामेण रावणः ।२५।
भूतले पातितः सर्वे राक्षसै रुरुदुः स्त्रियः।
आश्वास्य तं च संस्कृत्य रामाज्ञप्तो विभीषणः ।२६।
हनूमतानयद्रामः सीतां शुद्धां गृहीतवान्।
रामो वह्नौ प्रविष्टां तां शुद्धामिन्द्रादिभिः स्तुतः ।२७।
ब्रह्मणा दशरथेन त्वं विष्णू राक्षसमर्दनः।
इन्द्रोच्चिर्चतोऽमृतवृष्ट्या जीवयामास वानरान् ।२८।
रामेण पूजिता जग्मूर्युद्धं दृष्ट्वा दिवं च ते।
रामो विभीषणायादाल्लङ्कामभ्यर्च्य वानरान् ।२९।
ससीतः पुष्पके स्थित्वागत मार्गेण वै गतः।
दर्शयन्वनदुर्गाणि सीतायै हृष्टमानस ।३०।

उम्रिएको र हनुमानले ल्याएको विशल्या नामको औषधिले श्रीराम र लक्ष्मणको घाउ निको भयो। उनीहरूका शरीरबाट बाण झिकिए। हनुमानले पर्वत जहाँबाट ल्याएका थिए, त्यहीं फेरि पुऱ्याएर आए। यता मेघनाद निकुम्भिलादेवीका मन्दिरमा होम गर्न लागेको थियो। त्यसै अवसरमा लक्ष्मणले आफ्नो बाण हानेर इन्द्रलाई समेत परास्त गर्न सक्ने त्यस वीर इन्द्रजितलाई युद्धभूमिमा मारे। पुत्रको मृत्यु भएको समाचार पाएपछि रावण शोकले सन्तप्त भयो र सीतालाई मार्न भनेर तयार भयो, तर अविन्ध्यले त्यसो नगर्न भनेपछि उसले मान्यो र रथमा बसेर सेनासहित युद्धभूमिमा गयो। त्यसै बेलामा इन्द्रको आदेश पाएपछि मातलीले आएर श्रीरघुनाथलाई पनि देवराज इन्द्रको रथमा बसाए। रामरावणको युद्ध रामरावणकै जस्तो थियो, कसैसित उसको तुलना गर्न सकिँदैनथ्यो। रावण बाँदरमाथि आक्रमण गर्दथ्यो र हनुमान आदि बाँदर रावणलाई दुःख दिन्थे। मेघले जसरी पानीको वर्षा गर्दछ उसरी नै श्रीरघुनाथले रावणमाथि अस्त्रशस्त्रको वर्षा गर्न थाले। उनले रावणको रथ, ध्वज, अश्व, सारथि, धनुष, बाहु र मस्तक काटिदिए। छिनेका टाउकाका ठाउँमा अर्को नयाँ टाउको उब्जन्थ्यो। यस्तो देखेर श्रीरामचन्द्रले ब्रह्मास्त्रले रावणको वक्षस्थल चिराचिरा पारेर उसलाई पनि भुइँमा पसारे। त्यस बेलामा अन्य जोगिएका राक्षसहरूसँगै रावणका अनाथ स्त्रीहरू पनि विलाप गरिरहेका थिए। त्यसै बेलामा श्रीरामचन्द्रका आदेशले विभीषणले ती सबैलाई सान्त्वना दिँदै ती सबैको दाहसंस्कार गराए। त्यसपछि श्रीरामचन्द्रले हनुमानलाई लगाएर श्रीसीतालाई बोलाए। यद्यपि उनी स्वरूपतः शुद्ध थिइन्, तापनि उनले अग्निमा प्रवेश गरेर आफ्नो विशुद्धताको परिचय दिइन्। त्यसपछि रघुनाथले उनलाई स्वीकार गरे। त्यसो भइसकेपछि इन्द्र आदि देवताहरूले उनको स्तुति गरे। अनि ब्रह्माजी र स्वर्गवासी महाराज दशरथले आएर स्तुति गर्दै 'श्रीराम ! तिमी राक्षसहरूलाई संहार गर्ने साक्षात् विष्णु हौ' भने। त्यसो भइसकेपछि श्रीरामका अनुरोधले इन्द्रले अमृत वर्षा गरेर मरेका बाँदरहरूलाई जिउँद्याए। युद्ध हेरेर बसेका सबै देवताहरूलाई श्रीरामचन्द्रले पूजा गरेपछि स्वर्गलोकमा गए। श्रीरामचन्द्रले लङ्काको राज्य विभीषणलाई दिए र बाँदरहरूलाई विशेष सम्मान गरे। त्यति भइसकेपछि सीतासहित सबैलाई साथमा लिएर श्रीरामचन्द्र जुन बाटोबाट आएका थिए, उसै बाटोबाट फिर्ता भए। खुसी मन भएको हुँदा बाटामा उनी सीतालाई वन र दुर्गम स्थानहरू देखाउँदै जाँदै थिए। प्रयागमा महर्षि

भरद्वाजं नमस्कृत्य नन्दिग्रामं समागतः ।
भरतेन नतश्चागादयोध्यां तत्र संस्थितः ।३१।
वसिष्ठादीन्नमस्कृत्य कौसल्यां चैव केकयीम् ।
सुमित्रां प्राप्तराज्योऽथ द्विजादीन्सोऽभ्यपूजयत् ।३२।
वासुदेवं स्वमात्मानमश्वमेधैरथायजत् ।
सर्वदानानि स ददौ पालयामास स प्रजाः ।३३।
पुत्रवद्धर्मकामादीन्दुष्टनिग्रहणे रतः ।
सर्वधर्मपरो लोकः सर्वशस्या च मेदिनी ।
नाकालमरणश्चासीद्रामे राज्यं प्रशासति ।३४।

भरद्वाजलाई प्रणाम गरेर उनी अयोध्याको नजिकै नन्दीग्राममा आए। त्यहाँ भरतले उनका चरणमा प्रणाम गरे। त्यसपछि उनी अयोध्या आएर त्यहीँ बस्न थाले। सबैभन्दा पहिले उनले महर्षि वसिष्ठ आदिलाई नमस्कार गरे, त्यसपछि क्रमशः कौसल्या, कैकेयी र सुमित्राका चरणमा शिर झुकाए। त्यसपछि राज्य ग्रहण गरेर ब्राह्मणहरूलाई पूजा गरे। अश्वमेध यज्ञ गरेर उनले आफ्नै आत्मस्वरूप श्रीवासुदेवको यजन गरे, सबै किसिमका दान दिए र प्रजालाई पुत्रको जस्तै गरी पालन गर्न थाले। उनले धर्म-कामको सेवन पनि गर्दै दुष्टहरूलाई दण्ड पनि सधैँ दिन्थे। उनका राज्यमा सबै मानिसहरू नै धर्मपरायण थिए र पृथ्वीमा सबै किसिमका खेतीपाती फल्नेफुल्ने हुँदै थियो। श्रीरघुनाथका शासनकालमा कसैको पनि अकालमृत्यु पनि हुँदैनथ्यो ।१५-३४।

११. एकादशोऽध्यायः

रामावतार

नारद उवाच

राज्यस्थं राघवं जग्मुरगस्त्याद्यः सुपूजिताः ।
धन्यस्त्वं विजयी यस्मादिन्द्राजीद्विनिपातितः ।१।
ब्रह्मात्मजः पुलस्त्योऽभूद्विश्रवास्तस्य नैकसी ।
पुष्पोत्कटाभूत्प्रथमा तत्पुत्रोऽभूद्धनेश्वरः ।२।
नैकस्यां रावणो जज्ञे विंशद्बाहुर्दशाननः ।
तपसा ब्रह्मदत्तेन वरेण जितदैवतः ।३।
कुम्भकर्णः सनिद्रोऽभूद्धर्मिष्ठोऽभूद्विभीषणः ।
स्वसा शूर्पणखा तेषां रावणान्मेघनादकः ।४।
इन्द्रं जित्वेन्द्रजिच्चाभूद्रावणादधिको बली ।
हतस्त्वया लक्ष्मणेन देवादेः क्षेममिच्छता ।५।
इत्युक्त्वा ते गता विप्रा अगस्त्याद्या नमस्कृताः ।
देवप्रार्थितरामोक्तः शत्रुघ्नो लवणार्दनः ।६।

नारदले भने— रघुनाथ अयोध्याको राजसिंहासनमा विराजमान भएपछि अगस्त्य आदि महर्षिहरू उनको दर्शन गर्न भनेर आए। उनीहरूको त्यहाँ सकेसम्म स्वागतसत्कार भयो। त्यसपछि ती ऋषिहरूले 'भगवन् ! तिमी धन्य छौ, तिमीले लङ्कामा विजय प्राप्त गऱ्यौ र इन्द्रजितजस्तो राक्षसलाई पनि माऱ्यौ। ब्रह्माजीका पुत्र मुनिवर पुलस्त्य थिए र पुलस्त्यबाट महर्षि विश्रवा जन्मिए। उनका पुण्योत्कटा र कैकसी नामका दुई पत्नी थिए। ती दुईमा पुण्योत्कटा जेठी हुन्। उनका गर्भबाट धनका अधिपति कुबेरको जन्म भयो। कैकसीका गर्भबाट पहिले रावण जन्मियो, त्यसका दस टाउका र बीस पाखुरा थिए। रावणले तपस्या गरेपछि ब्रह्माले वरदान दिए, त्यसै कारण उसले समस्त देवताहरूलाई जित्यो। कैकसीका अर्का छोराको नाम कुम्भकर्ण र अर्काचाहिँको नाम विभीषण हो। कुम्भकर्ण सधैँ निद्रामा नै डुबिरहेको हुन्थ्यो भने विभीषण अति धर्मात्मा थिए। यी तीनकी बहिनी शूर्पणखा हो। रावणबाट मेघनादको जन्म भयो। उसले इन्द्रलाई पनि जितेको थियो, त्यसैले ऊ इन्द्रजित भन्ने नामले प्रसिद्ध भयो। ऊ रावणभन्दा धेरै नै बलियो थियो। तर पनि देवताहरूको भलो चिताउने हुनाले तिमीले लक्ष्मणलाई मार्न लगायौ' भने। यस्तैयस्तै भन्दै ती अगस्त्य आदि ऋषिहरू श्रीरामचन्द्रबाट अभिनन्दित भएर आआफ्ना आश्रममा गए। त्यसपछि देवताहरूका प्रार्थनाले प्रभावित भएका रामचन्द्रका आदेशले

अभूत्पूर्म्मथुरा काचिद्रामोक्तो भरतोऽवधीत् ।
कोटित्रयं च शैलूषपुत्राणां निशितैः शरैः ।७।
शैलूषं दुष्टगन्धर्वं सिन्धुतीरनिवासिनम् ।
तक्षं च पुष्करं पुत्रं स्थापयित्वाथ देशयोः ।८।
भरतोऽसशत्रुघ्नो राघवं पूजयन्स्थितः ।
रामो दुष्टान्निहत्याजौ शिष्टान्सम्पाल्य मानवः ।९।
पुत्रौ कुशलवौ जातौ वाल्मीकेराश्रमे वरौ ।
लोकापवादात्यक्तायां ज्ञातौ सुचरितश्रवात् ।१०।
राज्येऽभिषिच्य ब्रह्माहमस्मीति ध्यानतत्परः ।
दशवर्षसहस्राणि दशवर्षशतानि च ।११।
राज्यं कृत्वा क्रतून्कृत्वा स्वर्गं देवार्चितो ययौ ।
सपौरः सानुजः सीतापुत्रो जनपदान्वितः ।१२।
अग्निरुवाच
वाल्मीकिर्नारदाच्छ्रुत्वा रामायणमकारयत् ।
सविस्तरं यदेतच्च शृणुयात्स दिवं व्रजेत् ।१३।

शत्रुघ्नले लवणासुरलाई मारेर मथुरा नामबाट प्रसिद्ध एउटा सहर बसाले। त्यसो भइसकेपछि भरतले श्रीरामचन्द्रको आज्ञा पाएर सिन्धुतटका निवासी शैलूष नामका बलले मात्तिएका गन्धर्व तथा उसका तीन करोड वंशजलाई आफ्ना तीखा बाणले संहार गरे । त्यति गरिसकेपछि त्यसका देशलाई गान्धार र मद्र भनी दुई भाग गराएर त्यहीँ आफ्ना पुत्र तक्ष र पुष्करलाई राखे। त्यसो गरिसकेपछि भरत र शत्रुघ्न अयोध्या आए र त्यहीँ नै श्रीरघुनाथको आराधना गर्दै बस्न थाले। श्रीरामचन्द्रले दुष्ट पुरुषहरूलाई युद्धमा संहार गरे र शिष्ट पुरुषहरूलाई दान आदिका भरमा सकेसम्म राम्ररी पालन गरे। उनले अरूबाट बदनाम भइने डरले धर्मपत्नी सीतालाई वनमा छोडिदिएका थिए। त्यहीँ वाल्मीकि मुनिका आश्रममा सीताका गर्भबाट दुई अति असल पुत्र उत्पन्न भए, तिनीहरूको नाम कुश र लव थियो। उनीहरूको उत्तम चरित्रका विषयमा सुनेर श्रीरामलाई पक्कै पनि यी मेरै छोराहरू हुनुपर्छ भन्ने निश्चय भयो। त्यसपछि ती दुवैलाई कोसलका दुई राज्यमा अभिषिक्त गरेर 'म नै ब्रह्म हुँ' भन्ने भावनापूर्वक ध्यान गर्दै योगमा स्थित भए र देवताहरूको प्रार्थनाले भाइहरू र पुरवासीका साथै परमधामको यात्रा गरे । अयोध्यामा एघार हजार वर्षसम्म राज्य गर्दाका अवस्थामा उनले अनेकौँ यज्ञहरूको अनुष्ठान गरिसकेका थिए । उनीभन्दा पछि सीताका पुत्रहरू कोसल जनपदका राजा भए।१-१२।

अग्निदेवले भने— हे वसिष्ठ ! देवर्षि नारदबाट यो कथा सुनेर महर्षि वाल्मीकिले विस्तारपूर्वक रामायण नामको महाकाव्य रचना गरे । जसले यो प्रसङ्ग सुन्दछ, ऊ सोझै स्वर्गलोकमा जान्छ।१३।

१२. द्वादशोऽध्यायः

श्रीहरिवंशवर्णन

अग्निरुवाच
हरिवंशं प्रवक्ष्यामि विष्णुनाभ्यम्बुजादजः ।
ब्रह्मणोऽत्रिस्ततः सोमः सोमाज्जातः पुरुरवाः ।१।
तस्मादायुरभूत्तस्मान्नहुषोऽतो ययातिकः ।
यदुं च तुर्वसुं तस्माद्देवयानी व्यजायत ।२।
द्रुह्यं नानुं च पूरुं च शर्मिष्ठा वार्षपर्वणी ।

अग्निदेवले भने— अब म हरिवंशको वर्णन गर्दछु। श्रीविष्णुका नाभिकमलबाट ब्रह्मा प्रादुर्भाव भए । ब्रह्माबाट अत्रि, अत्रिबाट सोम, सोमबाट बुध र बुधबाट पुरुरवा उत्पन्न भए। पुरुरवाबाट आयु, आयुबाट नहुष र नहुषबाट ययातिको जन्म भयो। ययातिकी पहिली पत्नी देवयानीले यदु र तुर्वसु नामका दुई पुत्र जन्माइन्। उनकी अर्की पत्नी वृषपर्वाकी पुत्री शर्मिष्ठा हुन् र उनका गर्भबाट द्रुह्यु, अनु र पूरु यी तीन पुत्र उत्पन्न भए। यदुका वंशमा 'यादव' नामले प्रसिद्ध क्षत्रियहरू उत्पन्न भए। ती सबैमा भगवान् वासुदेव श्रेष्ठ हुन्। परम पुरुष

यदोः कुले यादवाश्च वासुदेवस्तदुत्तमः ।३।
भुवो भारावतारार्थं देवक्यां वसुदेवतः ।
हिरण्यकशिपोः पुत्रा षड्गर्भा योगनिद्रया ।४।
विष्णुप्रयुक्तया नीता देवकीजठरं पुरा ।
अभूच्च सप्तमो गर्भो देवक्या जठराद्बलः ।५।
सङ्क्रामितोऽभूद्रोहिण्यां रौहिणेयस्ततो हरिः ।
कृष्णाष्टम्यां च नभसि अर्द्धरात्रे चतुर्भुजः ।६।
देवक्या वसुदेवेन स्तुतो बालो द्विबाहुकः ।
वसुदेवः कंसभयाद्यशोदाशयनेऽनयत् ।७।
यशोदाबालिकां गृह्य देवकीशयनेऽनयत् ।
कंसो बालध्वनिं श्रुत्वा तां चिक्षेप शिलातले ।८।
वारितोऽपि स देवक्या मृत्युर्गर्भोऽष्टमो मम ।
श्रुत्वाऽशरीरिणीं वाचं मत्तो गर्भास्तुमारिताः ।९।
समर्पितास्तु देवक्या विवाहसमयेरिताः ।
सा क्षिप्ता बालिका कंसमाकाशस्थाब्रवीदिदम् ।१०।
किं मया क्षिप्तया कंस जातो यस्त्वां वधिष्यति ।
सर्व्वस्वभूतो देवानां भूभारहरणाय सः ।११।
इत्युक्त्वा सा च शुम्भादीन्हत्वेन्द्रेण च संस्तुता ।
आर्या दुर्गा वेदगर्भा अम्बिका भद्रकाल्यपि ।१२।
भद्रा क्षेम्या क्षेमकरी नैकबाहुर्नमामि ताम् ।
त्रिसन्ध्यं यः पठेन्नाम सर्वान्कामानवाप्नुयात् ।१३।
कंसोऽपिपूतनादींश्च प्रैषयद्बालनाशने ।
यशोदापतिनन्दाय वसुदेवेन चार्पितौ ।१४।
रक्षणाय च कंसादेर्भीतेनैव हि गोकुले ।

भगवान् विष्णु नै यस पृथ्वीको भार उतार्नका लागि वसुदेव र देवकीका पुत्रका रूपमा प्रकट भएका हुन् । भगवान् विष्णुको प्रेरणाले योगनिद्राले हिरण्यकशिपुका पूर्वजन्मका पुत्रहरूलाई क्रमशः देवकीका छवटा गर्भमा स्थापित गराइन् । देवकीको सातौँ गर्भका रूपमा बलभद्र उत्पन्न भए। देवकीबाट रोहिणीका गर्भमा खिँचेर ल्याइएका हुनाले यिनलाई सङ्कर्षण र रौहिणेय पनि भनिन्छ । त्यसपछि श्रावणमा पर्ने भाद्रकृष्ण अष्टमीको आधारातमा चार भुजाधारी भगवान् श्रीहरि प्रकट भएका थिए। त्यस बेला देवकी र वसुदेवले उनको स्तुति गरेका थिए । पछि उनी फेरि दुई बाहु भएका अबोध शिशु बनेका हुन् । वसुदेवले कंसका डरले आफ्नो शिशु यशोदाकहाँ पुऱ्याइदिए र यशोदाकी नवजात बालिका देवकीकहाँ ल्याएर सुताइदिएका हुन् । बालक रोएको आवाज सुनेर कंस आइपुग्यो र देवकीले नमान्दा नमान्दै पनि उसले बालिकालाई ढुङ्गामा पछाऱ्यो । उसले आकाशवाणीबाट देवकीका आठौँ गर्भबाट आफ्नो मृत्यु हुन्छ भन्ने सुनेको थियो । त्यसैले उसले देवकीबाट उत्पन्न भएका सबै शिशुहरूलाई मारिरहेको थियो । कंसले ढुङ्गामा पछारेकी बालिकाले आकाशमा उड्दै त्यहीँबाट 'कंस ! मलाई पछारेर तँलाई केही लाभ छैन । जसका हातबाट तेरो मृत्यु हुनेछ, उनी देवताका सर्वस्वभूत भगवान् हुन् र यस बेला पृथ्वीको भारी हटाउनका लागि उनले अवतार लिइसकेका छन्' भनेको सुन्यो । यस्तो कुरो गरेर ती बालिका हराइन् । देवताहरूले प्रार्थना गर्दा उनैले शुम्भ आदि दैत्यलाई वध गरेकी थिइन् । त्यसै बखतमा इन्द्रले 'जो आर्या, दुर्गा, वेदगर्भा, अम्बिका, भद्रकाली, भद्रा, क्षेम्या, क्षेमकरी नैकबाहु आदि नामले प्रसिद्ध छिन्, उनै जगदम्बालाई म नमस्कार गर्दछु' भन्दै स्तुति गरे । जसले यी नामहरूको तीनै कालमा पाठ गर्दछ उसका सबै कामनाहरू पूरा हुनेछन् । अर्कातिर कंसले पनि नवजात शिशुहरूलाई मार्नका लागि पूतना आदिलाई सबैतिर पठायो । कंससित डराएका वसुदेवले आफ्ना दुवै पुत्रको रक्षाका लागि गोकुलमा यशोदापति नन्दजीलाई जिम्मा लगाएका थिए । त्यहीँ नै बलराम र कृष्ण दुई भाइ नै गाई र ग्वालाहरूसँगै विचरण गर्दथे । यद्यपि उनी सम्पूर्ण संसारका पालक थिए तापनि व्रजमा गाईका पालक नै बनेर बसेका थिए। एकपटक श्रीकृष्णको चकचकबाट दिक्क भएर यशोदा मैयाले उनलाई ओखलमा बाँधिदिइन् । ओखल घिसार्दै उनी जुम्ल्याहा अर्जुनका वृक्षका बीचबाट कटे । त्यसरी दुवै रुख भाँचिएर ढले । एक दिन श्रीकृष्ण गाडामुनि सुतिरहेका थिए ।

रामकृष्णौ चेरतुस्तौ गोभिर्गोपालकैः सह ।१५।
सर्व्वस्य जगतः पालौ गोपालौ तौ बभूवतुः ।
कृष्णश्चोलूखले बद्धो दाम्ना व्यग्रयशोदया ।१६ ।
यमलार्जुनमध्येऽगाद्भग्नौ च यमलार्जुनौ ।
परिवृत्तश्च शकटः पादक्षेपात्स्तनार्थिना ।१७।
पूतना स्तनपानेन सा हता हन्तुमुद्यता ।
वृन्दावनगतः कृष्णः कालियं यमुनाह्रदात् ।१८।
जित्वा निःसार्य चाब्धिस्थं चकार बलसंस्तुतः ।
क्षेमं तालवनञ्चक्रे हत्वा धेनुकगर्द्दभम् ।१९।
अरिष्ठवृषभं हत्वा केशिनं हयरूपिणम् ।
शक्रोत्सवं परित्यज्य कारितो गोत्रयज्ञकः ।२०।
पर्वतं धारयित्वा च शक्राद्वृष्टिर्निवारिता ।
नमस्कृतो महेन्द्रेण गोविन्दोऽथार्जुनोऽर्पितः ।२१।
इन्द्रोत्सवस्तु तुष्टेन भूयः कृष्णेन कारितः ।
रथस्थो मथुरां चागात्कंसोक्ताक्रूरसंस्तुतः ।२२।
गोपीभिरनुरक्ताभिः क्रीडिताभिर्निरीक्षितः ।
रजकं चाप्रयच्छन्तं हत्वा वस्त्राणि चाग्रहीत् ।२३।
सह रामेण मालाभृन्मालाकारे वरं ददौ ।
दत्तानुलेपनां कुब्जामृजुं चक्रेऽहनद्गजम् ।२४।
मत्तं कुवलयापीडं द्वारि रङ्गं प्रविश्य च ।
कंसादीनां पश्यतां च मञ्चस्थानां नियुद्धकम् ।२५।
चक्रे चाणूरमल्लेन मुष्टिकेन बलोऽकरोत् ।
चाणूरमुष्टिकौ ताभ्यां हतौ मल्लौ तथापरे ।२६ ।
मथुराधिपतिं कंसं हत्वा तत्पितरं हरिः ।

उनी माताको दुध खाने मन लागेर गोडा फ्याँकीफ्याँकी रुन लागेका थिए। उनका गोडाले अलिकति धक्का लाग्नेबित्तिकै गाडा उल्टियो ।१-१७।

आफ्नो दुध चुसाएर पूतना श्रीकृष्णलाई मार्न खोज्दै थिई, तर श्रीकृष्णले नै उसलाई समाप्त पारिदिए । उनले वृन्दावनमा गएपछि कालीय नागलाई पराजित गरे र यमुनाको कुण्डबाट निकालेर समुद्रमा पुऱ्याइदिए। बलरामसित हिँडेका बेला गधाको रूप धारण गरेको धेनुकासुरलाई मारेर उनले तालवनलाई सुविधासम्पन्न स्थान बनाइदिए साथै साँढेको रूपमा आएका अरिष्टासुरलाई र अश्वको रूप धारण गरेका केशीलाई मारिदिए। फेरि श्रीकृष्णले इन्द्रका लागि गरिएको उत्सव बन्द गराएर त्यसको सट्टामा गोवर्द्धन पर्वतको पूजा गर्ने चलन बसाए। यसो गर्दा इन्द्र रिसाएर ठूलो झरी बर्साउन थालेका थिए, श्रीकृष्णले गोवर्द्धन पर्वत उचालेर ओत बनाए। अन्त्यमा इन्द्र उनका चरणमा झुक्न आएर उनलाई गोविन्द भन्ने पद प्रदान गरे। त्यसपछि इन्द्रले आफ्नो पुत्र अर्जुन पनि उनैका जिम्मा लगाए। यसैबाट सन्तुष्ट भएर श्रीकृष्णले फेरि इन्द्रको यज्ञोत्सव गराए । त्यसपछि एक दिन उनीहरू दुवै दाजुभाइ कंसको सन्देश लिएर आउने अक्रुरसँग रथमा बसेर मथुरा गए। गोपिनीहरूसँग श्रीकृष्णले खुब लीला गरेका हुँदा उनीहरू अति माया गर्थे, त्यसैले उनी जाने बेलामा तिनीहरूले खुब धेरै बेरसम्म हेरिरहे। मार्गमा अक्रुरले उनको स्तुति गरे। मथुरामा एउटा धोबी निकै बाठो भएर ठूला कुरा गर्दै थियो, त्यसलाई कुटेर श्रीकृष्णले त्यसका सबै लुगा खोसे। एउटा मालीका ढोकामा उनले बलरामसँग फूलको माला धारण गरे र मालीलाई उत्तम वर दिए। कंसकी दासी कुब्जाले उनका शरीरमा चन्दनको लेप लगाइदिंदा त्यसबाट प्रसन्न भएकाले कुँजोपना हटाएर त्यसलाई उनले जिउडाल राम्रोसित मिलेकी सुन्दरी बनाइदिए । अगाडि जाँदै गर्दा रङ्गशालाका ढोकामा उभिएको कुवलयापीड नामको बौलाहा मत्ता हात्तीलाई मारेर रङ्गभूमिमा पुगेपछि कृष्णले मञ्चमा बसेका कंस आदि राजाहरूकै सामु चाणूर नामका पहलमानसँग कुस्ती खेले र बलरामले मुष्टिक नामका पहलमानसित लडाइँ गरे। ती दुई भाइले नै चाणूर, मुष्टिक र अरू पनि पहलमानहरूलाई मारे। त्यसपछि श्रीहरिले मथुराधिपति कंसलाई मारेर उसका पिता उग्रसेनलाई यदुवंशीहरूका राजा बनाए । कंसका अस्ति र प्राप्ति नामका दुई रानीहरू थिए । उनीहरू दुवै जरासन्धका पुत्री थिए। उनैका प्रेरणाले जरासन्धले मथुरामाथि आक्रमण

चक्रे यादवराजानमस्तिप्राप्ती च कंसगे ।२७।
जरासन्धस्य ते पुत्र्यौ जरासन्धस्तदीरितः ।
चक्रे स मथुरारोधं यादवैर्युयुधे शरैः ।२८।
रामकृष्णौ च मथुरां त्यक्त्वा गोमन्तमागतौ ।
जरासन्धं विजित्याजौ पौण्ड्रकं वासुदेवकम् ।२९।
पुरीं च द्वारकां कृत्वा न्यवसद्यादवैर्वृतः ।
भौमं तु नरकं हत्वा तेनानीताश्च कन्यकाः ।३०।
देवगन्धर्वयक्षाणां ता उवाह जनार्दनः ।
षोडशस्त्रीसहस्राणि रुक्मिण्याद्यास्तथाष्ट च ।३१।
सत्यभामासमायुक्तो गरुडे नरकार्दनः ।
मणिशैलं सरत्नञ्च इन्द्रं जित्वा हरिर्दिवि ।३२।
पारिजातं समानीय सत्यभामागृहेऽकरोत् ।
सान्दीपनेश्च शस्त्रास्त्रं ज्ञात्वा तद्बालकं ददौ ।३३।
जित्वा पञ्चजनं दैत्यं यमेन च सुपूजितः ।
अवधीत्कालयवनं मुचुकुन्देन पूजितः ।३४।
वसुदेवं देवकीं च भक्तं विप्रांश्च सोऽर्चयत् ।
रेवत्यां बलभद्राच्च यज्ञाते निशठोल्मुकौ ।३५।
कृष्णात्साम्बो जाम्बवत्यामन्यास्वन्येऽभवन्सुताः ।
प्रद्युम्नोऽभूच्च रुक्मिण्यां षष्ठेऽह्नि स हृतो बलात् ।३६
शम्बरेणाम्बुधौ क्षिप्तो मत्स्यो जग्राह धीवरः ।
तं मत्स्यं शम्बरायादान्मायावत्यै च शम्बरः ।३७।
मायावती मत्स्यमध्ये दृष्ट्वा स्वं पतिमादरात् ।
पुपोष सा तं चोवाच रतिस्तेऽहं पतिर्मम ।३८।
कामस्त्वं शम्भुनानङ्गः कृतोऽहं शम्बरेण च ।

गर्‍यो र यदुवंशीहरूसित बाणले युद्ध गर्न लाग्यो। जरासन्धलाई परास्त गरेर बलराम र श्रीकृष्ण मथुराबाट गोमन्त पर्वतमा गए र द्वारका नगरी निर्माण गरेर त्यहीँ यदुवंशीहरूसँग बस्न थाले। उनीहरूले युद्धमा वासुदेव नाम धारण गरेको पौण्ड्रकलाई पनि मारे र भूमिको पुत्र नरकासुरलाई वध गरेर उसले हरण गरेर ल्याएका देवकन्या, यक्षकन्या र गन्धर्वकन्यासित विवाह गरे। यसरी श्रीकृष्णका सोह्र हजार आठवटी रानी थिए, तिनमा रुक्मिणी प्रधान थिइन् ।१८-३१।

त्यसपछि नरकासुरलाई दमन गर्ने भगवान् श्रीकृष्ण सत्यभामासँगै गरुडमा चढेर स्वर्गलोकमा गए । त्यहाँबाट इन्द्रलाई परास्त गरेर रत्नसहित मणिपर्वत र पारिजातको वृक्ष उठाएर ल्याए र सत्यभामाका भवनमा तिनलाई राखे । श्रीकृष्णले सान्दीपनि मुनिसित अस्त्रशस्त्रको शिक्षा लिएका थिए। शिक्षा लिइसकेपछि उनले गुरुदक्षिणाका रूपमा गुरुका मरिसकेका सन्तानहरू ल्याइदिएका थिए । त्यसका लागि उनले पञ्चजन नामको दैत्यलाई परास्त गरेर यमलोकमा जानुपरेको थियो। त्यहाँ यमराजले उनको अति धेरै पूजा गरेका थिए । उनैले राजा मुचुकुन्दका हातबाट कालयवनको मृत्यु गराए। त्यस बेला मुचुकुन्दले भगवान्को पूजा गरेका थिए। भगवान् श्रीकृष्ण वसुदेव, देवकी र भगवद्भक्त ब्राह्मणहरूलाई अत्यन्त आदर गर्दथे । रेवतीका गर्भबाट बलभद्रका निशठ र उल्मुक नामका दुई छोरा जन्मिएका थिए । जाम्बवतीका गर्भबाट श्रीकृष्णको साम्ब नामको छोरो जन्मेको थियो। यसै गरी अरू रानीहरूबाट अन्यान्य छोराहरू पनि जन्मेका थिए। रुक्मिणीका गर्भबाट प्रद्युम्न जन्मेका थिए । छ दिनकै दिन शम्बरासुरले उनलाई मायाका बलमा हरण गरेर लगेको थियो। उसले बालकलाई समुद्रमा फ्याँकिदिएको थियो । समुद्रमा एउटा माछाले बालकलाई निल्यो। त्यो माछो एउटा मछुवाडेले समात्यो र शम्बरासुरलाई उपहार दियो । शम्बरासुरले त्यही माछो मायावतीलाई दिएछ। मायावतीले माछाका पेटमा आफ्ना पतिलाई देखेर अत्यन्त आदरका साथ पालनपोषण गरिन् । ठूलो भएपछि मायावतीले प्रद्युम्नलाई 'हे नाथ ! म तिम्री पत्नी रति हुँ र तिमी मेरा पति कामदेव हौ । उहिलेका युगमा नै भगवान् शङ्करले तिमीलाई शरीररहितको अनङ्ग बनाइदिएका थिए । तिमी नहुँदा मलाई शम्बरासुरले हरण गरेर ल्याएको हो । तिमी मायाको ज्ञाता हौ, त्यसैले शम्बरासुरलाई मार' भनिन्। यस्तो कुरो सुनेर शम्बरासुरको वध गरेर आफ्नी भार्या मायावतीसँगै उनी कृष्ण भएका ठाउँमा गए। उनीहरू आएको

हृता न तस्य पत्नी त्वं मायाज्ञः शम्बरं जहि ।३९।

तच्छ्रुत्वा शम्बरं हत्वा प्रद्युम्नः सहभार्यया ।

मायावत्या ययौ कृष्णं कृष्णो हृष्टोऽथ रुक्मिणी ।४०।

प्रद्युम्नादनिरुद्धोभूदुषापतिरुदारधीः ।

बाणो बलिसुतस्तस्य सुतोषा शोणितं पुरम् ।४१।

तपसा शिवपुत्रोऽभून्मायूरध्वजपातितः ।

युद्धं प्राप्स्यसि बाण त्वं बाणं तुष्टः शिवोभ्यधात् ।४२।

शिवेन क्रीडतीं गौरीं दृष्ट्वोषा सस्पृहा पतौ ।

तामाह गौरी भर्त्ता ते निशि सुप्तेति दर्शनात् ।४३।

वैशाखमासद्वादश्यां पुमान्भर्त्ता भविष्यति ।

गौर्युक्ता हर्षिता चोषा गृहे सुप्ता ददर्श तम् ।४४।

आत्मना सङ्गतं ज्ञात्वा तत्सख्या चित्रलेखया ।

लिखिताद्वै चित्रपटादनिरुद्धं समानयत् ।४५।

कृष्णपौत्रं द्वारकातो दुहित्रा बाणमन्त्रिणः ।

कुम्भाण्डस्यानिरुद्धोऽगाद्रराम ह्युषया सह ।४६ ।

बाणध्वजस्य सम्पातै रक्षिभिः स निवेदितः ।

अनिरुद्धस्य बाणेन युद्धमासीत्सुदारुणम् ।४७।

श्रुत्वा तु नारदात्कृष्णः प्रद्युन्नबलभद्रवान् ।

गरुडस्थोऽथ जित्वाग्नीञ्ज्वरं माहेश्वरं तथा ।४८।

हरिशङ्करयोर्युद्धं बभूवाथ शराशरि ।

नन्दीविनायकस्कन्दमुखास्ताक्ष्र्यादिभिर्जिताः ।४९।

जृम्भिते शङ्करे नष्टे जृम्भणास्त्रेण विष्णुना ।

छिन्नं सहस्रं बाहूनां रुद्रेणाभयमर्थितम् ।५०।

विष्णुना जीवितो बाणो द्विबाहुः प्राब्रवीच्छिवम् ।

देख्ता श्रीकृष्ण र रुक्मिणीलाई अति खुसी लाग्यो । प्रद्युम्नबाट विशाल बुद्धिका अनिरुद्धको जन्म भयो । ठूलो भएपछि उनी उषाका पति भए । राजा बलिको बाण नामको छोरो थियो । उषा उसैकी छोरी हुन् । बाणासुरको निवास शोणितपुरमा थियो । बाणासुरले निकै ठूलो तपस्या गऱ्यो र त्यसबाट शिव प्रसन्न भएर उसलाई आफ्नो छोरो माने । एक दिन शिवजीले युद्धका लागि बाणासुर आतुर भएको जानेर 'हे बाणासुर ! तिम्रा दरबारको यो मयूरको छाप भएको झन्डा जुन दिन भुईंमा खस्छ, उसै दिन तिमीले युद्ध गर्ने दिन आउँछ भनेर जान' भनेका थिए । एक दिन कैलासमा भगवती पार्वती भगवान् शिवसित क्रीडा गर्नमा लागेकी थिइन् । त्यो देखेपछि उषाका मनमा पनि पतिसँग खेल्ने रहर लाग्यो । पार्वतीले उसका मनको रहर बुझेर 'वैशाख महिनाको द्वादशी तिथिका राति सपनामा तिमीले जुन पुरुष देख्नेछ्यौ, तिम्रो पति उही हुनेछ' भनिन् । पार्वतीको त्यो कुरो सुनेर उषा अति खुसी भइन् । त्यस तिथिमा उनी आफ्ना घरमा सुतेका अवस्थामा भनेजस्तै स्वप्न देखा पऱ्यो । उनकी एउटी साथीको नाम चित्रलेखा थियो । त्यो बाणासुरको मन्त्री कुम्भाण्डकी छोरी थिई । उसले बनाएका चित्रहरू हेरेर उषाले अनिरुद्धलाई आफूले सपनामा देखेको पुरुष यही हो भनी चिनिन् । उषाले चित्रलेखाकै सहयोगले श्रीकृष्णका नाति अनिरुद्धलाई द्वारकाबाट त्यहाँ बोलाइन् । अनिरुद्ध आए र उषासित विहार गर्दै रहन लागे । त्यसै बेलामा बाणासुरको मयूर अङ्कित ध्वजा खसेको सूचना रक्षकहरूले दिए । त्यसपछि अनिरुद्ध र बाणासुरका बीचमा घनघोर युद्ध भयो । नारदका मुखबाट अनिरुद्ध शोणितपुर पुगेको समाचार पाएपछि प्रद्युम्न र बलभद्रलाई लिएर भगवान् श्रीकृष्ण गरुडमाथि चढेर त्यहाँ पुगेर अग्नि एवं माहेश्वर ज्वरलाई जितेर शङ्करजीसँग युद्ध गर्न लागेका थिए । श्रीकृण र शङ्करका परस्पर बाणको आघातप्रत्याघातले युद्धको स्थिति भीषण भयो । नन्दी, गणेश र कार्त्तीकेय आदि प्रमुख वीरहरूलाई गरुड आदिले तत्काल परास्त गरे । श्रीकृष्णले जृम्भणास्त्र प्रयोग गरेपछि त्यसले भगवान् शङ्कर हाईहाई गर्दै सुतेर निदाए । यसै बीचमा श्रीकृष्णले बाणासुरका हजारौं भुजा काटिदिए । जृम्भणास्त्रको प्रभाव घटेपछि शिवले आएर बाणासुरका लागि अभयदान माग्दाखेरि श्रीकृष्णले दुईवटा भुजाका साथै बाणासुरलाई जीवित छोडिदिए र शङ्करजीसँग भन्न लागे । श्रीकृष्णले भने– हे भगवन् ! तिमीले बाणासुरलाई अभयदान दिएको हुनाले मैले पनि दिएँ । हामी दुईमा खासै केही भेद छैन । जसले

त्वया यदभयं दत्तं बाणस्यास्य मयापि तत् ।५१।
आवयोर्न्नास्ति भेदो वै भेदी नरकमाप्नुयात् ।
शिवाद्यैः पूजितो विष्णुः सानिरुद्ध उषादियुक् ।५२।
द्वारकां तु गतो रेमे उग्रसेनादियादवैः ।
अनिरुद्धात्मजो वज्रो मार्कण्डेयात्तुसर्ववित् ।५३।
बलभद्रः प्रलम्बघ्नो यमुनाकर्षणोऽभवत् ।
द्विविदस्य कपेर्भेत्ता कौरवोन्मादनाशनः ।५४।
हरी रेमेऽनेकमूर्त्ती रुक्मिण्यादिभिरीश्वरः ।
पुत्रानुत्पादयामास त्वसङ्ख्यातान्स यादवान् ।
हरिवंशं पठेद्यः स प्राप्तकामो हरिं व्रजेत् ।५५।

भेद मान्दछ, ऊ नरकमा पर्नेछ । अग्निदेवले भने– त्यसपछि शिव आदिले श्रीकृष्णको पूजा गरे । उनी अनिरुद्ध र उषा आदिका साथमा द्वारका गएर उग्रसेन आदि यादवहरूसँग आनन्दपूर्वक रहन थाले । अनिरुद्धको वज्र नामको छोरो जन्मियो । उनले मार्कण्डेय मुनिसित सबै खालका विद्याहरू सिकेका थिए । बलभद्रजीले प्रलम्बासुरलाई मारे, यमुनाको धारा खिँचेर बदलिदिए, द्विविद नामका बाँदरको संहार गरे र आफ्ना हलाको अग्रभागले हस्तिनापुरलाई गङ्गामा झुकाएर कौरवहरूको घमन्ड चुर गराए । भगवान् श्रीकृष्ण अनेकौं खालका रूप धारण गरेर रुक्मिणी आदि आफ्ना रानीहरूसित विहार गर्दथे । उनले असङ्ख्य पुत्र जन्माए । आखिरमा यादवहरूको संहार गराएर उनी परमधाम गए । जसले यो हरिवंशको पाठ गर्दछ, उसका समस्त कामनाहरूको प्राप्ति हुन्छ र आखिरमा श्रीहरिका नजिक जान सक्छ ।३२–५५।

१३. त्रयोदशोऽध्यायः

भारतआख्यान

अग्निरुवाच
भारतं सम्प्रवक्ष्यामि कृष्णमाहात्म्यलक्षणम् ।
भूभारमहरद्विष्णुर्निमित्तीकृत्य पाण्डवान् ।१।
विष्णुनाभ्यब्जजो ब्रह्मा ब्रह्मपुत्रोऽत्रिरत्रितः ।
सोमः सोमाद्बुधस्तस्मादैल आसीत्पुरुरवाः ।२।
तस्मादायुस्ततो राजा नहुषोऽतो ययातिकः ।
ततः पूरुस्तस्य वंशे भरतोऽथ नृपः कुरुः ।३।
तद्वंशे शान्तनुस्तस्माद्भीष्मो गङ्गासुतोऽनुजौ ।
चित्राङ्गदो विचित्रश्च सत्यवत्यां च शान्तनोः ।४।
स्वर्ग गते शान्तनौ च भीष्मो भार्य्याविवर्ज्जितः ।
अपालयद्भ्रातृराज्यं बालश्चित्राङ्गदो हतः ।५।
चित्राङ्गदेन द्वे कन्ये काशिराजस्य चाम्बिका ।
अम्बालिका च भीष्मेण आनीते विजितारिणा ।६।

अग्निदेवले भने– अब म श्रीकृष्णको महिमा लक्षित गर्ने गरी महाभारतको उपाख्यान सुनाउँछु । त्यसमा श्रीहरिले पाण्डवहरूलाई निमित्त बनाएर यस संसारको भारी हटाएका थिए । भगवान् विष्णुका नाभिकमलबाट ब्रह्मा उत्पन्न भए । ब्रह्माबाट अत्रि, अत्रिबाट, चन्द्रमा, चन्द्रमाबाट बुध र बुधबाट इलाका पुत्र पुरुरवाको जन्म भयो । पुरुरवाबाट आयु, आयुबाट नहुष र नहुषबाट ययाति उत्पन्न भए । ययातिबाट पूरु र पुरुका वंशमा भरत र भरतकै कुलमा राजा कुरुको जन्म भएको थियो । कुरुकै वंशमा शान्तनु जन्मेका थिए । शान्तनुबाट गङ्गाका पुत्र भीष्म जन्मिए । भीष्मका चित्राङ्गद र विचित्रवीर्य नामका दुईवटा भाइहरू थिए । शान्तनुका ती छोराहरू सत्यवतीका गर्भबाट उत्पन्न भएका थिए । शान्तनुको स्वर्गबास भएपछि भीष्म अविवाहित बसेर भाइ विचित्रवीर्यको राज्य हेरचाह गर्दथे । चित्राङ्गद नै नाम भएका गन्धर्वले बाल्यकालमा नै चित्राङ्गदलाई मार्‍यो । भीष्मले अम्बिका र अम्बालिका नामका काशिराजका दुई कन्याहरू सङ्ग्राममा विपक्षीलाई जितेर ल्याए । उनीहरू दुवै विचित्रवीर्यका पत्नी भए । केही कालपछि राजा विचित्रवीर्य पनि राजयक्ष्मा लागेर मरे । त्यसपछि सत्यवतीका अनुमतिले व्यासजीबाट अम्बिकाको गर्भबाट राजा धृतराष्ट्र र अम्बालिकाको गर्भबाट

भार्ये विचित्रवीर्यस्य यक्ष्मणा स दिवं गतः ।
सत्यवत्या ह्यनुमतादम्बिकायां नृपोऽभवत् ।७।
धृतराष्ट्रोऽम्बालिकायां पाण्डुश्च व्यासतः सुतः ।
गान्धार्य्यां धृतराष्ट्राच्च दुर्योधनमुखं शतम् ।८।
शतशृङ्गाश्रमपदे भार्यायोगादथो मृतः ।
ऋषिशापात्ततो धर्म्मात्कुन्त्यां पाण्डोर्युधिष्ठिरः ।९।
वाताद्भीमोऽर्जुनः शक्रान्माद्र्यामश्विकुमारतः ।
नकुलः सहदेवश्च पाण्डुर्माद्रीयुतो मृतः ।१०।
कर्णः कुन्त्यां हि कन्यायां जातो दुर्योधनाश्रितः ।
कुरुपाण्डवयोर्वैरं दैवयोगाद्बभूव ह ।११।
दुर्योधनो जतुगृहे पाण्डवानदहत्कुधीः ।
दग्धागारा विनिष्क्रान्ता मातृषष्ठास्तु पाण्डवाः ।१२।
ततस्तु एकचक्रायां ब्राह्मणस्य निवेशने ।
मुनिवेषाः स्थिताः सर्वे निहत्य बकराक्षसम् ।१३।
ययुः पाञ्चालविषयं द्रौपद्यास्ते स्वयम्बरे ।
सम्प्राप्ता बाहुवेधेण दौपदी पञ्चपाण्डवैः ।१४।
अर्द्धराज्यं ततः प्राप्ता ज्ञाता दुर्योधनादिभिः ।
गाण्डीवं च धनुर्दिव्यं पावकाद्रथमुत्तमम् ।१५।
सारथिं चार्जुनः सङ्ख्ये कृष्णमक्षय्यसायकान् ।
ब्रह्मास्त्रादींस्तथा द्रोणात्सर्वे शस्त्रविशारदाः ।१६ ।
कृष्णेन सोऽर्जुनो वह्निं खाण्डवे समतर्पयत् ।
इन्द्रवृष्टिं वारयंश्च शरवर्षेण पाण्डवः ।१७।
जिता दिशं पाण्डवैश्च राज्यं चक्रे युधिष्ठिरः ।
बहुस्वर्ण राजसूयं न सेहे तं सुयोधन ।१८।
भ्रात्रा दुःशासनेनोक्तः कर्णेन प्राप्तभूतिना ।
द्यूतकार्ये शकुनिना द्युतेन स युधिष्ठिरम् ।१९।

पाण्डुको जन्म भयो । गान्धारीका गर्भबाट जन्मेका धृतराष्ट्रका सय छोरा थिए र तिनीहरूमा दुर्योधन सबैभन्दा जेठा थिए । पाण्डु राजाले वनमा बसोबास गरेका थिए । एक ऋषिका अभिशापका कारण शतशृङ्ग मुनिका आश्रमका नजिकै स्त्रीसंयोग गरेको अवस्थामा उनको मृत्यु भयो । त्यसै कारण उनैको आज्ञाअनुसार कुन्तीका गर्भबाट धर्मराजका तर्फबाट युधिष्ठिरको जन्म भयो । वायुबाट भीम र इन्द्रबाट अर्जुन जन्मेका थिए । अश्विनीकुमारहरूको अंशले पाण्डुकी अर्की पत्नी माद्रीका गर्भबाट नकुल र सहदेवको जन्म भयो । माद्रीसितै सम्भोग गर्दा राजा पाण्डुको मृत्यु भएको हुनाले उनी राजासँगै सती गइन् । बिहा नै नभएकी कुन्तीका गर्भबाट सूर्यको अंशले कर्णको जन्म भएको थियो । ऊ दुर्योधनका आश्रयमा रहेको थियो । दैवयोगले कौरव र पाण्डवमा शत्रुताको आगो दन्कियो । दुर्योधनको बुद्धि अति नै खोटो थियो । उसले लाहाको घरभित्र पाण्डवहरूलाई राखेर आगो लगाई मार्ने कोसिस गऱ्यो, तर आफ्नी आमासहित पाँचै पाण्डव आगो बलिरहेका घरबाट निस्किए । त्यसपछि उनीहरू एकचक्रा नगरीमा गएर मुनिको वेशमा कुनै ब्राह्मणका घरमा निवास गर्दै थिए । त्यसै बेलामा बक नामको राक्षस मारे र पाञ्चाल राज्यमा हुन लागेको द्रौपदीको स्वयंवर गए । त्यहाँ अर्जुनका बाहुबलले मत्स्यभेद भएकाले द्रौपदीलाई पाँचै भाइले पत्नीका रूपमा प्राप्त गरे । त्यसपछि दुर्योधन आदिले उनीहरू जिउँदै भएको थाहा पाएपछि कौरवहरूसँग पाण्डवले आफ्नो आधा राज्य पनि लिए । अर्जुनले अग्निदेवतासित दिव्य गाण्डीव धनु र उत्तम रथ प्राप्त गरेका थिए । उनले युद्धमा श्रीकृष्णलाई सारथिका रूपमा प्राप्त गरेका थिए र आचार्य द्रोणसित ब्रह्मास्त्र आदि दिव्य आयुध र कहिल्यै नष्ट नहुने बाण प्राप्त गरेका पाण्डवहरू सबै विद्यामा कुशल थिए ।१-१६।

पाण्डुकुमार अर्जुनले श्रीकृष्णसँगै खाण्डव वनमा इन्द्रले गराएको वर्षा आफ्ना बाणले छलेर अग्निलाई सन्तुष्ट गराएका थिए । पाण्डवले सबै दिशाहरूमा विजय पाए । युधिष्ठिर राज्य गर्न थाले । उनले मनग्गे सुनको राशि खर्चेर राजसूय यज्ञको अनुष्ठान गरे । उनको यस्तो वैभव दुर्योधनलाई सह्य भएन । उसले आफ्ना भाइ दुःशासन र वैभवका कारण प्राप्त गरेका मित्र कर्णले भन्दा शकुनिलाई साथमा लिएर जूवा खेल्न लागे । युधिष्ठिर र उनको राज्य कपट जूवामा हँसाईहँसाई जिते । जूवा हारेपछि आफ्ना भाइहरूलाई लिएर युधिष्ठिर वनमा गए । त्यहाँ उनले आफ्नो प्रतिज्ञाअनुसार बाह्र वर्ष बिताए । उनले वनमा पहिलेकै जस्तो प्रतिदिन बहुसङ्ख्यक ब्राह्मणलाई भोजन गराउँथे । एक दिन अठासी

अजयत्तस्य राज्यं च सभास्थो मायययाहसन् ।
जितो युधिष्ठिरो भ्रातृयुक्तश्चारण्यकं ययौ ।२०।
वने द्वादशवर्षाणि प्रतिज्ञातानि सोऽनयत् ।
अष्टाशीतिसहस्राणि भोजयन्पूर्ववद्द्विजान् ।२१।
सधौम्यो द्रौपदीषष्ठस्ततः प्रायाद्विराटकम् ।
कङ्को द्विजो ह्यविज्ञातो राजा भीमोऽथ सूपकृत् ।२२।
बृहन्नडार्जुनो भार्या सैरन्ध्री यमजौ तथा ।
अन्यनाम्ना भीमसेनः कीचकं चावधीन्निशि ।२३।
द्रौपदीं धर्षुकामं तमर्जुनश्चाजयत्कुरून् ।
कुर्वन्तो गोग्रहादींश्च तैर्ज्ञाताः पाण्डवा अथ ।२४।
सुभद्रा कृष्णभगिनी अर्जुनात्समजीजनत् ।
अभिमन्युं ददौ तस्मै विराटश्चोत्तरां सुताम् ।२५।
आसीत्सप्ताषौहिणीशो धर्मराजो रणाय सः ।
कृष्णो दूतोऽब्रवीद्गत्वा दुर्योधनममर्षणम् ।२६ ।
एकादशाक्षौहिणीशं नृपं दुर्योधनं तदा ।
युधिष्ठिरायार्द्धराज्यं देहि ग्रामांश्च पञ्च वा ।२७।
युध्यस्व वा वचः श्रुत्वा कृष्णमाह सुयोधनः ।
सूच्यग्रं न दास्यामि योत्स्ये सङ्ग्रहणोद्यतः ।२८।
विश्वरूपं दर्शयित्वा अधृष्यं विदुरार्चितः ।
प्रागाद्युधिष्ठिरं प्राह योधयैनं सुयोधन ।२९।

हजार द्विजहरूका साथमा दुर्वासा आएका थिए, उनलाई पनि सन्तुष्ट गराए । त्यस बेला उनीसित पत्नी द्रौपदी र पुरोहित धौम्य पनि थिए । बाह्र वर्ष बितिसकेपछि विराटनगर गए । त्यहाँ युधिष्ठिर सबैभन्दा अपरिचित रूपमा कङ्क नामका ब्राह्मण बनेर बसेका थिए । भीमसेन भान्से बनेका थिए भने अर्जुनले आफ्नो नाम बृहन्नला राखेका थिए । पाण्डवहरूकी पत्नी द्रौपदी रनीवासमा सैरन्ध्री नामकी सुसारे भएकी थिइन् । नकुल र सहदेवले पनि आआफ्नो नाम बदलेका थिए । द्रौपदीको सतीत्व हरण गर्न खोज्ने कीचकलाई भीमसेनले रातका समयमा मारेका थिए । त्यसपछि कौरवले विराट राजाका गाई खोसेर लान लागेका बेलामा अर्जुनले तिनीहरूलाई परास्त गरेका थिए । त्यसै बेलामा कौरवले पाण्डवहरूलाई चिने । श्रीकृष्णकी बहिनी सुभद्राले अर्जुनबाट अभिमन्यु नामको छोरो जन्माइन् । राजा विराटले आफ्नी छोरी उत्तराको बिहा उसैसित गराएका थिए । धर्मराज युधिष्ठिर सात अक्षौहिणी सेनाका अधिपति भएर कौरवहरूसित युद्ध गर्न तयार भए । पहिले भगवान् श्रीकृष्ण अत्यन्त रिसाहा दुर्योधनकहाँ दूत बनेर गएका थिए । उनले एघार आक्षौहिणी सेनाका अधिपति दुर्योधनसित 'राजन् ! युधिष्ठिरलाई तिमी आधा राज्य देऊ अथवा उनलाई केवल पाँचवटा गाउँ देऊ होइन भने युद्ध गर्नका लागि तयार होऊ' भनेका थिए । श्रीकृष्णको कुरो सुनेर दुर्योधनले 'म उनीहरूलाई सियोको टुप्पोजति मात्रै भूमि पनि दिन्नँ; परेछ भने युद्ध अवश्य गर्छु' भन्यो । त्यसो भन्दै ऊ भगवान् श्रीकृष्णलाई बन्दी बनाउन तयार भयो । त्यस बेला राजसभामा भगवान् श्रीकृष्णले आफ्नो दुर्धर्ष विश्वरूपको दर्शन गराएर दुर्योधनलाई त्रास देखाए । त्यसपछि विदुरले कृष्णलाई आफ्नो घरमा लगेर पूजा एवं सत्कार गरे । त्यति भइसकेपछि उनी युधिष्ठिरकहाँ फर्केर आई 'महाराज ! तिमी दुर्योधनसित युद्ध गर' भने ।१७–२९।

१४. चतुर्दशोऽध्यायः

महाभारतयुद्ध

अग्निरुवाच

यौधिष्ठिरी कुरुक्षेत्रं ययौ दौर्योधनी चमूः ।
भीष्मद्रोणादिकान्दृष्ट्वा नायुध्यति गुरुनिति ।१।
पार्थं ह्युवाच भगवान्नशोच्या भीष्ममुख्यकाः ।

अग्निदेवले भने— युधिष्ठिर र दुर्योधनका सेना कुरुक्षेत्रको मैदानमा पुगेर अडिए । आफ्ना विपक्षमा पितामह भीष्म र आचार्य द्रोण आदि गुरुजनहरूलाई देखेर अर्जुन युद्धबाट विरक्त भए, त्यसै बेलामा भगवान् श्रीकृष्णले उनीसित 'हे पार्थ ! भीष्म आदि गुरुजनहरू शोक गर्नका लागि योग्य छैनन् । मानिसको शरीर विनाशशील छ, तर

शरीराणि विनाशीनि न शरीरी विनश्यति ।२।
अयमात्मा परं ब्रह्म अहं ब्रह्मास्मि विद्धि तम् ।
सिद्ध्यसिद्ध्यौः समो योगी राजधर्मं प्रपालय ।३।
कृष्णोक्तोऽथोर्जुनोऽयुध्यद्रथस्थो वाद्यशब्दवान् ।
भीष्मः सेनापतिरभूदादौ दौर्योधने बले ।४।
पाण्डवानां शिखण्डी च तयोर्युद्धं बभूव ह ।
धार्तराष्ट्राः पाण्डवांश्च जघ्नुर्युद्धे सभीष्मकाः ।५।
धार्त्तराष्ट्रांञ्शिखण्ड्याद्याः पाण्डवा जघ्नुराहवे ।
देवासुरसमं युद्धं कुरुपाण्डवसेनयोः ।६।
बभूव खस्थदेवानां पश्यतां प्रीतिवर्द्धनम् ।
भीष्मोऽस्त्रैः पाण्डवं सैन्यं दशाहोभिर्न्यपातयत् ।७।
दशमे ह्यर्जुनो बाणैर्भीष्मं वीरं ववर्ष ह ।
शिखण्डी द्रुपदोक्तोऽस्त्रैर्ववर्ष जलदो यथा ।८।
हस्त्यश्वरथपादातमन्योन्यास्त्रंनिपातितम् ।
भीष्मः स्वच्छन्दमृत्युश्च युद्धमार्गं प्रदर्श्य च ।९।
वसूक्तो वसुलोकाय शरशय्यागतः स्थितः ।
उत्तरायणमीक्षंश्च ध्यायन्विष्णुं स्तुवन्स्थितः ।१०।
दुर्योधने तु शोकार्ते द्रोणः सेनापतिस्त्वभूत् ।
पाण्डवे हर्षिते सैन्ये धृष्टद्युम्नश्चमूपतिः ।११।
तयोर्युद्धं बभूवोग्रं यमराष्ट्रविवर्धनम् ।
विराटद्रुपदाद्याश्च निमग्ना द्रोणसागरे ।१२।
दौर्योधनी महासेना हस्त्यश्वरथपत्तिनी ।
धृष्टद्युम्नाधिपतिता द्रोणः काल इवाबभौ ।१३।
हतोऽश्वत्थामा वेत्युक्ते द्रोणः शस्त्राणि चात्यजत् ।
धृष्टद्युम्नशराक्रान्तः पतितः स महीतले ।१४।
पञ्चमेऽहनि दुर्द्धर्षः सर्वक्षत्रं प्रमथ्य च ।

आत्मा कहिल्यै नाश हुँदैन । यही आत्मा नै परब्रह्म हो । 'म नै ब्रह्म हुँ' भन्ने भावनाले तिमी आत्मालाई बुझ । कार्यको सफलता र असफलतामा समान भावना राखेर कर्मयोगको आश्रय लेऊ र क्षत्रिय धर्मको पालन गर' भने । श्रीकृष्णले यसो भनेपछि अर्जुन रथमा आरुढ भएर युद्ध गर्नमा तल्लीन भए । उनले शङ्खको ध्वनि निकाले । दुर्योधनका सेनामा सबैभन्दा पहिले भीष्म पितामह सेनापति भएका थिए । पाण्डवहरूका सेनापति शिखण्डी थिए । यी दुईका बीचमा घमासान युद्ध भयो । भीष्मसहित कौरवपक्षका योद्धाहरू त्यस युद्धमा पाण्डवपक्षका सेनामाथि हतियार बर्साउँदै थिए र शिखण्डी आदि पाण्डवपक्षका वीरहरू कौरव सैनिकलाई आफ्ना बाणको निसाना बनाउँदै थिए । कौरव र पाण्डवको त्यो युद्ध देवता र असुरका बीचको जस्तै लाग्दथ्यो । आकाशमा उभिएर हेरिरहेका देवताहरूलाई त्यो युद्धले निकै आनन्द दिँदै थियो । भीष्मले दस दिनसम्म युद्ध गरेर पाण्डवका अधिकांश सेनालाई आफ्नो बाणले मारिदिए । दसौँ दिनका दिन अर्जुनले वरिष्ठ वीर भीष्ममाथि बाणको ठूलो वर्षा गरे । यता द्रुपदका प्रेरणाले शिखण्डीले पनि मेघले पानी बर्साएझैँ भीष्ममाथि बाणको मुस्लो हाने । दुवै तिरबाट हात्तीसवार, घोडासवार, रथी र पैदल सेनाहरू एकअर्कालाई बाणले हानाहान गर्दै मर्दै थिए । भीष्मको मृत्यु उनैका इच्छाले हुनुपर्ने थियो । युद्धको मार्ग देखाइसकेपछि वसुदेवताले भनेको मान्दै उनले वसुलोक जाने तयारी गरी बाणको शय्यामा सुते । उत्तरायणको प्रतीक्षा गर्दै उनले विष्णु भगवान्को ध्यान र स्तुति गर्दै समय व्यतीत गर्न थाले । भीष्म बाणको शय्यामा ढलेपछि जब दुर्योधन शोकले व्याकुल भए त्यस बेलामा आचार्य द्रोणले सेनापतिको भार ग्रहण गरे । उता हर्ष मनाइरहेको पाण्डवका सेनामा धृष्टद्युम्न सेनापति भए । ती दुईमा भयङ्कर युद्ध भयो र त्यसले पनि यमलोकमा जनसङ्ख्या बढाइरहेको थियो । विराट र द्रुपद आदि धेरै राजा द्रोणरूपी समुद्रमा डुबे । हात्ती, घोडा, रथ र पैदल सैनिकहरूले युक्त दुर्योधनको विशाल बाहिनी धृष्टद्युम्नका हातमा मारिन थाले । त्यस बेला द्रोण कालकै मूर्तिजस्ता भएका थिए । त्यस्तै अवस्थामा उनका कानमा 'अश्वत्थामा मारियो' भन्ने आवाज आयो । त्यस्तो सुनेपछि आचार्य द्रोणले अस्त्रशस्त्र त्यागे । त्यसै बखतमा धृष्टद्युम्नका बाणले आहत भएर उनी धर्तीमा ढले ।१-१४।

द्रोण अत्यन्त दुर्धर्ष थिए । उनी सबै क्षत्रियहरूको विनाश गर्दै पाँचौँ दिनमा मारिए । दुर्योधन फेरि शोकले व्याकुल भए । त्यस बेलामा कर्ण उनका सेनापति भए । पाण्डव सेनाको आधिपत्य अर्जुले पाए । कर्ण र अर्जुनका बीच

दुर्योधने तु शोकार्त्ते कर्णः सेनापतिस्त्वभूत् ।१५।
अर्जुनः पाण्डवानां च तयोर्युद्धं बभूव ह ।
शस्त्राशस्त्रि महारौद्रं देवासुररणोपम ।१६
कर्णार्जुनाख्ये सङ्ग्रामे कर्णोऽरीनवधीच्छरैः ।
द्वितीयेऽहनि कर्णस्तु अर्जुनेन निपातितः ।१७।
शल्यो दिनार्द्धं युयुधे ह्यवधीत्तं युधिष्ठिरः ।
युयुधे भीमसेनेन हतसैन्यः सुयोधनः ।१८।
बहून्हत्वा नरादींश्च भीमसेनमथाद्रवत् ।
गदया प्रहरन्तं तु भीमस्तं हि व्यपादयत् ।१९।
गदयान्यानुजांस्तस्य तस्मिन्नष्टादशेऽहनि ।
रात्रौ सुषुप्तं च बलं पाण्डवानां न्यपायत् ।२०।
अक्षौहिणीप्रमाणं तु अश्वत्थामा महाबलः ।
द्रौपदेयान्सपाञ्चालान्धृष्टद्युम्नं च सोऽवधीत् ।२१।
पुत्रहीनां द्रौपदीं तां रुदन्तीमर्जुनस्ततः ।
शिरोमणिं तु जग्राह ऐषिकास्त्रेण तस्य च ।२२।
अश्वत्थामास्त्रनिर्दग्धं जीवयामास वै हरिः ।
उत्तरायास्ततो गर्भं स परीक्षिदभून्नृपः ।२३।
कृतवर्मा कृपो द्रौणिस्त्रयो मुक्तास्ततो रणात् ।
पाण्डवाः सात्यकिः कृष्णः सप्त मुक्ता न चापरे ।२४।
स्त्रियश्चार्त्ताः समाश्वास्य भीमाद्यैः स युधिष्ठिरः ।
संस्कृत्य प्रहतान्वीरान्दत्तोदकधनादिकः ।२५।
भीष्माच्छान्तनवाच्छ्रुत्वा धर्म्मान्सर्वांश्च शान्तिदान् ।
राजधर्म्मान्मोक्षधर्म्मान्दानधर्मान्नृपोऽभवत् ।२६ ।
अश्वमेधे ददौ दानं ब्राह्मणेभ्योऽरिमर्दनः ।
श्रुत्वार्जुनान्मौसलेयं यादवानां च सङ्क्षयम् ।
राज्ये परीक्षितं स्थाप्य सानुजः स्वर्गमाप्तवान् ।२७।

अनेकौँ खालका अस्त्रशस्त्रको मारकाटसहितको महाभयानक युद्ध भयो, त्यो देवासुर सङ्ग्रामलाई पनि बिर्साउने खालको थियो । कर्ण र अर्जुनको लडाईंमा कर्णले आफ्ना बाणले शत्रुपक्षका धेरैजसो वीरहरू संहार गरे; तर भोलिपल्टै अर्जुनले उनलाई मारिदिए । त्यसपछि राजा शल्य कौरवका सेनापति भए; तर उनी युद्धमा आधा दिन मात्रै अडिन सके । मध्याह्न हुँदा नहुँदै युधिष्ठिरले उनलाई मारिदिए । दुर्योधनका प्रायः सबै सेना युद्धमा मारिएका थिए । आखिरमा उनको युद्ध भीमसेनसित भयो । उनले पाण्डव पक्षका पैदल आदि सबै खालका सैनिकहरूको वध गरेर भीमसेनमाथि आक्रमण गरे । त्यस बेलामा गदाको प्रहार गर्दै दुर्योधनलाई भीमले मृत्युको घाटमा पुऱ्याइदिए । महाभारत सङ्ग्रामको अठारौँ दिनको रातका समयमा महाबली अश्वत्थामाले पाण्डवहरूका एउटा सुतेको अक्षौहिणी सेनालाई सधैँका लागि सुताइदिए । उनले द्रौपदीका पाँचौँ पुत्र, उनका पाञ्चालदेशीय बन्धुहरू र धृष्टद्युम्नलाई पनि जीवित छोडेनन् । द्रौपदी पुत्रहीन भएर रुनकराउन लागिन् । त्यसै बेलामा अर्जुनले सिन्काकै हतियारले अश्वत्थामालाई परास्त गरेर उनका मस्तकको मणि निकाले । यति हुँदै जाँदा पनि दुष्ट अश्वत्थामाले उत्तराका गर्भलाई नष्ट गर्नका लागि उनीमाथि अस्त्र प्रहार गरे । त्यो गर्भ अस्त्रप्रहारका कारण दग्धप्रायः भएको थियो, तर भगवान् श्रीकृष्णले त्यसलाई पुनर्जीवित गराए । उत्तराको त्यो गर्भको बालक पछि गएर परीक्षित नामले प्रसिद्ध भए । कृतवर्मा, कृपाचार्य तथा अश्वत्थामा यी तीन कौरवपक्षीय वीरहरू त्यस सङ्ग्राममा जीवितै थिए । अर्कातिर पाँच पाण्डव, सात्यकि र भगवान् श्रीकृष्ण यी सातजना बाँचेका थिए, अरू कोही जीवित रहन पाएनन् । त्यस बेला सबैतिर अनाथा स्त्रीहरूको आर्तनाद व्याप्त थियो । भीमसेन आदि भाइहरूसँगै गएर युधिष्ठिरले सान्त्वना दिए र रणभूमिमा मारिएका वीरहरूको दाहसंस्कार गरेर उनीहरूका लागि जलाञ्जलि दिँदै धन आदि दान गरे । त्यसपछि कुरुक्षेत्रमा शरशय्यामा रहेका शान्तनुनन्दन भीष्मकहाँ गएर युधिष्ठिरले उनीसित समस्त शान्तिदायक धर्म, राजधर्म, मोक्षधर्म र दानधर्मको कुरो सुने । त्यसपछि उनी राजसिंहासनमा आसीन भए । त्यसभन्दा पनि उनै शत्रुमर्दन राजाले अश्वमेध यज्ञ गरेर त्यसमा ब्राह्मणहरूलाई खुब धन दान दिए । त्यसो भइसकेपछि द्वारकाबाट फिर्ता आएका अर्जुनका मुखबाट मुसलकाण्डका कारण प्राप्त भएका शापबाट पारस्परिक युद्धद्वारा यादवहरूको संहारको समाचार सुनेर युधिष्ठिरले परीक्षितलाई राजसिंहासनमा बसाए र स्वयं भाइहरूसँगै महाप्रस्थान गरेर स्वर्गलोकतिर गए ।१५-२७।

१५. पञ्चदशोऽध्यायः

पाण्डवचरित्र

अग्निरुवाच

युधिष्ठिरे तु राज्यस्थे आश्रमादाश्रमान्तरम् ।
धृतराष्ट्रो वनमगाद्गान्धारी च पृथा द्विज ।१।
विदुरस्त्वग्निना दग्धो वनजेन दिवङ्गतः ।
एवं विष्णुर्भुवो भारमहरद्दानवादिकम् ।२।
धर्म्मायाधर्म्मनाशाय निमित्तीकृत्य पाण्डवान् ।
स विप्रशापव्याजेन मुसलेनाहनत्कुलम् ।३।
यादवानां भारकरं वज्रं राज्येऽभ्यषेचयत् ।
देवादेशात्प्रभासे स देहं त्यक्त्वा स्वयं हरिः ।४।
इन्द्रलोके ब्रह्मलोके पूज्यते स्वर्गवासिभिः ।
बलभद्रोऽनन्तमूर्तिः पातालस्वर्गमीयिवान् ।५।
अविनाशी हरिर्देवो ध्यानिभिर्ध्येय एव सः ।
विना तं द्वारकास्थानं प्लावयामास सागरः ।६ ।
संस्कृत्य यादवान्पार्थो दत्तोदकधनादिकः ।
स्त्रियोऽष्टावक्रशापेन भार्य्या विष्णोश्च याः स्थिताः ।७।
पुनस्तच्छापतो नीता गोपालैर्लगुडायुधैः ।
अर्जुनं हि तिरस्कृत्य पार्थः शोकं चकार ह ।८।
व्यासेनाश्वासितो मेने बलं मे कृष्णसन्निधौ ।
हस्तिनापुरमागत्य पार्थः सर्वं न्यवेदयत् ।९।
युधिष्ठिराय स भ्रात्रे पालकाय नृणां तदा ।
तद्धनुस्तानि चास्त्राणि स रथस्ते च वाजिनः ।१०।
विना कृष्णेन तन्नष्टं दानं चाश्रोत्रिये यथा ।
तच्छ्रुत्वा धर्मराजस्तु राज्ये स्थाप्य परीक्षितम् ।११।
प्रस्थानं प्रस्थितो धीमान्द्रौपद्या भ्रातृभिः सह ।

अग्निदेवले भने– हे ब्रह्मन् ! जब युधिष्ठिर राजसिंहासनमा बसे, त्यसपछि धृतराष्ट्रले गृहस्थ आश्रमबाट वानप्रस्थ आश्रममा प्रवेश गरेर वनमा गए । उनका साथमा देवी गान्धारी र कुन्ती पनि थिइन् । विदुर डढेलोमा परेर स्वर्गवास भइसकेका थिए । यसरी भगवान् विष्णुले पृथ्वीको भारी हटाए र धर्मको स्थापना एवं अधर्मको नाश गर्नका लागि पाण्डवहरूलाई निमित्त बनाएर दानव-दैत्य आदिको संहार गरे । त्यसपछि भूमिको भारी बढाउन लागेका यादवकुललाई पनि ब्राह्मणको अभिशाप लागेको निहुँमा मुसलले प्रहार गर्दै संहार गरे । अनिरुद्धका पुत्र वज्रलाई राजाको पदमा अभिषिक्त गरियो । त्यसपछि देवताहरूका अनुरोधले प्रभास क्षेत्रमा श्रीहरि स्वयं नै स्थूल शरीरको लीला समाप्त गर्दै आफ्ना धाममा गए । उनीहरू इन्द्रलोक र ब्रह्मलोकमा पूजित हुन्छन् । बलभद्र शेषनागका स्वरूप थिए, त्यसैले उनले पातालरूपी स्वर्गको आश्रय लिए । अविनाशी भगवान् श्रीहरि ध्यानी पुरुषका ध्येय हुन् । उनी अन्तर्धान भएपछि समुद्रले उनको निजी निवास छोडेर शेष द्वारकापुरी आफ्नै जलमा डुबाइदिए । अर्जुनले मरेका यादवहरूको दाहसंस्कार गरेर जलको अञ्जली दिएर धन आदि दान गरे । पहिलेका अप्सरा भगवान् श्रीकृष्णका रानीहरू हुन्, तिनीहरू अष्टावक्र ऋषिका अभिशापले मानवी रूपमा प्रकट भएका थिए तिनलाई लिएर हस्तिनापुर गए । मार्गमा लाठो बोकेका ग्वालाहरूले अर्जुनको तिरस्कार गर्दै ती सबै खोसे । यस्तो पनि सबै अष्टावक्रकै अभिशापले सम्भव भएको थियो । यसबाट अर्जुनका मनमा ज्यादै शोक भयो । त्यसपछि महर्षि व्यासले सान्त्वना दिँदा नै भगवान् श्रीकृष्ण नजिकै रहँदा मात्रै मसित बल रहेछ भन्ने उनलाई निश्चय भयो । हस्तिनापुरमा आएर उनले दाजुभाइहरूसँग प्रजा पालन गरिरहेका राजा युधिष्ठिरलाई यो सबै समाचार निवेदन गर्दै– दाजु ! धनुष उही, बाण उही, रथ उही र घोडा उही छन् तर भगवान् श्रीकृष्ण नहुँदा त अश्रोत्रियलाई दिएको दान नष्ट भएझैँ पो नष्ट भए भने । यति सुनेपछि युधिष्ठिरले राजासनमा परीक्षितलाई स्थापित गरे । त्यसपछि बुद्धिमान् राजाले संसारको अनित्यताको विचार गरेर द्रौपदी तथा भाइहरूलाई सँगै लिएर महाप्रस्थानको मार्गमा अग्रसर

संसारानित्यतां ज्ञात्वा जपन्नष्टशतं हरेः ।१२।
महापथे तु पतिता द्रौपदी सहदेवकः ।
नकुलः फाल्गुनो भीमो राजा शोकपरायणः ।१३।
इन्द्रानीतरथारुढः सानुजः स्वर्गमाप्तवान् ।
दृष्ट्वा दुर्योधनादींश्च वासुदेवं च हर्षितः ।
एतत्ते भारतं प्रोक्तं यः पठेत्स दिवं व्रजेत् ।१४।

भए। मार्गमा उनले श्रीहरिका एकसय आठ नामको जप गर्दै यात्रा गरेका थिए। त्यस महायात्रामा क्रमशः द्रौपदी, सहदेव, नकुल, अर्जुन र भीमसेन एकएक गर्दै लडे। त्यसबाट राजा शोकमग्न भए। त्यसपछि उनी इन्द्रले ल्याएका रथमा आरुढ भएर भाइहरूसँगै स्वर्गमा गए। त्यहाँ उनले दुर्योधन आदि सबै धृतराष्ट्रपुत्रहरूलाई देखे। त्यसपछि भगवान् वासुदेवको पनि दर्शन गरे। यसले उनलाई अति प्रसन्नता भयो। जसले यसको पाठ गर्छ, ऊ स्वर्गलोकमा सम्मानित हुन्छ ।१-१४।

१६. षोडशोऽध्यायः

बुद्धअवतार

अग्निरुवाच

वक्ष्ये बुद्धावतारं च पठतः श्रृण्वतोऽर्थदम् ।
पुरा देवासुरा युद्धे दैत्यैर्देवाः पराजिताः ।१।
रक्षरक्षेति शरणं वदन्तो जग्मुरीश्वरम् ।
माया मोहस्वरूपोऽसौ शुद्धोदनसुतोऽभवत् ।२।
मोहयामास दैत्यांस्तांस्त्याजिता वेदधर्मकम् ।
ते च बौद्धा बभूवुर्हि तेभ्योऽन्येवेदवर्जिताः ।३।
आर्हतः सोऽभवत्पश्चादार्हतानकरोत्परान् ।
एवं पाषण्डिनो जाता वेदधर्म्मादिवर्जिताः ।४।
नरकार्हं कर्म चक्रुर्ग्रहीष्यन्त्यधमादपि ।
सर्वे कलियुगान्ते तु भविष्यन्ति च सङ्कराः ।५।
दस्यवः शीलहीनाश्च वेदो वाजसनेयकः ।
दश पञ्च च शाखा वै प्रमाणं नु भविष्यति ।६।
धर्मकञ्चुकसंवीता अधर्मरुचयस्तथा ।
मानुष्यान्भक्षयिष्यन्ति म्लेच्छाः पार्थिव रूपिणः ।७।
कल्की विष्णुयशः पुत्रो याज्ञवल्क्यपुरोहितः ।
उत्सादयिष्यति म्लेच्छान्गृहीतास्त्रः कृतायुधः ।८।
स्थापयिष्यति मर्य्यादां चातुवर्ण्ये यथोचितम् ।
आश्रमेषु च सर्वेषु प्रज्ञाः सद्धर्मवर्त्मनि ।९।

अग्निदेवले भने— अब म बुद्ध अवतारको वर्णन गर्दछु, यसले पढ्ने र सुन्नेहरूका मनको इच्छा पूरा गराउँछ। उहिलेका युगमा देवता र असुरहरूमा घोर सङ्ग्राम भयो। त्यसमा दैत्यहरूले देवतालाई परास्त गरे। त्यसपछि देवताहरू त्राहि त्राहि पुकार्दै भगवान्को शरणमा गए। भगवान् मायामोहमय रूपमा आएर राजा शुद्धोदनका पुत्र भए। उनले दैत्यहरूलाई मोहित गरे र उनलाई वैदिक धर्मको परित्याग गराए। त्यस्ता बुद्धका अनुयायीहरू बौद्ध कहलाए। त्यसपछि उनीहरूले अर्का मानिसलाई पनि वेदधर्मको परित्याग गराए। त्यसपछि मायामोह नै आर्हत रूपले प्रकट भयो। उनले अन्य व्यक्तिहरूलाई पनि आर्हत बनाए। यसै गरी उनका अनुयायीहरू वेदधर्मबाट वञ्चित हुन पुगे। उनीहरूले नरकमा लैजाने कर्मको आरम्भ गरे। कलियुगका अन्त्यमा सबै मानिस नै वर्णसङ्कर हुनेछन् र तिनले नीच पुरुषबाट दान लिनेछन्। त्यति मात्रै होइन, मानिसहरू चोर, डाका र दुराचारी पनि हुनेछन्। वाजसनेय मात्रै वेद भनिनेछ। वेदका पाँच या दस शाखाहरू मात्रै प्रमाणका रूपमा रहनेछन्। धर्मको खोल ओढेका सबै मानिसहरू नै अधर्ममा नै रुचि राख्ने हुनेछन्। राजारूपधारी म्लेच्छले मानिसकै भक्षण गर्नेछन्। त्यसपछि भगवान् कल्कि प्रकट हुनेछन्। उनले श्रीविष्णुयशाको पुत्रका रूपमा अवतार लिएर याज्ञवल्क्यलाई आफ्नो पुरोहित बनाउनेछन्। उनले अस्त्रशस्त्र विद्याको पूर्ण रूपमा ज्ञान पाएका हुनेछन्। हातमा अस्त्रशस्त्र लिएर उनले म्लेच्छहरूको संहार गर्नेछन् र चारै वर्ण तथा समस्त आश्रमहरूमा शास्त्रीय मर्यादा स्थापित गर्नेछन्। समस्त प्रजालाई धर्मका उत्तम मार्गमा लगाउनेछन्। त्यसपछि कल्किरूप परित्याग गरी श्रीहरि आफ्नो धाममा

कल्किरूपं परित्यज्य हरिः स्वर्गं गमिष्यति ।
ततः कृतयुगं नाम पुरावत्सम्भविष्यति ।१०।
वर्णाश्रमाश्च धर्मेषु स्वेषु स्थास्यन्ति सत्तम ।
एवं सर्वेषु कल्पेषु सर्वमन्वन्तरेषु च ।११।
अवतारा असङ्ख्याता अतीतानागतादयः ।
विष्णोर्दशावताराख्यान्यः पठेच्छृणुयान्नरः ।१२।
सोऽवाप्तकामो विमलः सकुलः स्वर्गमाप्नुयात् ।
धर्माधर्मव्यवस्थानमेवं वै कुरुते हरिः ।
अवतीर्णश्च स गतः सर्गादेः कारणं हरिः ।१३।

जानेछन् । त्यसपछि नै पूर्ववत् सत्ययुगको आरम्भ हुनेछ । हे साधुश्रेष्ठ ! सबै वर्ण र आश्रमका मानिसहरू आआफ्ना धर्ममा दृढतापूर्वक लाग्नेछन् । यसै गरी सम्पूर्ण कल्प तथा केही मन्वन्तरमा श्रीहरिका अवतार हुन्छन् । तिनीहरूमध्ये केही भइसके र केही हुनुपर्ने छन् । तिनीहरूको कुनै निश्चित सङ्ख्या छैन । जुन मानिस श्रीविष्णुका अंशावतार तथा पूर्णावतारसहित दस अवतारहरूको चरित्र पाठ अथवा श्रवण गर्छ उसले सबै कामना पूरा भएको पाउँछ र निर्मल हृदय भएर परिवारसहित स्वर्गलोकमा जानेछ । यसै किसिमले अवतार लिएर श्रीहरि धर्मको व्यवस्था र अधर्मको निराकरण गर्दछन् । उनी नै जगत्का सृष्टि आदिका कारण हुन् ।१-१३।

१७. सप्तदशोऽध्यायः

सृष्टिवर्णन

अग्निरुवाच
जगत्सर्गादिकां क्रीडां विष्णोर्वक्ष्येऽधुना शृणु ।
स्वर्गादिकृत्स सर्गादिः सृष्ट्यादिः सगुणोऽगुणः ।१।
ब्रह्माव्यक्तं सदग्रेऽभूत् न खं रात्रिदिनादिकम् ।
प्रकृतिं पुरुषं विष्णुं प्रविश्याक्षोभयत्ततः ।२।
सर्गकाले महत्तत्त्वमहङ्कारस्ततोऽभवत् ।
वैकारिकस्तैजसश्च भूतादिश्चैव तामसः ।३।
अहङ्काराच्छब्दमात्रमाकाशमभवत्ततः ।
स्पर्शमात्रोऽनिलस्तस्माद्रूपमात्रोऽनलस्ततः ।४।
रसमात्रा आप इतो गन्धमात्रा मही स्मृता ।
अहङ्कारात्तामसात्तु तैजसानीन्द्रियाणि च ।५।
वैकारिका दश देवा मन एकादशेन्द्रियम् ।
ततः स्वयम्भूर्भगवान्सिसृक्षुर्विविधाः प्रजाः ।६।
अप एव ससर्जादौ तासु वीर्यमवासृजत् ।
आपो नारा इति प्रोक्ता आपो वै नरसूनवः ।७।
अयनं तस्य ताः पूर्वं तेन नारायणः स्मृतः ।

अग्निदेवले भने— हे ब्रह्मन् ! अब म जगत्को सृष्टि आदि श्रीहरिका लीलाको वर्णन गर्दछु, सुन । श्रीहरि नै स्वर्ग आदिका रचयिता हुन् । सृष्टि र प्रलय आदि उनैका स्वरूप हुन् । सृष्टिका आदि कारण पनि उनै हुन् । उनी नै निर्गुण हुन् र सगुण पनि हुन् । सबैभन्दा पहिले सत्स्वरूप अव्यक्त ब्रह्म नै थिए । त्यस बेला न त आकाश थियो न रातदिन आदिको नै विभाजन भएको थियो । त्यसपछि सृष्टिकालमा परमपुरुष श्रीविष्णुले प्रकृतिमा प्रवेश गरेर उसलाई क्षुब्ध वा विकृत गराए । त्यसपछि प्रकृतिबाट महत्तत्त्व र त्यसबाट अहंकार प्रकट भयो । अहंकार तीन किसिमको हुन्छ । वैकारिक वा सात्विक, तैजस वा राजस र भूतादिरूप तामस । तामस अहंकारले शब्द तन्मात्रा भएको आकाश उत्पन्न भयो । आकाशबाट स्पर्श तन्मात्रा भएको वायुको उत्पत्ति भयो । वायुबाट रूप तन्मात्रा भएको अग्नितत्त्व प्रकट भयो । अग्निबाट रस तन्मात्रा भएको जलको उत्पत्ति भयो र जलबाट गन्ध तन्मात्रा भएको भूमिको उत्पत्ति भयो । यो सबै तामस अहंकारले हुने सृष्टि हो । इन्द्रियहरू तैजस अर्थात् राजस अहंकारले प्रकट भए । दस इन्द्रियका अधिष्ठाता दस देवता र एघारौं इन्द्रिय मन यी सबै वैकारिक अर्थात् सात्विक अहंकारका सृष्टि हुन् । त्यसपछि नाना प्रकारका प्रजाहरूको उत्पन्न गर्ने इच्छा गर्ने भगवान् स्वयम्भूले सबैभन्दा पहिले जलकै सृष्टि गरे र त्यसैमा आफ्नो वीर्यशक्ति आधान गरे । जललाई नार भनिन्छ, किनभने त्यो नरबाट उत्पन्न भएको हो । नार अर्थात् जल नै

हिरण्यवर्णमभवत्तदण्डमुदकेशयम् ।८।
तस्मिञ्जज्ञे स्वयं ब्रह्मा स्वयम्भूरिति नः श्रुतम् ।
हिरण्यगर्भो भगवानुषित्वा परिवत्सरम् ।९।
तदण्डमकरोद्द्वैधं दिवं भुवमथापि च ।
तयोः शकलयोर्मध्ये आकाशमसृजत्प्रभुः ।१०।
अप्सु पारिप्लवां पृथ्वीं दिशश्च दशधा दधे ।
तत्र कालं मनो वाचं कामं क्रोधमथो रतिम् ।११।
ससर्ज सृष्टिं तद्रूपां स्रष्टुमिच्छन्प्रजापतिः ।
विद्युतोऽशनिमेघांश्च रोहितेन्द्रधनूंषि च ।१२।
वयांसि च ससर्जादौ पर्जन्यं चाथ वक्त्रतः ।
ऋचो यजूंषि सामानि निर्ममे यज्ञसिद्धये ।१३।
साध्यास्तैरयजन्देवान्भूतमुच्चावचं भुजात् ।
सनत्कुमारं रुद्रं च ससर्ज क्रोधसम्भवम् ।१४।
मरीचिमत्र्यङ्गिरसं पुलस्त्यं पुलहं क्रतुम् ।
वसिष्ठं मानसाः सप्त ब्रह्माण इति निश्चिताः ।१५।
सप्तैते जनयन्ति स्म प्रजा रुद्राश्च सत्तम ।
द्विधा कृत्वात्मनो देहमर्द्धेन पुरुषोऽभवत् ।
अर्द्धेन नारी तस्यां स ब्रह्मा वै चासृजत्प्रजाः ।१६।

पहिले भगवान्को अयन अर्थात् निवासस्थान थियो । त्यसैले भगवान्लाई नारायण भनिएको हो । स्वयम्भू भगवान् श्रीहरिले जुन वीर्य स्थापित गरेका थिए, त्यो जलमा सुवर्णमय अण्डका रूपमा प्रकट भयो । त्यसमा साक्षात् स्वयम्भू भगवान् ब्रह्माजी प्रकट भए भनेको हामीले सुनेका छौँ । भगवान् हिरण्यगर्भले एक वर्षसम्म त्यसै अण्डभित्र निवास गरेर त्यसलाई दुई भाग गराए । एउटा भागको नाम द्युलोक र अर्को भागको नाम भूलोक भयो । तिनै दुई अण्डखण्डका बीचमा उनले आकाशको सृष्टि गरे । जलका माथि उत्रिइरहेको अवस्थामा पृथ्वीलाई स्थापना गरे र दसै दिशाहरूको विभाजन गरे । त्यसपछि सृष्टि गर्ने इच्छा भएका प्रजापतिले त्यसैमा काल, मन, वाणी, काम, क्रोध र रति आदिलाई उसैउसै रूपमा सृष्टि गरे । उनले पहिले विद्युत्, वज्र, मेघ, रोहित, इन्द्रधनुष, चराचुरुङ्गी र झरीको निर्माण गरे । त्यसपछि यज्ञ सिद्धिका लागि मुखबाट ऋक्, यजुः र साम वेदहरू प्रकट गरे । उनैका कारण साध्यगणले देवताहरूको यजन गरे । त्यसपछि ब्रह्माजीले आफ्ना भुजाले ठूलासाना प्राणीहरूको सृष्टि गरे, सनत्कुमारहरूको उत्पत्ति गरे र क्रोधबाट प्रकट हुने रुद्रहरूलाई उत्पत्ति गरे । मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु र वसिष्ठ यी सातजना ब्रह्माका पुत्रहरूलाई ब्रह्माले निश्चय गरी मनबाट प्रकट गरे । हे साधुश्रेष्ठ ! यी र रुद्रगणले प्रजावर्गको सृष्टि गर्दछन् । ब्रह्माले आफ्ना शरीरलाई दुई भाग गराए । आधा भागले उनी पुरुष भए र आधाले स्त्री बने । त्यसपछि उसै नारीका गर्भबाट उनले प्रजाहरूको सृष्टि गरे । यिनीहरू नै स्वायम्भुव मनु र शतरूपाका नामले प्रसिद्ध भए र यिनैबाट मानिसको सृष्टि भयो ।१-१६।

१८. अष्टादशोऽध्यायः

स्वायम्भुववंश

अग्निरुवाच
प्रियव्रतोत्तानपादौ मनुः स्वायम्भुवः सुतौ ।
अजीजनत्स तां कन्यां शतरूपां तपोऽन्विताम् ।१।
काम्यां कर्दमभार्यातः सम्राट् कुक्षिर्विराट् प्रभुः ।
सुरुच्यामुत्तमो जज्ञे पुत्र उत्तानपादतः ।२।
सुनीत्यां तु ध्रुवः पुत्रस्तपस्तेपे स कीर्तये ।
ध्रुवो वर्षसहस्राणित्रीणि दिव्यानि हे मुने ।३।

अग्निदेवले भने– हे मुनि ! स्वायम्भुव मनुबाट उनकी तपस्विनी भार्या शतरूपाले प्रियव्रत र उत्तानपाद नामका दुई पुत्र र एउटी सुन्दरी कन्या जन्माइन् । ती सुन्दरी कन्या देवहूति कर्दम ऋषिकी पत्नी भइन् । राजा प्रियव्रतबाट सम्राट् कुक्षि र विराट नामका सामर्थ्यशाली पुत्र उत्पन्न भए । उत्तानपादका सुरुचिबाट उत्तम नामका पुत्रको जन्म भयो सुनीतिका गर्भबाट ध्रुवको जन्म भयो । हे मुनि ! कुमार ध्रुवले असल कीर्ति बढाउनका लागि तीन हजार दिव्य

तस्मै प्रीतो हरिः प्रादान्मुन्यग्र स्थानकं स्थिरम् ।
श्लोकं पपाठ ह्युशना वृद्धिं दृष्ट्वा स तस्य च ।४।
अहोऽस्य तपसो वीर्यमहो श्रुतमहोऽद्भुतम् ।
यमद्य पुरतः कृत्वा ध्रुव सप्तर्षयः स्थिताः ।५।
तस्माच्छिष्टिश्च भव्यश्च ध्रुवाच्छम्भुर्व्यजायत ।
शिष्टेराधत्त सुच्छाया पञ्च पुत्रानकल्मषान् ।६।
रिपुं रिपुञ्जयं रिप्रं वृकलं वृकतेजसम् ।
रिपोराधत्त बृहती चाक्षुषं सर्वतेजसम् ।७।
अजीजनत्पुष्करिण्यां वीरिण्यां चाक्षुषो मनुम् ।
मनोरजायन्त दश नड्वलायां सुतोत्तमाः ।८।
ऊरुः पूरुः शतद्युम्नस्तपस्वी सत्यवाक्कविः ।
अग्निष्टुरतिरात्रश्च सुद्युम्नश्चातिमन्युकः ।९।
ऊरोरजनयत्पुत्रान्षडाग्नेयी महाप्रभान् ।
अङ्गं सुमनसं स्वातिं क्रतुमङ्गिरसङ्गयम् ।१०।
अङ्गात्सुनीथापत्यं वै वेनमेकं व्यजायत ।
अरक्षकः पापरतः स हतोमुनिभिः कुशैः ।११।
प्रजार्थमृषयोऽथास्य ममन्थुर्दक्षिणं करम् ।
वेनस्य मथिते पाणौ सम्बभूव पृथुर्नृपः ।१२।
तं दृष्ट्वा मुनयः प्राहुरेष वै मुदिताः प्रजाः ।
करिष्यति महातेजा यशश्च प्राप्स्यते महत् ।१३।
स धन्वी कवची जातस्तेजसा निर्दहन्निव ।
पृथुर्वैन्यः प्रजाः सर्वा ररक्ष क्षत्रपूर्वजः ।१४।
राजसूयाभिषिक्तानामाद्यः स पृथिवीपतिः ।
तस्माच्चैव समुत्पन्नौ निपुणौ सुतमागधौ ।१५।
तत्स्तोत्रं चक्रतुर्वीरौ राजाभूज्जनरञ्जनात् ।
दुग्धा गौस्तेन शस्यार्थं प्रजानां जीवनाय च ।१६।
सहदेवैर्मुनिगणैर्गन्धर्वैः साप्सरोगणैः ।
पितृभिर्दानवैः सर्पैर्वीरुद्भिः पर्वतैर्जनैः ।१७।
तेषुतेषु च पात्रेषु दुह्यमाना वसुन्धरा ।
प्रादाद्यथेप्सितं क्षीरं तेन प्राणानधारयत् ।१८।

वर्षसम्म तपस्या गरे । उनीसँग प्रसन्न भएर भगवान् विष्णुले उनलाई सप्तर्षिका अगाडिको स्थानमा स्थिर गराए । ध्रुवका यस अभ्युदयलाई देखेर शुक्राचार्यले उनको सुयशसूचक श्लोक पाठ गर्दै– अहो ! यी ध्रुवको कत्रो प्रभाव छ, यिनको शास्त्रज्ञान कति अद्भुत छ, त्यसैले आज सप्तर्षिले पनि उनलाई अगाडि राखेका छन् भनेका थिए । उनै ध्रुवबाट उनकी पत्नी शम्भुले श्लिष्टि र भव्य नामका दुई पुत्र उत्पन्न गरिन् । श्लिष्टिले उनकी पत्नी सच्छायाले क्रमशः रिपु, रिपुञ्जय, पुष्य, वृकल र वृकतेजा यी पाँच निर्मल पुत्रलाई आफ्ना गर्भमा धारण गरेकी थिइन् । रिपुका वीर्यबाट बृहतीले चाक्षुष र सर्वतेजालाई आफ्ना गर्भमा स्थान दिएकी थिइन् । चाक्षुषले वीरण प्रजापतिकी कन्या पुष्करिणीका गर्भबाट मनुलाई जन्माए । नड्वलाको गर्भबाट मनुका दस उत्तम पुत्र जन्मिए । उनीहरूको नाम क्रमशः ऊरु, पूरु, शतद्युम्न, तपस्वी, सत्यवाक्, कवि, अग्निष्टुत, अतिरात्र, सुद्युम्न र अभिमन्यु हुन् । ऊरुका अंशबाट आग्नेयीले अङ्ग, सुमना, स्वाति, क्रतु, अङ्गिरा र गय नामका महान् तेजस्वी छवटा पुत्र उत्पन्न गरे । अङ्गबाट सुनीथाले वेन नामको एउटा सन्तान जन्माइन् । उनले प्रजाको रक्षा नगरेर सधैं पाप मात्रै गरे । उनलाई मुनिहरूले कुशले नै मारिदिए । त्यसपछि ऋषिहरूले सन्तानका लागि वेनको दाहिने हात मन्थन गरे । हातको मन्थन भएपछि राजा पृथु प्रकट भए । उनलाई देखेर मुनिहरूले यी महान् तेजस्वी राजा अवश्य नै समस्त प्रजालाई आनन्दित गराउनेछन् र यिनले महान् यश प्राप्त गर्नेछन् भने । क्षत्रिय वंशका पूर्वज वेनका पुत्र राजा पृथु आफ्नै तेजले सबैलाई दग्ध गराउने रूपमा धनुष र कवच धारण गरेरै प्रकट भएका थिए । उनले सम्पूर्ण प्रजाको रक्षा गर्न थाले । राजसूय यज्ञको दीक्षा लिने राजाहरूमा उनी नै सबैभन्दा पहिला राजा थिए । उनीबाट दुई पुत्र उत्पन्न भए । स्तुतिकर्ममा निपुण अद्भूतकर्मा सूत र मागधहरूले उनको स्तुति गरे । उनी प्रजाहरूलाई रमाउन सक्ने भएर नै राजा नामले प्रख्यात भएका थिए । उनले प्रजाको जीवनरक्षाका लागि अन्नको उब्जनी बढाउने गाईको रूप धारण गरेकी पृथ्वीलाई दोहन गरे । उसै बेलामा समयसँगै देवता, मुनिहरू, गन्धर्व, अप्सरागण, पितृ, दानव, सर्प, लता, पर्वत र मानिस आदिको इच्छाअनुसार सबैलाई आआफ्ना भाँडामा दुहिएकी पृथ्वीले दुध दिइन् र त्यसैबाट सबैले जीवन धारण गरे । पृथुका अन्तर्धि र पालित नामका दुई धर्मज्ञ पुत्र उत्पन्न भए । अन्तर्धि

पृथोः पुत्रौ तु धर्मज्ञौ जज्ञातेऽन्तर्द्धिपालितौ ।
शिखण्डिनी हविर्द्धानमन्तर्द्धानात् व्यजायत ।१९।
हविर्द्धानात्षडाग्नियी धिषणाजनयत्सुतान् ।
प्राचीनबर्हिषं शुक्रं गयं कृष्णं व्रजाजिनौ ।२०।
प्राचीनाग्राः कुशास्तस्य पृथिव्यां यजतो यतः ।
प्राचीनबर्हिर्भगवान्महानासीत्प्रजापतिः ।२१।
सवर्णाऽधत्त सामुद्री दश प्राचीनबर्हिषः ।
सर्वे प्रचेतसो नाम धनुर्वेदस्य पारगाः ।२२।
अपृथग्धर्म्मचरणास्तेऽतप्यन्त महत्तपः ।
दशवर्षसहस्राणि समुद्रसलिलेशयाः ।२३।
प्रजापतित्वं सम्प्राप्य तुष्टा विष्णोश्च निर्गताः ।
भूः खं व्याप्तं हि तरुभिस्तांस्तरुनदहंश्च ते ।२४।
मुखजाग्निमरुभ्यां च दृष्ट्वा चाथ द्रुमक्षयम् ।
उपगम्याब्रवीदेतान् राजा सोमः प्रजापतीन् ।२५।
कोपं यच्छत दास्यन्ति कन्यां वो मारिषां वराम् ।
तपस्विनो मुनेः कण्डोः प्रम्लोचायां मयैव च ।२६ ।
भविष्यं जानता सृष्टा भार्य्या वोऽस्तु कुलङ्करी ।
अस्यामुत्पत्स्यते दक्षः प्रजाः संवर्द्धयिष्यति ।२७।
प्रचेतसस्तां जगृहुर्दक्षोऽस्यां च ततोऽभवत् ।
अचरांश्च चरांश्चैव द्विपदोऽथ चतुष्पदः ।२८।
स सृष्ट्वा मनसा दक्षः पश्चादसृजतस्त्रियः ।
ददौ स दश धर्म्माय कश्यपाय त्रयोदश ।२९।
सप्तविंशतिं सोमाय चतस्रोऽरिष्टनेमये ।
द्वे चैव बहुपुत्राय द्वे चैवाङ्गिरसे अदात् ।३०।
तासु देवाश्च नागाद्या मैथुनान्मनसा पुरा ।
धर्म्मसर्गं प्रवक्ष्यामि दशपत्नीषु धर्मतः ।३१।
विश्वेदेवास्तु विश्वायाः साध्यान्साध्या व्यजायत ।
मरुत्वत्या मरुत्वन्तौ वसोस्तु वसवोऽभवन् ।३२।
भानोऽस्तु भानवः पुत्रा मुहूर्त्तास्तु मुहूर्त्तजाः ।
सम्बाया धर्मतो घोषो नागवीथी च यामिजा ।३३।

अथवा अन्तर्धानका अंशबाट शिखण्डिनी नामकी पत्नीले हविर्धानलाई जन्माइन् । अग्निकुमारी धिषणाले हविर्धानका अंशले छवटा पुत्र जन्माइन्। तिनको नाम क्रमशः प्राचीनवर्हिष, शुक्र, गय, कृष्ण, व्रज र अजिन थियो । राजा प्राचीनवर्हिष प्रायः यज्ञमा नै रहन्थे, त्यसैले पृथ्वीको परपरसम्म त्यस बेला पूर्वाग्र कुश फैलिएको थियो। यसैबाट उनी प्रभावशाली राजा प्राचीनबर्हिषको ऐश्वर्यको ख्याति फैलिएकै थियो। उनी एक महान् प्रजापति थिए ।१-२१।

प्राचीनबर्हिषबाट उनकी पत्नी समुद्रकन्या सवर्णाले दस पुत्रहरूलाई आफ्नो गर्भमा लिइन्। उनीहरू सबै नै प्रचेताका नामले प्रसिद्ध भए र सबै नै धनुर्वेदमा पारङ्गत थिए। उनीहरूले एकसमान रूपले धर्मको पालन गर्दै समुद्रका जलमा रहेर दस हजार वर्षसम्म महान् तपस्या गरिरहे । अन्त्यमा भगवान् विष्णुबाट प्रजापति हुने वरदान पाएर उनीहरू सन्तुष्ट भई जलबाट बाहिर निस्के । त्यस बेला प्रायः समस्त भूमण्डल र आकाश ठूलठूला सघन वृक्षहरूले व्याप्त भएका थिए। यस्तो देखेर उनीहरूले आफ्ना मुखबाट अग्नि प्रकट गरेर वायुद्वारा ती सबै वृक्ष जलाए। त्यसपछि वृक्षको यस्तो संहार देखेर राजा सोम यी प्रचेताहरूसँग गई भने, हे प्रचेताहरू हो । तिमीहरू आफ्नो क्रोध शान्त गर। यी वृक्षहरूले तिमीहरूलाई मारिषा नामकी एउटी सुन्दर कन्या अर्पण गर्नेछन्। ती कन्या तपस्वी मुनि कण्डुका अंशबाट प्रम्लोचा अप्सराका गर्भबाट प्रकट भएकी हुन्। मैले नै भविष्यको कुरो जानेर उनलाई कन्याका रूपमा उत्पन्न गरेर पालनपोषण गरेको हुँ। तिनका गर्भबाट दक्ष उत्पन्न हुनेछन् र उनले प्रजाको वृद्धि गर्नेछन्। ती कन्यालाई प्रचेताहरूले ग्रहण गरे। त्यसपछि उनका गर्भबाट दक्ष उत्पन्न भए। दक्षले चर, अचर, द्विपद र चतुष्पद आदि प्राणीहरूलाई मानसिक रूपमा सृष्टि गरेर अन्त्यमा धेरै स्त्रीहरूलाई उत्पन्न गरे । तिनीहरूमध्ये दस त उनैले धर्मराजलाई अर्पण गरे र तेह्र कन्या कश्यपलाई दिए। सत्ताईस कन्याहरू चन्द्रमालाई, चार अरिष्टनेमीलाई, दुई बहुपुत्रलाई र दुई कन्या अङ्गिरालाई दिए । प्राचीन कालमा मानसिक सङ्कल्पले सृष्टि हुन्थ्यो । त्यसपछि ती दक्षकन्याहरूसितको मैथुनद्वारा देवता र नाग आदि प्रकट भए । धर्मराजका दस पत्नीबाट जोजो सन्तान भए अब म त्यस धर्मसर्गको वर्णन गर्दछु। विश्वा नाम भएकी पत्नीबाट विश्वेदेवता प्रकट भए । साध्याले साध्यगणलाई जन्माइन्। मरुत्वतीले मरुत्वान् र वसुबाट वसुगण प्रकट भए। भानुबाट भानु र मुहूर्ताबाट मुहूर्त नामका पुत्र उत्पन्न भए। लम्बाबाट धर्मराजको घोष नामको पुत्र भयो र यामि नामकी

पृथिवीविषयं सर्वमरुन्धत्यां व्यजायत ।
सङ्कल्पायास्तु सङ्कल्पा इन्दोर्न्नक्षत्रतः सुताः ।३४।
आपो ध्रुवश्च सोमश्च धरश्चैवानिलोऽनलः ।
प्रत्यूषश्च प्रभावश्च वसवौऽष्टौ च नामतः ।३५।
आपस्य पुत्रो वैतण्ड्यः श्रमः शान्तो मुनिस्तथा ।
ध्रुवस्य कालो लोकान्तो वर्च्चाः सोमस्य वै सुतः ।३६।
धरस्य पुत्रो द्रविणो हुतहव्यवहस्तथा ।
मनोहरायाः शिशिर प्राणोऽथ रमणस्तथा ।३७।
पुरोजवोऽनिलस्यासीदविज्ञातोऽनलस्य च ।
अग्निपुत्रः कुमारश्च शरस्तम्बे व्यजायत ।३८।
तस्य शाखो विशाखश्च नैगमेयश्च पृष्टजः ।
कृत्तिकातः कार्त्तिकेयो यतिः सनत्कुमारकः ।३९।
प्रत्यूषाद्देवलो जज्ञे विश्वकर्म्मा प्रभाषतः ।
कर्त्ता शिल्पसहस्रणां त्रिदशानां च वर्द्धकिः ।४०।
मनुष्या श्चोपजीवन्ति शिल्पं वै भूषणादिकम् ।
सुरभी कश्यपाद्रुद्रानेकादश विजज्ञुषी ।४१।
महादेवप्रसादेन तपसा भाविता सती ।
अजैक पादहिर्ब्रध्नस्त्वष्टा रुद्राश्च सत्तम ।४२।
त्वष्टुश्चैवात्मजः श्रीमान्विश्वरूपो महायशाः ।
हरश्च बहुरूपश्च त्र्यम्बकश्चापराजितः ।४३।
वृषाकपिश्च शम्भुश्च कपर्द्दी रैवतस्तथा ।
मृगव्याधश्च सर्पश्च कपाली दश चैककः ।
रुद्राणां च शतं लक्षं यैर्व्याप्तं सचराचरम् ।४४।

पत्नीबाट नागवीथी नामकी कन्या उत्पन्न भइन् । पृथ्वीका सम्पूर्ण विषयहरू पनि मरुत्वतीबाटै प्रकट भए । सङ्कल्पका गर्भबाट सङ्कल्पहरूको सृष्टि भयो । चन्द्रमाका नक्षत्ररूपिणी पत्नीहरूका गर्भबाट आठ पुत्र भए । उनको नाम क्रमशः आप, ध्रुव, सोम, धर, अनिल, अनल, प्रत्यूष र प्रभास हो र यिनै आठ वसु हुन् । आपबाट वैतण्ड्य, श्रम, शान्त र मुनि नामका पुत्रहरू भए । ध्रुवको पुत्र लोकान्तकारी काल भए र सोमका पुत्र वर्चा भए । धरकी पत्नी मनोहराका गर्भबाट द्रविण, हुतहव्यवह, शिशिर, प्राण र रमण उत्पन्न भए । अनिलका पुत्र पुरोजव र अनलका पुत्र अविज्ञात थिए । अग्निका पुत्र कुमार पनि हुन् र उनी नर्कटका डङ्गुरमा उत्पन्न भएका थिए । पछि उनका पनि शाख, विशाख र नैगमेय नामका पुत्रहरू भए । कुमार कृत्तिकाको गर्भबाट उत्पन्न भएका कारण उनलाई कार्त्तिकेय पनि भनियो र कृत्तिकाकै अर्का पुत्र सनत्कुमार नामका सन्त पनि थिए । प्रत्यूषबाट देवलको जन्म भयो र प्रभासबाट विश्वकर्मा जन्मिए । यी विश्वकर्मा देवताहरूका कर्मी थिए र हजारौँ किसिमका शिल्पकारीको काम यिनैले गर्थे । उनैले निर्माण गरेका शिल्प र गहना आदिका सहारामा आज पनि मानिसले आफ्नो गुजारा चलाइरहेका छन् । सुरभीले कश्यपका अंशबाट एघार रुद्रहरूलाई उत्पन्न गरिन् र हे साधुश्रेष्ठ ! सतीले आफ्नै तपस्या एवं महादेवको अनुग्रहले सम्भावित भएर चार पुत्र उत्पन्न गरिन् । उनको नाम अजैकपाद, अहिर्बुध्न्य, त्वष्टा र रुद्र हो । त्वष्टाका पुत्र महायशस्वी श्रीमान् विश्वरूप भए । हर, बहुरूप, त्र्यम्बक, अपराजित, वृषाकपि, शम्भु, कपर्दी रैवत, मृगव्याध, सर्प र कपाली यी एघार प्रधान रुद्रहरू हुन् । यसै त सयौँ वा लाखौँ रुद्रहरू छन् र तिनैबाट यो चराचर जगत् व्याप्त छ ।२२-४४।

१९. ऊनविंशतितमोऽध्यायः
कश्यपवंश

अग्निरुवाच
कश्यपस्य वदे सर्गमादित्यादिषु हे मुने ।
चाक्षुषे तुषिता देवास्तेऽदित्यां कश्यपात्पुनः ।१।
आसन् विष्णुश्च शक्रश्च त्वष्टा धाता तथार्य्यमा ।
पूषा विवस्वान् सविता मित्रोऽथ वरुणो भगः ।२।

अग्निदेवले भने– हे मुनि ! अब म अदिति आदि दक्ष कन्याहरूबाट उत्पन्न कश्यपका सृष्टिको वर्णन गर्दछु । चाक्षुष मन्वन्तरमा जो तुषित नामका बाह्र देवताहरू थिए, उनीहरू नै अर्कोपटक वैवस्वत मन्वन्तरमा कश्यपका अंशबाट अदितिका गर्भमा आएका थिए । तिनीहरू विष्णु, शक्र, त्वष्टा, धाता, अर्यमा, पूषा, विवस्वान्, सविता, मित्र, वरुण, भग र अंशु नामका बाह्र आदित्य हुन् । अरिष्टनेमीका चार

अंशुश्च द्वादशादित्या आसन्वैवस्वतेऽन्तरे ।
अरिष्टनेमिपत्नीनामपत्यानीह षोडश ।३।
बहुपुत्रस्य विदुषश्चतस्रो विद्युतः सुताः ।
प्रत्यङ्गिरसजाः श्रेष्ठाः कृशाश्वस्य सुरायुधाः ।४।
उदयास्तमने सूर्य्ये तद्वदेते युगेयुगे ।
हिरण्यकशिपुर्द्दित्यां हिरण्याक्षश्च कश्यपात् ।५।
सिंहिका चाभवत्कन्या विप्रचित्तेः परिग्रहः ।
राहुप्रभृतयस्तस्यां सैंहिकेया इति श्रुताः । ६ ।
हिरण्यकशिपोः पुत्राश्चत्वारः प्रथितौजसः ।
अनुह्रादश्च ह्रादश्च प्रह्लादश्चातिवैष्णवः ।७।
संह्रादश्च चतुर्थोऽभूह्रादपुत्रो ह्रदस्तथा ।
ह्रदस्य पुत्र आयुष्मान्शिविर्वाष्कल एव च ।८।
विरोचनस्तु प्राह्लादिर्बलिर्जज्ञे विरोचनात् ।
बलेः पुत्रशतं त्वासीद्वाणज्येष्ठं महामुने ।९।
पुरा कल्पे हि बाणेन प्रसाद्योमापतिं वरः ।
पार्श्वतो विहरिष्यामीत्येवं प्राप्तश्च ईश्वरात् ।१०।
हिरण्याक्षसुताः पञ्च शम्बरः शकुनिस्त्विति ।
द्विमूर्द्धा शङ्कुरार्यश्च शतमासन्दनोः सुताः ।११।
स्वर्भानोः सुप्रभा कन्या पुलोम्नस्तु शची स्मृता ।
उपदानवी हयशिरा शर्मिष्ठा वार्षपर्वणी ।१२।
पुलोमा कालका चैव वैश्वानरसुते उभे ।
कश्यपस्य तु भार्य्ये द्वे तयोः पुत्राश्च कोटयः ।१३।
प्रह्लादस्य चतुष्कोट्यो निवातकवचाः कुले ।
ताम्रायाः षट् सुताः स्युश्च काकी श्येनी च भास्यपि।१४।
गृध्रिका च शुचिग्रीवा ताभ्यः काकादयोऽभवन् ।
अश्वाश्चोष्ट्राश्च ताम्राया अरुणो गरुडस्तथा ।१५।
विनतायाः सहस्रं तु सर्पाश्च सुरसाभवाः ।
काद्रवेयाः सहस्रं तु शेषवासुकितक्षकाः ।१६ ।
दंष्ट्रिणः क्रोधवशगा धरोत्थाः पक्षिणो जले ।
सुरभ्यां गोमहिष्यादि इरोत्पन्नास्तृणादयः ।१७।

पत्नीहरूबाट सोह्र सन्तान उत्पन्न भए। विद्वान् बहुपुत्रका चार प्रकारका विद्युत्स्वरूपा कन्याहरू उत्पन्न भए। अङ्गिरा मुनिका दुई पत्नीबाट श्रेष्ठ ऋचाहरू भए र कृशाश्वका दुई पत्नीबाट पनि देवताका दिव्य आयुधहरू उत्पन्न भए। जसरी आकाशमा सूर्यको उदय र अस्त बारम्बार हुन्छ, उसै गरी देवताहरू पनि युगयुगमा उत्पन्न र विनष्ट भइरहन्छन् । कश्यपकी पत्नी दितिका गर्भबाट हिरण्यकशिपु र हिरण्याक्ष नामका पुत्रहरू उत्पन्न भए। त्यसपछि सिंहिका नामकी एक कन्या पनि उत्पन्न भइन् र उनी विप्रचित्ति नामका दानवकी पत्नी भइन्। उनका गर्भबाट राहु आदिको जन्म भयो र उनीहरू सैंहिकेय नामले पनि प्रसिद्ध भए। हिरण्यकशिपुका चार पुत्र भए र उनीहरू आआफ्ना बलपराक्रमका कारण विख्यात थिए। यिनीहरूमा जेठा ह्राद, अर्का अनुह्राद, तेस्रो प्रह्लाद भए, तिनी महान् विष्णुभक्त थिए र चौथा संह्राद थिए। ह्रादका पुत्र ह्रद भए। संह्रादका पुत्र आयुष्मान्, शिवि र वाष्कल थिए। प्रह्लादका पुत्र विरोचन हुन् र विरोचनबाट बलिको जन्म भयो। हे महामुनि ! बलिका सय पुत्र थिए र उनीहरूमा बाणासुर जेठो थियो । पूर्वकल्पमा यसै बाणासुरले भगवान् उमापतिलाई प्रसन्न गरेर उनै परमेश्वरबाट म तिम्रै नजिक विचरण गरिरहन पाऊँ भन्ने वर मागेको थियो । हिरण्याक्षका पाँच पुत्र थिए । शम्बर, शकुनि, द्विमूर्धा, शङ्कु र आर्य । कश्यपकी अर्की पत्नी दनुका गर्भबाट सय दानवपुत्र उत्पन्न भए। यिनका स्वर्भानुकी कन्या सुप्रभा थिइन् र पुलोमा दानवकी पुत्री शची थिइन् । उपदानवकी कन्या हयशिरा थिइन् र वृषपर्वाकी पुत्री शर्मिष्ठा थिइन्। पुलोमा र कालका यी दुवै वैश्वानरका कन्याहरू थिए। यी दुवै कश्यपका पत्नी भए। यी दुवैका करोड पुत्र थिए। प्रह्लादका वंशमा चार करोड निवातकवच नामक दैत्य उत्पन्न भए । कश्यपकी ताम्रा नामकी पत्नीबाट छवटा पुत्र भए। यिनका अतिरिक्त काकी, श्येनी, भासी, गृध्रिका र शुचिग्रीवा आदि पनि कश्यपका भार्याहरू थिए। उनीहरूबाट काग आदि पक्षी उत्पन्न भए। ताम्राका पुत्र घोडा र उँट थिए। विनताका अरुण र गरुड नामका दुई पुत्र भए।१-१५।

सुरसाबाट हजारौँ सर्प उत्पन्न भए र कद्रुका गर्भबाट शेष, वासुकी र तक्षक आदि सहस्रौँ नाग भए। क्रोधवशाका गर्भबाट दंशनशील दाँत भएका सर्प प्रकट भए । धराबाट जलपक्षीहरू उत्पन्न भए। सुरभिबाट गाईभैँसी आदि पशुहरू उत्पन्न भए। इराका गर्भबाट तृण आदि उत्पन्न भए। खसाबाट यक्षराक्षस र मुनिका गर्भबाट अप्सराहरू उत्पन्न भए। यसै

खसायां यक्षरक्षांसि मुनेरप्सरसोऽभवन् ।
अरिष्टायान्तु गन्धर्वाः कश्यपाद्धि स्थिरं चरम् ।१८।
एषां पुत्रादयोऽसङ्ख्या देवैर्वै दानवा जिताः ।
दितिर्विनष्टपुत्रा वै तोषयामास कश्यपम् ।१९।
पुत्रमिन्द्रप्रहर्त्तारमिच्छती प्राप कश्यपात् ।
पादप्रक्षालनात्सुप्ता तस्या गर्भं जघान ह ।२०।
छिद्रमन्विष्य चेन्द्रस्तु ते देवा मरुतोऽभवत् ।
शक्रस्यैकोनपञ्चाशत्सहाया दीप्ततेजसः ।२१।
एतत्सर्वे हरिर्ब्रह्मा अभिषिच्य पृथुं नृपम् ।
ददौ क्रमेण राज्यानि अन्यैषामधिपो हरिः ।२२।
द्विजौषधीनां चन्द्रश्च अपां तु वरणो नृपः ।
राज्ञां वैश्रवणो राजा सूर्य्याणां विष्णुरीश्वरः ।२३।
वसूनां पावको राजा मरुतां वासवः प्रभुः ।
प्रजापतीनां दक्षोऽथ प्रल्हादो दानवाधिपः ।२४।
पितृणां च यमो राजा भूतादीनां हरः प्रभुः ।
हिमवांश्चैव शैलानां नदीनां सागरः प्रभूः ।२५।
गन्धर्वाणां चित्ररथो नागानामथ वासुकिः ।
सर्पाणां तक्षको राजा गरुडः पक्षिणामथ ।२६ ।
ऐरावतो गजेन्द्राणां गोवृषोऽथ गवामपि ।
मृगाणामथ शार्दूलः प्लोक्षे वनस्पतीश्वरः ।२७।
उच्चैःश्रवास्तथाश्वानां सुधन्वा पूर्वपालकः ।
दक्षिणस्यां शङ्खपदः केतुमान् पालको जले ।
हिरण्यरोमकः सौम्यै प्रतिसर्गोऽयमीरितः ।२८।

गरी कश्यपबाट स्थावरजङ्गम जगत्को उत्पत्ति भयो । यी सबैका असङ्ख्य पुत्र भए । देवताहरूले दैत्यहरूलाई युद्धमा जिते । आफ्ना पुत्रहरू मारिएकाले दितिले कश्यपलाई सेवा गरेर खुसी पारिन् । उनी इन्द्रको संहार गर्न सक्ने पुत्र उत्पन्न गर्न खोज्दथिन् । उनले आफ्नो त्यो रहरअनुसारको वर प्राप्त गरिन् । जब उनी गर्भवती र व्रतपालनमा तत्पर थिइन्, उसै बेला भोजनपछि गोडा नधोईकन सुतिन् । त्यसै बेलामा इन्द्रले उनको यही गल्तीको छिद्र फेला पारेर उनका गर्भभित्र पसी गर्भलाई नै टुक्रैटुक्रा पारिदिए । ती सबै नै अत्यन्त तेजस्वी र इन्द्रका सहायक उनन्चास वायुका रूपमा जन्मिए । हे मुनि ! यो सबै वृतान्त मैले सुनाएँ । श्रीहरिस्वरूप ब्रह्माले पृथुलाई नरलोकको राजपदमा अभिषेक गरेर क्रमशः अरूलाई पनि राज्य दिए । उनीहरूलाई विभिन्न समूहका राजा बनाए । अन्य सबैका अधिपति साक्षात् श्रीहरि नै हुन् । ब्राह्मण र औषधिहरूका राजा चन्द्रमा भए । जलका स्वामी वरुण भए । राजाहरूका राजा कुबेर हुन् । द्वादश आदित्यका अधीश्वर भगवान् विष्णु थिए । वसुहरूका राज पावक र मरुत्गणका स्वामी इन्द्र भए । प्रजापतिहरूका स्वामी दक्ष र दानवका अधिपति प्रह्लाद भए । पितृहरूका यमराज र भूत आदिका स्वामी सर्वसमर्थ भगवान् शिव भए अनि शैल आदिका राजा हिमालय भए र नदीहरूका स्वामी सागर भए । गन्धर्वका स्वामी चित्ररथ, नागहरूका स्वामी वासुकी, सर्पका राजा तक्षक र पक्षीहरूका राजा गरुड भए । श्रेष्ठ हात्तीहरूका स्वामी ऐरावत भए भने गाईहरूको स्वामी साँढे भयो । वनचल जीवहरूको स्वामी सिंह भयो भने वनस्पतिको स्वामी पाखी भयो घोडाहरूको स्वामी उच्चैःश्रवा भयो । सुधन्वा पूर्व दिशाका रक्षक भए । दक्षिण दिशामा शङ्खपद र पश्चिमका केतुमान् रक्षक नियुक्त भए । यसै गरी उत्तर दिशामा हिरण्यरोमक राजा भए । यसरी नै प्रतिसर्गको वर्णन गरिएको छ ।१६-२८।

२०. विंशतितमोऽध्यायः

जगत्सर्ग

अग्निरुवाच
प्रथमो महतः सर्गो विज्ञेयो ब्रह्मणस्तु सः ।
तन्मात्राणां द्वितीयस्तु भूतसर्गो हि स स्मृतः ।१।
वैकारिकस्तृतीयस्तु सर्ग ऐन्द्रियकः स्मृतः ।

अग्निदेवताले भने– हे मुनि ! पहिले महत्तत्वको सृष्टि भयो, त्यसलाई ब्राह्मसर्ग भन्ने मान्नुपर्दछ । दोस्रोपटक तन्मात्राहरूको सृष्टि भयो, त्यसलाई भूतसर्ग भनिएको छ । तेस्रोपटकको वैकारिक सृष्टि हो, यसलाई ऐन्द्रियकसर्ग भन्दछन् । यसै किसिमले यो बुद्धिपूर्वक प्रकट भएको प्राकृतसर्ग तीन

इत्येष प्राकृतः सर्गः सम्भूतो बुद्धिपूर्वकः ।२।
मुख्यः सर्गश्चतुर्थस्तु मुख्या वै स्थावराः स्मृताः ।
तिर्य्यक् स्रोतास्तु यः प्रोक्तस्तैर्य्यग्योन्यस्ततः स्मृतः ।३।
तथोर्ध्वस्रोतसां षष्टो देवसर्गस्तु स स्मृतः ।
ततोऽर्वाक् स्रोतसां सर्गः सप्तमः स तु मानुषः ।४।
अष्टमोऽनुग्रहः सर्गः सात्विकस्तामसश्च यः ।
पञ्चैते वैकृताः सर्गाः प्राकृताश्च त्रयः स्मृताः ।५।
प्राकृतो वैकृतश्चैव कौमारो नवमस्तथा ।
ब्रह्मतो नव सर्गास्तु जगतो मूलहेतवः ।६।
ख्यात्याद्या दक्षकन्यास्तु भृग्वाद्या उपयेमिरे ।
नित्यो नैमित्तिकः सर्गस्त्रिधा प्रकथितौ जनैः ।७।
प्राकृता दैनन्दिनी स्यादान्तरप्रलयादनु ।
जायते यत्रानुदिनं नित्यसर्गो हि सम्मतः ।८।
देवौ धाताविधातारौ भृगोः ख्यातिरसूयत ।
श्रियं च पत्नी विष्णोर्या स्तुता शक्रेण वृद्धये ।९।
धातुर्विधातुर्द्वौ पुत्रौ क्रमात्प्राणो मृकण्डुकः ।
मार्कण्डेयो मृकण्डोश्च जज्ञे वेदशिरास्ततः ।१०।
पौर्णमासश्च सम्भूत्याँ मरीचेरभवत्सुतः ।
स्मृत्यामङ्गिरसः पुत्राः सिनीवाली कुहूस्तथा ।११।
राका चानुमतिश्चात्रेरनसूयाप्यजीजनत् ।
सोमं दुर्बाससं पुत्रं दत्तात्रेयं च योगिनम् ।१२।
प्रीत्यां पुलस्त्यभार्य्यायां दत्तोलिस्तत्सुतोऽभवत् ।
क्षमायां पुलहाज्जाताः सहिष्णुकर्मपादिकाः ।१३।
सन्नत्यां च क्रतोरासन्बालिखिल्या महौजसः ।
अङ्गुष्ठपर्वमात्रास्ते ये हि षष्टिसहस्रिणः ।१४।
उर्ज्जायां च वसिष्ठाश्च राजा गात्रोर्द्धबाहुकः ।
सवनश्चालघुः शुक्रः सुतपा सप्त चर्षयः ।१५।
पावकः पदमानोऽभूच्छुचिः स्वाहाग्निजोऽभवत् ।
अग्निष्वात्ता बर्हिषदोऽनग्नयः साग्नयो ह्यजात् ।१६ ।
पितृभ्यश्च स्वधायां च मेना वै धारिणी सुते ।
हिंसा भार्य्या त्वधर्मस्य तयोर्जज्ञे तथाऽनृतम् ।१७।

किसिमको छ । चौथो किसिमको सृष्टिलाई मुख्य सर्ग भन्दछन् । मुख्य भन्ने नाम स्थावरहरूको हो । जो तिर्यक्स्रोता भनिएको छ, त्यसमा तिर्यग्योनीका पशुपक्षीहरूको उत्पत्ति पाँचौँ सर्गमा भएको हो । उर्ध्व स्रोताहरूका सृष्टिलाई देवसर्ग भन्दछन्, यो छैटौँ सर्ग हो । त्यसपछि अर्वाक्स्रोताहरूको सृष्टि भयो, यो नै सातौँ र मानवसर्ग हो । आठौँ अनुग्रह सर्ग हो र त्यो सात्विक एवं तामस पनि छ । यी अन्तिमका पाँच वैकृत सर्ग हुन् र सुरुका तीन सर्ग प्राकृत सर्ग हुन् भनिएको छ । प्राकृत र वैकृत सर्गका साथै नवौँ किसिमको कौमार सर्ग हो र यसरी नौवटा सर्ग ब्रह्माबाट प्रकट भए र यिनै यस जगत्का मूल कारण पनि हुन्। ख्याति आदि दक्षकन्याहरूसित भृगु आदि महर्षिहरूले बिहा गरे । कतिपय मानिसहरू नित्य, नैमित्तिक र प्राकृतको भेद गरी तीन प्रकारको सृष्टि मान्दछन् । जो प्रतिदिन हुने गरेको अवान्तर प्रलयबाट प्रतिदिन जन्म लिइरहन्छ त्यसलाई नित्यसर्ग भनिएको छ । भृगुले उनकी पत्नी ख्यातिबाट धाता र विधाता नामका दुई देवताहरू जन्माए र लक्ष्मी नामकी कन्या पनि उत्पन्न भइन्, उनै भगवान् विष्णुकी पत्नी हुन् । इन्द्रले आफ्नो अभ्युदयका लागि यिनैको स्तुति गरेका थिए । धाता र विधाता क्रमशः प्राण र मृकण्डु नामका दुई पुत्र भए । मृकण्डुबाट मार्कण्डेयको जन्म भयो । उनीबाट वेदशिरा जन्मिए । मरीचिले सम्भूतिका गर्भबाट पौर्णमास नामको पुत्र जन्माए र स्मृतिका गर्भबाट अङ्गिराले अनेकौँ पुत्रका साथै सिनीवाली, कुहू, राका र अनुमति नामका चार कन्या जन्मिए । अत्रिका अंशबाट अनुसूयाले सोम, दुर्वासा र दत्तात्रेय नामका पुत्र जन्माइन्, दत्तात्रेय महान् योगी थिए । पुलस्त्य मुनिकी पत्नी प्रीतिका गर्भबाट दत्तोलि नामका पुत्र उत्पन्न भए । क्षमाका गर्भबाट पुलहका सहिष्णु र सर्वपादिक जन्मिए । ऋतुबाट बालखिल्य नामका साठी हजार पुत्र उत्पन्न भए र ती बुढीऔँठाको टोप्रो जत्रा र महान् तेजस्वी थिए । वसिष्ठले ऊर्जाका गर्भबाट राजा, गात्र, ऊर्ध्वबाहु, सवन, अनघ, शुक्र र सुतपा यी सात ऋषि प्रकट भए । स्वाहा एवं अग्निबाट पावक, पवमान र शुचि नामका पुत्र भए । यसै गरी अजबाट अग्निष्वात्त, बर्हिषद, अनग्नि एवं साग्नि र पितर भए । पितरका स्वधाका गर्भबाट मेना र वैधारिणी नामका दुई कन्या भए । अधर्मकी पत्नी हिंसा भइन् । उनीहरू दुईबाट अमृत नामका पुत्र र निकृति नामकी कन्याको उत्पत्ति भयो । यी दुवैबाट भय र नरकको जन्म

कन्या च निकृतिस्ताभ्यां भयं नरकमेव च ।
माया च वेदना चैव मिथुनं त्विदमेतयोः ।१८।
तयोर्जज्ञेऽथ वै माया मृत्युर्भूतापहारिणम् ।
वेदना च सुतं चापि दुःखं जज्ञेऽथ रौरवात् ।१९।
मृत्योर्व्याधिजराशोकतृष्णाक्रोधाश्च जज्ञिरे ।
ब्रह्मणश्च रुदञ्जातो रोदनाद्रुद्रनामकः ।२०।
भवं शर्वमथेशानं तथा पशुपतिं द्विज ।
भीममुग्रं महादेवमुवाच स पितामहः ।२१।
दक्षकोपाच्च तद्भार्य्या देहं तत्याज सा सती ।
हिमवद्दुहिता भूत्वा पत्नी शम्भोरभूत्पुनः ।२२।
ऋषिभ्यो नारदाद्युक्ताः पूजाः स्नानादिपूर्विकाः ।
स्वायम्भुवाद्यास्ताःकृत्वा विष्ण्वादेर्भुक्तिमुक्तिदाः ।२३।

भयो । क्रमशः माया र वेदना यिनका पत्नीहरू भए । मायाले भयका सम्पर्कबाट समस्त प्राणीहरूकै प्राण लिने मृत्युलाई जन्माइन् भने वेदनाले नरकका संयोगबाट दुःख नामको पुत्र जन्माइन् । त्यसपछि मृत्युबाट व्याधि, जरा, शोक, तृष्णा र क्रोधको उत्पत्ति भयो । ब्रह्माजीबाट एउटा पुत्र रुँदै जन्मियो । रोएकै कारण उसको प्रसिद्ध नाम नै रुद्र भयो । त्यसरी नै हे द्विज ! उनै पितामह ब्रह्माबाट भव, शर्व, ईशान, पशुपति, भीम, उग्र र महादेव आदि नामले तिनलाई सम्बोधन गरे । रुद्रकी पत्नी सतीले आफ्ना पिता दक्षमाथि रिस उठेर आत्महत्या गरिन् र हिमालयकी पुत्रीका रूपमा जन्मिएर पुनः शङ्करकै धर्मपत्नी भइन् । कुनै बेलामा नारदले ऋषिहरूका प्रति विष्णु आदि देवताको पूजाको विधान बताएका थिए । स्नानादिपूर्वक गरिने ती पूजाहरूलाई विधिवत् अनुष्ठान गरेर स्वायम्भुव मनु आदिले भोग र मोक्ष दुवै प्राप्त गरेका थिए ।१–२३।

२१. एकविंशोऽध्यायः

सामान्यपूजा

नारद उवाच

सामान्यपूजां विष्ण्वादेर्वक्ष्ये मन्त्रांश्च सर्वदान् ।
समस्तपरिवाराय अच्युताय नमो यजेत् ।१।
धात्रे विधात्रे गङ्गाय यमुनाय निधी तथा ।
द्वारश्रियं वास्तुनवं शक्तिं कूर्म्मनन्तकम् ।२।
पृथिवीं धर्मकं ज्ञानं वैराग्यैश्वर्य्यमेव च ।
अधर्मादीन्कन्दनालपद्मकेसरकर्णिकाः ।३।
ऋग्वेदाद्यं कृताद्यच्च सत्त्वाद्यर्क्कादिमण्डलम् ।
विमलोत्कर्षिणी ज्ञाना क्रिया योगा च ता यजेत् ।४।
प्रह्वीं सत्यां तथेशानानुग्रहाऽमलमूर्त्तिका ।
दुर्गां गिरङ्गणं क्षेत्रं वासुदेवादिकं यजेत् ।५।

नारदले भने– हे मुनि ! अब म विष्णु आदि देवताहरूको सामान्य पूजाको वर्णन गर्दछु र समस्त कामना प्रदान गर्ने पूजासम्बन्धी मन्त्रहरू पनि बताउँछु । भगवान् विष्णुका पूजामा सर्वप्रथम परिवारसहित भगवान् अच्युतलाई नमस्कार गरेर पूजा आरम्भ गर्नुपर्छ । यसै गरी पूजा मण्डपका द्वारमा क्रमशः दक्षिण–वाम भागमा धाता र विधाता तथा गङ्गा–यमुनाको पनि पूजा गर्नुपर्छ । त्यसपछि शङ्खनिधि र पद्मनिधि यी दुवै निधिहरूलाई द्वारलक्ष्मीलाई, वास्तुपुरुषलाई र आधारशक्ति, कूर्म, अनन्त, पृथिवी, धर्म, ज्ञान, वैराग्य र ऐश्वर्यलाई पूजा गर्नुपर्छ । त्यसपछि अधर्म आदिलाई पूजा गर्नुपर्छ र एउटा कमलको सम्भना गरेर त्यसकै फेद, डाँक्लो, पद्म, केसर र कर्णिकाहरूमा पूजा गर्नुपर्छ । ऋग्वेद आदि चारै वेदको, सत्ययुग आदि युगको सत्व आदि गुणहरूको र सूर्य आदि मण्डलको पूजा गर्नुपर्छ । यसै गरी विमला, उत्कर्षिणी, ज्ञाना, क्रिया, योगा आदि यी छ शक्तिहरूको पूजा गर्नुपर्छ र प्रह्वी, सत्या, ईशा, अनुग्रहा, निर्मलमूर्ति दुर्गा, सरस्वती, गण, क्षेत्रपाल र वासुदेव आदिको पूजा गर्नुपर्छ । त्यसपछि हृदय, शिर, चूडा, वर्म, नेत्र आदि अङ्गको, त्यसपछि शङ्ख, चक्र, गदा र पद्म नामका अस्त्रहरूको अनि श्रीवत्स, कौस्तुभ एवं

हृदयञ्च शिरः शूलं वर्म नेत्रमथास्त्रकम् ।
शङ्खं चक्रं गदां पद्मं श्रीवत्सं कौस्तुभं यजेत् ।६।
वनमालां श्रियं पुष्टिं गरुडं गुरुमर्चयेत् ।
इन्द्रमग्निं यमं रक्षो जलं वायुं धनेश्वरम् ।७।
ईशानं तमजं चास्त्रं वाहनं कुमुदादिकम् ।
विष्वक्सेनं मण्डलादौ सिद्धिः पूजादिना भवेत् ।८।
शिवपूजाथ सामान्या पूर्वं नन्दिनमर्च्चयेत् ।
महाकालं यजेदङ्गां यमुनाञ्च गणादिकम् ।९।
गिरं श्रियं गुरुं वास्तुं शक्यादीन्धर्मकादिकम् ।
वामा ज्येष्ठा तथा रौद्री काली कलविकारिणी ।१०।
बलविकरिणी चापि बलप्रमथिनी क्रमात् ।
सर्वभूतदमनी च तथा मनोन्मनी शिवा ।११।
हां हूं हां शिवमूर्त्तये साङ्गवक्त्रं शिवं यजेत् ।
हौं शिवाय हामित्यादि हामीशानादिवक्त्रकम् ।१२।
ह्रीं गौरीं गं गणः शक्रमुखाश्चण्डो हृदादिकाः ।
क्रमात्सूर्य्यार्च्चने मन्त्रा दण्डी पूज्यश्च पिङ्गलः ।१३।
उच्चैःश्रवाश्चारुणश्च प्रभूतं विमलं यजेत् ।
सोमसन्ध्या परमुखं स्कन्दाद्यं मध्यतो यजेत् ।१४।
दीप्ता सूक्ष्मा जया भद्रा विभूत्तिर्विमला तथा ।
अमोघा विद्युता चैव पूजथो सर्वतोमुखी ।१५।
अर्क्कासनं हि हं स्वं खं सोल्कायेति च मूर्त्तिकम् ।
ह्रां ह्रीं सः सूर्य्याय नम आं नमो हृदयाय च ।१६ ।

वनमालाको र लक्ष्मी, पुष्टि, गरुड, र गुरुदेवताको पूजा गर्नुपर्छ। त्यसपछि इन्द्र, अग्नि, यम, निर्ऋति, जल, वायु, कुबेर, ईशान, ब्रह्मा र अनन्त यी दिक्पालहरूको, यिनका अस्त्रको, कुमुद आदि विष्णुपार्षदहरूको या द्वारपाल र विष्वक्सेनको आवरण मण्डल आदिमा पूजा गर्नाले सिद्धि प्राप्त हुन्छ। अब भगवान् शिवको सामान्य पूजाविधि बताइन्छ। यसमा पहिले नन्दीको पूजा गर्नुपर्छ, त्यसपछि महाकालको। त्यसपछि क्रमशः दुर्गा, यमुना, गण आदिको र धर्म आदिको अर्चन गर्नुपर्छ। त्यसपछि वामा, ज्येष्ठा, रौद्री, काली, कलविकरिणी, बलविकरिणी, बलप्रमथिनी, सर्वभूतदमनी तथा कल्याणमयी मनोन्मती यी नौ शक्तिहरूको क्रमैसँग पूजा गर्नुपर्छ। हां हं हां शिवमूर्तये नमः इत्यादि मन्त्रले हृदयादि अङ्गको र ईशान आदि मुखसहित शिवको पूजा गर्नुपर्छ। हौं शिवाय हौं इत्यादिले केवल शिवको अर्चना गर्नुपर्छ र हां इत्यादिले ईशानादि पाँच मुखको आराधना गर्नुपर्छ। ह्रीं गौर्यै नमः यस मन्त्रले गौरीको र गं गणपतये नमः यस मन्त्रले गणपति, नाम मन्त्रले इन्द्र आदि दिक्पालहरूको, चण्डको र हृदय, शिर आदिको पनि पूजा गर्नुपर्छ।१-१३।

अब क्रमशः सूर्यको पूजाका मन्त्र बताइन्छ। त्यसपछि क्रमशः पिङ्गल, उच्चैःश्रवा र अरुणको पूजा गर्नुपर्छ। त्यसपछि प्रभूत, विमल, सोम, दुवै सन्ध्याकाल, परसुख र स्कन्द आदिलाई मध्यमा पूजा गर्नुपर्छ। त्यसपछि दीप्ता, सूक्ष्मा, जया, भद्रा, विभूति, विमला, अमोघा, विद्युता तथा सर्वतोमुखी यी नौ शक्तिहरूको पूजा हुनुपर्छ। त्यसपछि ओं ब्रह्मविष्णुशिवात्मकाय सौराय पीठाय नमः भन्ने मन्त्रले सूर्यको आसन स्पर्श गरी पूजा गर्नुपर्छ। त्यसपछि ओं खं खखोल्काय नमः भन्ने मन्त्रले सूर्यदेवताको मूर्ति उदाएको कल्पना गर्दै त्यसैको अर्चन गर्नुपर्छ। त्यसपछि ओं ह्रां ह्रीं सः सूर्याय नमः भन्ने मन्त्रले सूर्यदेवताको पूजा गर्नुपर्छ। त्यसपछि हृदयादिको पूजा गर्नुपर्छ। ओं आं नमः भन्दै हृदयको, ओं अर्काय नमः ले शिरको, त्यसै गरी अग्नि, ईश र वायुमा अधिष्ठित सूर्यदेवताको पनि पूजा गर्नुपर्छ। त्यसपछि ओं भूर्भुवः स्वः ज्वालिन्यै शिखायै नमः भन्दै शिखाको, ओं हुं कवचाय नमः भन्दै कवचको, ओं नेत्राभ्यां नमः भन्दे नेत्रको र ओं रम् अर्कास्त्राय नमः भन्दै अस्त्रको पूजा गर्नुपर्छ। त्यसपछि सूर्यकी शक्ति रानी संज्ञाको र उनीबाट प्रकट भएकी छायादेवीको पूजा गर्नुपर्छ। त्यसपछि चन्द्रमा, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतु क्रमशः यी ग्रहहरूको र सूर्यका प्रचण्ड तेजको पूजा गर्नुपर्छ। अब सङ्क्षेपले पूजाका

अर्क्काय शिरसे तद्वदग्नीशासुरवायुगान् ।
भूर्भुवःस्वरे ज्वालिनि शिखा हुं कवचं स्मृतम् ।१७।
भां नेत्रं वस्तथार्क्कास्त्रं राज्ञी शक्तिश्च निष्कुभा ।
सोमोऽङ्गारकोऽथ बुधो जीवःशुक्रःशनिः क्रमात् ।१८।
राहुः केतुस्तेजश्चण्डः सङ्क्षेपादथ पूजनम् ।
आसनं मूर्त्तये मूलं हृदाद्यं परिचारकः ।१९।
विष्ण्वासनं विष्णुमूर्त्ते रां श्रीं श्रीं श्रीधरो हरिः ।
ह्रीं सर्वमूर्त्तिमन्त्रोऽयमिति त्रैलोक्यमोहनः ।२०।
क्लीं हृषीकेशः हूं विष्णुः स्वरैर्दीर्घैहृदादिकम् ।
समस्तैः पञ्चमी पूजा सङ्ग्रामादौ जयादिदा ।२१।
चक्रं गदां क्रमाच्छङ्खं मुसलं खड्गशार्ङ्गकम् ।
पाशाङ्कुशौ च श्रीवत्सं कौस्तुभं वनमालया ।२२।
श्रीं श्रीर्महालक्ष्मीस्तार्क्ष्यो गुरुरिन्द्रादयोऽर्च्चनम् ।
सरस्वत्यासनं मूर्ति रौं ह्रीं देवी सरस्वती ।२३।
हृदाद्या लक्ष्मीर्म्मेधा च कला तुष्टिश्च पुष्टिका ।
गौरी प्रभामती दुर्गा गणो गुरुश्च क्षेत्रपः ।२४।
तथा गं गणपतये च ह्रीं गौर्यै च श्रीं श्रियै ।
ह्रीं त्वरितायै सौं त्रिपुराचतुर्थ्यन्ता नमोऽन्तकाः ।२५।
प्रणवाद्याश्च नामाद्यमक्षरं विन्दुसंयुतम् ।
ओं युता वा सर्वमन्त्राः पूजनाज्जपतः स्मृताः ।२६ ।
होमात्तिलघृताद्यैश्च धर्म्मकामार्थमोक्षदाः ।
पूजामन्त्रान्पठेद्यस्तु भुक्तभोगो दिवं व्रजेत् ।२७।

विषयमा भनिन्छ। देवताको आसन, मूर्ति, मूल, हृदय आदि अङ्ग र यिनका परिचारकहरूको पनि पूजा हुने गर्दछ। भगवान् विष्णुका आसनको पूजा ओं श्रीं श्रीं श्रीधरो हरिः ह्रीं भन्ने मन्त्रले गर्नुपर्छ। यसै मन्त्रले भगवान् विष्णुका मूर्तिको पनि पूजा गर्नुपर्छ। यो सर्वमूर्तिमन्त्र हो। यसैलाई त्रैलोक्यमोहन मन्त्र पनि भन्दछन्। भगवान्को पूजनमा ओं क्लीं हृषीकेशाय नमः, ओं हुं विष्णवे नमः यी मन्त्रहरूको उच्चारण गर्नुपर्छ। सम्पूर्ण दीर्घ स्वरले नै हृदय आदिको पूजा गर्नुपर्छ; जस्तै आं हृदयाय नमः यसले हृदयको, ओं शिखायै नमः यसले शिखाको, ओं एं कवचाय नमः यसले कवचको, ओं नेत्राभ्यां नमः यसले नेत्रको र ओं अस्त्राय नमः यसले अस्त्रहरूको पूजा गर्नुपर्छ। पाँचौं अर्थात् परिचारकको पूजा सङ्ग्राम आदिमा विजय दिने किसिमको हुन्छ। परिचारकहरूमा चक्र, गदा, शङ्ख, मुसल, खड्ग, शार्ङ्गधनुष, पाश, अङ्कुश, श्रीवत्स, कौस्तुभ, वनमाला, श्रीं भन्ने बीजले युक्त श्रीमहालक्ष्मी, गरुड, गुरुदेव र इन्द्र आदि देवताहरूको पूजन गरिन्छ। सरस्वतीका आसनको पूजामा ओं ऐं देव्यै सरस्वत्यै नमः भन्ने मन्त्रको उपयोग गर्नुपर्छ र उनका मूर्तिको पूजामा ओं ह्रीं देव्यै सरस्वत्यै नमः भन्ने मन्त्रको उच्चारणले काम गर्नुपर्छ। हृदय आदिका लागि पूर्ववत् मन्त्रहरू नै छन्। सरस्वतीका परिचारकहरूमा लक्ष्मी, मेधा, कला, तुष्टि, पुष्टि, गौरी, प्रभा, मति, दुर्गा, गण, गुरु र क्षेत्रपालको पूजा गर्नुपर्छ। त्यसै गरी ओं गं गणपतये नमः भन्ने मन्त्रले गणेशको, ओं ह्रीं गौर्यै नमः भन्ने मन्त्रले गौरीको, ओं श्रीं श्रियै नमः भन्ने मन्त्रले श्रीको, ओं ह्रीं त्वरितायै नमः भन्ने मन्त्रले त्वरिताको, ओं ऐं क्लीं सौं त्रिपुरायै नमः भन्ने मन्त्रले त्रिपुराको पूजा गर्नुपर्छ। यसै गरी त्रिपुरा शब्द पनि चतुर्थी विभक्त्यन्त हुनुपर्छ र अन्त्यमा नमः शब्दको प्रयोग हुनुपर्छ। जुन देवताका लागि कुनै विशेष मन्त्र बताइएको छैन, उनका नामका आदिमा प्रणव लगाउनुपर्छ। नामका आदि अक्षरमा अनुस्वार लगाएर त्यसैलाई बीजका रूपमा राख्नुपर्छ र पूर्ववत्, नामका अन्त्यमा चतुर्थी विभक्ति र नमः शब्द जोड्नुपर्छ। पूजा र जपमा प्रायः सबै मन्त्र ओङ्कारयुक्त हुनुपर्ने बताइएको छ। अन्त्यमा तिर र घिउ आदिले होम गर्नु गर्नुपर्छ। यसै किसिमले देवता र मन्त्र धर्म, काम, अर्थ र मोक्ष यी चारै पुरुषार्थ प्रदान गर्दछन्। जसले पूजाका यी मन्त्रहरूको पाठ गर्दछ, उसले समस्त भोग उपभोग गर्दै अन्त्यमा देवलोक प्राप्त गर्दछ ।१४-२७।

२२. द्वाविंशोऽध्यायः

स्नानविधि

नारद उवाच

वक्ष्ये स्नानं क्रियाद्यर्थं नृसिंहेन तु मृत्तिकाम् ।
गृहीत्वा तां द्विधा कृत्वा मनस्नानमथैकया ।१।
निमज्याचम्य विन्यस्य सिंहेन कृतरक्षकः ।
विधिस्नानं ततः कुर्य्यात्प्राणायामपुरःसरम् ।२।
हृदि ध्यायन्हरिं देवं मन्त्रेणाष्टाक्षरेण हि ।
त्रिधा पाणितले मृत्स्नां दिग्बन्धं सिंहजप्ततः ।३।
वासुदेवप्रजप्तेन तीर्थं सङ्कल्प्य चालभेत् ।
गात्रं वेदादिमन्त्रैश्च सम्मार्ज्याराध्य मूर्त्तिना ।४।
कृत्वाघमर्षणं वस्त्रं परिधाय समाचरेत् ।
विन्यस्य मन्त्रैर्द्विर्म्मार्ज्य पाणिस्थं जलमेव च ।५।
नारायणेन संयम्य वायुमाघ्राय चोत्सृजेत् ।
जलं ध्यायन्हरिं पश्चाद्दत्त्वार्घ्यं द्वादशाक्षरम् ।६ ।
जप्त्वान्याञ्छतशस्तस्य योगपीठादितः क्रमात् ।
मन्त्रान्दिक्पालपर्यन्तानृषीन्पितृगणानपि ।७।
मनुष्यान्सर्वभूतानि स्थावरान्तान्यथावसेत् ।
न्यस्य चाङ्गानि संहृत्य मन्त्रान्यागगृहं व्रजेत ।
एवमन्यासु पूजासु मूलाद्यैः स्नानमाचरेत् ।८।

नारदले भने– हे विप्रहरू हो ! पूजन आदि क्रियाहरूका लागि पहिले स्नानविधिको वर्णन गर्दछु । पहिले नृसिंहसम्बन्धी बीज या मन्त्रले मृत्तिका हातमा लिनुपर्छ । त्यसलाई दुई भागमा विभक्त गरेर एक भागले अन्य सबै अङ्गमा लेपन गरी मलस्नान सम्पन्न गर्नुपर्छ। त्यसपछि शुद्ध स्नानका लागि जलमा डुबुल्की लगाएर आचमन गर्नुपर्छ। नृसिंह भन्ने मन्त्रले न्यास गरेर आत्मरक्षा गर्नुपर्छ । त्यसपछि विधिस्नान गर्नुपर्छ र प्राणायाम आदिपूर्वक हृदयमा भगवान् विष्णुको ध्यान गर्दै ओं नमो नारायणाय भन्ने अष्टाक्षर मन्त्रले हातमा माटो लिएर त्यसलाई तीन भाग लगाउनुपर्छ। त्यसपछि नृसिंह मन्त्रले जप गर्दै दिग्बन्ध गर्नुपर्छ । त्यसपछि ओं नमो भगवते वासुदेवाय भन्ने मन्त्रको जप गर्दै सङ्कल्पपूर्वक तीर्थजललाई स्पर्श गर्नुपर्छ। त्यसपछि वेद आदिका मन्त्रहरूले आफ्ना शरीरका र आराध्यदेवताको प्रतिमा या ध्यानले कल्पना गरिएका विग्रहलाई मार्जन गर्नुपर्छ। त्यसपछि अघमर्षण मन्त्रको जप गर्दै वस्त्र लगाएर अगाडिको कार्य गर्न लाग्नुपर्छ । पहिले अङ्गन्यास गरेर मार्जन मन्त्रले मार्जन गर्नुपर्छ । त्यसपछि हातमा जल लिएर नारायण मन्त्रले प्राण संयम गरेर जललाई नासिकामा लगेर सुँघ्नुपर्छ । त्यसपछि भगवान्को ध्यान गर्दै जललाई छोडिदिनुपर्छ । त्यसपछि अर्घ्य दिएर बाह्र अक्षरका मन्त्रको जप गर्नुपर्छ । त्यसपछि अन्य देवता आदिलाई भक्तिपूर्वक तर्पण गर्नुपर्छ। योगपीठ आदिका क्रमले दिक्पालसम्मका मन्त्र र देवता, ऋषि, पितृ, मनुष्य, स्थावर र सर्वभूतहरूलाई तर्पण गरेर आचमन गर्नुपर्छ । त्यसपछि अङ्गन्यास गरेर आफ्ना हृदयमा मन्त्रको उपसंहार गरेर पूजा गर्ने मन्दिरमा प्रवेश गर्नुपर्छ। यसै गरी अन्य पूजाहरूमा पनि मूल आदि मन्त्रले स्नानकार्य सम्पन्न गर्नुपर्छ ।१–८।

२३. त्र्यविंशोऽध्यायः

पूजाविधि

नारद उवाच

वक्ष्ये पूजाविधिं विप्रा यत्कृत्वा सर्वमाप्नुयात् ।
प्रक्षालिताङ्घ्रिराचम्य वाग्यतः कृतरक्षकः ।१।
प्राङ्मुखः स्वस्तिकं बद्ध्वा पद्मादपरमेव च ।

नारदले भने– हे ब्रह्मर्षिहरू हो ! अब म पूजाको विधि वर्णन गर्नेछु र त्यसको अनुष्ठान गरेर मानिसले सम्पूर्ण कामनाहरू नै प्राप्त गर्न सक्नेछ । हातगोडा धोएर, आसनमा बसेर आचमन गर्नुपर्छ। त्यसपछि मौनभावले रहेर सबैतिरबाट आफ्नो रक्षा गर्नुपर्छ। पूर्व दिशातर्फ मुख पारेर स्वस्तिकासन या पद्मासन बाँधेर स्थिर भई बस्ने र नाभीका मध्यभागमा

यं बीजं नाभिमध्यस्थं धूम्रं चण्डानिलात्मकम् ।२।
विशेषयेदशेषं तु ध्यायेत् कायात्तु कल्मषम् ।
क्षौं हृत्पङ्कजमध्यस्थं बीजं तेजोनिधिं स्मरन् ।३।
अधोर्ध्वतिर्यग्गाभिस्तु ज्वालाभिः कल्मषं दहेत् ।
शशाङ्काकृतिवद्ध्यायेदम्बरस्थं सुधाम्बुभिः ।४।
हृत्पद्मव्यापिभिर्देहं स्वकमाप्लावयेत्सुधीः ।
सुषुम्नायोनिमार्गेण सर्वनाडीविसर्पिभिः ।५।
शोधयित्वा न्यसेत्तत्त्वं करशुद्धिरथास्त्रकम् ।
व्यापकं हस्तयोरादौ दक्षिणाङ्गुष्ठतोऽङ्गकम् ।६।
मूलं देहे द्वादशाङ्गं न्यसेन्मन्त्रैर्द्विषट्ककैः ।
हृदयं च शिरश्चैव शिखा वर्म्मास्त्रलोचने ।७।
उदरं च तथा पृष्ठं बाहूरु जानुपादकम् ।
मुद्रां दत्त्वा स्मरेद्विष्णुं जप्त्वाष्टशतमर्चयेत् ।८।
वामे तु वर्द्धनीं न्यस्य पूजाद्रव्यं तु दक्षिणे ।
प्रक्षाल्यास्त्रेण चार्घ्येऽण गन्धपुष्पान्विते न्यसेत् ।९।
चैतन्यं सर्वगं ज्योतिरष्टजप्तेन वारिणा ।
फडन्तेन तु संसिच्य हस्ते ध्यात्वा हरिं परे ।१०।
धर्मं ज्ञानं च वैराग्यमैश्वर्य्यं वह्निदिङ्मुखान् ।
अधर्मादीनि गात्राणि पूर्वादौ योगपीठके ।११।
कूर्मं पीठे ह्यनन्तं च यमं सूर्य्यादिमण्डलम् ।
विमलाद्याः केसरस्थानुग्रहाः कर्णिकास्थिताः ।१२।
पूर्वं स्वहृदये ध्यात्वा आवाह्यार्चेच्च मण्डले ।
अर्घ्यं पाद्यं तथाचामं मधुपर्क्कं पुनश्च तत् ।१३।
स्नानं वस्त्रोपवीतं च भूषणं गन्धपुष्पकम् ।
धूपदीपनैवेद्यानि पुण्डरीकाक्षविद्यया ।१४।
यजेदङ्गानि पूर्वादौ द्वारि पूर्वे परेऽण्डजम् ।
दक्षे चक्रं गदां सौम्यकोणे शङ्खं धनुर्न्यसेत् ।१५।

स्थिति धुवाँको वर्ण भएका प्रचण्ड वायुरूपी यं बीजको चिन्तन गर्दै आफ्ना शरीरबाट सम्पूर्ण पापहरूलाई भावनात्मक रूपले पृथक् गर्नुपर्छ । त्यसपछि हृदयकमलका मध्यभागमा स्थित तेजको राशिरूपी क्षौं बीजको ध्यान गर्दै माथि, तल र वरिपरि फैलिएका अग्निको प्रचण्ड ज्वालाहरूले त्यस पापलाई डढाउनुपर्छ । त्यसपछि बुद्धिमान् पुरुषले आकाशमा रहेका चन्द्रमाको आकृतिजस्तै कुनै शान्त ज्योतिलाई ध्यान गर्नुपर्छ र त्यसबाट प्रवाहित हुँदै हृदयकमलमा व्याप्त हुने सुधामय सलिलका धाराहरू, जो सुषुम्ना योनीका मार्गबाट शरीरका सबै नाडीहरूमा फैलँदै हुन्छन्, तिनैले आफ्नो निष्पाप शरीर आप्लावित गर्नुपर्छ । यस किसिमले शरीरको शुद्धि गरेर तत्त्वहरूको नाश गर्नुपर्छ । त्यसपछि हस्तशुद्धि गर्नुपर्छ । यसका लागि पहिले दुवै हातमा अस्त्र एवं व्यापक मुद्रा बनाउनुपर्छ र दाहिने हातको बुढीऔँलाबाट आरम्भ गरेर करतल र करपृष्ठसम्मको न्यास गर्नुपर्छ । त्यसपछि एकएक अक्षरका क्रमले बाह्र अङ्गमा द्वादश अक्षरको मूलमन्त्रले आफ्नो शरीरमा बाह्रपटक मन्त्रवाक्यसहित न्यास गर्नुपर्छ । हृदय, शिर, शिखा, कवच, अस्त्र, नेत्र, उदर, पीठ, बाहु, ऊरु, जानु, पाद यी शरीरका बाह्र स्थान हुन् । यिनैमा द्वादशाक्षरका एकएक वर्णको न्यास गर्नुपर्छ । त्यसपछि मुद्रा समर्पण गरेर भगवान् विष्णुको जप एकसय आठ गर्दै पूजा गर्नुपर्छ । बायाँ भागमा जलपात्र र दाहिने भागमा पूजाका सामान राखेर अस्त्राय फट् भन्ने मन्त्रले त्यसलाई धुनुपर्छ र त्यसपछि गन्ध र पुष्प आदिले युक्त दुई अर्घ्यपात्र राख्नुपर्छ । त्यसपछि हातमा जल लिएर अस्त्राय फट् भन्ने मन्त्रले अभिमन्त्रित गरेर योगपीठमा सेचन गर्नुपर्छ । त्यसका मध्य भागमा सर्वव्यापी चेतन ज्योतिर्मय परमेश्वर श्रीहरिको ध्यान गरेर त्यसै योगपीठमाथि पूर्व आदि दिशाहरूलाई क्रमशः धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य, अग्नि आदि दिक्पाल तथा अधर्म आदि विग्रहको स्थापन गर्नुपर्छ । उसै पीठमाथि कच्छप, अनन्त, पद्म, सूर्य आदि मण्डल र विमला आदि शक्तिहरूलाई कमलको केसरका रूपमा र ग्रहहरूलाई कर्णिकामा स्थापना गर्नुपर्छ । पहिले आफ्ना हृदयमा ध्यान गर्नुपर्छ । त्यसपछि मण्डलमा आह्वान गरेर पूजन गर्नुपर्छ । क्रमशः अर्घ्य, पाद्य, आचमन, मधुपर्क, स्नान, वस्त्र, यज्ञोपवीत, आभूषण, गन्ध, पुष्प, धुप, दीप र नैवेद्य आदि सबै पुण्डरीकाक्ष विद्याका मन्त्रले अर्पण गर्नुपर्छ । मण्डलका पूर्व आदि द्वारहरूमा भगवान्‌को विग्रहको सेवामा रहने पार्षदहरूको पूजा गर्नुपर्छ । पूर्वका ढोकामा गरुड, दक्षिणढोकामा चक्र, उत्तरढोकामा गदा र ईशान तथा अग्निकोणमा शङ्ख एवं धनुषको स्थापना गर्नुपर्छ ।

देवस्य वामतो दक्षे चेषुधी खड्गमेव च ।
वामे चर्म्म श्रियं दक्षे पुष्टिं वामेऽग्रतो न्यसेत् ।१६ ।
वनमालां च श्रीवत्सकौस्तुभौ दिक्पतीन्बहिः ।
स्वमन्त्रैः पूजयेत्सर्वान्विष्णोरर्घोऽवसानतः ।१७।
व्यस्तेन च समस्तेन अङ्गैर्बीजेन वै यजेत् ।
जप्त्वा प्रदक्षिणीकृत्य स्तुत्वार्घ्यं च समर्प्य च ।१८।
हृदये विन्यसेद्ध्यात्वा अहं ब्रह्म हरिस्त्विति ।
आगच्छावाहने योज्यं क्षमस्वेति विसर्जने ।१९।
एवमष्टाक्षराद्यैश्च पूजां कृत्वा विमुक्तिभाक् ।
एकमूर्त्यर्च्चनं प्रोक्तं नवव्यूहार्च्चनं शृणु ।२०।
अङ्गुष्ठकद्वये न्यस्य वासुदेवं बलादिकान् ।
तर्ज्जन्यादौ शरीरेऽथ शिरोललाटवक्त्रके ।२१।
हृन्नाभिगुह्यजान्वङ्घ्रौ मध्ये पूर्वादिकं यजेत् ।
एकपीठं नवव्यूहं नवपीठं च पूर्ववत् ।२२।
नवाब्जे नवमूर्त्या च नवब्यूहं च पूर्ववत् ।
पद्ममध्ये च तत्स्थानि वासुदेवं च पूजयेत् ।२३।

भगवान्का बायाँ-दायाँ दुई बाणका ठोक्रा, बायाँ भागमा तरबार र चर्मको ढाल, दाहिने भागमा लक्ष्मी र बायाँ भागमा पुष्टि देवीको स्थापना गर्नुपर्छ। भगवान्का अगाडि वनमाला, श्रीवत्स र कौस्तुभलाई स्थापित गर्नुपर्छ। मण्डलका भित्रपट्टि र बाहिर स्थापित गरिएका सबै देवताहरूलाई उनैका नाममन्त्रले पूजा गर्नुपर्छ। सबैका अन्त्यमा भगवान् विष्णुको पूजा गर्नुपर्छ। अङ्गहरूका साथै पृथक्पृथक् बीजमन्त्रले र सबै बीजमन्त्रलाई एकै साथमा पढेर पनि भगवान्को अर्चना गर्नुपर्छ। मन्त्रजप गरेर भगवान्को परिक्रमा गर्नुपर्छ र स्तुति गरिसकेपछि अर्घ्य समर्पण गरेर हृदयमा भगवान्लाई स्थापना गर्नुपर्छ। त्यसपछि परब्रह्म भगवान् विष्णु म नै हुँ भन्ने ध्यान गर्नुपर्छ। भगवान्लाई आह्वान गर्दाको समयमा 'आगच्छ' भन्ने मन्त्र पढ्नुपर्छ र विसर्जनका समयमा 'क्षमस्व' भन्ने अनुनय गर्नुपर्छ। यसै किसिमले अष्टाक्षर आदि मन्त्रले पूजा गरेर मानिस मोक्षको भागी हुन्छ। यो भगवान्को एक विग्रहको पूजन बताइएको हो। अब नौ व्यूहको पूजनविधि सुनौँ। दुवै औँठा र तर्जनी आदिमा वासुदेव, बलभद्र आदिलाई न्यास गर्नुपर्छ। त्यसपछि शरीरमा अर्थात् शिर, ललाट, मुख, हृदय, नाभी, गुह्य अङ्ग, जानु र चरण आदि अङ्गको न्यास गर्नुपर्छ। त्यसपछि मध्य एवं पूर्व आदि दिशाहरूको पूजन गर्नुपर्छ। यसै गरी एक पीठमा एक व्यूहका क्रमले पूर्ववत् नौ व्यूहहरूका लागि पीठहरूको स्थापना गर्नुपर्छ। नौ कमलहरूमा नौवटा मूर्तिहरूले नौ व्यूहहरूको पूजा गर्नुपर्छ। कमलका मध्यभागमा जुन भगवान्को स्थान हुन्छ, त्यसमा वासुदेवको पूजा गर्नुपर्छ।१-२३।

२४. चतुर्विंशोऽध्यायः
कुण्डनिर्माण

नारद उवाच

अग्निकार्य्यं प्रवक्ष्यामि येन स्यात्सर्वकाम भाक् ।
चतुरभ्यधिकं विंशमङ्गुलं चतुरस्त्रकम् ।१।
सूत्रेण सूत्रयित्वा तु क्षेत्रं तावत्खनेत्समम् ।
खातस्य मेखलाः कार्य्यास्त्यक्त्वा चैवाङ्गुलद्वयम् ।२।
सत्त्वादिसंज्ञाः पूर्वास्था द्वादशाङ्गुलमुच्छ्रिताः ।
अष्टाङ्गुला द्व्यङ्गुलाथ चतुरङ्गुलविस्तृता ।३।

नारदले भने— हे महर्षिहरू हो ! अब म अग्निसम्बन्धी कार्यको वर्णन गर्दछु र यसबाट मानिस सम्पूर्ण मनोवाञ्छित वस्तुहरूको भागी हुनेछ। चौबीस अङ्गुलको चारकुने भूमि धागोले नापेर चिह्न लगाउनुपर्छ। त्यसपछि त्यस क्षेत्रलाई सबैतिरबाट समान रूपमा खन्नुपर्छ। दुई अङ्गुल भूमि चारैतिर छोडेर कुण्डको मेखला बनाउनुपर्छ। मेखलाहरू तीन हुने गर्दछन् र तिनीहरू सत्व, रज र तम नामका हुन्छन्। तिनको मुख पूर्व अर्थात् बाह्य दिशातर्फ हुनुपर्छ। मेखलाहरूको अधिकतम उचाइ बाह्र अङ्गुल नै राख्नुपर्छ, अर्थात् भित्रीतर्फबाट पहिलो मेखलाको उचाइ बाह्र अङ्गुल हुनुपर्छ। यसको चौडाइ क्रमशः आठ, दुई र चार अङ्गुलको हुन्छ। योनी सुन्दर बनाउनुपर्छ। त्यसको लम्बाइ दस अङ्गुलको

योनिर्द्दशाङ्गुला रम्या षट्चतुर्द्व्यङ्गुलाग्रगा ।
क्रमान्निम्ना तु कर्त्तव्या पश्चिमाशाव्यवस्थिता ।४।
अश्वत्थपत्रसदृशी किञ्चित्कुण्डे निवेशिता ।
तुर्याङ्गुलायतं नालं पञ्चदशाङ्गुलायतम् ।५।
मूलन्तु त्र्यङ्गुल योन्या अग्रं तस्याः षडङ्गुलम् ।
लक्षणं चैकहस्तस्य द्विगुणं द्विकरादिषु ।६।
एकत्रिमेखलं कुण्डं वर्तुलादि वदाम्यहम् ।
कुण्डार्द्धे तु स्थितं सूत्रं कोणे यदतिरिच्यते ।७।
तदर्द्धं दिशि संस्थाप्य भ्रामितं वर्त्तुलं भवेत् ।
कुण्डार्द्धं कोणभागार्द्धं दिशि चोत्तरतो बहिः ।८।
पूर्वपश्चिमतो यत्नाल्लाञ्छयित्वा तु मध्यतः ।
संस्थाप्य भ्रामितं कुण्डमर्द्धचन्द्रं भवेच्छुभम् ।९।
पद्माकारे दलानि स्युर्मेखलायां तु वर्त्तुते ।
बाहुदण्डप्रमाणन्तु होमार्थं कारयेत्स्रुचम् ।१०।
सप्तपञ्चाङ्गुलं वापि चतुरस्त्रं तु कारयेत् ।
त्रिभागेन भवेद्गर्त्तं मध्ये वृत्तं सुशोभनम् ।११।
तिर्य्यगूर्ध्वं समं खाताद्बहिरर्द्धं तु शोधयेत् ।
अङ्गुलस्य चतुर्थांशं शेषार्द्धार्द्धं तथान्ततः ।१२।
खातस्य मेखलां रम्यां शेषार्द्धेन नु कारयेत् ।
कण्ठं त्रिभागविस्तारमङ्गुष्ठकसमायतम् ।१३।
सार्द्धमङ्गुष्ठकं वा स्यात्तदग्रे तु मुखं भवेत् ।
चतुरङ्गुलविस्तारं पञ्चाङ्गुलमथापि वा ।१४।

होस् । त्यसका अघिल्ला तर्फका भागहरू क्रमशः छ, चार र दुई अङ्गुल उच्च हुनुपर्छ अर्थात् त्यसको पछिल्लो भाग छ अङ्गुल, त्यसभन्दा अघिल्लो भाग चार अङ्गुल र त्यसभन्दा पनि अघिल्लो भाग दुई अङ्गुल उचाइको हुनुपर्छ। योनीको स्थान कुण्डका पश्चिम दिशाको मध्य भाग हो । त्यसलाई अगाडितर्फ क्रमशः होचो पार्नुपर्छ। त्यसको आकृति पीपलको पातजस्तै हुनुपर्छ। त्यसका कुनै भाग कुण्डमा पसेको हुनुपर्छ। योनीको आयाम चार अङ्गुलको होस् र नाल पन्ध्र अङ्गुल ठूलो हुनुपर्छ। योनीको मूल भाग तीन अङ्गुल र त्यसभन्दा अगाडिको भाग छ अङ्गुल फराकिलो होस् । यसको लम्बाइचौडाइ एक हात फराकिलो कुण्डको लक्षणको हुनुपर्ने बताइएको छ। दुई हात या तीन हातका कुण्डमा नियमानुसार सबै वस्तुहरू त्यसैअनुसार दुई गुना या तीन गुना बढ्दछ । अब म एक या तीन मेखला भएको गोल र अर्धचन्द्राकार कुण्डको वर्णन गर्दछु। चारकुने कुण्डको आधा भाग, अर्थात् ठीक माझका भागमा धागो राखेर त्यसलाई कुनै कोणको सीमासम्म लैजाऊँ, मध्य भागबाट कोणसम्म लैजाँदा सामान्य दिशाका तुलनामा त्यो धागो जति लामो हुन्छ त्यसको आधा भाग प्रत्येक दिशामा बढाएर स्थापित गरौँ र मध्यस्थानबाट उनै विन्दुहरूमाथि धागोलाई सबैतिरबाट घुमायौँ भने गोलाकार बन्दछ । कुण्डको आधाभन्दा बढी भएको जुन कोणको आधा भाग हुन्छ, त्यसलाई उत्तर दिशामा बढाऔँ र उसैको सिधा पूर्व र पश्चिममा पनि बाहिरतिर यत्नपूर्वक बढाएर चिनो लगाऔँ। त्यसपछि मध्यस्थानमा धागाको एउटा टुप्पो राखेर अर्को टुप्पो पूर्व दिशातर्फका चिह्नमा राखौँ र त्यसलाई दक्षिणतिरबाट घुमाउँदै पश्चिम दिशाको चिह्नसम्म लैजाऔँ । यसबाट अर्धचन्द्राकार चिह्न बन्दछ। त्यसपछि त्यस क्षेत्रलाई खन्दा सुन्दर अर्धचन्द्राकार कुण्ड तयार हुनेछ । कमलको आकृति भएका गोल कुण्डका मेखलामाथिदलको आकारका चिह्न बनाऔँ। होमका लागि एक सुन्दर स्रुक् तयार गरौँ र त्यो आफ्नै बाहुदण्ड बराबरको हुनुपर्छ। त्यस दण्डको मूल भाग चारपाटे होस्। त्यसको माप सात या पाँच अङ्गुलको हुनुपर्छ भनिएको छ । त्यस चतुरस्रको एकतिहाइ भागलाई कपेर खाल्टो बनाउनुपर्छ। त्यसका मध्यभागमा उत्तम शोभायमान वृत्त हुनुपर्छ। त्यस गर्तको तलबाट माथिसम्म र छेउछाउमा कप्न लगाउनुपर्छ । बाहिरको आधा भाग ताछेर सफा गराउनुपर्छ। चारैतिर चौथाइ अङ्गुल, शेषको आधा भागजति नै भित्रबाट ताछेर सफा बनाउन लगाउनुपर्छ । शेष आधा भागले उक्त खाडलको मेखला बनाउनुपर्छ। मेखलाको भित्री भागमा त्यस खाडलको कण्ठ तयार गराउनुपर्छ र त्यसको सम्पूर्ण विस्तार मेखलाको तीन चौथाइबराबर होस्। कण्ठको

त्रिकं द्व्यङ्गुलकं तत्स्यान्मध्यं तस्य सुशोभनम् ।
आयामस्तत्समस्तस्य मध्यनिम्नः सुशोभनः ।१५।
सुशिरं कण्ठदेशे स्याद्विशेद्यावत्कनीयसी ।
शेषं कुण्डं तु कर्त्तव्यं यथारुचि विचित्रितम् ।१६।
स्रुवन्तु हस्तमात्रं स्याद्दण्डकेन समन्वितम् ।
वटुकं द्व्यङ्गुलं वृत्तं कर्त्तव्यं तु सुशोभनम् ।१७।
गोपदं तु यथा मग्नमल्पपङ्के तथा भवेत् ।
उपलिप्य लिखेद्रेखामङ्गुलां वज्रनासिकाम् ।१८।
सौम्याग्रा प्रथमा तस्यां रेखे पूर्वमुखे तयोः ।
मध्ये तिस्रस्तथा कुर्याद्दक्षिणादिक्रमेण तु ।१९।
एवमुल्लिख्य चाभ्युक्ष्य प्रणवेन तु मन्त्रवित् ।
विष्टरं कल्पयेत्तेन तस्मिञ्शक्तिन्तु वैष्णवीम् ।२०।
अलङ्कृत्वा मूर्त्तिमतीं क्षिपेदग्निं हरिं स्मरन् ।
प्रादेशमात्राः समिधो दत्त्वा परिसमुह्य तम् ।२१।
दर्भैस्त्रिधा परिस्तीर्य पूर्वादौ तत्र पात्रकम् ।
आसादयेदिध्मवह्नी भूमौ च स्रुक्स्रुवद्वयम् ।२२।
आज्यस्थालीं चरुस्थालीं कुशाज्यं च प्रणीतया ।
प्रोक्षयित्वा प्रोक्षणीं च गृहीत्वापूर्य्य वारिणा ।२३।
पवित्रान्तर्हिते हस्ते परिस्राव्य च तज्जलम् ।
प्राङ्नीत्वा प्रोक्षणीपात्रं ज्योतिरग्रे निधाय च ।२४।
तदद्भिस्त्रिश्च सम्प्रोक्ष्य इध्मं विन्यस्य चाग्रतः ।
प्रणीतायां सपुष्पायां विष्णुं ध्यात्वोत्तरेण च ।२५।

चौडाइ एक या डेढ अङ्गुलजतिको हुनुपर्छ। त्यस्तो स्रुकका अग्रभागमा त्यसको मुख राख्नुपर्छ र मुखको विस्तार चार या पाँच अङ्गुल जतिको हुनुपर्छ। मुखको मध्य भाग तीन या दुई अङ्गुलको होस्। त्यसलाई सुन्दर एवं शोभायमान बनाउनुपर्छ। त्यसको लम्बाइ पनि चौडाइकै बराबर हुनुपर्छ। त्यस मुखका मध्य भाग गहिरो र अति सुन्दर हुनुपर्छ। स्रुक्को कण्ठभागमा एउटा यस्तो प्वाल हुनुपर्छ, जसबाट कान्छीऔँलो छिर्न सक्नुपर्छ। कुण्डको शेष भाग आफ्नै रुचिको अनुसार विचित्र शोभासम्पन्न हुनुपर्छ। स्रुक्बाहेक अर्को एउटा स्रुवा (सुरो) पनि हुनुपर्छ र त्यसको लम्बाइ दण्डसहित एक हातको होस्। त्यसको डन्डी गोलो बनाउनुपर्छ। त्यस गोलो डन्डीको मोटाइ दुई अङ्गुलको होस्। त्यसलाई अति राम्रो पारेको हुनुपर्छ। स्रुवाको मुख भाग कस्तो हुनुपर्छ भन्दा यसका विषयमा यसो भनिन्छ कि अलिकति हिलोमा गाई वा बाछाको खुट्टो पर्दा जस्तो पाइलाको खोपिल्टो बन्छ, ठीक उस्तै स्रुवाको मुख बनाउनुपर्छ। अर्थात् त्यसको मुखको मध्य भाग दुई भागमा विभक्त रहोस्। उपर्युक्त अग्निकुण्डलाई गोबरले लिपेर त्यसैका भित्रको भुइँका बीचमा एक अङ्गुल मोटो एउटा रेखा तानौँ र त्यो दक्षिणबाट उत्तरतर्फ गएको होस्। त्यस रेखालाई वज्र भन्ने नाम दिइएको छ। त्यस पहिलो उत्तराग्र रेखाको उत्तर र दक्षिण छेउमा दुईवटा पूर्वाग्र रेखा तानौँ। यी दुवै रेखाहरूका बीचमा फेरि अरू तीनवटा पूर्वाग्र रेखाहरू तानौँ। यिनीहरूमध्ये पहिलो रेखा दक्षिण भागमा होस् र शेष दुई क्रमशः त्यसका उत्तरोत्तरमा रहून्। मन्त्रज्ञ पुरुषले यस किसिमको रेखाङ्कन गरेर त्यस भूमिलाई अभ्युक्षण गरून्। त्यसपछि प्रणवको उच्चारण गर्दै भावनात्मक रूपमा एउटा आसनको कल्पना गरेर त्यसमाथि वैष्णवी शक्तिलाई आह्वान एवं स्थापन गरून् ।१-२०।

देवीका स्वरूपलाई ती दिव्य रूपकी छिन् र दिव्य वस्त्राभूषणले विभूषित छिन् भन्ने किसिमले ध्यान गर्नुपर्छ। त्यसपछि देवीलाई सन्तुष्ट गर्नका लागि अग्निदेवताका रूपमा साक्षात् हरि आएका छन् भन्ने चिन्तन गर्नुपर्छ। साधकले अग्निलाई कुण्डभित्र स्थापना गरून्। त्यसपछि त्यस अग्निमा नाम मात्रैको अलिकति समिधा हालेर कुशले तीनपटक परिसमूहन गर्नुपर्छ। त्यसपछि पूर्व आदि सबै दिशाहरूमा कुश ओछ्याएर अग्निभन्दा उत्तर दिशामा पश्चिमबाट प्रारम्भ गरेर क्रमशः पूर्वा दिशामा पनि पात्रासन गर्नुपर्छ। समिधा, कुश, स्रुक्, स्रुवा, आज्यस्थाली, चरुस्थाली र कुशाच्छादित घिउ आदि वस्तुहरू राख्नुपर्छ। त्यसपछि प्रणीतालाई अगाडि राखेर त्यसमा जल भर्नुपर्छ र कुशले प्रणीताको जल लिएर प्रोक्षणी पात्रलाई प्रोक्षण गर्नुपर्छ। त्यसपछि त्यसलाई बायाँ हातमा

आज्यस्थालीमथाज्येन सम्पूर्य्याग्रे निधाय च ।
संप्लवोत्प्लवनाभ्यां तु कुर्यादाज्यस्य संस्कृतिम् ।२६।
अखण्डिताग्रौ निर्गर्भौ कुशौ प्रादेशमात्रकौ ।
ताभ्यामुत्तानपाणिभ्यामङ्गुष्ठानामिकेन तु ।२७।
आज्यं तयोस्तु सङ्गृह्य द्विर्नीत्वा त्रिरवाङ्क्षिपेत् ।
स्रुक्स्रुवौ चापि सङ्गृह्य ताभ्यां प्रक्षिप्य वारिणा ।२८।
प्रतप्य दर्भैः सम्मृज्य पुनः प्रक्षाल्य चैव हि ।
निष्टप्य स्थापयित्वा तु प्रणवेनैव साधकः ।२९।
प्रणवादिनमोऽन्तेन पश्चाद्धोमं समाचरेत् ।
गर्भाधानाविकर्माणि यावदंशव्यवस्थया ।३०।
नामान्तं व्रतबन्धान्तं समावर्त्तावसानकम् ।
अधिकारावसानं वा कुर्य्यादङ्गानुसारतः ।३१।
प्रणवेनोपचारं तु कुर्य्यात्सर्वत्र साधकः ।
अङ्गैर्होमस्तु कर्त्तव्यो यथावित्तानुसारतः ।३२।
गर्भाधानं तु प्रथमं ततः पुंसवनं स्मृतम् ।
सीमन्तोन्नयनं जातकर्म नामान्नप्राशनम् ।३३।
चूडाकृतिं व्रतबन्धं वेदव्रतान्यशेषतः ।
समावर्त्तनं पत्न्या च योगश्चाथाधिकारकः ।३४।
हृदादिक्रमतो ध्यात्वा एकैकं कर्म पूज्य च ।
अष्टावष्टौ तु जुहुयात्प्रतिकर्माहुतीः पुनः ।३५।
पूर्णाहुतिं ततो दद्यात्स्रुचा मूलेन साधकः ।
वौषडन्तेन मन्त्रेण प्लुतं सुस्वरमुच्चरन् ।३६।

लिएर दाहिने हातमा लिइएका प्रणीतालाई जलले भर्नुपर्छ। प्रणीता र हातका बीचमा पवित्रीको अन्तर हुनुपर्छ। प्रोक्षणीमा झार्दाखेरि प्रणीताको जल भुइँमा खस्न दिनुहुँदैन। प्रोक्षणीमा अग्निदेवताको ध्यान गरेर त्यसलाई कुण्डका योनीका नजिक आफ्ना सामु राख्नुपर्छ। त्यसपछि त्यही प्रोक्षणीका जलले वस्तुहरूलाई तीनपटक सेचन गरेर समिधाको जुइनो खुकुल्याउँदै बिटो खोलेर अगाडि राख्नुपर्छ। प्रणीतापात्रमा पुष्प हालेर त्यसमा भगवान् विष्णुको ध्यान गर्दै त्यसलाई अग्निको उत्तर दिशामा कुशमाथि स्थापित गर्नुपर्छ। त्यसपछि घिउले आज्यस्थाली भरेर आफ्ना अगाडि राख्नुपर्छ। अति त्यसलाई आगोमा सेकाएर सम्प्लवन र उत्प्लवनका क्रियाले घिउलाई चोख्याउनुपर्छ। दुई औँलोले च्याप्न मिल्ने लम्बाइ भएको कुश हातमा लिनुपर्छ। त्यसको टुप्पो भाँचिएको हुनु हुँदैन र त्यसका फेदमा कुशको अर्को मुना पलाएको पनि हुनु हुँदैन। दुवै हात उत्तानो पारेर राख्नुपर्छ र हातका बुढीऔँला र कान्छीऔँलाले ती कुशलाई समाइराख्नुपर्छ। त्यसै गरी ती कुशले घिउ अलिअलि गर्दै उठाएर तीनपटक मास्तिर छ्याप्नुपर्छ। बल्दै गरेको घाँसको त्यान्द्रो आदि लिएर घिउलाई हेर्नुपर्छ र त्यसमा कुनै नकामको वस्तु परेछ भने निकाल्नुपर्छ। त्यसपछि सिन्को आगामा फ्याँकेर त्यस घिउलाई आगोबाट तल ओराली अगाडि राख्नुपर्छ। त्यसपछि स्रुक् र स्रुवा लिएर तिनैले होमसम्बन्धी कार्य गर्नुपर्छ। पहिले जलले घिउलाई धुनुपर्छ। त्यसपछि आगामा सेकाएर सफा कुशले त्यसलाई छान्नुपर्छ। त्यसपछि फेरि तिनलाई पानीले धोएर आगोमा सेकाउनुपर्छ र आफ्ना दाहिने हातमा राख्नुपर्छ। त्यसपछि साधकले प्रणवद्वारा वा देवताको नामअघि प्रणव र अन्त्यमा नमः भन्ने पद थप्दै उच्चारण गरेर होम गर्नुपर्छ। हवनभन्दा पहिले अग्निको गर्भाधानदेखि लिएर सम्पूर्ण संस्कार होउन्जेलसम्म अङ्गव्यवस्थाकै अनुसार सम्पन्न गर्नुपर्छ। मतान्तरका अनुसार नामान्तव्रत, व्रतबन्धान्तव्रत, समावर्तनान्त अथवा यज्ञाधिकारान्त संस्कार अङ्गकै अनुसार गर्नुपर्छ। साधकले सर्वत्र प्रणवको उच्चारण गर्दै पूजनोपचार अर्पित गर्नुपर्छ र आफ्नै वैभवअनुसार प्रत्येक संस्कारका लागि अङ्गसम्बन्धी मन्त्रले होम गर्नुपर्छ। पहिलो गर्भाधान संस्कार हो, दोस्रो पुंसवन, तेस्रो सीमन्तोनयन, चौथो जातकर्म, पाँचौँ नामकरण, छैटौँ चूडाकरण, सातौँ व्रतबन्ध, आठौँ वेदारम्भ, नवौँ समावर्तन हुन् र दसौँ पत्नीसंयोग संस्कार हो; यसैले यज्ञका लागि अधिकार पनि प्रदान गर्दछ। क्रमशः एकएक संस्कारकर्मको चिन्तन र त्यसैअनुरूप पूजन गर्दै हृदय आदि अङ्गमा मन्त्रद्वारा प्रत्येक कर्मका लागि आठआठ आहुतिहरू अर्पित गर्नुपर्छ। त्यसपछि साधकले मूलमन्त्रद्वारा स्रुवाले

विष्णोर्वह्निन्तु संस्कृत्य श्रपयेद्वैष्णवञ्चरुम् ।
आराध्य स्थण्डिले विष्णुं मन्त्रान्संस्मृत्य संश्रपेत् ।३७।
आसनादिक्रमेणैव साङ्गावरणमुत्तमम् ।
गन्धपुष्पैः समभ्यर्च्य ध्यात्वा देवं सुरोत्तमम् ।३८।
आधायेध्ममथाघारावाज्यावग्नीशसंस्थितौ ।
वायव्यनैर्ऋताशादिप्रवृत्तौ तु यथाक्रमम् ।३९।
आज्यभागौ ततो हुत्वा चक्षुषी दक्षिणोत्तरे ।
मध्येऽथ जुहुयात्सर्वमन्त्रैरर्च्चाक्रमेण तु ।४०।
आज्येन तर्पयेन्मूर्त्ते दशांशेनाङ्गहोमकम् ।
शतं सहस्रं वाजघैः समिद्भिर्वा तिलैः सह ।४१।
समाप्याच्चर्चान्तु होमान्तां शुचीञ्छिष्यानुपोषितान् ।
आहुयाग्रे निवेश्याथ ह्यस्त्रेण प्रोक्षयेत्पशून् ।४२।
शिष्यानात्मनि संयोज्य अविद्याकर्मबन्धनैः ।
लिङ्गानुवृत्तं चैतन्यं सह लिङ्गेन पाशितम् ।४३।
ध्यानमार्गेण सम्प्रोक्ष्य वायुबीजेन शोधयेत् ।
ततो दहनबीजेन सृष्टिं ब्रह्माण्डसंज्ञिकाम् ।४४।
निर्दग्धां सकलां ध्यायेद्भस्मकूटनिभस्थिताम् ।
प्लावयेद्वारिणा भस्म संसारं वार्मयं स्मरेत् ।४५।
तत्र शक्तिं न्यसेत्पश्चात् पार्थिवीं बीजसञ्जिकाम् ।
तन्मात्राभिः समस्ताभिः संवृत्तं पार्थिवं शुभम् ।४६ ।
अखण्डं तद्भवं ध्यायेत्तदाधारं तदात्मकम् ।
तन्मध्ये चिन्तयेन्मूर्त्तिं पौरुषीं प्रणवात्मिकाम ।४७।

पूर्णाहुति दिनुपर्छ । त्यस बेला मन्त्रका अन्त्यमा वौषट् पद लगाएर प्लुतस्वरमा सुस्पष्ट मन्त्र उच्चारण गर्नुपर्छ । यस किसिमले वैष्णवले अग्निको संस्कार गरेपछि त्यसमाथि विष्णुदेवताको निमित्त चरु पकाउनुपर्छ । वेदीमा भगवान् विष्णुलाई स्थापना गरी आराधना गर्दै मन्त्रहरूको स्मरणका साथ उनको पूजा गर्नुपर्छ । अङ्ग र आवरण देवताहरूका साथ इष्टदेवता श्रीहरिलाई आसन आदि उपचार अर्पित गर्दै उत्तम रीतिले पूजा गर्नुपर्छ । त्यसपछि गन्धपुष्पद्वारा अर्चना गरेर सुरश्रेष्ठ नारायणको ध्यान गर्दा अनन्तर अग्निमा समिधा हाल्नुपर्छ र अग्नीश्वर श्रीहरिका नजिकै आघार नामका दुई घृताहुति दिनुपर्छ। यिनीहरूमा एउटा वायव्य कोणमा दिनुपर्छ र अर्को नैर्ऋत्य कोणमा। यिनको क्रम यही नै हो। त्यसपछि आज्यभाग नामका दुई आहुति क्रमशः दक्षिण र उत्तर दिशामा दिनुपर्छ र तिनमा अग्निदेवताका दायाँबायाँ नेत्रको ध्यान गर्नुपर्छ । शेष सबै आहुतिहरू यिनीहरूकै बीचमा मन्त्रको उच्चारण गर्दै दिनुपर्छ। जुन क्रमले देवताहरूको पूजा गरिएको हुन्छ, उसै क्रमले उनका लागि आहुति पनि दिनुपर्छ भन्ने विधान छ। घिउले इष्टदेवताको मूर्तिलाई सन्तुष्ट गराउनुपर्छ। इष्टदेवतासम्बन्धी हवन सङ्ख्याको तुलनामा दस अंशले अङ्ग देवताहरूलाई होम गर्नुपर्छ । घिउ आदिले, समिधाले अथवा घिउमा मुछिएका तिलले सधैँ यजनीय देवताहरूका लागि एकएक हजार या एकएक सय आहुति दिनुपर्छ। यस किसिमले होमान्त पूजन समाप्त गरेर स्नानादिले शुद्ध भएका शिष्यहरूले गुरुलाई बोलाएर आफ्ना अगाडि बसाउनुपर्छ । ती सबै शिष्यले उपवास व्रत गरेको हुनुपर्छ। उनीहरू पाशले बाँधिएको पशु मुक्त भएको भावना हुनुपर्छ।२१-४२।

त्यसपछि ती सबै शिष्यहरूलाई भावनाद्वारा आफ्ना आत्मासित संयुक्त गराएर अविद्या र कर्मका बन्धनसित आबद्ध लिङ्गशरीरलाई अनुवर्तन गराउने चैतन्यको र जुन लिङ्गशरीरसित आबद्ध भएको छ, त्यसलाई पनि ध्यानमार्गले साक्षात्कार गरेर त्यसलाई उचित रूपमा प्रोक्षण गरिसकेर वायुबीजले उनको शरीरलाई शोषण गराउनुपर्छ । त्यसपछि अग्निबीजका चिन्तनले अग्नि प्रकट गरेर ब्रह्माण्ड संज्ञक सबै सृष्टि दग्ध भएको र भस्मको पर्वताकार डङ्गुर ठडिएको चिन्तन गर्नुपर्छ । त्यसपछि भावनाले नै जलबीजको चिन्तन गरेर त्यस भस्मराशिलाई बगाइदिनुपर्छ र संसार अब वाणीमा मात्रै शेष रहेको छ भन्ने स्मरण गर्नुपर्छ । त्यसपछि त्यहाँ बीजस्वरूप भगवान्को पार्थिव शक्तिको न्यास गर्नुपर्छ । अनि ध्यानद्वारा समस्त तन्मात्राहरूले आवृत्त शुभ पार्थिवतत्त्व विराजमान भएको छ भन्ने ध्यानले नै देख्नुपर्छ । त्यसैबाट एउटा अण्ड प्रकट भएको छ र त्यसैमा अडिएर त्यही नै

लिङ्गं सङ्क्रामयेत्पश्चादात्मस्थं पूर्वसंस्कृतम् ।

विभक्तेन्द्रियसंस्थानं क्रमाद् वृद्धं विचिन्तयेत् ।४८।

ततोऽण्डमब्दमेकं तु स्थित्वा द्विशकलीकृतम् ।

द्यावापृथिव्यौ शकले तयोर्मध्ये प्रजापतिम् ।४९।

जातं ध्यात्वा पुनः प्रोक्ष्य प्रणवेन तु संश्रितम् ।

मन्त्रात्मकतनुं कृत्वा यथान्यासं पुरोदितम् ।५०।

विष्णुहस्तं ततो मूर्ध्नि दत्त्वा ध्यात्वा तु वैष्णवम् ।

एवमेकं बहून्वापि जनित्वा ध्यानयोगतः ।५१।

करौ सङ्गृह्य मूलेन नेत्रे बद्ध्वा तु वाससा ।

नेत्रमन्त्रेण मन्त्री तान्सदनेनाहतेन तु ।५२।

कृतपूजो गुरुः सम्यग्देवदेवस्य तत्त्ववान् ।

शिष्यान्पुष्पाञ्जलिभृतः प्राङ्मुखानुपवेशयेत् ।५३।

अर्च्चयेयुश्च तेऽप्येवं प्रसूता गुरुणा हरिम् ।

क्षिप्त्वा पुष्पाञ्जलिं तत्र पुष्पादिभिरनन्तरम् ।५४।

अमन्त्रामर्च्चनं कृत्वा गुरोः पादार्च्चनं ततः ।

विधाय दक्षिणां दद्यात्सर्वस्वं चार्द्धमेव वा ।५५।

गुरुः संशिक्षयेच्छिष्यांस्तैः पूज्यौ नामभिर्हरिः ।

विष्वक्सेनं यजेदीशं शङ्खचक्रगदाधरम् ।५६ ।

तज्जपन्तं च तर्ज्जन्या मण्डलस्थं विसर्जयेत् ।५७।

विष्णुनिर्माल्यमखिलं विष्वक्सेनाय चार्पयेत् ।

प्रणीताभिस्तथात्मानमभिषिच्य च कुण्डगम् ।५८।

वह्निमात्मनि संयोज्य विप्वक्सेनं विसर्जयेत् ।

बुभुक्षुः सर्वमाप्नोति मुमुक्षुर्ल्लीयते हरौ ।५९।

सामग्री पनि भएको छ भन्दै त्यस अण्डभित्र प्रणवस्वरूपको मूर्ति विराजमान छ भनी चिन्तन गर्नुपर्छ। त्यसपछि आफ्ना आत्मामा रहेका पूर्वसंस्कृत लिङ्गशरीरलाई उसै पुरुषमा सङ्क्रमण गराउनुपर्छ, अर्थात् आफू उसै लिङ्गपुरुषसित युक्त छु भन्ने भावना हुनुपर्छ। उसका त्यस शरीरमा सबै इन्द्रियहरूको आकार पृथक्पृथक् अभिव्यक्त छन् र त्यो पुरुष क्रमशः बढ्दै पुष्ट हुँदै छ भन्ने ध्यान गर्नुपर्छ। त्यसपछि ध्यानमा नै त्यो अण्ड एक वर्षसम्म बढेर पुष्ट भयो अनि फुट्यो भन्ने सोच्नुपर्छ। त्यसका दुई टुक्रा भएको सोच्नुपर्छ। त्यसमा माथिल्लो टुक्रो द्युलोक भयो र तल्लो भूलोक भयो। यी दुवैका बीचमा प्रजापति पुरुषको उत्पत्ति भएको ध्यान गर्नुपर्छ। यसरी त्यहाँ उत्पन्न भएका प्रजापतिको ध्यान गरेर पुनः प्रणवले उनै शिशुरूपी प्रजापतिलाई प्रोक्षण गर्नुपर्छ। त्यसपछि यथास्थानमा पूर्वोक्त न्यास गरेर उनका शरीरलाई मन्त्रमय बनाइदिनुपर्छ। उनका माथि विष्णुहस्त राख्नुपर्छ र उनलाई नै वैष्णव मान्नुपर्छ। यसरी एक अथवा धेरै मानिसहरूको जन्मलाई ध्यानले प्रत्यक्ष देख्नुपर्छ। त्यसपछि मन्त्रका साथमा शिष्यका दुवै हात समातेर मन्त्रको उपदेश दिने गुरुले नेत्रमन्त्र वौषट् उच्चारण गर्दै नयाँ र छिद्रविहीन वस्त्रले उनका नेत्र बाँधिदिनुपर्छ। त्यसपछि देवाधिदेव भगवान्को पूजा यथोचित सम्पन्न गरेर तत्त्वज्ञ आचार्यले हातमा पुष्पाञ्जली लिएका ती शिष्यलाई आफ्ना नजिकै पूर्वतिर मुख फर्काएर बसाउनुपर्छ। यस किसिमले गुरुबाट नयाँ दिव्य जन्म पाएका ती शिष्यले श्रीहरिलाई पुष्पाञ्जली अर्पित गरेर पुष्प आदि उपचारले उनको पूजन गर्नुपर्छ। त्यसपछि पुनः वासुदेवको अर्चना गरेर उनले गुरुका चरणको पूजा गर्नुपर्छ। दक्षिणास्वरूपमा उनले आफ्नो सर्वस्व अथवा अधा सम्पत्ति समर्पित गर्नुपर्छ। यसपछि गुरुले शिष्यलाई आवश्यक शिक्षा दिनुपर्छ र शिष्यले नाम मन्त्रले श्रीहरिको पूजन गर्नुपर्छ। त्यसपछि मण्डलमा विराजमान शङ्ख, चक्र र गदा धारण गरेका भगवान् विष्वक्सेनको यजन गर्नुपर्छ, उनैले द्वारपालको रूपमा रहेर तर्जनी अङ्गुलीले मानिसलाई तर्साउँदै खराब काम गर्नबाट जोगाउँदै हुन्छन्। त्यसपछि श्रीहरिको प्रतिमा विसर्जन गर्नुपर्छ। भगवान् विष्णुको सारा निर्माल्य विष्वक्सेनलाई अर्पित गर्नुपर्छ। त्यसपछि प्रणीताको जलले आफ्नो र अग्निकुण्डको अभिषेक गरेर त्यहाँका अग्निदेवतालाई आफ्ना आत्मामा लीन गराउनुपर्छ। त्यसपछि विष्वक्सेनलाई विसर्जन गर्नुपर्छ। यसो गर्नाले भोगको इच्छा गर्ने साधकले सम्पूर्ण मनोवाञ्छित वस्तु पाउँछ र मोक्ष प्राप्त गर्न खोज्ने पुरुष श्रीहरिमा विलीन भएर सायुज्य मोक्ष प्राप्त गर्दछ।४३–५९।

२५. पञ्चविंशोऽध्यायः

वासुदेवादिमन्त्र

नादर उवाच

वासुदेवादिमन्त्राणां पूज्यानां लक्षणं वदे ।
वासुदेवः सङ्कर्षणः प्रद्युन्नश्चानिरुद्धकः ।१।
नमो भगवते चादौ अ आ अं अः सबीजकाः ।
ओङ्काराद्या नमोऽन्ताश्च नमो नारायणस्ततः ।२।
ओं तत्सद् ब्रह्मणे चैव ओं नमो विष्णवे नमः ।
ओं क्षौं ओं नमो भगवते नरसिंहाय वै नमः ।३।
ओं भूर्नमो भगवते वराहाय नराधिपाः ।
जपारुणहरिदाभानीलश्यामललोहिताः ।४।
मेघाग्निमधुपिङ्गाभा वल्लभा नव नायकाः ।
अङ्गानि स्वरबीजानां स्वनामान्तैर्यथाक्रमम् ।५।
हृदयादीनि कल्पेत विभक्तैस्तन्त्रवेदिभिः ।
व्यञ्जनादीनि बीजानि तेषां लक्षणमन्यथा ।६ ।
दीर्घस्वरैस्तु भिन्नानि नमोऽन्तान्तस्थितानि तु ।
अङ्गानि ह्रस्वयुक्तानि उपाङ्गानीति वर्ण्यते ।७।
विभक्तनामवर्णान्तस्थितं बीजान्ममुत्तमम् ।
दीर्घैर्ह्रस्वैश्च संयुक्त साङ्गोपाङ्गस्वरैः क्रमात् ।८।
व्यञ्जनानां क्रमो ह्येष हृदयादिप्रकूप्तये ।
स्वबीजेन स्वनामान्तैर्विभक्तान्यङ्गनाभिः ।९।
युक्तानि हृदयादीनि द्वादशान्तादि पञ्चतः ।
आरभ्य कल्पयित्वा तु जपेत्सिद्ध्यनुरूपतः ।१०।
हृदयं च शिरश्चूडा कवचं नेत्रमस्तकम् ।
षडङ्गानि तु बीजानां मूलस्य द्वादशाङ्गकम् ।११।
कुक्षिश्च शिखा चैव हस्तौ नेत्रे तथोदरम् ।

नारदले भने– हे ऋषिहरू हो ! अब म वासुदेव आदिको आराधनीय मन्त्रको लक्षण बताउँछु । वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध यी चार व्यूहमूर्तिहरूका नामका आदिमा ओं, त्यसपछि क्रमशः अ, आ, अं, अः यी चार बीज तथा नमो भगवते पद जोड्नुपर्छ र अन्त्यमा नमः पदलाई जोड्नुपर्छ । यस्तो गर्नाले यिनीहरूका छुट्टाछुट्टै चार मन्त्र बन्छन् । त्यसपछि नारायण मन्त्र छ, त्यसको रूप ओं नमो नारायणाय भन्ने हो । ओं तत्सद् ब्रह्मणे ओं नमः यो ब्रह्म मन्त्र हो । ओं विष्णवे नमः यो विष्णु मन्त्र हो । ओं क्ष्रौं ओं नमो भगवते नरसिंहाय नमः यो नरसिंह मन्त्र हो । ओं भूर्नमो भगवते वराहाय यो भगवान् वराहको मन्त्र हो । यी सबै नै राजा मन्त्रहरू हुन् । उपर्युक्त नौ मन्त्रहरूका वासुदेव आदि नौ नायक छन् र तिनीहरू नै उपासकका बल्लभ पनि हुन् । यिनको अङ्गकान्ति क्रमशः जवाकुसुमजस्तो अरुण, बेसारजस्तो पहेँलो, नीलो, हरियो, रातो, मेघजस्तो, अग्निजस्तो र महको जस्तो पिङ्गल छन् । तन्त्रवेत्ता पुरुषहरूका स्वरका बीजको सहायताले हृदय आदि पृथक्पृथक् अङ्गको कल्पना गर्नुपर्छ। जसका आदिमा व्यञ्जन अक्षर हुन्छन् तिनको लक्षण नै भिन्नै किसिमको हुन्छ। दीर्घ स्वरको संयोगले उनका रूप भिन्नभिन्न हुन्छन्। उनका अन्त्यमा अङ्गहरूको नाम हुन्छ र ती अङ्गहरूको नामका अन्त्यमा नमः आदि पद जोडिएको हुन्छ। ह्रस्व स्वरले युक्त बीज भएका अङ्गहरूलाई उपाङ्ग भनिन्छ। देवताका नामसम्बन्धी अक्षरहरूलाई पृथक्पृथक् गरेर तिनीहरूमध्येबाट प्रत्येकका अन्त्यमा विन्दु भएका बीजलाई जोडेर त्यसैबाट अङ्गन्यास गर्नु उत्तम हुन्छ भन्ने मानिएको छ। अथवा नामका आदि अक्षरलाई दीर्घ स्वर एवं ह्रस्व स्वरले युक्त गरेर अङ्गउपाङ्गको कल्पना गरौँ र तिनैद्वारा न्यास गरौँ। हृदय आदि अङ्गको कल्पनाका लागि व्यञ्जनहरूको यही क्रम रहेको छ। देवताको मन्त्रको जुन आफ्नै स्वर बीज छ, त्यसका अन्त्यमा उसको आफ्नै नाम दिएर अङ्गसम्बन्धी नामद्वारा पृथक्पृथक् वाक्यरचना गरेर त्यसैसित युक्त हृदय आदि द्वादश अङ्गहरूको कल्पना गर्नुपर्छ। पाँचदेखि लिएर बाह्रसम्मका अङ्गहरूको न्यास वाक्यको कल्पना गरेर सिद्धिकै अनुरूप तिनीहरूको जप पनि गर्नुपर्छ। हृदय, शिर, शिखा, कवच, नेत्र र अस्त्र यी छवटा अङ्ग हुन्। मूल मन्त्रका बीजलाई यी अङ्गहरूमा न्यास गर्नुपर्छ। बाह्र अङ्ग भनेका

पृष्ठबाहूरुजानूंश्च जङ्घा पादौ क्रमान्न्यसेत् ।१२।
कं टं पं शं वैनतेयः खं ठं फं षं गदामनुः ।
गं डं बं सं पुष्टिमन्त्रो घं ढं भं हं श्रियै नमः ।१३।
वं शं मं क्षं पाञ्चजन्यं छं तं पं कौस्तुभाय च ।
जं खं वं सुदर्शनाय श्रीवत्साय सं वं दं चं लं ।१४।
ओं धं बं वनमालायै महानन्ताय वै नमः ।
निर्बीजपदमन्त्राणां पदैरङ्गानि कल्पयेत् ।१५ ।
जात्यन्तैर्नामसंयुक्तैर्हृदयादीनि पञ्चधा ।
प्रणवं हृदयादीनि ततः प्रोक्तानि पञ्चधा ।१६ ।
प्रणवं हृदयं पूर्वं परायेति शिरः शिखा ।
नाम्नात्मना तु कवचमस्त्रं नामान्तकं भवेत् ।१७।
ओं परास्त्रादिस्वनामात्मा चतुर्थ्यन्तो नमोऽन्तकः ।
एकव्यूहादिषड्विंशव्यूहात्तस्यात्मनो मनुः ।१८।
कनिष्ठादिकराग्रेषु प्रकृतिं देहकेऽर्च्चयेत् ।
पराय पुरुषात्मा स्यात्प्रकृत्यात्मा द्विरूपकः ।१९।
ओं परायाग्न्यात्मने चैव वाय्वर्कौ च द्विरूपकः ।
अग्निं त्रिमूर्त्तौ विन्यस्य व्यापकं करदेहयोः ।२०।
वाय्वर्क्कौ करशाखासु सव्येतरकरद्वये ।
हृदि मूर्त्तौ तनावेष त्रिव्यूहे तुर्य्यरूपके ।२१।
ऋग्वेदं व्यापकं हस्ते अङ्गुलीषु यजुर्न्यसेत् ।
तलद्वयेऽथर्वरूपं शिरो हृच्चरणान्तकः ।२२।
आकाशं व्यापकं न्यस्य करे देहे तु पूर्ववत् ।
अङ्गुलीषु च वाय्वादि शिरोहृद्गुह्यपादके ।२३।
वायुर्ज्योतिर्जलं पृथ्वी पञ्चव्यूहः समीरितः ।
मनः श्रोत्रं त्वग्दृग्जिह्वा घ्राणं षड्व्यूह ईरितः ।२४।
व्यापकं मानसं न्यस्त ततोऽङ्गुष्ठादितः क्रमात् ।

हृदय, शिर, शिखा, हात, नेत्र, उदर, पीठ, बाहु, ऊरु, जानु, जङ्घा र पाद यिनै हुन्। यिनीहरूमा क्रमशः न्यास गर्नुपर्छ। कं टं पं शं वैनतेयाय नमः यो गरुडसम्बन्धी बीजमन्त्र हो। खं ठं फं षं गदायै नमः यो गदासम्बन्धी मन्त्र हो। गं डं वं सं पुष्ट्यै नमः यो पुष्टिदेवीसम्बन्धी मन्त्र हो। घं टं भं हं श्रियै नमः यो श्रीमन्त्र हो। चं णं मं क्षं यो पाञ्चजन्यसम्बन्धी मन्त्र हो। छं तं पं कौस्तुभाय नमः यो कौस्तुभको मन्त्र हो। जं खं वं सुदर्शनाय नमः यो सुदर्शन चक्रको मन्त्र हो। सं वं दं लं श्रीवत्साय नमः यो श्रीवत्सको मन्त्र हो। ओं वं वनमालायै नमः यो वनमालाको र ओं पं. पद्मनाभाय नमः यो पद्म या पद्मनाभको मन्त्र हो। बीजरहित पद भएका मन्त्रहरूको अङ्गन्यास उनैका पदले गर्नुपर्छ। नामसंयुक्त जात्यन्त पदद्वारा हृदय आदि पाँच अङ्गमा पृथक्पृथक् न्यास गर्नुपर्छ। पहिले प्रणवको उच्चारण, त्यसपछि हृदय आदि पूर्वोक्त पाँच अङ्गहरूको नामको क्रम यही हो। पहिले प्रणव तथा हृदयमन्त्रको उच्चारण गर्नुपर्छ। त्यसपछि पराय शिरसे स्वाहा भनेर मस्तकलाई स्पर्श गर्नुपर्छ। त्यसपछि इष्टदेवताको नाम लिएर शिखामा छुनुपर्छ। अर्थात् वासुदेवाय शिखायै वषट् भनेर शिखालाई स्पर्श गर्नुपर्छ। त्यसपछि आत्मने कवचाय हुम् भन्दै कवचको न्यास गर्नुपर्छ। अनि देवताको नाम लिएर अर्थात् वासुदेवाय अस्त्राय फट् भनी अस्त्र न्यासको क्रिया पूरा गर्नुपर्छ। आदिमा ओङ्कार आदि जुन नामात्मक पद छन्, तिनका अन्त्यमा नमः पद जोड्नुपर्छ र त्यस नामात्मक पदलाई चतुर्थी विभक्त्यन्त गराएर बोल्नुपर्छ। एक व्यूहदेखि लिएर छब्बीस व्यूहसम्मका लागि यसै समानका मन्त्रहरू छन्। आफ्नै शरीरको टुप्पामा कान्छीऔँलोदेखि लिएर सबै औँलाका टुप्पामा नै प्रकृतिको पूजा गर्नुपर्छ। पराय पदले एकमात्र परम पुरुष परमात्माको बोध हुन्छ। त्यसै एकबाट प्रकृति र पुरुष गरी दुई रूप भई व्यूहमा अभिव्यक्त हुन्छ। ओं प्रत्यगात्मने नमः भन्ने यो व्यापक मन्त्र हो। वसु, अर्क र अग्नि यी त्रिव्यूहात्मक मूर्तिहरू हुन्। यी तीनैमा अग्निको न्यास गरेर हात र सम्पूर्ण शरीरमा व्यापक न्यास गर्नुपर्छ। वायु र अर्कलाई क्रमशः दायाँ र बायाँ दुवै हातका औँलाहरूमा न्यास गर्नुपर्छ र हृदयमा मूर्तिमान अग्निको चिन्तन गर्नुपर्छ। त्रिव्यूह चिन्तनको क्रम यही हो। चतुर्व्यूहमा चारै वेदको न्यास हुन्छ। ऋग्वेदलाई सम्पूर्ण देह र हातमा व्यापक न्यास गर्नुपर्छ। औँलाहरूमा यजुर्वेदलाई हत्केलामा अथर्ववेदलाई र हृदय एवं चरणमा शीर्षस्थानीय सामवेदलाई न्यास गर्नुपर्छ। पञ्चव्यूहमा पहिले आकाशलाई पूर्ववत् शरीर र हातमा व्यापक न्यास गर्नुपर्छ। त्यसपछि औँलाहरूमा आकाशलाई पनि न्यास गरेर क्रमशः मस्तक, हृदय, गुह्य र

मूर्धास्यहृद्गुह्यपत्सु कथितः करुणात्मकः ।२५।
आदिमूर्त्तिस्तु सर्वत्र व्यापको जीवसंज्ञितः ।
भूर्भुवः स्वर्महर्जनस्तपःसत्यं च सप्तधा ।२६।
करे देहे न्यसेदाद्यमङ्गुष्ठादिक्रमेण तु ।
तलसंस्थः सप्तमश्च लोकेशो देहके क्रमात् ।२७।
देवः शिरोललाटास्यहृद्गुह्याङ्घ्रिषु संस्थितः ।
अग्निष्टोमस्तथोक्थस्तु षोडशी वाजपेयकः ।२८।
अतिरात्राप्तोर्यामश्च यज्ञात्मा सप्तरूपकः ।
धीरहं मनः शब्दश्च स्पर्शरूपरसास्ततः ।२९।
गन्धो बुद्धिर्व्यापकं तु करे देहे न्यसेत्क्रमात् ।
न्यसेदन्त्यौ च तलयोः के ललाटे मुखे हृदि ।३०।
नाभौ गुह्ये च पादे च अष्टव्यूहः पुमान्स्मृतः ।
जीवो बुद्धिरहङ्कारो मनः शब्दो गुणोऽनिलः ।३१।
रूपं रसो नवात्मायं जीव अङ्गुष्ठकद्वये ।
तर्जन्यादिक्रमाच्छेषं यावद्वामप्रदेशिनीम् ।३२।
देहे शिरोललाटास्यहृन्नाभिगुह्यजानुषु ।
पादयोश्च दशात्मायमिन्द्रो व्यापी समास्थितः ।३३।
अङ्गुष्ठकद्वये वह्निस्तर्जन्यादौ परेषु च ।
शिरोललाटवक्त्रेषु हृन्नाभीगुह्यजानुषु ।३४।
पादयोरेकादशात्मा मनः श्रोत्रं त्वगेव च ।
चक्षुर्जिह्वा तथा घ्राणं वाक्पाण्यङ्घ्रिश्च पायु च ।३५।
उत्स्थं मानसो व्यापी श्रोत्रमङ्गुष्ठकद्वये ।
तर्जन्यादिक्रमादष्टावतिरिक्तं तलद्वये ।३६ ।
उत्तमाङ्गललाटस्यहृन्नाभावथ गुह्यके ।
ऊरुयुग्मे तथा जङ्घे गुल्फपादेषु च क्रमात् ।३७।
विष्णुर्मधुहरश्चैव त्रिविक्रमकवामनौ ।

चरण यी अङ्गहरूमा न्यास गर्नुपर्छ। आकाश, वायु, अग्नि, जल र पृथ्वी यी पाँच तत्त्वलाई पञ्चव्यूह भनिन्छ। मन, श्रवण, त्वचा, नेत्र, रसना र नासिका यी छ इन्द्रियहरूलाई षड्व्यूहको संज्ञा दिइएको छ।१–२४।

मनको न्यास व्यापक गरेर शेष पाँचलाई अङ्गुष्ठ आदिका क्रममा पाँचै औँलामा गर्नुपर्छ र शिर, मुख, हृदय, गुह्य र चरण यी पाँच अङ्गमा पनि न्यास गर्नुपर्छ। करणात्मक व्यूहको न्यास भनेर यसैलाई भनिन्छ। आदिमूर्ति जीव सर्वत्र व्यापक छ। भूर्लोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपोलोक र सत्यलोक गरी सात लोकलाई सप्तव्यूह भनिन्छ। यिनीहरूमा प्रथम भूर्लोकको न्यास हातमा र सम्पूर्ण शरीरमा गर्नुपर्छ। भुवर्लोक आदि पाँच लोकको न्यास बुढीऔँलाबाट थालेर पाँचै औँलाहरूमा गर्नुपर्छ भने सातौँ सत्यलोकको न्यास हत्केलामा गर्नुपर्छ। यसरी यो लोकात्मक सप्तव्यूह हो र यसको पूर्वोक्त किसिमले शरीरमा न्यास गरिन्छ। अब यज्ञात्मक सप्तव्यूहको परिचय दिइनेछ। सप्तयज्ञस्वरूप यज्ञपुरुष परमात्मदेव श्रीहरि सम्पूर्ण शरीर र शिर, ललाट, मुख, हृदय, गुह्य र चरणमा स्थित छन् अर्थात् ती सबै अङ्गमा उनको न्यास गर्नुपर्छ। यी यज्ञहरू भनेका अग्निष्टोम, उक्थ्य, षोडशी, वाजपेय, अतिरात्र र आप्तोर्याम यिनै छवटा हुन् र सातौँ यज्ञात्मा हो। यिनै सात रूपहरूलाई यज्ञमय सप्तव्यूह भनिएको छ। बुद्धि, अहङ्कार, मन, शब्द, स्पर्श, रूप, रस र गन्ध यी आठ तत्त्व अष्टव्यूहरूप हुन्। यिनीहरूमा बुद्धितत्त्वलाई हातमा र शरीरमा व्यापक रूपमा न्यास गर्नुपर्छ। त्यसपछि उपर्युक्त आठै तत्त्वको न्यास क्रमशः पैताला, मस्तक, ललाट, मुख, हृदय, नाभी, गुह्य देश र गोडा यी आठ अङ्गमा गर्नुपर्छ। यी सबैलाई नै अष्टव्यूहात्मक पुरुष भनिएको छ। जीव, बुद्धि, अहङ्कार, मन शब्द, स्पर्श, रूप, रस र गन्ध गुण यिनको समूदाय नै नवव्यूह हो। यिनीहरूमध्ये जीवको न्यास दुवै हातका बुढीऔँलामा गर्नुपर्छ र शेष आठ तत्त्वको क्रमशः दाहिने हातको तर्जनीदेखि सुरु गरेर बायाँ हातको तर्जनीसम्म आठ औँलाहरूमा न्यास गर्नुपर्छ। सम्पूण देह, शिर, ललाट, मुख, हृदय, नाभी, गुह्य, घुँडा र गोडा यी नौ स्थानमा उपर्युक्त नौ तत्त्वको न्यास गरेर इन्द्रको न्यास पूर्ववत् व्यापक गर्नुपर्छ र यसैलाई नै दसव्यूहात्मक न्यास भएको मानिन्छ। दुवै बुढीऔँलामा, हत्केलामा, तर्जनी आदि आठैऔँलामा अन्य शिर, ललाट, मुख, हृदय, नाभी, गुह्य, जानु र पाउ जम्मा यी एघारै अङ्गमा एघार इन्द्रियात्मक तत्त्वको जुन न्यास गरिन्छ त्यसलाई एकादशव्यूह न्यास भनिन्छ। यी एघार तत्त्व यस प्रकार छन्— मन, श्रवण, त्वचा, नेत्र, जिह्वा,

श्रीधरोऽथ ऋषीकेशः पद्मनाभस्तथैव च ।३८।
दामोदरः केशवश्च नारायणस्ततः परः ।
माधवश्चाथ गोविन्दो विष्णुर्वै व्यापकं न्यसेत् ।३९।
अङ्गुष्ठादौ तलादौ च पादे जानुनि वै कटौ ।
शिरःशिखरःकट्याञ्च जानुपादादिषु न्यसेत् ।४०।
द्वादशात्मा पञ्चविंशः षड्विंसव्यूहकस्तथा ।
पुरुषो धीरहङ्कारो मनश्चित्तं च शब्दकः ।४१।
तथा स्पर्शो रसो रूपं गन्धः श्रोत्रं त्वचस्तथा ।
चक्षुर्जिह्वा नासिका च वाक् पाण्यङ्घ्रिश्च पायवः ।४२।
उपस्थो भूर्जलं तेजो वायुराकाशमेव च ।
पुरुषं व्यापकं न्यस्य अङ्गुष्ठादौ दश न्यसेत् ।४३।
शेषान्हस्ततले न्यस्य शिरस्यथ ललाटके ।
मुखहृन्नाभिगुह्योरुजान्वङ्घ्रौ करणोद्‌गतौ ।४४।
पादे जान्वोरुपस्थे च हृदये मूर्ध्नि च क्रमात् ।
परश्च पुरुषात्मादौ षड्विंशे पूर्ववत्परम् ।४५।
संचिन्त्य मण्डलैर्के तु प्रकृतिं पूजयेद् बुधः ।
पूर्वयाम्याप्यसौम्येषु हृदयादीनि पूजयेत् ।४६ ।
अस्त्रमग्न्यादिकोणेषु वैनतेयादि पूर्ववत् ।
दिक्पालांश्च विधिस्तस्य त्रिव्यूहेऽग्निश्च मध्यतः ।४७।
पूर्वादिदिग्बिला वासो राज्यादिभिरलङ्कृतः ।
कर्णिकायां नाभसश्च मानसः कर्णिकास्थितः ।४८।
विश्वरूपं सर्वस्थित्यै यजेद्राज्यजयाय च ।
सर्वव्यूहैः समायुक्तमङ्गैरपि च पञ्चभिः ।४९।
गरुडाद्यैस्तथेन्द्राद्यैः सर्वान्कामानवाप्नुयात् ।
विष्वक्सेनं यजेन्नाम्ना वै बीजं व्योमसंस्थितम् ।५०।

नासिका, वाक्, हात, गोडा, गुदा र उपस्थ । मनको न्यास व्यापक गर्नुपर्छ। अङ्गुष्ठद्वयमा श्रवणेन्द्रियको न्यास गरेर शेष त्वचा आदि आठ तत्त्वको तर्जनी आदि आठ औँलामा न्यास गर्नुपर्छ। शेष जो एघारौँ तत्त्वको उपस्थ छ, त्यसको न्यास दुई हत्केलामा गर्नुपर्छ। मस्तक, ललाट, मुख, हृदय, नाभी, चरण, गुह्य, उरुद्वय, जङ्घा, गुल्फ र गोडा यी एघार अङ्गमा पनि पूर्वोक्त एघार तत्त्वकै क्रमले न्यास गर्नुपर्छ। विष्णु, मधुसूदन, त्रिविक्रम, वामन, श्रीधर, हृषीकेश, पद्मनाभ, दामोदर, केशव, नारायण, माधव र गोविन्द यी द्वादशात्मक व्यूह छन् । यिनीहरूमध्ये विष्णुको न्यास व्यापक गर्नुपर्छ र बाँकी नामहरूको अङ्गुष्ठ आदि दस औँलामा र हत्केलामा न्यास गरेर पछि पैताला, दाहिने खुट्टो, दाहिने घुँडो, दाहिने कम्मर, शिर, शिखा, वक्ष, वाम कटि, मुख, वाम जानु, र वाम पाद आदिमा न्यास गर्नुपर्छ। यो द्वादश व्यूह हो । अब पञ्चविंश एवं षड्विंश व्यूहको परिचय दिइनेछ। पुरुष, बुद्धि, अहङ्कार, मन, चित्त, शब्द, स्पर्श, रस, रूप, गन्ध, श्रोत्र, त्वचा, नेत्र, जिह्वा, नासिका, वाक्, हस्त, पाद, गुदा, उपस्थ, भूमि, जल, तेज, वायु र आकाश यी पच्चीस तत्त्व छन् । यिनीहरूमध्ये पुरुषको न्यास सर्वाङ्गमा व्यापक गरेर दसवटालाई अङ्गुष्ठ आदिमा न्यास गर्नुपर्छ, बाँकीलाई करतल, शिर, ललाट, मुख, हृदय, नाभी, गुह्य, उरु, जानु, पाद, उपस्थ, हृदय र मूर्धामा क्रमशः न्यास गर्नुपर्छ । यिनीहरूमा सर्वप्रथम परमपुरुष परमात्मालाई सम्मिलित गरेर पूर्ववत् उनको व्यापक न्यास गरियो भने षड्विंश न्यास पनि सम्पन्न हुन्छ। विद्वान् पुरुषहरूले अष्टदल कमलचक्रमा प्रकृतिको चिन्तन गरेर त्यसको पूजन गर्नुपर्छ । त्यस कमलका पूर्व, दक्षिण, पश्चिम र उत्तर दलमा हृदय आदि चार अङ्गको न्यास गर्नुपर्छ। अग्निकोण आदिका दलमा अस्त्र र वैनतेय आदिलाई पूर्ववत् स्थापित गर्नुपर्छ। यसै गरी पूर्व आदि दिशाहरूमा इन्द्र आदि दिक्पालहरूको चिन्तन गर्नुपर्छ। यी सबैको ध्यान पूजनको विधि एकै हो । त्रिव्यूहमा अग्निको स्थान मध्यमा हुन्छ। पूर्व आदि दिशाहरूका दलमा *जसको आवास हुन्छ, ती देवताहरूसित* कमलको कर्णिकामा नाभस तथा मानस विराजमान हुन्छन् । साधकले सम्पूर्ण मनोरथहरूको सिद्धिका लागि र राज्यमाथि विजय प्राप्तिका लागि विश्वरूपको यजन गर्नुपर्छ । सम्पूर्ण व्यूह, हृदय आदि पाँच अङ्ग, गरुड आदि तथा इन्द्र आदि दिक्पालहरूका साथै उनै श्रीहरिका पूजाको विधान छ। यस्तो गर्ने उपासकले सम्पूर्ण कामना प्राप्त गर्न सक्छ । अन्त्यमा विष्वक्सेनको नामका मन्त्रले पूजा गर्नुपर्छ । नामका साथै रौं बीज लगाउनुपर्छ । अर्थात् रौं विष्वक्सेनाय नमः भनेर उनका लागि पूजनोपचार अर्पित गर्नुपर्छ।२५–५०।

२६. षड्विंशोऽध्यायः

मुद्रालक्षण

नारद उवाच

मुद्राणां लक्षणं वक्ष्ये सान्निध्यादिप्रकारकम् ।
अञ्जलिः प्रथमा मुद्रा वन्दनी हृदयानुगा ।१।
ऊर्ध्वाङ्गुष्ठो वाममुष्टिर्दक्षिणाङ्गुष्टबन्धनम् ।
सव्यस्य तस्य चाङ्गुष्ठो यस्य चोर्ध्वे प्रकीर्तितः ।२।
तिस्रः साधारणा व्यूहे अथासाधारणा इमाः ।
कनिष्ठादिविमोकेन अष्टौ मुद्रा यथाक्रमम् ।३।
अष्टानां पूर्वबीजानां क्रमशस्त्ववधारयेत् ।
अङ्गुष्ठेन कनिष्ठान्तं नामयित्वाङ्गुलित्रयम् ।४।
ऊर्ध्वं कृत्वा सम्मुखं च बीजाय नवमाय वै ।
वामहस्तमथोत्तानं कृत्वोर्द्ध नामयेच्छनैः ।५।
वराहस्य स्मृता मुद्रा अङ्गानां च क्रमादिमाः ।
एकैकां मोचयेद्बध्वा वाममुष्टौ तथाङ्गुलीम् । ६ ।
आकुञ्चयेत्पूर्वमुद्रां दक्षिणेऽप्येवमेव च ।
ऊर्ध्वाङ्गुष्ठो वाममुष्टिर्मुद्रासिद्धिस्ततो भवेत् ।७।

नारदले भने– हे मुनिहरू हो ! अब म मुद्राहरूको लक्षण बताउँछु । सान्निध्य आदि मुद्राका अनेकौं प्रकारका भेद छन् । पहिलो मुद्रा अञ्जली हो, दोस्रो वन्दनी हो र तेस्रो हृदयानुगा हो । बायाँ हातका मुठीले दाहिने हातको बुढीऔंलो बाँध्यो र बायाँ हातका बुढीऔंलो माथि उचालिराख्नुपर्छ । सारांश यो हो कि बायाँ र दाहिने दुवै हातका बुढीऔंठा माथितिर उठिरहनुपर्छ । यो नै हृदयनुगा मुद्रा हो । व्यूहार्चनमा यी तीन मुद्राहरू साधारण हुन् । अब अगाडि यी असाधारण मुद्राहरूबारे बताइनेछ । दुवै हातमा बुढीऔंठोदेखि कान्छीऔंलोसम्मका तीनै औंलाहरूलाई झुकाएर कनिष्ठा आदिलाई मुक्त गर्नाले आठ मुद्रा हुन्छन् । अ क च ट त प य श यी जो आठ आआफ्ना वर्गका पूर्व बीज हुन्, यिनैलाई सूचित गर्ने उक्त आठ मुद्राहरू हुन् भन्ने निश्चय गर्नुपर्छ । त्यसपछि पाँचै औंलाहरूलाई माथि पारेर हातलाई सम्मुख गराउँदा जुन नवौं मुद्रा बन्छ, त्यो नवम बीज क्षं का लागि हो । दाहिने हातमाथि बायाँ हातलाई उत्तानो राखेर त्यसलाई बिस्तारैसित तलतिर झुकाउनुपर्छ । यसलाई वराहको मुद्रा मानिएको छ । यी क्रमशः अङ्गका मुद्राहरू हुन् । बायाँ मुठीमा बाँधिएको एकएक औंलाहरूलाई मुक्त गरौं र पहिले मुक्त रहेका औंलाहरूलाई फेरि खुम्च्याऔं । बायाँ हातमा यसो गरेर दाहिने हातमा पनि यही क्रिया गरौं । बायाँ मुठीको बुढीऔंठो माथि उठाइराखौं । यसो गर्नाले मुद्राहरू सिद्ध हुन्छन् ।१–७।

२७. सप्तविंशोऽध्यायः

दीक्षाविधि

नारद उवाच

वक्ष्ये दीक्षां सर्वदां च मण्डलेऽब्जे हरिं यजेत् ।
दशम्यासुपसंहृत्य यागद्रव्यं समस्तकम् ।१।
विन्यस्य नारसिंहेन सम्मन्त्र्य शतवारकम् ।
सर्षपांस्तु फडन्तेन रक्षोघ्नान् सर्वतः क्षिपेत् ।२।
शक्तिं सर्वात्मिकां तत्र न्यसेत्प्रासादरूपिणीम् ।

नारदले भने– हे मुनिहरू हो ! अब म सबै कुरो दिन सक्ने दीक्षाको वर्णन गर्नेछु । कमलाकार मण्डलमा श्रीहरिको पूजा गर्नुपर्छ । दशमी तिथिका दिन समस्त यज्ञसम्बन्धी द्रव्यहरू सङ्ग्रह एवं संस्कार गरेर राखौं । नरसिंह बीजमन्त्र क्ष्रौं ले सयपटक तिनलाई अभिमन्त्रित गरेर त्यसै मन्त्रका अन्त्यमा फट् लगाउँदै भन्नुपर्छ र राक्षसहरूको विनाश गर्नका लागि सबैतिर सर्यूं छर्कनुपर्छ । त्यसपछि त्यहाँ सर्वस्वरूपा प्रासादरूपिणी शक्तिको न्यास गर्नुपर्छ । सर्वौषधिहरू सङ्ग्रह गरेर छर्ने काममा आउने सर्स्युं आदि

सर्वौषधीः समाहृत्य विकिरानभिमन्त्रयेत् ।३।
शतवारं शुभे पात्रे वासुदेवेन साधकः ।
संसाध्य पञ्चगव्यं तु पञ्चभिर्मूलमूर्तिभिः ।४।
नारायणान्तैः सम्प्रोक्ष्य कुशाग्रैस्तेन तां भुवम् ।
विकिरान्वासुदेवेन क्षिपेदुत्तानपाणिना ।५।
त्रिधा पूर्वमुखस्तिष्ठन्ध्यायेद्विष्णुं तथा हृदि ।
वर्द्धन्या सहिते कुम्भे साङ्गं विष्णुं प्रपूजयेत् । ६ ।
शतवारं मन्त्रयित्वा त्वस्त्रेणैव च वर्धनीम् ।
अच्छिन्नधारया सिञ्चन् ईशानान्तं नयेच्च तम् ।७।
कलशं पृष्ठतो नीत्वा स्थापयेद्विकिरोपरि ।
संहृत्य विकिरान्दर्भैः कुम्भेशं कर्क्वरीं यजेत् ।८।
सवस्त्रं पञ्चरत्नाढ्यं स्थण्डिले पूजयेद्धरिम् ।
अग्नावपि समभ्यर्च्य मन्त्रान् सञ्जप्य पूर्ववत् ।९।
प्रक्षाल्य पुण्डरीकेण विलिप्यान्तः सुगन्धिना ।
उखामाज्येन सम्पूर्य्य गोक्षीरेण तु साधकः ।१०।
आलोक्य वासुदेवेन ततः सङ्कर्षणेन च ।
तण्डुलानाज्यसंमृष्टान्क्षिपेत्क्षीरे सुसंस्कृते ।११।
प्रद्युम्नेन समालोड्य दर्व्या सङ्घट्टयेच्छनैः ।
पक्वमुत्तारयेत्पश्चादनिरुद्धेन देशिकः ।१२।
प्रक्षाल्यालिप्य तत्कुर्यादूर्द्ध्वपुण्ड्रं तु भस्मना ।
नारायणेन पार्श्वेषु चरुमेवं सुसंस्कृतम् ।१३।
भागमेकं तु देवाय कलशाय द्वितीयकम् ।
तृतीयेन तु भागेन प्रदद्यादाहुतित्रयम् ।१४।
शिष्यैः सह चतुर्थं तु गुरुरद्याद्विशुद्धये ।
नारायणेन सम्यन्त्र्य सप्तधा क्षीरवृक्षजम् ।१५।
दन्तकाष्ठं भक्षयित्वा त्यक्त्वा ज्ञात्वा स्वपातकम् ।
ऐन्द्राग्न्युत्तरकेशानीमुखं पतितमुत्तमम् ।१६ ।
शुभं सिंहशतं हुत्वा आचम्याथ प्रविश्य च ।

वस्तुहरूलाई शुभ पात्रमा राखेर साधकले वासुदेव मन्त्रले तिनलाई सयपटक अभिमन्त्रण गर्नुपर्छ। त्यसपछि वासुदेवबाट सुरु गरेर नारायणसम्मका पूर्वोक्त पाँच मूर्तिहरूका मूलमन्त्रले पञ्चगव्य तयार गर्नुपर्छ र कुशाग्रले पञ्चगव्य छर्केर त्यस भूमिलाई चोख्याउनुपर्छ। त्यसपछि वासुदेवका मन्त्रले उत्तानो हातले समस्त छर्नुपर्ने वस्तुहरूलाई सबैतिर छर्नुपर्छ । त्यस बेला पूर्वतिर फर्केर उभिएर मनमनै भगवान् विष्णुको चिन्तन गर्दै ती छरिनुपर्ने वस्तुहरूलाई तीनपटक छर्नुपर्छ। त्यसपछि वर्धनीसहितको कलशमा स्थापित भगवान् विष्णुलाई अङ्गसहित पूजा गर्नुपर्छ । अस्त्रमन्त्रले वर्धनीलाई सयपटक अभिमन्त्रित गरेर अविच्छिन्न जलधाराले सेचन गर्दै त्यसलाई ईशान कोणतर्फ लैजानुपर्छ। कलशलाई पछाडि लगेर छर्नुपर्ने वस्तुमाथि राख्नुपर्छ । छरिएका वस्तुहरूलाई कुशले बढारेर एकत्र गरेर कुम्भेश र कर्करीको यजन गर्नुपर्छ। पञ्चरत्नयुक्त सवस्त्र वेदीमा श्रीहरिको पूजा गर्नुपर्छ । अग्निमा पनि उनैको अर्चना गरेर पूर्ववत् मन्त्रले उनलाई सन्तर्पण गर्नुपर्छ। त्यसपछि पुण्डरीक मन्त्रले उखा नामको पात्र पखालेर त्यसभित्र सुगन्धयुक्त घिउ लगाउनुपर्छ। त्यसपछि साधकले त्यसमा गाईको दुध भरेर वासुदेव मन्त्रले त्यसलाई अवेक्षण गर्नुपर्छ र सङ्कर्षण मन्त्रले सुसंस्कृत गरिएका दुधमा घिउले मुछेका चामल हाल्नुपर्छ। त्यसपछि प्रद्युम्न मन्त्रद्वारा डाडुले त्यो चामल र दुधलाई चलाउँदै बिस्तारैसित त्यसलाई ओर्काइफर्काइ पार्नुपर्छ। जब चरुको त्यो खिर पाक्छ त्यसपछि आचार्यले अनिरुद्ध मन्त्र पढ्दै त्यसलाई अगेनाबाट तल झिक्नुपर्छ। त्यसपछि त्यसमा पानी छर्केर घिउमा मुछ्दै हातमा भस्म लिएर त्यसलाई नारायण मन्त्रले ललाट एवं पार्श्वभागमा ऊर्ध्वपुण्ड्र पारेर लगाउनुपर्छ। यसरी बनेको शुद्ध संस्कारयुक्त चरुलाई चार भाग लगाएर एक भाग इष्टदेवतालाई अर्पित गर्नुपर्छ, दोस्रो भाग कलशलाई चढाउनुपर्छ, तेस्रो भाग अग्निमा तीनपटक आहुति दिनुपर्छ र चौथो भाग गुरुशिष्यले बसेर खानुपर्छ, यसबाट आत्मशुद्धि हुन्छ । भोलिपल्ट दुध आउने वृक्षको दतीवन गर्नुपर्छ । नारायण मन्त्रले सातपटक अभिमन्त्रित गर्नुपर्छ । दन्तशुद्धिका लागि त्यसलाई उपयोग गरेर त्यसलाई फ्याँकिदिनुपर्छ। आफ्नो पातकलाई स्मरण गर्दै पूर्व, अग्निकोण, उत्तर अथवा ईशानकोणतर्फ मुख फर्काएर राम्ररी स्नान गर्नुपर्छ। त्यसपछि शुभ अथवा सिद्धको भावना गरेर म निष्पाप एवं शुद्ध भएर शुभ एवं सिद्धितर्फ अग्रसर हुँदै छु भन्ने अनुभव गर्दै आचमन प्राणायाम गरिसकेर मन्त्र प्रदान गर्ने गुरुले भगवान् विष्णुसित प्रार्थना गरी उनको परिक्रमा

पूजागारं न्यसेन्मन्त्री प्राच्यां विष्णुं प्रदक्षिणम् ।१७।
संसारार्णवमग्नानां पशूनां पाशमुक्तये ।
त्वमेवशरणं देव सदा त्वं भक्तवत्सल ।१८।
देवदेवानुजानीहि प्राकृतैः पाशबन्धनैः ।
पाशितान्मोचयिष्यामि त्वत्प्रसादात्पशूनिमान् ।१९।
इति विज्ञाप्य देवेशं सम्प्रविश्य पशूंस्ततः ।
धारणाभिस्तु संशोध्य पूर्ववज्ज्वलनादिना ।२०।
संस्कृत्य मूर्त्या संयोज्य नेत्रे बद्धा प्रदर्शयेत् ।
पुष्पपूर्णाजलीं तत्र क्षिपेत्तन्नाम योजयेत् ।२१।
अमन्त्रमर्चनं तत्र पूर्ववत्कारयेत्क्रमात् ।
यस्यां मूर्तौ पतेत्पुष्पं तस्य तन्नाम निर्दिशेत् ।२२।
शिखान्तसम्मितं सूत्रं पादाङ्गुष्ठादिषड्गुणम् ।
कन्यासु कीर्त्तितं रक्तं पुनस्तत्त्रिगुणीकृतम् ।२३।
यस्यां संलीयते विश्वं यया विश्वं प्रसूयते ।
प्रकृतिं प्रक्रियाभेदैः संस्थितां तत्र चिन्तयेत् ।२४।
तेन प्राकृतिकान्पाशान्ग्रथित्वा तत्त्वसङ्ख्यया ।
कृत्वा शरावे तत्सूत्रं कुण्डपार्श्वे निधाय तु ।२५।
ततस्तत्त्वानि सर्वाणि ध्यात्वा शिष्यतनौ न्यसेत् ।
सृष्टिक्रमात्प्रकृत्यादिपृथिव्यन्तानि देशिकः ।२६ ।
तत्रैकधा पञ्चधा स्याद्दशद्वादशधापि वा ।
ज्ञातव्यः सर्वभेदेन ग्रथितस्तत्त्वचिन्तकैः ।२७।
अङ्गैः पञ्चभिरध्वानं निखिलं विकृतिक्रमात् ।
तन्मात्रात्मनि संहृत्य मायासूत्रे पशोस्तनौ ।२८।
प्रकृतिलिङ्गशक्तिश्च कर्त्ता बुद्धिस्तथा मनः ।
पञ्चतन्मात्रबुद्ध्याख्यं कर्माख्यं भूतपञ्चकम् ।२९।
ध्यायेच्च द्वादशात्मानं सूत्रे देहे तथेच्छया ।
हुत्वा सम्पातविधिना सृष्टेः सृष्टिक्रमेण तु ।३०।
एकैकशतहोमेन दत्त्वा पूर्णाहुतिं ततः ।

गर्छन् र पूजागृहमा प्रवेश गर्नुपर्छ। प्रार्थना गर्दा ‘हे देव ! संसार सागरमा मग्न पशुहरूका पाशबाट छुटकारा प्रदान गर्नका लागि तिमी नै शरणदाता हौ । तिमी सधैँ आफ्ना भक्तमाथि वात्सल्यभाव लिएका हुन्छौ। हे देवदेव ! प्राकृत पाशबन्धनमा बाँधिएका यी पशुहरूलाई तिम्रा कृपाले म मुक्त गर्न पाऊँ भन्ने आज्ञा गर भन्नुपर्छ। देवेश्वर श्रीहरिसित यस किसिमको प्रार्थना गरेर पूजागृहमा प्रवेश भएपछि गुरुले पूर्ववत् ओङ्कारद्वारा अग्नि धारण आदि कार्यले शिष्यका रूपमा रहेका सबै पशुहरूलाई शोधन गरेर संस्कार गरिसकेपछि उनीहरूको संयोग वासुदेव आदिको मूर्तिसित गर्नुपर्छ। शिष्यका नेत्र बाँधेर उनलाई मूर्तिहरूतिर हेर्न लगाउनुपर्छ । शिष्यले ती मूर्तिमा पुष्पाञ्जली फ्याँकेर त्यसै अनुसार गुरुले तिनको नाम निर्देश गर्नुपर्छ। पूर्ववत् शिष्यहरूलाई मन्त्ररहित रूपमा मूर्तिहरूको पूजा गराउनुपर्छ । जुन शिष्यका हातको फूल जुन मूर्तिमा खस्छ गुरुले त्यस शिष्यको नाम त्यही राख्नुपर्छ । कुमारी कन्याका हातले कातेको रातो रङको धागो लिएर त्यसलाई छ दोब्बर गराई बाटेको हुनुपर्छ। त्यस छदोब्बरी धागाको लम्बाइ खुट्टाको बुढी औँठोदेखि लिएर शिखासम्मको हुनुपर्छ । त्यसपछि त्यसलाई पनि तीन दोब्बर पारेर दोब्ब्राउनुपर्छ । त्यस तीन गुणा धागामा प्रक्रियाका भेदले उनै प्रकृति देवीको चिन्तन गर्नुपर्छ, जसमा सम्पूर्ण विश्वको लय हुन्छ र जसबाट समस्त जगत्को प्रादुर्भाव हुन्छ । त्यस सूत्रमा प्राकृतिक पाशकै तत्त्वको सङ्ख्याअनुसारले नै ग्रन्थिहरू बनाउनुपर्छ। अर्थात् चौबीस गाँठा बनाएर त्यसलाई प्राकृतिक पाश मान्नुपर्छ । त्यसपछि उक्त ग्रन्थि भएका धागालाई प्यालामा राखेर कुण्डका नजिकै स्थापित गर्नुपर्छ।१-२५।

त्यसपछि सबै तत्त्वलाई चिन्तन गर्दै गुरुले शिष्यका शरीरमा त्यसलाई न्यास गर्नुपर्छ। तत्त्वको यो न्यास सृष्टिक्रमकै अनुसार प्रकृतिबाट लिएर पृथ्वीपर्यन्त हुनुपर्दछ। तीन, पाँच, दस अथवा बाह्र जतिसुकै सूत्रभेद सम्भव हुन्छ, ती सबै सूत्रभेदकै अनुसारले बाटेका धागालाई ग्रन्थि बनाउनुपर्छ। तत्त्वचिन्तक पुरुषका लागि यही उचित हुन्छ। हृदयदेखि लिएर अस्त्रपर्यन्त पाँच अङ्गसम्बन्धी मन्त्र पढेर सम्पूर्ण भूतहरूलाई प्रकृति क्रमले तन्मात्रा स्वरूपमा लीन गराएर त्यस मायामय सूत्रमा र पशुका शरीरमा पनि प्रकृति, लिङ्गशक्ति, कर्ता, बुद्धि तथा मनको उपसंहार गर्नुपर्छ। त्यसपछि पञ्चतन्मात्र, बुद्धि, कर्म र पञ्चमहाभूत यी बाह्र रूपहरूमा अभिव्यक्त द्वादशात्मालाई सूत्र र शिष्यका शरीरमा चिन्तन गर्नुपर्छ । त्यसपछि इच्छाअनुसार

शरावे सम्पुटीकृत्य कुम्भेशाय निवेदयेत् ।३१।
अधिवास्य यथान्यायं भक्तं शिष्यं तु दीक्षयेत् ।
करणीं कर्त्तरीं वापि रजांसि खटिकामपि ।३२।
अन्यदप्युपयोगि स्यात्सर्वतद्वायुगोचरे ।
संस्थाप्य मूलमन्त्रेण परामृश्याधिवासयेत् ।३३।
नमो भूतेभ्यश्च बलिः कुशे शेते स्मरन्हरिम् ।
मण्डपं भूषयित्वाथ वितानघटलड्डुकैः ।३४।
मण्डलेऽथ यजेद्विष्णुं ततः सन्तर्प्य पावकम् ।
आहूय दीक्षयेच्छिष्यान्बद्धपद्मासनस्थितान् ।३५।
सम्प्रोक्ष्य विष्णुं हस्तेन मूर्द्धानं स्पृश्य वै क्रमात् ।
प्रकृत्यादिविकृत्यन्तां साधिभूताधिदैवताम् ।३६।
सृष्टिमाध्यात्मिकीं कृत्वा हृदि तां संहरेत्क्रमात् ।
तन्मात्रभूतां सकलां जीवेन समतां गताम् ।३७।
ततः सम्प्रार्थ्य कुम्भेशं सूत्रं संहृत्य देशिकः ।
अग्ने समीपमागत्य पार्श्वे तं सन्निवेश्य तु ।३८।
मूलमन्त्रेण सृष्टीशमाहुतीनां शतेन तम् ।
उदासीनमथासाद्य पूर्णाहुत्त्या च देशिकः ।३९।
शुक्लं रजः समादाय मूलेन शतमन्त्रितम् ।
सन्ताड्य हृदयं तेन हुंफट्कारान्तसंयुतैः ।४०।
वियोगपदसंयुक्तैर्बीजः पादादिभिः क्रमात् ।
पृथिव्यादीनि तत्त्वानि विश्लिष्य जुहुयात्ततः ।४१।
वह्नावखिलतत्त्वानामालये व्याहृते हरौ ।
नीयमानं क्रमात्सर्वं तत्राध्वानं स्मरेद् बुधः ।४२।
ताडनेन वियोज्यैव आदायापाद्य शाम्यताम् ।
प्रकृत्याहृत्य जुहुयाद्यथोक्ते जातवेदसि ।४३।
गर्भाधानं जातकर्म भोगं चैव लयं तथा ।
हुत्वाष्टौ तत्र तत्रैव ततः शुद्धन्तु होमयेत् ।४४।

सृष्टिलाई सम्पात विधिले हवन गरेर सृष्टिकै क्रमअनुसार एकका लागि एक सयका दरले आहुति दिँदै पूर्णाहुति गर्नुपर्छ। प्यालामा राखिएका ग्रन्थिसहितको सूत्रलाई माथिबाट छोपेर त्यो कुम्भेशलाई अर्पित गर्नुपर्छ । त्यसपछि यथोचित रीतिले अधिवासन गरेर भक्त शिष्यलाई दीक्षा दिनुपर्छ। करनी, कैँची, धुलो या बालुवा, खडिया, माटो र अन्य उपयोगी वस्तुहरू पनि जम्मा पारेर ती सबैलाई बायाँ भागमा राख्नुपर्छ। त्यसपछि मूल मन्त्रले तिनलाई स्पर्श गरेर अधिवासित गर्नुपर्छ । त्यसपछि श्रीहरिलाई स्मरण गर्दै नमो भूतेभ्यः भनेर कुशमाथि भूतहरूका लागि बलि दिनुपर्छ। त्यसपछि चँदुवा, कलश र लड्डुहरूले मण्डपलाई सजाएर मण्डपभित्रपट्टि भगवान् विष्णुको पूजा गर्नुपर्छ। त्यसपछि अग्निलाई घिउले तृप्त गरेर शिष्यहरूलाई नजिक बोलाई बद्धपद्मासनमा बसाउनुपर्छ र दीक्षा दिनुपर्छ। पालैपालो ती सबैलाई प्रोक्षण गरेर विष्णुहस्तले उनीहरूको मस्तक छुनुपर्छ । प्रकृतिदेखि विकृतिसम्म, अधिभूत र आधिदैवतसहित सम्पूर्ण सृष्टिलाई नै आध्यात्मिक गराएर अर्थात् आफ्नै आत्मामा स्थित रहेको मानेर हृदयमा नै क्रमशः त्यसलाई संहार गर्नुपर्छ । यसो गर्दा तन्मात्रस्वरूपमा भएको सबै सृष्टि नै जीवजस्तै हुन्छ। त्यसपछि कुम्भेश्वरसित प्रार्थना गर्दै गुरुले पूर्वोक्त सूत्रलाई संस्कार गरिसकेर अग्निका छेउमा आई त्यसलाई आफ्नै छेउमा राख्नुपर्छ। त्यसपछि मूल मन्त्रले सृष्टिका अधीश्वरका लागि सय आहुति दिनुपर्छ । त्यसपछि उदासीन भावले स्थित सृष्टीशलाई पूर्णाहुति अर्पित गरेर गुरुले सेतो बालुवा हातमा लिँदै त्यसलाई मूल मन्त्रले सयपटक अभिमन्त्रित गर्नुपर्छ । त्यसपछि त्यसैले शिष्यका हृदयमा हिर्काउनुपर्छ । त्यस बेलामा वियोगवाची क्रियापदले युक्त बीजमन्त्रहरू क्रमशः पाद आदिमा इन्द्रियसूचक वाक्यको योजना गर्दै हुं फट् उच्चारण गर्नुपर्छ। यस किसिमले पृथ्वी आदि तत्त्वबाट वियोग गराएर आचार्यले भावनात्मक रूपमा उनले अग्निमा होम दिनुपर्छ। यस किसिमले कार्यतत्त्वलाई कारण तत्त्वमा होम अथवा लय गर्दै क्रमशः अखिल तत्त्वको आश्रयभूत श्रीहरिमा सबैलाई लय गराउनुपर्छ। विद्वान् पुरुषले यसै क्रमले सबै तत्त्वलाई श्रीहरिसम्म पुऱ्याएर ती सबै तत्त्वको अधिष्ठान भएको सम्झनुपर्छ। त्यस रीतिले ताडना गरी भूत इन्द्रियबाट वियोग गराएर शुद्ध भएका शिष्यलाई अपनाउनुपर्छ र प्रकृतिसित उसको समता सम्पादन गरेर पूर्वोक्त अग्निमा उसको त्यो प्राकृतभाव पनि हवन गर्नुपर्छ। त्यसपछि गर्भाधान, जातकर्म, भोग र लयको अनुष्ठान गरेर ती-ती कर्मका निम्ति

शुद्धं तत्त्वं समुद्धृत्य पूर्णाहुत्या तु देशिकः ।
सन्नयेद्विपरे तत्त्वे यावदव्याहृतं क्रमात् ।४५।
तत् परं ज्ञानयोगेन विलाप्य परमात्मनि ।
विमुक्तबन्धनं जीवं परस्मिन्नव्यये पदे ।४६।
निर्वृतं परमानन्देशुद्धे बुद्धे स्मरेद्बुधः ।
दद्यात्पूर्णाहुतिं पश्चादेवं दीक्षा समाप्यते ।४७।
प्रयोगमन्त्रान्वक्ष्यामि यैर्दीक्षाहोमसंलयः ।
ओं यं भूतानि विशुद्धं हुं फट् ।
अनेन ताडनं कुर्य्याद्वियोजनमिह द्वयम् ।४८।
ओं यं भूतान्यापातयेऽहम् ।
आदानं कृत्वा चानेन प्रकृत्या योजनं श‍ृणु ।
ओं य भूतानि पुंश्चाहो ।
होममन्त्रं प्रवक्ष्यामि ततः पूर्णाहुतेर्मनुम् ।४९।
ओं भूतानि संहर स्वाहा ।
ओं अं ओं नमो भगवते वासुदेवाय वौषट् ।
पूर्णाहुत्यनन्तरे तु तद्वै शिष्यं तु साधयेत् ।
एवं तत्त्वानि सर्वाणि क्रमात्संशोधयेद् बुधः ।५०।
नमोऽन्तेन खबीजेन ताडनादिपुरःसरम् ।
ओं वां कर्मेन्द्रियाणि ।
ओं दें बुद्धीन्द्रियाणि ।
यं बीजेन समानन्तु ताडानादिप्रयोगकम् ।५१।
ओं सुङ्गन्धतन्मात्रे वियुङ्क्ष्व हुं फट् ओं सम्पाहिं हा ओं खं खं क्ष प्रकृत्या ओं सुं हुं गन्धतन्मात्रे संहर स्वाहा ततः पूर्णाहुतिश्चैवमुत्तरेषु प्रयुज्यते ओं रां रसतन्मात्रे ओं में रूप तन्मात्रे ओं रं स्पर्शतन्मात्रे ओं एं शब्दतन्मात्रे ओं भं नमः ओं सों अहङ्कारः ओं नं बुद्धे ओं ओं प्रकृते । एकमूर्त्तावियं प्रोक्तो दीक्षायोगः समासतः । एवमेव

त्यहाँ आठआठपटक शुद्धिका निमित्त होम गर्नुपर्छ। त्यसपछि आचार्यले पूर्णाहुतिद्वारा शुद्ध तत्त्वलाई उद्धार गर्दै अव्याकृत प्रकृतिपर्यन्त सम्पूर्ण जगत्लाई नै क्रमअनुसार परम तत्त्वमा लय गरिदिनुपर्छ। त्यस परम तत्त्वलाई पनि ज्ञानयोगले परमात्मामा विलीन गरेर बन्धनमुक्त भएका जीवलाई अविनाशी परमात्म पदमा प्रतिष्ठित गर्नुपर्छ। त्यसपछि विद्वान् पुरुषले शिष्य, शुद्ध, बुद्ध, परमानन्द सन्दोहमा निमग्न एवं कृतकृत्य भइसकेको छ भन्ने अनुभव गर्नुपर्छ । यस किसिमको चिन्तन गरिसकेपछि गुरुले पूर्णाहुति दिनुपर्छ। यस किसिमले दीक्षाकर्मको समाप्ति हुने गर्दछ । अब म ती प्रयोगसम्बन्धी मन्त्रको वर्णन गर्छु जसबाट दीक्षा, होम र लय सम्पादित हुने गर्दछन् । ओं यं भूतानि वियुङ्क्ष्व हुं फट् भन्ने मन्त्रले ताडन गर्नुपर्ने विधान छ । यसैबाट भूतहरूसित वियोजन हुन्छ । यहाँ वियोजनका मन्त्रहरू दुईवटा छन्। एउटा त उही माथि वर्णन भएको हो र अर्को ओं यं भूतान्यापातयेऽहम् भन्ने मन्त्र पनि छ। यस मन्त्रले आपातन गरेर पुनः दिव्य प्रकृतिसित यसलाई संयोजन गरिन्छ। त्यसका लागि ओं यं भूतानि यङ्क्ष्व भन्ने मन्त्र सुन। अब होम मन्त्रको वर्णन गर्दछु। ओं भूतानि संहर स्वाहा भन्ने यही मन्त्र नै होम मन्त्र हो र ओं अं ओं नमो भगवते वासुदेवाय अं वौषट् यो पूर्णाहुति मन्त्र हो । पूर्णाहुतिपछिको तत्त्वमा शिष्यलाई संयुक्त गर्नुपर्छ। विद्वान् पुरुषले यसै किसिमले सबै तत्त्वहरूको शोधन क्रमशः गर्नुपर्छ । तत्त्वका आआफ्ना बीचमा नमः पद जोडेर ताडनादि तत्त्वशुद्धि सम्पादन गर्नुपर्छ । ओं रां कर्मेन्द्रियाणि, ओं दें बुद्धीन्द्रियाणि यी पदको अन्त्यमा वियुङ्क्ष्व हुं फट्लाई संयोजन गर्नुपर्छ । पूर्वोक्त यं बीजको जस्तै यी उपर्युक्त बीजहरूबाट पनि ताडन आदि प्रयोग गर्न सकिन्छ । ओं सुं गन्धतन्मात्रे बिम्बं युङ्क्ष्व हुं फट्। ओं सं पाहि हां ओं स्वं स्वं युङ्क्ष्व प्रकृत्या अं जं हुं गन्धतन्मात्रे सं हर स्वाहा यी क्रमशः संयोजन र होमका मन्त्र हुन् । त्यसपछि पूर्णाहुतिको विधान छ। यसै किसिमले उत्तरवर्ती कर्महरूमा पनि प्रयोग गरिन्छ। ओं रां रसतन्मात्रे। ओं तें रूपतन्मात्रे। ओं वं स्पर्शतन्मात्रे। ओं यं शब्दतन्मात्रे। ओं मं नमः। ओं सों अहंकारे। ओं नं बुद्धौ। ओं ओं प्रकृतौ। दीक्षायोग एकव्यूहात्मक मूर्तिका लागि सङ्क्षेपमा यही बताइयो । नवव्यूहादिन मूर्तिहरूका विषयमा पनि यस्तै प्रयोग हुन्छ । मानिसले प्रकृतिलाई दग्ध गरेर त्यसलाई निर्वाणस्वरूप परमात्मामा लीन गर्नुपर्छ।२९–५३।

त्यसपछि भूतहरूको शुद्धि गरेर कर्मेन्द्रियहरूको शोधन गर्नुपर्छ । त्यसपछि ज्ञानेन्द्रियहरूको, तन्मात्राहरूको,

प्रयोगस्तु नवव्यूहादिके स्मृतः ।५२।
दग्धा परस्मिन्सन्दध्यान्निर्वाणे प्रकृतिं नरः ।
अविकारे समादध्यादीश्वरे प्रकृतिं नरः ।५३।
शोधयित्वाथ भूतानि कर्माङ्गानि विशोधयेत् ।
बुद्ध्याख्यान्यथ तन्मात्र मनो ज्ञानमहङ्कृतिम् ।५४।
लिङ्गात्मानं विशोध्यान्ते प्रकृतिं शोधयेत्पुनः ।
पुरुषं प्राकृतं शुद्धमीश्वरे धाम्नि संस्थितम् ।५५।
स्वगोचरीकृताशेषभोगमुक्तौ कृतास्पदम् ।
ध्यायन् पूर्णाहुतिं दद्याद्दीक्षेयं त्वधिकारिणी ।५६ ।
अङ्गैराराध्य मन्त्रस्य नीत्वा तत्त्वगणं समम् ।
क्रमादेवं विशोध्यान्ते सर्वसिद्धिसमन्वितम् ।५७।
ध्यायन् पूर्णाहुतिं दद्याद्दीक्षेयं साधके स्मृता ।
द्रव्यस्य वा न सम्पत्तिरशक्तिर्वात्मनो यदि ।५८।
इष्ट्वा देवं यथापूर्वं सर्वोपकरणान्वितम् ।
सद्योऽधिवास्य द्वादश्यां दीक्षयेद्देशिकोत्तमः ।५९।
भक्तो विनीतः शारीरैर्गुणैः सर्वैः समन्वितः ।
शिष्यो नातिधनी यस्तु स्थण्डिलेऽभ्यर्च्य दीक्षयेत् ।६०।
अध्वानं निखिलं दैवं भौतं वाध्यात्मिकीकृतम् ।
सृष्टिक्रमेण शिष्यस्य देहे ध्यात्वा तु देशिकः । ६१।
अष्टाष्टाहुतिभिः पूर्वं क्रमात्सन्तर्प्य सृष्टिमान् ।
स्वमन्त्रैर्वासुदेवादीञ्जननादीन्विसर्जयेत् ।६२।
होमेन शोधयेत्पश्चात्संहारक्रमयोगतः ।
योनि सूत्राणि बद्धानि मुक्त्वा कर्माणि देशिकः ।६३।
शिष्यदेहात्समाहृत्य क्रमात्तत्त्वानि शोधयेत् ।
अग्नौ प्राकृतिके विष्णौ लयं नीत्वाधिदैविके ।६४।
शुद्धं तत्त्वमशुद्धेन पूर्णाहुत्या तु साधयेत् ।
शिष्ये प्रकृतिमापन्ने दग्ध्वा प्राकृतिकान्गुणान् ।६५।
मोचयेदधिकारे वा नियुज्याद्देशिकः शिशून् ।
अथान्यां शक्तिदीक्षां वा कुर्याद्भावे स्थितो गुरुः ।६६ ।
भक्त्या सम्प्रतिपन्नानां यतीनां निर्द्धनस्य च ।

मन, बुद्धि, एवं अहङ्कारको तथा लिङ्गात्माको शोधन गरेर सबैका अन्त्यमा पुनः प्रकृतिकै शुद्धि गर्नुपर्छ । शुद्ध भएको प्राकृत पुरुष ईश्वरीय धाममा प्रतिष्ठित छ । उसले सम्पूर्ण भागहरूलाई नै अनुभव गरेको छ र अब ऊ मुक्तिपदमा स्थित छ भनेर ध्यान गर्नुपर्छ र पूर्णाहुति दिनुपर्छ । यस अधिकार प्रदान गर्ने नै दीक्षा हो। पूर्वोक्त मन्त्रको अङ्गद्वारा आराधना गरेर तत्त्वसमूहलाई समभाव मा पुऱ्याएर क्रमशः यसै रीतिले शोधन गरेर अन्त्यमा साधकले आफूलाई सम्पूर्ण सिद्धिहरूले युक्त परमात्मरूपले स्थित अनुभव गर्दै पूर्णाहुति दिनुपर्छ । यो नै साधकविषयक दीक्षा हो भनिएको छ। यदि यज्ञोपयोगी द्रव्यको सम्पादन वा सङ्ग्रह हुन सकेन अथवा आफ्नो असमर्थता रह्यो भने समस्त उपकरणसहित श्रेष्ठ गुरुले पूर्ववत् इष्टदेवताको पूजन गरेर तत्काल उनलाई अधिवासित गरेर द्वादशी तिथिमा शिष्यलाई दीक्षा दिनुपर्छ । जो गुरुभक्त, विनयशील एवं समस्त शारीरिक सद्गुणले सम्पन्न छ, त्यस्तो शिष्य यदि अधिक धनवान् छैन भने नै वेदीमा इष्टदेवताको पूजन मात्र गरेर दीक्षा ग्रहण गर्नुपर्छ । आधिदैविक, आधिभौतिक र आध्यात्मिक यी सम्पूर्ण अध्वालाई सृष्टिक्रमले शिष्यका शरीरमा चिन्तन गरेर गुरुले पहिले पालैपालो आठ आहुतिले एकएकलाई तृप्त गराइसकेपछि सृष्टिमान भएका वासुदेव आदि विग्रहलाई उनका आआफ्ना मन्त्रले पूजन एवं हवन गर्नुपर्छ र हवनपूजनपछि अग्नि आदिलाई विसर्जन गर्नुपर्छ । त्यसपछि पूर्वोक्त होमद्वारा संहारक्रमले तत्त्वहरूलाई शोधन गर्नुपर्छ। पहिले नै दीक्षाकर्ममा जुन सूत्रमा गाँठो पारिराखिएका थिए, ती गाँठाहरू खोलेर गुरुले तिनलाई शिष्यका शरीरदेखि लिएर क्रमशः तिनै तत्त्वहरूमा समेत शोधन गर्नुपर्छ । प्राकृतिक अग्नि एवं आधिदैविक विष्णुमा अशुद्ध मिश्रित शुद्ध तत्त्वलाई लीन गराएर पूर्णाहुतिले शिष्यलाई त्यस तत्त्वमा संयुक्त गर्नुपर्छ । यस किसिमले शिष्यले प्रकृतिभाव प्राप्त गर्दछ । त्यसपछि गुरुले उसका प्राकृतिक गुणहरूलाई भावनाद्वारा दग्ध गरेर उसलाई तिनबाट छुटकारा गराउनुपर्छ । यसो गरेर उनले शिशुस्वरूप ती शिष्यहरूलाई अधिकारमा नियुक्त गर्नुपर्छ । त्यसपछि भावमा स्थित भएका आचार्यले भक्तिभावले शरणमा आएका यति तथा निर्धन शिष्यलाई शक्ति नामको अर्को दीक्षा दिनुपर्छ। वेदीमा भगवान् विष्णुको पूजा गरेर पुत्र वा शिष्यविशेषलाई आफ्ना नजिक बसाउनुपर्छ। त्यसपछि शिष्यले देवताका सम्मुख तिर्यक् दिशातिर फर्किएर आफैँ बस्नुपर्छ। गुरुले शिष्यका शरीरमा आफ्नै पर्वले कल्पित

सम्पूज्य स्थण्डिले विष्णुं पार्श्वस्थं स्थाप्य पुत्रकम् ।६७।
देवताभिमुखः शिष्यस्तिर्यगास्यः स्वयं स्थितः ।
अध्वानं निखिलं ध्वात्वा पर्वभिः स्वैर्विकल्पितम् ।६८।
शिष्यदेहे तथा देवमाधिदैविकयाजनम् ।
ध्यानयोगेन सञ्चिन्त्य पूर्ववत्ताडनादिना ।६९।
क्रमात्तत्त्वानि सर्वाणि शोधयेत्स्थण्डिले हरौ ।
ताडनेन वियोज्याथ गृहीत्वात्मनि तत्परः ।७०।
देवे संयोज्य संशोध्य गृहीत्वा तत्स्वभावतः ।
आनीय शुद्धभावेन सन्धयित्वा क्रमेण तु ।७१।
शोधयेद्ध्यानयोगेन सर्वतो ज्ञानमुद्रया ।
शुद्धेषु सर्वतत्त्वेषु प्रधाने चेश्वरे स्थिते ।७२।
दग्ध्वा निर्वापयेच्छिष्यान्पदे चैशे नियोजयेत् ।
निनयेत् सिद्धिमार्गे वा साधकं देशिकोत्तमः ।७३।
एवमेवाधिकारस्थो गृही कर्म्माण्यतन्द्रितः ।
आत्मानं शोधयंस्तिष्ठेद्यावद्रागक्षयो भवेत् ।७४।
क्षीणरागमथात्मानं ज्ञात्वा संशुद्धकिल्बिषः ।
आरोप्य पुत्रे शिष्ये वा ह्यधिकारं तु संयमी ।७५।
दग्ध्वा मायामयं पाशं प्रव्रज्य स्वात्मनि स्थितः ।
शरीरपातमाकाङ्क्षन्नासीताव्यक्तलिङ्गवान् ।७६ ।

सम्पूर्ण अध्वाहरूको ध्यान गरेर आधिदैविक यजन गर्नका लागि प्रेरित गराउने इष्टदेवतालाई पनि ध्यानयोगले चिन्तन गर्नुपर्छ । त्यसपछि पूर्ववत् ताडन आदिद्वारा क्रमशः सम्पूर्ण तत्त्वहरूलाई वेदीगत श्रीहरिमा शोधन गर्नुपर्छ । ताडनद्वारा तत्त्वहरूलाई विनियोजन गरेर तिनलाई आत्मामा ग्रहण गर्नुपर्छ र पुनः इष्टदेवताका साथमा तिनलाई संयोजन एवं शोधन गरेर स्वभावतः ग्रहण गरिसकेपछि ल्याएर क्रमशः शुद्ध तत्त्वका साथमा संयुक्त गर्नुपर्छ। सर्वत्र ध्यानयोग एवं उत्तान मुद्राद्वारा शोधन गर्नुपर्छ। सम्पूर्ण तत्त्वको शुद्धि भएपछि जब प्रधान तथा परमेश्वर स्थित रहन्छन्, त्यस बेलामा पूर्वोक्त रीतिले प्रकृतिलाई दग्ध गरेर शुद्ध भएका शिष्यलाई परमेश्वर पदमा प्रतिष्ठित गराउनुपर्छ । श्रेष्ठ गुरुले साधकलाई यसरी नै सिद्धिका मार्गमा लिएर जानुपर्छ। अधिकारमा आरुढ भएका गृहस्थले पनि यसै किसिमले आलस्य छोडेर समस्त कर्मको अनुष्ठान गर्नुपर्छ। जबसम्म राग वा आसक्ति सर्वथा नाश हुँदैन, त्यस बेलासम्म आत्मशुद्धि सम्पादन गरिरहनुपर्छ । मेरा हृदयको राग सर्वथा क्षीण भइसक्यो भन्ने जब अनुभव हुन्छ, त्यसपछि मात्रै पापबाट मुक्त रहेको संयमशील पुरुषले आफ्ना पुत्र या शिष्यलाई अधिकारहरू जिम्मा लगाएर मायामय पाशलाई दग्ध गर्दै संन्यास लिनुपर्छ र आत्मनिष्ठ हुँदै देहपातको प्रतीक्षा गरिरहनुपर्छ। आफ्ना सिद्धिसम्बन्धी कुनै पनि चिह्न अर्कामाथि व्यक्त हुन दिनुहुँदैन ।५४-७६।

२८. अष्टाविंशोऽध्यायः

आचार्यअभिषेक

नारद उवाच

अभिषेकं प्रवक्ष्यामि यथाकुर्यात्तु पुत्रकः ।

सिद्धिभाक्साधको येन रोगी रोगाद्विमुच्यते ।१।

राज्यं राजा सुतं स्त्रीञ्च प्राप्नुयान्मलनाशनम् ।

मूर्त्तिकुम्भान्सुरत्नाढ्यान्मध्यपूर्वादितो न्यसेत् ।२।

नारदले भने— हे महर्षिहरू हो ! अब म आचार्यको अभिषेकका विषयमा वर्णन गर्दछु र यसलाई पुत्रले वा पुत्रकै समान श्रद्धालु शिष्यले नै सम्पन्न गर्न सक्छ। यस अभिषेकले साधक सिद्धिको भागी हुन्छ र रोगी पनि रोगबाट मुक्त हुन्छ । राजालाई राज्य र स्त्रीलाई पुत्र प्राप्त हुन्छ । यसबाट अन्तःकरणको विकार नाश हुन्छ । माटाका धेरै घडाहरूमा उत्तम रत्न राखेर एक स्थानमा स्थापित गर्नुपर्छ। पहिले एक घडा बीचमा राख्नुपर्छ, त्यसपछि चारैतिर घडाहरूको स्थापना गर्नुपर्छ । यसै गरी एक हजार या एक सय आवृत्तिमा ती सबैलाई स्थापना गर्नुपर्छ। त्यसपछि मण्डपभित्र कमलाकार

सहस्रावर्त्तितान्कुर्यादथवा शतवर्त्तितान् ।
मण्डपे मण्डले विष्णुं प्राच्यैशान्याञ्च पीठके ।३।
निवेश्य सकलीकृत्य पुत्रकं साधकादिकम् ।
अभिषेकं समभ्यर्च्य कुर्याद् गीतादिपूर्वकम् ।४।
दद्याच्च योगपीठादीन् स्त्वनुग्राह्यास्त्वया नराः ।
गुरुश्च समयान्ब्रूयाद्गुप्तः शिष्योऽथ सर्वभाक् ।५।

मण्डलमा पूर्व र ईशानकोणका मध्यभागमा पीठ या सिंहासनमा भगवान् विष्णुलाई स्थापित गरेर पुत्र एवं साधक आदिलाई सकलीकरण गर्नुपर्छ । त्यसपछि शिष्य या पुत्र भगवत्पूजनपूर्वक गुरुको अर्चना गरेर ती कलशका जलले उनीहरूलाई अभिषेक गर्नुपर्छ । त्यस बेला गीत वाद्यको उत्सव भइरहन्छ । त्यसपछि योगपीठ आदि गुरुलाई अर्पित गर्नुपर्छ र हे गु रुदेव ! हामी सबै मानिसहरूलाई कृपापूर्वक अनुगृहीत गर्नुहोस् भनी प्रार्थना गर्नुपर्छ । गुरुले पनि उनलाई दीक्षाको समयानुकूल आचारको शिक्षा दिनुपर्छ । यसैबाट गुरु र साधकलाई मनोरथ पूरा हुन्छ ।१-५।

२९. ऊनत्रिंशोऽध्यायः

सर्वतोभद्र

नारद उवाच
साधकः साधयेन्मत्रं देवतायतनादिके ।
शुद्धभूमौ गृहे प्राच्ये मण्डले हरिमीश्वरम् ।१।
चतुरस्त्रीकृते क्षेत्रे मण्डलादीनि वै लिखेत् ।
रसवाणाक्षिकोष्ठेषु सर्वतोभद्रमालिखेत् ।२।
षट्त्रिंशत्कोष्ठकैः पद्मं पीठं पङ्क्त्या बहिर्भवेत् ।
द्वाभ्यां तु वीथिका तस्माद्वाभ्यां द्वाराणि दिक्षु च ।३।
वर्तुलं भ्रामयित्वा तु पद्मक्षेत्रं पुरोदितम् ।
पद्मार्द्धे भ्रामयित्वा तु भागं द्वादशमं बहिः ।४।
विभज्य भ्रामयेच्छेषञ्चतुः क्षेत्रं तु वर्तुलम् ।
प्रथमं कर्णिकाक्षेत्रं केसराणां द्वितीयकम् ।५।
तृतीयं दलसन्धीनां दलाग्राणां चतुर्थकम् ।
प्रसार्य कोणसूत्राणि कोणदिङ्मध्यमं ततः ।६।
निधाय केसराग्रे तु दलसन्धीस्तु लाञ्छयेत् ।
पातयित्वाथ सूत्राणि तत्र पत्राष्टकं लिखेत् ।७।
जलसन्धयन्तरालं तु मानं मध्ये निधाय तु ।
दलाग्रं भ्रामयेत्तेन तदग्रं तदनन्तरम् ।८।
तदन्तरालं तत्पार्श्वे कृत्वा बाह्यक्रमेण च ।

नारदले भने– हे महर्षिहरू हो ! साधकहरूले देवमन्दिर आदिमा मन्त्रको साधना गर्नुपर्छ । घरभित्रको शुद्ध भूमिको मण्डलमा परमेश्वर श्रीहरिको विशेष पूजा गरेर चारकुने क्षेत्रमा मण्डल आदिको रचना गर्नुपर्छ । दुईसय छपन्न कोष्ठ भएको सर्वतोभद्र मण्डल लेख्नुपर्छ । यसो गर्दा दुई सय छपन्न कोठाहरू हुन्छन् । तिनीहरूका बीचका छत्तीस कोठाहरूलाई एकएक गरी कमल बनाउनुपर्छ अथवा त्यसलाई कमलको क्षेत्र भनी निश्चित गर्नुपर्छ । यस कमलको क्षेत्रका बाहिर चारैतिरको एकएक पङ्क्ति मेटेर त्यसैलाई पीठको कल्पना गर्नुपर्छ अथवा त्यसलाई पीठ मान्नुपर्छ । त्यसपछि पीठभन्दा बाहिरका दुईदुई पङ्क्तिहरूलाई मार्जन गरी तिनैमा वीथीको कल्पना गर्नुपर्छ । त्यसपछि चारै दिशाहरूमा द्वार निर्माण गर्नुपर्छ । पूर्वोक्त पद्मक्षेत्रमा सबैतिर बाहिरका बाह्रवटा भागलाई छोड्नुपर्छ र सर्वमध्य स्थानमा सूत्र राखेर पद्म निर्माणका लागि विभागपूर्वक समान अन्तर राख्दै धागो घुमाएर तीनवटा वृत्त बनाउनुपर्छ । यस किसिमले चारकुने क्षेत्रलाई वर्तुलाकार बनाइदिनुपर्छ । यिनीहरू तीनमध्ये पहिलो वृत्त कर्णिकाको क्षेत्र हो, दोस्रो केसरको क्षेत्र हो र तेस्रो दलसन्धिहरूको क्षेत्र हो । बाँकी रहेको चौथो अंश दलाग्रभागको स्थान हो । कोणसूत्रलाई फैलाएर कोणबाट दिशाका मध्यभागसम्म लैजानुपर्छ र केसरको अग्रभागमा धागो राखेर दलसन्धिहरूलाई चिनो लगाउनुपर्छ । त्यसपछि धागो खसालेर अष्टदलहरूको निर्माण गर्नुपर्छ । दलहरूका मध्यमा रहेको अन्तरालका मानलाई बीचमा पारेर त्यो धागो दलाग्रमा घुमाउनुपर्छ । त्यसपछि त्यसको अग्रभागलाई पनि

केसरे तु लिखेद्वौ द्वौ दलमध्ये ततः पुनः ।९।
पद्मलक्ष्मैतत्सामान्यं द्विषट् कदलमुच्यते ।
कर्णिकार्द्धेन मानेन प्राक्संस्थं भ्रामयेत्क्रमात् ।१०।
तत्पार्श्वे भ्रमयोगेन कुण्डल्यः षड् भवन्ति हि ।
एवं द्वादश मत्स्याः स्युर्द्विषट् कदलकं च तैः ।११।
पञ्चपत्राभिसिध्यर्थं मत्स्यं कृत्वैवमब्जकम् ।
व्योमरेखाबहिः पीठं तत्र कोष्ठानि मार्जयेत् ।१२।
त्रीणि कोणेषु पादार्थं द्विद्विकान्यपराणि तु ।
चतुर्दिक्षु विलिप्तानि पत्रकाणि भवन्त्युत ।१३।
ततः पङ्क्तिद्वयं दिक्षु वीथ्यर्थन्तु विलोपयेत् ।
द्वाराण्याशासु कुर्वीत चत्वारि चतसृष्वपि ।१४।
द्वाराणां पार्श्वतः शोभा अष्टौ कुर्याद्विचक्षणः ।
तत्पार्श्व उपशोभास्तु तावत्यः परिकीर्त्तिताः ।१५।
समीप उपशोभानां कोणास्तु परिकीर्त्तिताः ।
चतुर्दिक्षु ततो द्वे द्वे चिन्तयेन्मध्यकोष्टकैः ।१६।
चत्वारि बाह्यतो मृज्यादेकैकं पार्श्वयोरपि ।
शोभार्थं पार्श्वयोस्त्रीणि त्रीणि लुम्पेद्दलस्य तु ।१७।
तद्वद्विपर्यये कुर्यादुपशोभां ततः परम् ।
कोणस्यान्तर्बहिस्त्रीणि चिन्तयेद्द्विर्विभेदतः ।१८।
एवं षोडशकोष्टं स्यादेवमन्यत्तु मण्डलम् ।
द्विषट्कभागे षट्त्रिंशत्पदं पद्मं तु वीथिका ।१९।
एका पङ्क्तिः पराभ्यां तु द्वारशोभादि पूर्व्ववत् ।
द्वादशाङ्गुलिभिः पद्ममेकहस्ते तु मण्डले ।२०।
द्विहस्ते हस्तमात्रं स्याद्वृद्ध्या द्वारेण वाचरेत् ।
अपीठं चतुरस्त्रं स्याद्विकरं चक्रपङ्कजम् ।२१।
पद्मार्द्धं नवभिः प्रोक्तं नाभिस्तु तिसृभिः स्मृता ।
अष्टाभिर्द्वारकान्कुर्यान्नेमिं तु चतुरङ्गुलैः ।२२।
त्रिधा विभज्य च क्षेत्रमन्तर्द्वाभ्यामथाङ्कयेत् ।

घुमाउनुपर्छ । तिनीहरूका अन्तराल मानलाई उनैका पार्श्वमा राखेर बाह्य क्रमबाट एकएक दलमा दुईदुई केसरहरूको उल्लेख गर्नुपर्छ। सामान्यतः यो कमलको चिह्न हो। त्यसपछि द्वादश दल कमलको वर्णन गरिन्छ । कर्णिकाको अन्दाजी आधाबाट पूर्वदिशातर्फ घुमाउनुपर्छ । त्यसका पार्श्वभागमा भ्रमणयोग्य छवटा कुण्डलीहरू हुनेछन् र बाह्र मत्स्यचिह्न बन्नेछन् । तिनीहरूले नै द्वादशदल कमल सम्पन्न हुन्छ । पञ्चदल आदिको सिद्धिका लागि पनि यसै किसिमले मत्स्यचिह्नले कमल बनाएर आकाशरेखाबाट बाहिर जुन पीठभाग हुन्छ, त्यसैका कोष्ठहरू मेटाउनुपर्छ। पीठ भागका चारै कोणमा तीनतीन कोष्ठकहरूलाई त्यस पीठका पाउका रूपमा कल्पना गर्नुपर्छ । अवशिष्ट जुन चारै दिशाहरूमा दुईदुई जोडेर त्यहाँ भएजति चारचारका कोष्ठकहरूलाई मेटाउनुपर्छ । तिनै पीठका पाटाहरू हुन्छन् । पीठबाहिर चारै दिशामा दुईदुई पङ्क्तिका मार्गहरूलाई सर्वथा मेटाउनुपर्छ । त्यसपछि चारै दिशामा चार द्वारहरूको कल्पना गर्नुपर्छ । विद्वान् पुरुषले द्वारका पार्श्वभागमा आठवटा शोभास्थानको कल्पना गर्नुपर्छ र शोभाका पार्श्वभागमा उपशोभा स्थान बनाउनुपर्छ। उपशोभाको सङ्ख्या पनि शोभाको जति हुन्छ उति नै हुनुपर्छ भनी बताइएको छ। उपशोभाका नजिकको स्थानलाई कोण भनिन्छ । त्यसपछि चारै दिशामा दुईदुई मध्यवर्ती कोष्ठकहरूलाई र त्यसभन्दा बाहिर पङ्क्तिका चारचार मध्यवर्ती कोष्ठकका द्वारको चिन्तन गर्नुपर्छ । ती सबैलाई एकत्र गरी मेटाउनुपर्छ, यसो गर्दा चार द्वार बनेका हुन्छन्। द्वारका दुवै पार्श्वमा क्षेत्रको बाह्य पङ्क्तिका एकएक र भित्री पङ्क्तिका तीनतीन कोष्ठकलाई शोभा बनाउनका लागि मेटाइदिनुपर्छ। शोभाका पार्श्वभागमा त्यसको विपरीत गरियो भने अर्थात् क्षेत्रको बाह्य पङ्क्तिको एकएक र कोष्ठक मेटाइदिँदा उपशोभाको निर्माण हुन्छ। त्यसपछि कोणभित्र र बाहिरका तीनतीन कोष्ठकहरूको भेद मेटाएर एकएकको चिन्तन गर्नुपर्छ। यस किसिमले सोह्र कोष्ठहरूबाट बन्ने दुई सय छपन्न कोष्ठको मण्डल-निर्माणको वर्णन भयो । यसरी गरी अन्य मण्डल पनि बन्न सक्छन् । बाह्रबाह्र कोष्ठकको जुन मण्डल बन्दछ, त्यसमा पनि मध्यवर्ती छत्तीस पदको कमल हुन्छ । यसमा वीथी हुँदैन । एक पङ्क्तिका पीठका लागि हुने गर्छ। शेष दुई पङ्क्तिहरूद्वारा पूर्ववत् अरू शोभाको कल्पना हुन्छ। एक हातका मण्डलमा बाह्र अङ्गुलको कमल क्षेत्र हुन्छ । दुई हातका मण्डलमा कमलको स्थान एक हात लामोचौडा हुन्छ। त्यसैअनुसार वृद्धि गरेर नै द्वार आदिका साथै मण्डलको रचना गर्नुपर्छ। दुई हातको पीठरहित चतुरस्रमण्डल

पञ्चान्त स्वरसिद्ध्यर्थं तेष्वास्फाल्य लिखेदरान् ।२३।
इन्दीवरदलाकारानथवा मातुलाङ्गवत् ।
पद्मपत्रायतान्वापि लिखेदिच्छानुरूपतः ।२४।
भ्रामयित्वा बर्हिनेमावरसन्ध्यन्तरे स्थितः ।
भ्रामयेदरमूलं तु सन्धिमध्ये व्यवस्थितः ।२५।
अरमध्ये स्थितो मध्यमरणिं भ्रामयेत्समम् ।
एवं सिद्ध्यन्तराः सम्यङ्मातुलाङ्गनिभाः समाः ।२६।
विभज्य सप्तधा क्षत्रं चतुर्दशकरं समम् ।
द्विधा कृते शतं ह्यत्र षण्णवत्यधिकानि तु ।२७।
कोष्ठकानि चतुर्भिस्तैर्मध्ये भद्रं समालिखेत् ।
परितो विसृजेद्वीथ्यै तथा दिक्षु समालिखेत् ।२८।
कमलानि पुनर्वीथ्यै परितः परिमृज्य तु ।
द्वे द्वे मध्यमकोष्ठे तु ग्रीवार्थं दिक्षु लोपयेत् ।२९।
चत्वारि बाह्यतः पश्चात्रीणि त्रीणि तु लोपयेत् ।
ग्रीवापार्श्वे बहिस्त्वेका शोभा सा परिकीर्त्तिता ।३०।
विसृज्य बाह्यकोणेषु सप्तान्तस्त्रीणि मार्जयेत् ।
मण्डलं नवभागं स्यान्नवव्यूहं हरिं यजेत् ।३१।
पञ्चविंशतिकव्यूहं मण्डलं विश्वरूपगम् ।
द्वात्रिंशद्धस्तकं क्षेत्रं भक्तं द्वात्रिंशता समम् ।३२।
एवङ्कृते चतुर्विंशत्यधिकं तु सहस्रकम् ।
कोष्ठकानां समुद्दिष्टं मध्ये षोडशकोष्ठकैः ।३३।
भद्रकं परिलिख्याथ पार्श्वे पङ्क्तिं विमृज्य तु ।
ततः षोडशभिः कोष्ठैर्दिक्षु भद्राष्टकं लिखेत् ।३४।
ततोऽपि पङ्क्तिं सम्मृज्य तद्वत्षोडशभद्रकम् ।
लिखित्वा परितः पङ्क्तिं विमृज्याथ प्रकल्पयेत् ।३५।
द्वारद्वादशकं दिक्षु त्रीणित्रीणि यथाक्रमात् ।
षड्भिश्च परिलुप्यान्तर्मध्ये चत्वारि पार्श्वयोः ।३६।
चत्वार्य्यन्तर्बहिर्द्वे तु शोभार्थं परिमृज्यतु ।

छ भने त्यसमा चक्राकार कमलको निर्माण गर्नुपर्छ । नौ अङ्गुललाई पद्मार्ध भनिएको छ । तीन अङ्गुलको नाभी मानिएको छ । आठ अङ्गुलको अर बनाउनुपर्छ र चार अङ्गुलको नेमी हुन्छ । क्षेत्रलाई तीन भाग गरेर त्यसपछि भित्रबाट प्रत्येकलाई दुईदुई भाग गर्नुपर्छ । भित्रका जुन पाँच कोष्ठक हुन्छन्, तिनलाई अर अथवा आर बनाउनका लागि आस्फालित गरेर तिनीहरूमाथि नै अर अङ्कित गर्नुपर्छ । ती अरहरू इन्दीवर दल अथवा मातुलिङ्गको आकारको हुनुपर्छ अथवा कमलपत्रको जस्तै विस्तृत हुनुपर्छ अथवा आफ्नै इच्छानुसार तिनको आकृति अङ्कित गर्नुपर्छ । अरहरूको जोर्नीका बीचमा धागो राखेर त्यसलाई बाहिरको नेमीसम्म लैजानुपर्छ र चारैतिर घुमाउनुपर्छ । अरका मूलभागलाई त्यसको सन्धिस्थानमा धागो राखेर घुमाउनुर्प अरका मध्यमा सूत्र स्थापन गरेर त्यसका माझबाट समान रूपले धागो घुमाउनुपर्छ । यसरी घुमाउँदा मातुलाङ्गको जस्तै अरहरू बनेका हुन्छन् ।१–२६।

चौध पदका क्षेत्रलाई सात भागमा बाँटेर पुनः दुईदुई भागमा बाँटौं, अथवा पूर्वदेखि पश्चिम तथा उत्तरदक्षिणतर्फ पन्ध्रपन्ध्र समान रेखाहरू तानौं । यसो गर्नाले एक सय छयानब्बे कोष्ठक सिद्ध हुन्छन् । ती जुन कोष्ठक भए, तिनीहरूकै बीचका चार कोष्ठकद्वारा भद्रमण्डल लेख्नुपर्छ । त्यसका चारैतिर वीथीका लागि स्थान छोड्नुपर्छ । त्यसपछि सम्पूर्ण दिशाहरूमा कमल लेख्नुपर्छ । ती कमलहरूका चारैतिर वीथीका लागि एकएक कोष्ठ मेटाउनुपर्छ । त्यसपछि बीचका दुईदुई कोष्ठ ग्रीवाभागका लागि मेटाउनुपर्छ । अनि बाहिरका जुन चार कोष्ठ हुन्छन् तिनबाट तीनतीनलाई सबै तिरबाट मेटाइदिनुपर्छ । बाहिरका एकएक कोष्ठ ग्रीवाका पार्श्वभागमा शेष रहन दिनुपर्छ । त्यसैलाई द्वारशोभाको नाम दिनुपर्छ । बाह्य कोणमा सातलाई छोडेर भित्रभित्रका तीनतीन कोष्ठक मेटाउनुपर्छ । यसलाई नवनाल अथवा नवनाभ मण्डल भनिन्छ । त्यसका नौवटा नाभीहरूमा नवव्यूहस्वरूप श्रीहरिको पूजन गर्नुपर्छ । पच्चीस व्यूहहरूको जुन मण्डल हुन्छ, त्यो विश्वव्यापी छ अथवा सम्पूर्ण रूपमा नै व्याप्त छ । बत्तीस हात अथवा कोष्ठक भएका क्षेत्रलाई बत्तीसैले बराबर विभाजन गर्नुपर्छ अर्थात् माथिबाट तलतिर तेत्तीस रेखाहरू तानेर तिनीमाथि तेत्तीसवटा तेर्छा रेखाहरू तान्नुपर्छ । यसरी एक हजार चौबीस कोष्ठक बन्छन् । तिनीहरूका बीचका सोह्र कोष्ठद्वारा भद्रमण्डलको रचना गर्नुपर्छ । त्यसपछि चारैतिरका एकएक पङ्क्ति छोडिदिनुपर्छ । त्यसपछि आठै दिशामा सोह्र कोष्ठकद्वारा आठ

उपद्वार प्रसिद्ध्यर्थं त्रीण्यन्तः पञ्च बाह्यतः ।३७।
परिमृज्य तथा शोभां पूर्ववत्परिकल्पयेत् ।
बहिः कोणेषु सप्तान्तस्त्रीणि कोष्ठानि मार्जयेत् ।३८।
पञ्चविंशतिकव्यूहे परं ब्रह्म यजेत् कजे ।
मध्ये पूर्वादितः पद्मे वासुदेवादयः क्रमात् ।३९।
वराहं पूजयित्वा च पूर्वपद्मे ततः क्रमात् ।
व्यूहान्सम्पूजयेत्तावद्यावत्षट्विंशमो भवेत् ।४०।
यथोक्तं व्यूहमखिलमेकस्मिन्पङ्कजे क्रमात् ।
यष्टव्यमिति यत्नेन प्रचेता मन्यतेऽध्वरम् ।४१।
सत्पन्तु मूर्तिभेदेन विभक्तं मन्यतेऽच्युतम् ।
चत्वारिंशत्करं क्षेत्रं ह्युत्तरं विभजेत्क्रमात् ।४२।
एकैकं सप्तधा भूयस्तथैवैकं द्विधा पुनः ।
चतुषष्ट्युत्तरं सप्तशतान्येकं सहस्रकम् ।४३।
कोष्ठकानां भद्रकं च मध्ये षोडशकोष्ठकैः ।
पार्श्वे वीथीं ततश्चाष्टभद्राण्यथ च वीथिका ।४४।
षोडशाब्जान्यथो वीथी चतुर्विंशतिपङ्कजम् ।
वीथीपद्मानि द्वात्रिंश पङ्क्तिवीथिकजान्यथ ।४५।
चत्वारिंशत्ततो वीथी शेषपङ्क्तित्रयेण च ।
द्वारशोभोपशोभाः स्युर्दिक्षु मध्ये विलोप्य च ।४६ ।
द्विचतुष्षड्द्वारसिद्ध्यै चतुर्दिक्षु विलोपयेत् ।
पञ्च त्रीण्येककं बाह्ये शोभोपद्वारसिद्धये ।४७।
द्वाराणां पार्श्वयोरन्तः षड् वा चत्वारि मध्यतः ।
द्वे द्वे लुप्येदेवमेव षड् भवन्त्युपशोभिकाः ।४८।
एकस्यां दिशि सङ्ख्याः स्युश्चतस्रः परिसङ्ख्यया ।
एकैकस्यां दिशि त्रीणि द्वाराण्यपि भवन्त्युत ।४९।
पञ्च पञ्च तु कोणेषु पङ्क्तौ पङ्क्तौ क्रमात्सृजेत् ।
कोष्ठकानि भवेदेवं मर्त्येष्टं मण्डलं शुभम् ।५०।

भद्रमण्डल लेख्नुपर्छ। यसैलाई भद्राष्टक मण्डल भन्ने गरिएको छ। त्यसपछिको पनि एक पङ्क्ति मेटाएर पुनः पूर्ववत् सोह्र भद्रमण्डल लेख्नुपर्छ। त्यसपछि सबै तर्फबाट एकएक पङ्क्ति मेटाएर प्रत्येक दिशामा तीनतीन क्रमले बाह्र द्वारको रचना गर्नुपर्छ। बाहिरका छवटा कोष्ठ मेटाएर बीचको पार्श्वभागका चारवटा मेटाउनुपर्छ। त्यसपछि भित्रका चार र बाहिरका दुई कोष्ठ शोभाका लागि मेटाइदिनुपर्छ। त्यसपछि उपद्वारलाई सिद्ध गर्नका लागि भित्रका तीन र बाहिरका पाँच कोठाहरूलाई मेटाउनुपर्छ। त्यसपछि पूर्ववत् शोभाको कल्पना गर्नुपर्छ। कोणहरूका बाहिरका सात र भित्रका तीन कोष्ठ मेटाउनुपर्छ। यसै गरी जुन पञ्चविंशतिका नामको व्यूहमण्डल तयार हुन्छ, त्यसको भित्रको कमलकर्णिकामा परब्रह्म परमात्माको यजन गर्नुपर्छ। त्यसपछि पूर्व आदि दिशाहरूका कमलमा क्रमशः वासुदेव आदिको पूजन गर्नुपर्छ। त्यसपछि पूर्ववर्ती कमलमा भगवान् वराहको पूजन गरेर क्रमशः पच्चीसै व्यूहको पूजा गर्नुपर्छ। यो क्रम जबसम्म छब्बीसौं तत्त्वका रूपमा परमात्माको पूजन सम्पन्न नहोउन्जेल चलिरहेको हुनुपर्छ। यस विषयमा एकै मण्डलमा यी सम्पूर्ण कथित व्यूहहरूको क्रमशः पूजन यज्ञ सम्पन्न हुनुपर्छ भन्ने प्रचेताको मत छ। तर मूर्तिभेदले भगवान्को व्यक्तित्वमा भेद हुने गर्छ, त्यसैले सबैको पूजन पृथक्पृथक् नै हुनु नै उचित हुन्छ भन्ने सत्यको कथन छ। बयालीस कोष्ठक भएका मण्डललाई तेर्छा रेखाले क्रमशः विभाजन गर्नुपर्छ। पहिले एकएकलाई सात भाग गर्नुपर्छ, त्यसपछि प्रत्येकलाई तीनतीन भाग र त्यसलाई पनि दुईदुई भाग गर्नुपर्छ। यसरी एक हजार सात सय चौसट्ठी कोष्ठक बन्दछन्। बीचका सोह्र कोष्ठकमा कमल बनाउनुपर्छ। पार्श्वभागमा वीथीको रचना गर्नुपर्छ। त्यसपछि आठ भद्र र वीथी बनाउनुपर्छ। त्यसपछि सोह्र दलका कमल र वीथी निर्माण गर्नुपर्छ। त्यसपछि क्रमशः चौबीस दलको कमल, वीथी, बत्तीस दलको कमल, वीथी, चालीस दलको कमल र वीथी बनाउनुपर्छ। त्यसपछि शेष तीन पङ्क्तिले द्वार, शोभा र उपशोभाहरू बन्दछन्। सम्पूर्ण दिशाहरूका मध्यभागमा द्वारसिद्धिका लागि दुई, चार र छवटा कोष्ठक मेटाउनुपर्छ। द्वारको पार्श्वभागमा भित्री र क्रमशः छ तथा चार कोष्ठक मेटाएर बीचका दुईदुई कोष्ठ पनि मेटाउनुपर्छ। यसरी छवटा उपशोभाहरू बनेका हुन्छन्। एकएक दिशामा चारचार शोभा र तीनतीन द्वार बन्छन्। कोणमा प्रत्येक पङ्क्तिका पाँचपाँच कोष्ठ छोडिदिनुपर्छ। तिनीहरू नै कोण हुन्छन्। यसरी रचना गर्दा सुन्दर अभीष्ट मण्डलको निर्माण हुन्छ।२७–५०।

३०. त्रिंशोऽध्यायः
मण्डलाविधि

नारद उवाच

मध्ये पद्मे यजेद् ब्रह्म साङ्गं पूर्वेऽब्जनाभकम्।
आग्नेयेऽब्जे च प्रकृतिं याम्येऽब्जे पुरुषं यजेत् ।१।
पुरुषाद्दक्षिणे वह्निं नैर्ऋते वारुणेऽनिलम्।
आदित्यमैन्दवे पद्मे ह्यग्यजुश्चैशपद्मके ।२।
इन्द्रादींश्च द्वितीयायां पद्मे षोडशके तथा।
सामाथर्वणमाकाशं वायुं तेजस्तथा जलम् ।३।
पृथिवीं च मनश्चैव श्रोत्रं त्वक् चक्षुरर्चयेत्।
रसनां च तथा घ्राणं भूर्भुवश्चैव षोडशम् ।४।
महर्जनस्तपः सत्यं तथाग्निष्टोममेव च।
अत्यग्निष्टोमकं चोक्थं षोडशीं वाजपेयकम् ।५।
अतिरात्रं च सम्पूज्य तथाप्तोर्याममर्च्चयेत्।
मनो बुद्धिमहङ्कारं शब्दं स्पर्शं च रूपकम् ।६।
रसं गन्धं च पद्मेषु चतुर्विंशतिषु क्रमात्।
जीवं मनोधिपं चाहं प्रकृन्तिं शब्दमात्रकम् ।७।
वासुदेवादिमूर्त्तीश्च तथा चैव दशात्मकम्।
मनः श्रोत्रं त्वचं प्राच्र्य चक्षुश्च रसनं तथा ।८।
घ्राणं वाक्पाणिपादं च द्वात्रिंशद्वारिजेष्विमान्।
चतुर्थावरणे पूज्याः साङ्गाः सपरिवारकाः ।९।
पायूपस्थौ च सम्पूज्य मासानां द्वादशाधिपान्।
पुरुषोत्तमादिषड्विंशान्बाह्यावरणके यजेत् ।१०।
चक्राब्जे तेषु सम्पूज्या मासानां पतयः क्रमात्।
अष्टौ प्रकृतयः षड्वा पञ्चाथ चतुरोऽपरे ।११।
रजःपातं ततः कुर्याल्लिखिते मण्डले शृणु।
कर्णिका पीतवर्णा स्याद्रेखाः सर्वा सिताः समाः ।१२।

नारदले भने– हे महर्षिहरू हो ! पूर्वोक्त भद्रमण्डलको मध्यवर्ती कमलमा अङ्गहरूका साथ ब्रह्माको पूजा गर्नुपर्छ। पूर्ववर्ती कमलमा भगवान् पद्मनाभको, आग्नेय कोणको कमलमा प्रकृतिदेवीको र दक्षिण दिशाको कमलमा पुरुषको पूजा गर्नुपर्छ। पुरुषको दक्षिण भागमा अग्निदेवताको, नैर्ऋत्य कोणमा निर्ऋतिको, पश्चिम दिशाका कमलमा वरुणको, वायव्य कोणमा वायुको, उत्तर दिशाको कमलमा आदित्यको र ईशान कोणका कमलमा ऋग्वेद एवं यजुर्वेदको पूजा गर्नुपर्छ । द्वितीय आवरणमा इन्द्र आदि दिक्पालहरूको र षोडश दल भएका कमलमा क्रमशः सामवेद, अथर्ववेद, आकाश, वायु, तेज, जल, पृथिवी, मन, श्रोत्र, त्वचा, नेत्र, रसना घ्राणेन्द्रिय भूर्लोक, भुवर्लोक तथा सोह्रौंमा स्वर्लोकको पूजा गर्नुपर्छ। त्यसपछि तृतीय आवरणको चौबीस दल भएका कमलमा क्रमशः महर्लोक, जनलोक, तपोलोक, सत्यलोक, अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ, षोडशी, वाजपेय, अतिरात्र, आप्तोर्याम, व्यष्टि मन, व्यष्टि बुद्धि, व्यष्टि अहङ्कार, शब्द, स्पर्श, रूप, रस, गन्ध, जीव, समष्टि मन, समष्टि बुद्धि, समष्टि अहङ्कार तथा प्रकृति यी चौबीसको अर्चना गर्नुपर्छ। यी सबैको स्वरूप शब्द मात्रै हो। अर्थात् केवल यिनको नाम लिएर नै यिनीहरूप्रति शिर झुकाउनुपर्छ । यिनको पूजामा यिनकै स्वरूपको चिन्तन गर्नु अनावश्यक नै हुन्छ। पच्चीसौं अध्यायमा कथित वासुदेव आदि नौ मूर्ति, दसौं किसिमको प्राण, मन, बुद्धि, अहङ्कार, पायु र उपस्थ, श्रोत्र, त्वचा, नेत्र, रसना, घ्राण, वाक्, पाणि र पाद यी बत्तीस वस्तुहरूलाई बत्तीस दलको कमलमा अर्चना गर्नुपर्छ। यी चौथो आवरणका देवता हुन् । उक्त आवरणमा यिनीहरूको पनि अङ्गसहित सपरिवार पूजा हुनुपर्छ । त्यसपछि बाह्य आवरणमा पायु र उपस्थको पूजा गरेर बाह्र महिनाका बाह्र अधिपतिहरूको र पुरुषोत्तम आदि छब्बीस तत्त्वको यजन गर्नुपर्छ। तिनीहरूमा मासका अधिपति जुन हुन्छन्, तिनीहरूलाई चक्राब्जमा क्रमशः पूजन गर्नुपर्छ ।आठ, छ, पाँच या चार प्रकृतिहरूको पूजा त्यहीं पूजा गर्नुपर्छ। त्यसपछि लिखित मण्डलमा विभिन्न रङ्गको धुलो हाल्नुपर्ने विधान छ। कहाँ कुन रङ्गको उपयोग हुन्छ, त्यो सुन । कमलको कर्णिका पहेँलो रङ्गको हुनुपर्छ। समस्त रेखाहरू बराबर र सेता रङ्गका हुन्छन् । दुई हातका मण्डलमा रेखाहरू औंठाकै बराबर मोटा हुनुपर्छ। एक हातका

द्विहस्तेऽङ्गुष्ठमात्राः स्युर्हस्ते चार्द्धसमाः सिताः।
पद्मं शुक्लेन सन्धींस्तु कृष्णेन श्यामतोऽथवा ।१३।
केसरा रक्तपीताः स्युः कोणान्नक्तेन पूरयेत् ।
भूषयेद्योगपीठं तु यथेष्टं सार्ववर्णिकैः ।१४।
लतावितानपत्राद्यैर्वीथिकामुपशोभयेत् ।
पीठद्वारे तु शुक्लेन शोभा रक्तेन पीततः ।१५।
उपशोभां च नीलेन कोणसङ्ख्यांश्च वै सितान् ।
भद्रके पूरणं प्रोक्तमेवमन्येषु पूरणम् ।१६।
त्रिकोणं सितरक्तेन कृष्णेन च विभूषयेत् ।
द्विकोणं रक्तपीताभ्याँ नाभिँ कृष्णेन चक्रके ।१७।
अरकान्पीतरक्ताभिः श्यामान्नेमिन्तु रक्ततः ।
सितश्यामारुणाः कृष्णाः पीता रेखास्तु बाह्यतः ।१८।
शालिपिष्टादि शुक्ल स्याद्रक्त कौसुम्भकादिकम् ।
हरिद्रया च हारिद्रँ कृष्णँ स्याद्दग्धधान्यतः ।१९।
शमीपत्रादिकैः श्यामं बीजानां लक्षजाप्यतः ।
चतुर्लक्षैस्तु मन्त्राणां विद्यानां लक्षसाधनम् ।२०।
अयुतं बुद्धविद्यानां स्तोत्राणां च सशस्रकम् ।
पूर्वमेवाथ लक्षेण मन्त्रशुद्धिस्तथात्मनः ।२१।
तथापरेण लक्षेण मन्त्रः क्षेत्रीकृतो भवेत् ।
पूर्वसेवासमो होमो बीजानां सम्प्रकीर्तितः ।२२।
पूर्वसेवा दशांशेन मन्त्रादीनां प्रकीर्तिता ।
पुरश्चर्ये तु मन्त्रे तु मासिकं व्रतमाचरेत् ।२३।
भुवि न्यसेद्वामपादं न गृह्णीयात्प्रतिग्रहम् ।
एवं द्वित्रिगुणेनैव मध्यमोत्तमसिद्धयः ।२४।
मन्त्रध्यानं प्रवक्ष्यामि येन स्यान्मन्त्रजं फलम् ।
स्थूलं शब्दमयं रूपं विग्रहं बाह्यमिष्यते ।२५।
सूक्ष्मं ज्योतिर्म्मयं रूपं हार्दं चिन्तामयं भवेत् ।
चिन्तया रहितं यत्तु तत्परं परिकीर्तितम् ।२६।

मण्डलमा तिनको मोटाइ आधा औँठोजत्रै राख्नुपर्छ। रेखाहरू सेता बनाउनुपर्छ। कमललाई सेतो रङ्ग र जोर्नीहरू काला वा नीलो ध्वाँसे रङ्गले रँगाउनुपर्छ । केसर रातो-पहेँलो रङ्गको होस् । कोणगत कोष्ठमा रातो रङ्गको धुलो भर्नुपर्छ । यसै गरी योगपीठलाई सबै खालका रङ्गले यथेष्ट सिँगार्नुपर्छ । लहरावल्लरी र पात आदिले वीथीको शोभा बढाइदिनुपर्छ। पीठको द्वारलाई सेतो रङ्गका चूर्णले भर्नुपर्छ। उपशोभाहरूलाई नीलो रङ्गले सजाउनुपर्छ । कोणका शङ्खहरूलाई सेतोले चिनाउनुपर्छ। यस भद्र मण्डलमा रङ्ग भर्ने कुरो भयो। अन्य मण्डलमा पनि यसै किसिमले विविध रङ्गको चूर्ण भर्नुपर्छ । त्रिकोण मण्डललाई सेतो, रातो र कालो रङ्गले सुहाउँदो पार्नुपर्छ। द्विकोणलाई रातो र पहेँलोले रँगाउनुपर्छ। चक्राब्जमा जुन नाभीस्थान हुन्छ, त्यसलाई कालो रङ्गका चूर्णले विभूषित गराउनुपर्छ। चक्राब्जमा अरहरूलाई पहेँलो र रातोले रँगाउनुपर्छ। नेमीलाई नीलो र रातो रङ्गले सजाउनुपर्छ र बाहिरका रेखाहरूलाई सेतो, ध्वाँसे, रातो, कालो र पहेँलो रङ्गले रँगाउनुपर्छ ।१-१८।

चामल पिँधेर बनाइएको पिठो आदिले सेतो रङ्गको काम गर्दछन्। कुसुम्भ आदिको चूर्णले रातो रङ्गको खाँचो टार्ने गर्छ। पहेँलो रङ्ग बेसारका धुलोले बनाइन्छ। डढेका चामलका धुलोले काला रङ्गको आवश्यकता पूरा गर्दछ। शमीपत्र आदिले ध्वाँसे रङ्गको काम पूरा गर्दछन्। बीज मन्त्रलाई एक लाख जप गर्नाले अन्य मन्त्रलाई तिनका अक्षरकै बराबरी लाखपटक जप गर्नाले, विद्याहरूलाई एक लाखपटक जप्नाले, बुद्धविद्यालाई दस हजारपटक जप्नाले, स्तोत्रहरूलाई एक हजारबार पाठ गर्नाले अथवा सबै मन्त्रहरूलाई पहिलोपटक एक लाखपटक जप्नाले ती सबै मन्त्र तथा आफ्नो पनि शुद्धि हुनेछ । अर्को एक लाखपटक जप्दा मन्त्र क्षेत्रीकृत हुन्छ । बीजमन्त्रभन्दा पहिले जति जप गरिन्छ, उति नै उनका लागि होम गर्ने पनि विधान छ। अन्य मन्त्र आदिको होम गर्ने सङ्ख्या पूर्वजपको भन्दा दस अंशको बराबर बताइएको छ। मन्त्रले नै पुरश्चरण गर्नुपर्ने हो भने एकएक महिनाको व्रत लिनुपर्छ । पृथ्वीमा पहिले बायाँ गोडा राख्नुपर्छ। कसैसित दान लिनुहुँदैन। यसै गरी दोब्बर र तेब्बर जप गर्नाले मध्यम र उत्तम श्रेणीका सिद्धहरू प्राप्त हुन्छन् । अब म मन्त्रको ध्यानका विषयमा भन्दछु, जसबाट मन्त्र वा जपजन्य फलको प्राप्ति हुन्छ । मन्त्रको स्थूलरूप शब्दमय हुन्छ, यसलाई त्यस मन्त्रको बाह्य विग्रह हो भन्ने मानिएको छ। मन्त्रको सूक्ष्मरूप ज्योतिर्मय हुन्छ। यो नै उसको आन्तरिक रूप पनि हो। यो त केवल चिन्मय मात्रै हुन्छ र त्यो त चिन्तनले पनि रहित नै हुन्छ।

वराहसिंहशक्तीनां स्थूलरूपं प्रधानतः ।
चिन्तया रहितं रूपं वासुदेवस्य कीर्तितम् ।२७।
इतरेषां स्मृतं रूपं हार्दंचिन्तामयं सदा ।
स्थूलं वैराजमाख्यात सूक्ष्मं वै लिङ्गितं भवेत् ।२८।
चिन्तया रहितं रूपमैश्वरं परिकीर्तितम् ।
हृत्पुण्डरीकनिलयं चैतन्यं ज्योतिरव्ययम् ।२९।
बीजं बीजात्मकं ध्यायेत्कदम्बकुसुमाकृतिम् ।
कुम्भान्तरगतो दीपो निरुद्धप्रसवो यथा ।३०।
संहतः केवलस्तिष्टेदेवं मन्त्रेश्वरो हृदि ।
अनेकसुषिरे कुम्भे तावन्मात्रा गभस्तयः ।३१।
प्रसरन्ति बहिस्तद्वन्नाडीभिर्बीजरश्मयः ।
अथावभासतो दैवीमात्मीकृत्य तनुं स्थिताः ।३२।
हृदयात्प्रस्थिता नाड्यो दर्शनेन्द्रियगोचराः ।
अग्नीषोमात्मके तासां नाड्यौ नासाग्रसंस्थिते ।३३।
सम्यग्गुह्येन योगेन जित्वा देहसमीरणम् ।
जपध्यानरतो मन्त्री मन्त्रलक्षणमश्नुते ।३४।
संशुद्धभूततन्मात्रः सकामो योगमभ्यसन् ।
अणिमादिमवाप्नोति विरक्तः प्रविलङ्घ्य च ।
देवात्मको भूतमात्रान्मुच्यते चेन्द्रियग्रहात् ।३५।

त्यसैलाई पर भनिएको हो । वराह, नरसिंह तथा शक्तिका स्थूल रूपकै प्रधानता हुन्छ। वासुदेवको रूप चिन्तनरहित छ भनिएको छ । अन्य देवताहरूको आन्तरिक रूप चिन्तामय एवं सधैँको मुख्य हुन्छ भन्ने मानिएको छ । वैराज अर्थात् विराट्को स्वरूपलाई स्थूल हुन्छ भनिएको छ । लिङ्गमय स्वरूपलाई सूक्ष्म हुन्छ भनेर जान्नुपर्छ। ईश्वरको जुन स्वरूप बताइएको छ, त्यो चिन्तनरहित नै छ। बीजमन्त्र हृदयकमलमा निवास गर्ने, अविनाशी, चिन्मय, ज्योतिःस्वरूप र जीवात्मक हुन्छ। त्यसको आकृति कदम्बपुष्पको जस्तै हुन्छ भनेर यसै किसिमले ध्यान गर्नुपर्छ। जसरी घैँटाभित्र राखिएका दीपकको प्रभा प्रसारित हुनमा अवरुद्ध भएको हुन्छ, ऊ संहतभावले एक्लै नै स्थित रहन्छ, उसै गरी मन्त्रेश्वर हृदयमा विराजमान हुन्छ। जसरी अनेकौँ प्वाल भएका कलशमा जति छिद्र हुन्छन्, उति नै त्यसभित्रका दीपकको प्रभाको किरण बाहिरतिर फिँजिन्छ उसै गरी नाडीद्वारा ज्योतिर्मय बीजमन्त्रको रश्मिले आँतलाई प्रकाशित गर्दै दैवदेहलाई अपनाएर स्थित हुन्छ । नाडीहरू हृदयबाट प्रस्थान गरेर नेत्रेन्द्रियहरूसम्म गइसकेका हुन्छन् । उनीहरूमध्ये दुई नाडी अग्नीषोमात्मक हुन्, जो नासिकाहरूका अग्रभागमा स्थित छन् । मन्त्रका साधकले सम्यक् उद्घात योगले शरीरव्यापी प्राणवायुलाई जितेर जप र ध्यानमा तत्पर रह्यो भने त्यो नै मन्त्रजनित फलको भागी हुन्छ । पञ्चभूततन्मात्राहरूलाई शुद्धि गरेर योगाभ्यास गर्ने साधक यदि सकाम छ भने अणिमा आदि सिद्धिहरू प्राप्त गर्छ र यदि विरक्त वा निष्काम छ भने ती सबै सिद्धिहरूलाई नाघेर चिन्मय स्वरूपले स्थित भई भूतमात्रबाट र इन्द्रियरूपी विग्रहबाट सर्वथा मुक्त हुन्छ।१९-३५।

३१. एकत्रिंशोऽध्यायः

मार्जनविधान

अग्निरुवाच
रक्षां स्वस्य परेषां च वक्ष्ये तां मार्जनाह्वयाम् ।
यया विमवुच्यते दुःखैः सुखं च प्राप्नुयान्नरः ।१।
औं नमः परमार्थाय पुरूषाय महात्मने ।
अरूपबहुरूपाय व्यापिने परमात्मने ।२।
निष्कल्मषाय शुद्धाय ध्यानयोगरताय च ।
नमस्कृत्य प्रवक्ष्यामि यत्तत्सिध्यतु मे वचः ।३।
वराहाय नृसिंहाय वामनाय महामुने ।

अग्निदेवले भने— अब म आफ्नो र अर्काको रक्षाको उपाय बताउँछु। त्यसको नाम मार्जन या अपमार्जन हो । यो त्यस किसिमको रक्षा हो, जसका कारण मानिस दुःखबाट छुट्छ र सुख प्राप्त गर्दछ । उनै सच्चिदानन्दमय, परमार्थस्वरूप, सर्वान्तर्यामी, महात्मा, निराकार तथा सहस्राैं आकारधारी व्यापक परमात्मालाई मेरो नमस्कार छ। उनै समस्त कल्मषरहित परम शुद्ध तथा नित्य ध्यानयोगरत छन्, उनैलाई नमस्कार गरेर म प्रस्तुत रक्षाका विषयमा बताउँछु र त्यसैबाट मेरो वाणी सत्य हुनेछ। हे महामुनि ! म भगवान् वराह, नृसिंह

नमस्कृत्य प्रवक्ष्यामि यत्तत्सिध्यतु मे वचः ।४।
त्रिविक्रमाय रामाय वैकुंठाय नराय च ।
नमस्कृत्य प्रवक्ष्यामि यत्तत्सिध्यतु मे वचः ।५।
वराह नरसिंहेश वामनेश त्रिविक्रम ।
हयग्रीवेश सर्वेश हृषीकेश हराशुभम् ।६।
अपराजित चक्राद्यैश्चतुर्भिः परमायुधैः ।
अखण्डितानुभावैस्त्वं सर्वदुष्टहरो भव ।७।
हरामुकस्य दुरितं सर्वं च कुशलं कुरु ।
मृत्युबन्धार्त्तिभयदं दुरितस्य च यत्फलम् ।८।
पराभिध्यानसहितैः प्रयुक्तं चाभिचारकम् ।
गदस्पर्शमहारोगप्रयोगं जरया जर ।९।
ओं नमो वासुदेवाय नमः कृष्णाय खड्गिने ।
नमः पुष्करनेत्राय केशवायादिचक्रिणे ।१०।
नमः कमलकिञ्जल्कपीतर्निमलवाससे ।
महाहररिपुस्कन्धसृष्टचक्राय चक्रिणे ।११।
दंष्ट्रोद् धृतक्षितिभृते त्रयीमूर्त्तिमते नमः ।
महायज्ञवराहाय शेषभोगाङ्कशायिने ।१२।
तप्तहाटककेशाग्रज्वलत्पावकलोचन ।
वज्राधिकनकखस्पर्श दिव्यसिंह नमोऽस्तु ते ।१३।
काश्यपायातिह्रस्वाय ऋग्यजुःसामभूषित ।
तुभ्यं वामनरूपायाक्रमते गां नमोनमः ।१४।
वराहाशेषदुष्टानि सर्वपापफलानि वै ।
मर्द मर्द महादंष्ट मर्द मर्द च तत्फलम् ।१५।
नरसिंह करालास्य दन्तप्रान्तानलोज्वल ।
भञ्ज भञ्ज निनादेन दुष्टान्नश्यार्त्तिनाशन ।१६।
ऋग्यजुःसामगर्भातिर्वाग्भिर्वामनरूपधृक् ।
प्रशम सर्वदुःखानि नयत्वस्य जनार्दनः ।१७।
ऐकाहिकं द्वाहिकं च तथा त्रिदिवसं ज्वरम् ।
चातुर्थकं तथात्युग्रं तथैव सततं ज्वरम् ।१८।
दोषोत्थं सन्निपातोत्थं तथैवागन्तुकं ज्वरम् ।
शमं नयाशु गोविन्द च्छिन्धि च्छिन्धयस्य वेदनाम् ।१९।
नेत्रदुःखं शिरो दुःखं दुःखं चोदरसम्भवम् ।
अन्तःश्वासमतिश्वासं परितापं सवेपथुम् ।२०।
गुदघ्राणाङ्घ्रिनिरोगांश्च कुष्टरोगांस्तथा क्षयम् ।
कामलादींस्तथा रोगान्प्रमेहाँश्चातिदारुणान् ।२१।

तथा वामनलाई पनि नमस्कार गर्दै रक्षाका विषयमा जे भन्दछु, त्यो मेरो कथन सफल सिद्ध होस् । म भगवान् त्रिविक्रम, श्रीराम, वैकुण्ठाधीश र नरलाई पनि नमस्कार गरेर जे भन्छु, त्यो मेरो वचन सफल सिद्ध होस् । हे भगवान् वराह ! हे नृसिंहेश्वर ! हे वामनेश्वर ! हे त्रिविक्रम ! हयग्रीवेश, सर्वेश तथा हृषीकेश ! मेरो सबै अशुभ हरण गर । कसैसित पनि पराजित नहुने गरी हे परमेश्वर ! आफ्ना अखण्डित प्रभावशाली चक्र आदि चारै आयुधले समस्त दुष्टहरूलाई संहार गर । हे प्रभो ! तिमी अमुकका सम्पूर्ण पाप हरण गर र त्यसका लागि सम्पूर्ण कुशल क्षेम सम्पादन गर । दोषयुक्त यज्ञ या पापको फलस्वरूप जुन मृत्यु, बन्धन, रोग, पीडा या भय आदि प्राप्त हुन्छन्, ती सबैलाई मेटाइदेऊ । अर्काको अनिष्ट गर्ने चिन्तनमा लागेका मानिसले जुन अभिचारिक कर्म, विषमिश्रित अन्नपान गराउने या महारोगको प्रयोग गर्दछन् ती सबैलाई जराजीर्ण एवं नष्ट गराऊ । ओं भगवान् वासुदेवलाई नमस्कार छ । आदिचक्रधारी कमलनयन केशवलाई नमस्कार छ । कमलपुष्पको केसरझैँ पहेँलो वस्त्र धारण गर्ने भगवान् पीताम्बरलाई प्रणाम छ । महासमरमा शत्रुका काँधमा धसिने चक्र जुन भगवान्ले चलाउँछन् उनलाई नमस्कार छ । आफ्ना दाह्रामाथि उठाएकी पृथ्वीलाई धारण गरेका वेदरूपी शरीरधारी एवं शेषमा शयन गरेका महान् यज्ञवराहलाई नमस्कार छ । हे दिव्यसिंह ! तिम्रो केश पोलिएको सुवर्णजस्तो कान्तिमान् छ, नेत्र प्रज्वलित अग्निसमान तेजस्वी छन् र तिम्रा नङको स्पर्श वज्रभन्दा तीक्ष्ण छ । तिमीलाई नमस्कार छ । अत्यन्त सानो शरीर तथा ऋक्, यजु र साम तीनै वेदले विभूषित तिमी कश्यपकुमार वामनलाई नमस्कार छ । विराट् स्वरूपले पृथ्वीलाई जित्न सक्ने तिमी त्रिविक्रमलाई फेरि नमस्कार छ । हे वराहरूपधारी भगवान् ! समस्त पापको फलका रूपमा प्राप्त हुने सबै रोगहरूलाई विनाश गराऊ । हे ठूला दाह्रा भएका महावराह ! पापबाट उत्पन्न फललाई किचिमिची पारिदेऊ, नष्ट गराऊ । विकट मुख भएका हे नृसिंह ! तिम्रा दाँतहरू अग्निजस्तै जाज्वल्यमान छन् । हे आर्तिनाशन ! आक्रमणकारी दुष्टहरूलाई हेर र आफ्ना गर्जनले यी सबैलाई नाश गराऊ, सबै नाश गराऊ । वामनरूपी हे जनार्दन ! ऋक्, यजु र सामवेदका गूढ तत्त्वले भरिएका वाणीले यी आर्तजनका सबै दुःखहरू शान्त गराऊ । हे गोविन्द ! यिनको त्रिदोष, सन्निपातज, आगन्तुक, ऐकाहिक, द्व्याहिक, त्र्याहिक र अत्यन्त उग्र

भगन्दरातिसारँश्च मुखरोगांश्च वल्गुलीम् ।
अश्मरीमूत्रकृच्छ्राँश्च रोगानन्याँश्च दारुणान् ।२२।
ये वातप्रभवा रोगा ये च पित्तसमुद्भवाः ।
कफोद्भवाश्च ये केचिद्ये चान्येसान्निपातिकाः ।२३।
आगन्तुकाश्च ये रोगा लूता विस्फोटकादयः ।
ते सर्वे प्रशमं यान्तु वासुदेवापमार्जितः ।२४।
विलयं याँतु ते सर्वे विष्णोरुच्चारणेन च ।
क्षयं गच्छन्तु चाशेषास्ते चक्राभिहता हरेः ।२५।
अच्युतानन्तगोविन्दनामोच्चारणभीषिताः ।
नश्यन्ति सकला रोगाः सत्यं सत्यं वदाम्यहम् ।२६।
स्थावरं जङ्गमं वापि कृत्रिमं चापि यद्विषम् ।
दन्तोद्भवं नखभवमाकाशप्रभवं विषम् ।२७।
लूतादिप्रभवं यच्च विषमन्यत्तु दुःखदम् ।
शमं नयतु तत्सर्वे कीर्तितोऽस्य जनार्दनः ।२८।
ग्रहान्प्रेतग्रहाँश्चापि तथा वै डाकिनीग्रहान् ।
वेतालांश्च पिशाचाँश्च गन्धर्वान् यक्षराक्षसान् ।२९।
शकुनीपूतनाद्याँश्च तथा वैनायकान्ग्रहान् ।
मुखमण्डीं तथा क्रूराँ रेवतीं वृद्धरेवतीम् ।३०।
वृद्धकाख्यान्ग्रहाँश्चोग्राँस्तथा मातृग्रहानपि ।
बालस्य विष्णोश्चरितं हन्तु बालग्रहानिमान् ।३१।
वृद्धाश्च ये ग्रहाः केचिद्ये च बालग्रहाः क्वचित् ।
नरसिंहस्य ते दृष्ट्या दग्धा ये चापि यौवने ।३२।
सदाकरालवदनो नरसिँहो महाबलः ।
ग्रहानशेषन्निःशोषान्करोतु जगतो हितः ।३३।
नरसिंह महासिँह ज्वालामालोज्ज्वलानन ।
ग्रहानशेषान्सर्वेश खाद खादाग्निलोचन ।३४।
ये रोगा ये महोत्पाता यद्विषं ये महाग्रहाः ।
यानि च क्रूरभूतानि ग्रहपीडाश्च दारुणाः ।३५।
शस्त्रक्षतेषु ये दोषा ज्वालागर्दभकादयः ।
तानि सर्वाणि सर्वात्मा परमात्मा जनार्दनः ।३६।
किञ्चिद्रूपं समास्थाय वासुदेवस्य नाशय ।३७।
क्षिप्त्वा सुदर्शनं चक्रं ज्वालामालातिभीषणम् ।
सर्वदुष्टोपशमनं कुरु देववराच्युत ।३८।
सुदर्शन महाज्वाल च्छिन्धि च्छिन्धि महारव ।
सर्वदुष्टानि रक्षांसि क्षयं यान्तु विभीषण ।३९।

चातुर्थिक ज्वरहरू एवं निरन्तर आइरहने ज्वरहरूलाई पनि शीघ्र शान्त गराऊ। यसको वेदना मेटाऊ, वेदना मेटाऊ। यी दुःखीको नेत्ररोग, शिरोरोग, उदररोग, श्वासावरोध, अतिश्वास, परिताप, कम्पन, गुदरोग, नासिकारोग, पादरोग, कुष्ठरोग, क्षयरोग, कामरोग, अत्यन्त दारुण प्रमेह, भगन्दर, अतिसार, मुखरोग, वल्गुली, अश्मरी, मूत्रकृच्छ्र तथा अन्य महाभयङ्कर रोगहरूलाई पनि पर हटाइदेऊ। भगवान् वासुदेवको सङ्कीर्त्तन मात्रै गर्नाले वातज, पित्तज, कफज, सन्निपातज, आगन्तुक, लुतो, विस्फोट आदि जेजति रोगहरू छन् ती सबै अपमार्जित भएर शान्त हुन्छन्। ती सबै भगवान् विष्णुको नामोच्चारणका प्रभावले विलुप्त हुन्छन्। ती समस्त रोग श्रीहरिको चक्रले प्रतिहत हुन्छन् र मासिँदै जान्छन्। अच्युत अनन्त एवं गोविन्द यी नामहरूको उच्चारणरूपी औषधिले सम्पूर्ण रोगहरू नष्ट हुन्छन् भन्ने मैले साँच्चै भनेको हुँ।१-२६।

स्थावर, जङ्गम, कृत्रिम, दन्तोद्भूत, नखोद्भूत, आकाशोद्भूत तथा लुतो आदिले उत्पन्न एवं अन्य जेजति दुःखप्रद विषहरू हुन्छन्, भगवान् वासुदेवको सङ्कीर्त्तनले तिनीहरूको प्रशमन गर्नुपर्छ। बालरूपधारी श्रीहरिको चरित्र कीर्त्तनले ग्रह, प्रेतग्रह, डाकिनीग्रह, वेताल, पिशाच, गन्धर्व, यक्ष, राक्षस, शकुनी-पुतना आदि ग्रह, विनायकग्रह, मुखमण्डिका, क्रूर रेवती, वृद्ध रेवती, वृद्धिका नामले प्रसिद्ध उग्र ग्रह एवं मातृग्रह यी सबै बालग्रहलाई नाश गरोस्। हे भगवन्! तिमी नरसिंहका दृष्टिपातले जेजति वृद्ध, बाल तथा युवा ग्रहहरू हुन्छन्, ती सबै दग्ध होऊन्। जटासमूहले जसको मुख विकरालजस्तो लाग्छ, ती लोकहितैषि महाबलवान् नृसिंहले सबै बालग्रहहरूलाई समाप्त पारून्। हे महासिंह! हे नरसिंह! ज्वालाका समूहले तिम्रो मुखमण्डल उज्ज्वल भइरहेको छ। हे अग्निलोचन! हे सर्वेश्वर! समस्त ग्रहहरूलाई भक्षण गर, भक्षण नै गर। हे वासुदेव! तिमी सर्वात्मा परमेश्वर जनार्दन हौ। यी व्यक्तिका जेजति रोग, महान् उत्पात, विष, महाग्रह, क्रूर भूत, दारुण ग्रहपीडा तथा ज्वागर्दभक आदि शस्त्रक्षतजनित दोष छन्, ती सबैलाई जुनसुकै रूप धारण गरेर नाश गर। हे देवश्रेष्ठ अच्युत! ज्वालामालाले अत्यन्त भीषण सुदर्शन चक्रलाई प्रेरित गरेर समस्त दुष्ट रोगहरूलाई शमन गर। हे महाभयङ्कर सुदर्शन! तिमी प्रचण्ड ज्वालाले सुशोभित

प्राच्यां प्रतीच्यां च दिशि दक्षिणोत्तरतस्तथा ।
रक्षाङ्करोतु सर्वात्मा नरसिँहः सुगर्जितः ।४०।
देवी भुव्यन्तरिक्षे च पृष्टतः पार्श्वतोऽग्रतः ।
रक्षां करोतु भगवान्वहुरूपो जनार्द्दनः ।४१।
यथा विष्णुर्जगत्सर्व सदेवासुरमानुषम् ।
तेन सत्येन दुष्टानि शममस्य व्रजन्तु वै ।४२।
यथा विष्णौ स्मृते सद्यः सङ्क्षयं यातु पातकम् ।
सत्येन तेन सकलं दृष्टपस्य प्रशाम्यतु ।४३।
परमात्मा यथा विष्णुर्वेदान्तेषु च गीयते ।
तेन सत्येन सकलं दुष्टमस्य प्रशाम्यतु ।४४।
यथा यज्ञेश्वरो विष्णुर्देवेष्वपि हि गीयते ।
सत्येन तेन सकलं यन्मयोक्तं तथास्तु तत् ।४५।
शान्तिरस्तु शिवं चास्तु दुष्टमस्यप्रशाम्यतु ।
वासुदेवशरीरोत्थैः कुशैर्निर्म्मथितं मया ।४६।
अपमार्जतु गोविन्दो नरो नारायणस्तथा ।
तथास्तु सर्वदुःखानां प्रशमो जपनाद्धरेः ।४७।
अपामार्जनकं शस्त्रं सर्वरोगादिवारणम् ।
अहं हरिः कुशो विष्णुर्हता रोगा मया तव ।४८।

र महान् शब्द गर्दछौ । त्यसैले सम्पूर्ण दुष्ट राक्षसहरूको संहार गर, संहार गर । तिम्रा प्रभावले तिनीहरू क्षय होऊन् । पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशामा सर्वात्मा नृसिंहले आफ्नो गर्जनले रक्षा गरून् । स्वर्गलोकमा, भूलोकमा, अन्तरिक्षमा र अगाडिपछाडि अनेकौं रूपधारी भगवान् जनार्दनले रक्षा गरून् । देवता, असुर र मानिसबाट उत्पन्न यो सम्पूर्ण जगत् विष्णुकै स्वरूप हो । यस सत्यका प्रभावले यी दुष्टको रोग शान्त होस् । श्रीविष्णुको स्मरणले मात्रै पनि पापसमूह तत्काल नष्ट हुन्छ, यस सत्यका प्रभावले यसका सबै दूषित रोग शान्त होऊन् । यज्ञेश्वर विष्णु देवताहरूबाट प्रशंसित हुन्छन्, यस सत्यका प्रभावले मेरो कथन सत्य होस् । शान्ति होस्, मङ्गल होस् । यसको दुष्ट रोग शान्त होस् । मैले भगवान् वासुदेवका शरीरबाट प्रादुर्भूत कुशले यसको रोग नष्ट गरेको छु । नरनारायण र गोविन्दले यसलाई अपमार्जन गरून् । श्रीहरिका वचनले यसको सम्पूर्ण दुःख शमन होस् । समस्त रोग आदिको निवारण गर्नका लागि अपमार्जन स्तोत्र प्रख्यात छ । म नै श्रीहरि हुँ, कुश विष्णु हुन् । मैले तिम्रो रोग नाश गरिदिएको छु ।२७–४८।

३२. द्वात्रिंशोऽध्यायः
संस्कारकथन

अग्निरुवाच
निर्वाणादिषु दीक्षासुचत्वारिंशत्तथाष्ट च ।
संस्कारान्कारयेद्धीमाञ्च्छृणु तान्यैः सुरो भवेत् ।१।
गर्भाधानं तु योन्यां वै ततः पुंसवनं चरेत् ।
सीमन्तोन्नयनं चैव जातकर्म्म च नाम च ।२।
अन्नाशनं ततश्चूडा ब्रह्मचर्य्य व्रतानि च ।
चत्वारि वैष्णवी पार्थी भौतिकी श्रोत्रिकी तथा ।३।
गोदानं स्नातकत्वं चपाकयज्ञाश्च सप्त ते ।
अष्टका पार्वणश्राद्धं श्रावण्याग्रायणीति च ।४।
चैत्री चाश्वयुजी सप्त शविर्यज्ञाश्च ताञ्छृणु ।
आधानं चाग्निहोत्रं च दर्शो वै पौर्णमासकः ।५।
चातुर्मास्यं पशुबन्धः सौत्रामणिरथापरः ।
सोमसंस्थाः सप्त शृणु चाग्निष्टोमः क्रतूत्तमः ।६।

अग्निदेवले भने— हे ब्रह्मन् ! बुद्धिमान् पुरुषले निर्वाणादि दीक्षाहरूमा अठचालीस संस्कार गराउनुपर्छ। ती संस्कारहरूको वर्णन सुन र तिनैबाट मानिस देवतातुल्य पनि हुन्छ। सर्वप्रथम योनिमा गर्भाधान, त्यसपछि पुंसवन संस्कार गर्नुपर्छ। त्यसपछि सीमन्तोनयन, जातकर्म, नामकरण, अन्नप्रासन, चूडाकर्म, (वैष्णवी, पार्थी, भौतिकी र श्रौतिकी यी चार) ब्रह्मचर्यव्रत, गोदान, समावर्तन, (अष्टका, अन्वष्टका, पार्वणश्राद्ध, श्रावणी, आग्रहायणी, चैत्री एवं आश्वयुजी यी सात) पाकयज्ञ, (आधान, अग्निहोत्र, दर्श, पौर्णमास, चातुर्मास्य, पशुबन्ध र सौत्रामणी यी सात) हविर्यज्ञ, (यज्ञश्रेष्ठ, अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ्य, षोडशी, वाजपेय, अतिरात्र र आप्तोर्याम यी सात) सोमसंस्थाहरू, (हिरण्याङ्घ्रि, हिरण्याक्ष, हिरण्यमित्र, हिरण्यपाणि, हेमाक्ष, हेमसूत्र, हिरण्यास्य, हिरण्याङ्ग, हेमजिह्व,

अत्यग्निष्टोम उक्थ्यश्च षोडशी वाजपेयकः।
अतिरात्राप्तोर्य्यामश्च सहस्रेशाः सवा इमे।७।
हिरण्यांघ्रिर्हिरण्याक्षी हिरण्यमित्र इत्यतः।
हिरण्यपाणिर्हेमाक्षो हेमाङ्गो हेमसूत्रकः।८।
हिरण्यास्यो हिरण्याङ्गो हेमजिह्वो हिरण्यवान्।
अश्वमेधो हि सर्वेशो गुणाश्चष्टाथ ताञ्छृणु।९।
दया च सर्वभूतेषु क्षान्तिश्चैव तथार्जवम्।
शौचं चैवमनायासो मङ्गलं चापरो गुणः।१०।
अकार्पण्यं चास्पृहा च मूलेन जुहुयाच्छतम्।
सौरशाक्तेयविष्ण्वीशदीक्षस्त्वेते समाः स्मृताः।११।
संस्कारैः संस्कृतश्चैतैर्भुक्ति मुक्तिमवाप्नुयात्।
सर्वरोगाद् विनिर्मुक्तो देववद्वर्त्तते नरः।
जप्याद्धोमात्पूजनाच्च ध्यानाद्देवस्य चेष्टभाक।१२।

हिरण्यवान् र सबै यज्ञको स्वामी अश्वमेध यी) सहस्रेश यज्ञ र (सर्वभूतदया, क्षमा, आर्जव, शौच, अनायास, मङ्गल, अकृपणता र अस्पृहा यी आठ) संस्कारहरू सबै गराउनुपर्छ। इष्टदेवताको मूलमन्त्रले सय आहुति दिनुपर्छ। सौर, शाक्त, वैष्णव र शैव यी सबै दीक्षामा यिनीहरूलाई समानै मानिएको छ। यी संस्कारहरूले संस्कारित भएर मानिस भोग तथा मोक्ष प्राप्त गर्दछ र सम्पूर्ण रोगबाट मुक्त भएर देवताजस्तै हुन्छ। मानिसले आफ्नै इष्टदेवताको जप, होम, पूजा र ध्यान गरेर इच्छित वस्तु प्राप्त गर्दछ।१-१२।

३३. त्रयस्त्रिंशोऽध्यायः

पवित्रारोहणविधि

अग्निरुवाच

पवित्रारोहणं वक्ष्ये वर्षपूजाफलं हरेः।
आषाढादौ कार्तिकान्ते प्रतिपद्धनदा तिथिः।१।
श्रिया गौर्या गणेशस्य सरस्वत्या गुहस्य च।
मार्त्तण्डमातृदुर्गाणां नागर्षिहरिमन्मथैः।२।
शिवस्य ब्रह्मणस्तद्वद्द्वितीयादितिथेः क्रमात्।
यस्य देवस्य यो भक्तः पवित्रा तस्य सा तिथिः।३।
आरोहणे तुल्यविधिः पृथङ्मन्त्रादिकं यदि।
सौवर्णं राजतं ताम्रं नेत्रकार्पासिकादिकम्।४।
ब्राह्मण्या कर्त्तितं सूत्रं तदलाभे तु संस्कृतम्।
द्विगुणं त्रिगुणीकृत्य तेन कुर्य्यात्पवित्रकम्।५।
अष्टोत्तरशतादूर्ध्वं तदर्द्धं चोत्तमादिकम्।
क्रियालोपविधानार्थं यत्त्वयाभिहितं प्रभो।६।

अग्निदेवताले भने— हे मुनि ! अब म पवित्रारोपणको विधि बताउँछु। वर्षमा एकपटक गरिएको पवित्रारोपणले वर्षभरि गरिएका श्रीहरिको पूजाको फल प्रदान गर्दछ। आषढदेखि लिएर कार्तिकसम्मका समयमा पवित्रारोपण गरिन्छ। प्रतिपदा धनद तिथि हो। द्वितीया आदि तिथिहरू क्रमशः लक्ष्मी आदि देवतहरूका हुन्। जस्तै लक्ष्मीको द्वितीया, गौरीको तृतीया, गणेशको चतुर्थी, सरस्वती एवं नागदेवताको पञ्चमी, स्वामी कार्तिकेयको षष्ठी, सूर्यको सप्तमी, मातृकाहरूको अष्टमी, दुर्गाको नवमी, नाग या यमराजको दशमी, ऋषि तथा विष्णुको एकादशी, श्रीहरिको द्वादशी, कामदेवको त्रयोदशी, शिवको चतुर्दशी र ब्रह्माको पूर्णिमा एवं अमावस्या तिथि हुन्। जुन मानिस जुन देवताका भक्त हुन्, उनका लागि तिनै तिथि पवित्र हुन्छन्। पवित्रारोपणको विधि सबै देवताहरूका लागि समान हुन्छ। केवल मन्त्र आदि प्रत्येक देवताका लागि पृथक्पृथक् भन्नुपर्छ। पवित्रक बनाउनका लागि सुनचाँदी र ताँबाको तार र कपास आदिको धागो चाहिन्छ। ब्राह्मणका हातले कातेको धागो सर्वोत्तम हुन्छ। त्यो पाइएन भने संस्कार गरेर कुनै पनि धागोलाई त्यस उपयोगमा ल्याउनुपर्छ। धागोलाई तीनसरो बनाएर फेरि त्यसलाई तीन दोब्बर पार्नुपर्छ र त्यसैले

मया तत्क्रियते देव यथा यत्र पवित्रकम् ।
अविघ्नं तु भवेदत्र कुरु नाथ जयाव्यय ।७।
प्रार्थ्य तन्मण्डलायादौ गायत्र्या बन्धयेन्नरः ।
ओं नारायणाय विद्महे वासुदेवाय धीमहि ।८।
तन्नोविष्णुः प्रचोदयाद्देवदेवानुरूपतः ।
जानूरुनाभिनामान्तं प्रतिमासु पवित्रकम् ।९।
पादान्ता वनमाला स्यादष्टोत्तरसहस्रतः ।
मालां तु कल्पसाध्यां वा द्विगुणां षोडशाङ्गुलात् ।१०।
कर्णिकाकेसरं पत्रं मन्त्राद्यं मण्डलान्तकम् ।
मण्डलाङ्गुलमात्रैकचक्राब्जाद्यौ पवित्रकम् ।११।
स्थंडिलेऽङ्गुलमानेन आत्मनः सप्तविंशतिः ।
आचार्याणां च सूत्राणि पितृमात्रादिपुस्तके ।१२।
नाभ्यन्तं द्वादशग्रन्थिं तथा गन्धपवित्रके ।
द्व्यङ्गुलात्कल्पनादौ द्विर्माला चाष्टोत्तरं शतम् ।१३।
अथवार्कचतुर्विंशषट्त्रिंशन्मालिका द्विज ।
अनामामध्यमाङ्गुष्ठैर्मन्दाद्यैः मालिकार्थिभिः ।१४।
कनिष्ठा दौ द्वादश वा ग्रंथयः स्युः पवित्रके ।
रवेः कुम्भहुताशादेः सम्भवे विष्णुवन्मतम् ।१५।
पीठस्य पीठमानं स्यान्मेखलान्ते च कुण्डके ।
यथाशक्ति सूत्रगन्थिः परिचारेऽथ वैष्णवे ।१६।
सूत्राणि वा सप्तदश सूत्रेण त्रिविभक्तके ।
रोचनागुरुकर्पूरहरिद्राकुङ्कमादिभिः ।१७।
रञ्जयेच्चन्दनाद्यैर्वा स्नानसन्ध्यादिकृन्नरः ।
एकादश्यां यागगृहे भगवन्तं हरिं यजेत् ।१८।
समस्तपरिवाराय बलिं पीठे समर्चयेत् ।
श्रीक्षेत्रपालाय द्वारान्ते द्वारोपरि तथा श्रियम् ।१९।

अर्थात् तौसरो बनाइएका धागोले पवित्रक बनाउनुपर्छ । एक सय आठदेखि बढी तन्तुले बनाइएको पवित्रक उत्तम आदि श्रेणीमा गनिन्छ । इष्ट देवतासित प्रार्थना गर्दै भन्नुपर्छ– हे प्रभो ! क्रियालोपबाट उत्पन्न दोषलाई हटाउनका लागि जुन साधन बताइएको छ, हे देव ! म त्यही गरिरहेको छु । जहाँ जस्तो पवित्रक आवश्यक हुन्छ, त्यहाँका लागि त्यस्तै पवित्रक अर्पित गरिएको छ । हे नाथ ! तिम्रो कृपाले यस कार्यमा कुनै बाधाविघ्न नआओस् । हे अविनाशी परमेश्वर ! तिम्रो जय होस् । यस किसिमको प्रार्थना गरेर मानिसले पहिले इष्टदेवताको मण्डलका लागि गायत्री मन्त्रले पवित्रक बाँध्नुपर्छ । इष्टदेवता नारायण भएमा उनका लागि गायत्री मन्त्र ओं नमो नारायणाय विद्महे वासुदेवाय धीमहि तन्नो विष्णुः प्रचोदयात् भन्नुपर्छ । यो गायत्री इष्टदेवताको नामकै अनुसार हुने गर्छ । देवप्रतिमाहरूमा अर्पित गर्नका लागि अनेकौं किसिमका पवित्रक हुन्छन् । एक खालको विग्रहको नाभीसम्म पुग्ने हुन्छ, अर्को तिघ्रासम्म पुग्छ, तेस्रो घुँडासम्म पुग्छ । अर्को चौथो प्रकारको एउटा हुन्छ, त्यो खुट्टासम्म नै पुग्छ । यसरी गोडासम्म पुग्ने पवित्रकलाई वनमाला भन्दछन् । यसलाई एक हजार आठ धागाले बनाइन्छ । साधारण माला आफ्नै शक्तिअनुसार बनाइन्छ । अथवा सोह्र अङ्गुलको दोब्बर ठूलो हुनुपर्छ । कर्णिका, केसर र दल आदिले युक्त जुन यन्त्र या चक्र आदि मण्डल हुन्छन, ती मण्डलहरूलाई तलदेखि माथिसम्म ढाक्ने गरी बनाइएको यस्तो पवित्रक नै त्यसमाथि चढाउनुपर्छ । एक चक्र वा एकाब्ज आदि मण्डलमा त्यस मण्डलको मान जति अङ्गुलको हुन्छ, उति नै अङ्गुल मान भएको पवित्रक अर्पित गर्नुपर्छ । वेदीमाथि आफ्नो सत्ताईस अङ्गुलको मापन गरेर पवित्रक अर्पित गर्नुपर्छ । आचार्यका लागि, पितामाताका लागि र पुस्तकमा चढाउनका लागि बनाइएका पवित्रकहरू नाभीसम्म लामा हुनुपर्छ । त्यसमा बाह्रवटा गाँठा हुनुपर्छ र पवित्रकमाथि सुगन्ध लगाइएको हुनुपर्छ । हे ब्रह्मन् ! वनमालामा दुईदुई अङ्गुलको दूरीमा क्रमशः एक सय आठ गाँठाहरू रहनुपर्छ । अथवा कनिष्ठ, मध्यम तथा उत्तम पवित्रकमा क्रमशः बाह्र, चौबीस र छत्तीस गाँठा बनाई राख्नुपर्छ । मन्द, मध्यम र उत्तम मालार्थी पुरुषहरूले अनामिका, मध्यमा र अङ्गुष्ठले नै पवित्रक माला ग्रहण गर्नुपर्छ अथवा कनिष्ठ आदि नामका पवित्रकमा समान रूपले बाह्रबाह्र नै गाँठाहरू हुनुपर्छ । सूर्य, कलश तथा अग्नि आदिका लागि पनि यथासम्भव विष्णुभगवान्कै

धात्रे दक्षे विधात्रे च गङ्गां च यमुनां तथा ।
शङ्खपद्मनिधी पूज्य मध्ये वास्त्वपसारणम् ।
सारङ्गायति भूतानां भूतशुद्धिं स्थितश्चरेत् ।२०।

ओं हूं हः फट् हूं गन्धतन्मात्रं संहरामि नमः ओं हूं हः फट् हूं रसतन्मात्रं संहरामि नमः ओं हूं हः फट् हूं रूपतन्मात्रं संहरामि नमः ओं हूं हः फट् हूं स्पर्शतन्मात्रं संहरामि नमः ओं हूं हः फट् हूं शब्दतन्मात्रं संहरामि नमः पञ्चोद्घातैर्गन्धतन्मात्र स्वरूपं भूमिमण्डलम् चतुरस्त्रं च पीतं च कठिनं वज्रलाञ्छितम् ।२१।

इन्द्राधिदैवतं वादयुग्ममध्यगतं स्मरेत् ।
शुद्धं च रसतन्मात्रं प्रविलिप्याऽथ संहरेत् ।
रसमात्रं रूपमात्रे क्रमेणानेन पूजकः ।२२।

ओं ह्रीं हः फट् हूं रसतन्मात्रं संहरामि नमः ओं ह्रीं हः फट् हूं रूपतन्मात्रं संहरामि नमः ओं ह्रीं हः फट् हूं स्पर्शतन्मात्रं संहरामि नमः ओं ह्रीं हः फट् हूं शब्दतन्मात्रं संहरामि नमः जानुनाभिमध्यगतं श्वेतं वै पद्मलाञ्छितम् शुक्लवर्णं चार्द्धचन्द्रं ध्यायेद्वरुणदैवतम् ।२३।

चतुर्भिश्च तदुद्घातैः शुद्धं तद्रसमात्रकम् ।
संहरेद्रूपतन्मात्रे रूपमात्रे च संहरेत् ।२४।

ओं हूं हः फट् हूं रूपतन्मात्रं संहरामि नमः ।
ओं हूं हः फट् हूं स्पर्शतन्मात्रं संहरामि नमः ओं हूं हः फट् हूं शब्दतन्मात्रं संहरामि नमः इति त्रिभिस्तदुद्घातैस्त्रिकोणं वह्निमण्डलम् नाभिकण्ठमध्यगतं रक्तं स्वस्तिकलाञ्छितम् ।२५।

ध्यात्वानलाधिदैवं तच्छुद्धं स्पर्शे लयं नयेत् ओं ह्रीं हः फट् हूं स्पर्शतन्मात्रं संहरामि नमः ओं ह्रीं हः फट् हूं शब्दतन्मात्रं संहरामि नमः कण्ठनासामध्यगतं वृत्तं वै

समान पवित्रक अर्पित गर्नु उत्तम मानिएको छ। पीठका लागि पीठको लम्बाइअनुसारकै र कुण्डका लागि पनि मेखलापर्यन्त लम्बाइ पवित्रक हुनुपर्छ। विष्णुपार्षदहरूका लागि यथाशक्ति सूत्रग्रन्थि राख्नुपर्छ । अथवा विनाग्रन्थिकै पनि सत्र सूत्रको चढाउनुपर्छ र भद्र नामका पार्षदलाई त्रिसूत्र अर्पित गर्नुपर्छ। पवित्रकलाई रोचना, अगुरु, कर्पूर, बेसार एवं कुङ्कुम आदिका रङ्गले रँगाउनुपर्छ । भक्त पुरुषले एकादशी स्नान, सन्ध्या आदि गरेर पूजागृहमा गई भगवान् श्रीहरिको यजन गर्नुपर्छ ।१-१८।

उनका समस्त परिवारलाई बलि दिएर उनैको अर्चना गर्नुपर्छ । द्वारका अन्त्यमा क्षं क्षत्रपालाय नमः भनेर क्षेत्रपालको पूजा गर्नुपर्छ । द्वारभन्दा माथि श्रियै नमः भनेर श्रीदेवीको पूजा गर्नुपर्छ। द्वारका दक्षिण दिशामा धात्रे नमः, गङ्गायै नमः यी मन्त्रहरू उच्चारण गर्दै धाता, गङ्गा आदिको अर्चना गर्नुपर्छ र बायाँतर्फ विधात्रे नमः यमुनायै नमः भनेर विधाता र यमुनाको पूजा गर्नुपर्छ। यसै गरी द्वारको दायाँबायाँ भागमा क्रमशः शङ्खनिधये नमः पद्मनिधये नमः भनेर शङ्खनिधि र पद्मनिधिलाई पूजा गर्नुपर्छ। त्यसपछि सारङ्गाय नामः भनेर विघ्नकारी भूतहरूलाई पर भगाउनुपर्छ। त्यसपछि आसनमा बसेर भूतशुद्धि गर्नुपर्छ । त्यसको विधिअनुसार पाँच उद्घात वाक्यहरू उच्चारण गरेर गन्धतन्मात्रस्वरूप भूमिमण्डललाई वज्रचिह्नित सुवर्णमय चतुरस्र पीठलाई र इन्द्र आदि देवताहरूलाई आआफ्ना युगल चरणमा उभिएका मान्दै उनीहरूको चिन्तन गर्नुपर्छ । यस किसिमले शुद्ध पारिएका गन्धतन्मात्रालाई रस तन्मात्रामा लीन गराएर उपासकले रसतन्मात्रालाई पनि रूपतन्मात्रामा संहार गराउनुपर्छ । यी चार उद्घात वाक्यको उच्चारण गरेर घुँडादेखि नाभीसम्मका भागमा सेतो कमलचिह्नित, शुक्लवर्ण र अर्धचन्द्राकार हेर्नुपर्छ। ध्यानले नै यस जलीय भागका देवता वरुण हुन् भन्ने चिन्तन गर्नुपर्छ । उक्त चार उद्घातहरू उच्चारणबाटै रसतन्मात्राको शुद्धि हुन्छ । त्यसपछि यस रसतन्मात्रालाई रूपतन्मात्रामा लय गर्नुपर्छ । उल्लेखित तीन उद्घात वाक्यहरू उच्चारण गरेर नाभीदेखि लिएर कण्ठसम्मका भागमा त्रिकोणाकार अग्निमण्डलको चिन्तन गर्नुपर्छ । त्यसको रङ्ग रातो छ, ऊ स्वस्तिक आकारको चिह्नले चिह्नित छ। उसका अधिदेवता अग्नि हुन् भन्ने ध्यान गरेर शुद्ध गरिएका रूपतन्मात्रालाई स्पर्श तन्मात्रामा लीन गर्नुपर्छ । त्यसपछि उल्लेखित दुई उद्घात वाक्यलाई उच्चारण गर्दै कण्ठदेखि लिएर नासिकासम्मका

वायुमण्डलम् ।२६।
द्विरुद्घातैर्धूम्रवर्णं ध्यायेच्छुद्धेन्दुलाञ्छितम् ।
स्पर्शमात्रं शब्दमात्रैः संहरेद्ध्यानयोगतः ।२७।
ओं ह्रौं हः फट् हूं शब्दतन्मात्रं संहरामि नमः ।
एकोद्घातेन चाकाशं शुद्धस्फटिकसन्निभम् ।
नासापुटशिखान्तस्थमाकाशमुपसंहरेत् ।२८।
शोषणाद्यैर्देहशुद्धिं कुर्यादिव क्रमात्ततः ।
शुष्कं कलेवरं ध्यायेत्पादाद्यञ्च शिखान्तकम् ।२९।
यं बीजेन वं बीजेन ज्वालामालासमायुतम् ।
देहं रमित्यनेनैव ब्रह्मरन्ध्राद्विनिर्गतम् ।३०।
विन्दुं ध्यात्वा चामृतस्य तेन भस्म कलेवरम् ।
संप्लावयेल्लमित्यस्माद्देहं सम्पाद्य दिव्यकम् ।३१।
न्यासं कृत्वा करे देहे मानसं यागमाचरेत ।
विष्णुं साङ्गं हृदि पद्मे मानसैः कुसुमादिभिः ।३२।
मूलमन्त्रेण देवेशं प्राच्चर्ययेद्भुक्तिमुक्तिदम् ।
स्वागतं देवदेवेश सन्निधौ भव केशव ।३३।
गृहाण मानसीं पूजां यथार्थ परिभाविताम् ।
आधारशक्तिः कूर्मोऽथ पूज्योऽनन्तो मही ततः ।३४।
मध्येऽग्न्यादौ च धर्माद्या अधर्मादीन्रमुख्यगम्ः ।
सत्त्वादिमध्ये पद्मं च मायाविद्याख्यतत्त्वके ।३५।
कालतत्त्वं च सूर्यादिमण्डलं पक्षिराजकः ।
मध्ये ततश्च वायव्यादीशान्ता गुरुपङ्क्तिका ।३६।
गणः सरस्वती पूज्या नारदो नलकूवरः ।
गुरुर्गुरु पादुका च परो गुरुश्च पादुका ।३७।
पूर्वसिद्धाः परसिद्धाः केसरेषु च शक्तयः ।
लक्ष्मीः सरस्वती प्रीतिः कीर्तिः शान्तिश्च कान्तिका ।३८।

बीच भागमा गोलाकार वायुमण्डलको चिन्तन गर्दै त्यसको रङ्ग धुवाँको जस्तो छ, त्यो निष्कलङ्क चन्द्रमाले चिह्नित छ भन्नुपर्छ । यसरी शुद्ध भएको स्पर्श तन्मात्रालाई ध्यानले नै शब्द तन्मात्रामा लय गराउनुपर्छ । त्यसपछि यसैको उद्घात वाक्यले शुद्ध स्फटिकसमान आकाशलाई नासिकादेखि लिएर शिखापर्यन्तका भागमा चिन्तन गर्नुपर्छ। त्यसपछि त्यस शुद्ध भएका आकाशलाई अहङ्कारमा उपसंहार गर्नुपर्छ । त्यसपछि क्रमशः शोषण आदिद्वारा देहलाई शुद्ध गर्नुपर्छ । ध्यानमा यं बीजरूप वायुद्वारा गोडादेखि शिखासम्मको सम्पूर्ण शरीर नै सुकेको छ, रं बीजद्वारा अग्नि प्रकट गरेर सारा शरीर नै ज्वालामा आइसकेको छ र जलेर भस्म भयो, त्यसपछि वं बीजको उच्चारण गरेर ब्रह्मरन्धबाट अमृतको विन्दु प्रकट भएको छ, त्यसबाट जुन अमृतको धारा प्रकट भएको छ त्यसैले शरीरको त्यो भस्म बगायो, त्यसपछि लं बीजको उच्चारण गर्दै त्यसै भस्मबाट दिव्यदेह प्रादुर्भाव भयो भन्ने चिन्तन गर्नुपर्छ । यस किसिमले दिव्य देहको उद्भव भएको भावना गरी करन्यास र अङ्गन्यास गर्नुपर्छ । त्यसपछि मानस यागको अनुष्ठान गर्नुपर्छ। हृदयकमलमा मानसिक पुष्प आदि उपचारद्वारा मूल मन्त्रले अङ्गसहित देवेश्वर भगवान् विष्णुको पूजा गर्नुपर्छ । ती भगवान् भोग र मोक्ष प्रदान गर्दछन् । भगवान्ले मानसिक पूजा स्वीकार गरून् भनेर उनको प्रार्थना गर्नुपर्छ । प्रार्थनामा हे देवदेवेश्वर ! तिमीलाई स्वागत छ । मेरा नजिक आऊ र यथार्थ रूपले भावनाद्वारा प्रस्तुत यो मानसिक पूजा ग्रहण गर भन्नुपर्छ। योगपीठलाई धारण गर्ने आधारशक्ति कूर्म, अनन्त र पृथ्वीपीठको मध्य भागमा पूजा गर्नुपर्छ। त्यसपछि अग्निकोण आदि चारै कोणहरूमा क्रमशः धर्म, ज्ञान, वैराग्य तथा ऐश्वर्यको पूजा गर्नुपर्छ । पूर्व आदि मुख्य दिशाहरूमा अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्यको अर्चना गर्नुपर्छ। पीठको मध्य भागमा सत्व आदि गुणहरूको, कमलको, माया र अविद्या नामका तत्त्वहरूको, कालतत्त्वको, सूर्य मण्डलको र पक्षीराज गरुडको पूजा गर्नुपर्छ । पीठको वायव्य कोणदेखि ईशान कोणसम्म गुरूपङ्क्तिको पूजा गर्नुपर्छ। गण, सरस्वती, नारद, नलकूबर, गुरु, गुरुपादुका, परम गुरु र उनका पादुकाको पूजा नै गुरुपङ्क्तिको पूजा हो ।१९-३७।

पूर्वसिद्ध र परसिद्ध शक्तिहरूको पूजा केसरमा गर्नुपर्छ। लक्ष्मी, सरस्वती, प्रीति, कीर्ति, शान्ति, कान्ति, पुष्टि तथा तुष्टि यी पूर्वसिद्ध शक्तिहरू हुन् । क्रमशः पूर्व आदि

पुष्टिस्तुष्टिं महेन्द्राद्या मध्ये चावाहितो हरिः ।
धृतिः श्रीरतिकान्त्याद्या मूलेन स्थापितोऽच्युतः ।३९।
ओं अभिमुखो भवेति प्रार्थ्य प्राच्यां सन्निहितो भव ।
विन्यस्यार्घ्यादिकं दत्त्वा गन्धाद्यैर्मूलतो यजेत् ।४०।
ओं भीषय भीषय हृच्छिरस्त्रासय वै पुनः ।
मर्दय मर्दय शिखा अग्न्यादौ शस्त्रतोऽस्त्रकम् ।४१।
रक्ष रक्ष प्रध्वंसय प्रध्वंसय कवचाय नमस्ततः ।
ओं हूं फट् अस्त्राय नमो मूलबीजेन चाङ्गकम् ।४२।
पूर्वदक्षाप्यसौम्येषु मूर्त्त्यावरणमर्च्चयेत् ।
वासुदेवः सङ्कर्षणः प्रद्युम्नश्चानिरुद्धकः ।४३।
अग्न्यादौ श्रीधृतिरतिकान्तयो मूर्त्तयो हरेः ।
शङ्खचक्रगधापद्ममग्न्यादौ पूर्वकादिकम् ।४४।
शार्ङ्गं च मुसलं खड्गं वनमालां च तद्बहिः ।
इन्द्राद्याश्च तथानन्तो नैर्ऋत्यां वरुणस्ततः ।४५।
ब्रह्मेन्द्रेशानयोर्मध्ये अस्त्रावरणकं बहिः ।
ऐरावतस्ततश्छागो महिषो वानरो झषः ।४६।
मृगः शशोऽथ वृषभः कूर्म्मो हंसस्ततो बहिः ।
पृश्निगर्भः कुमुदाद्या द्वारपाला द्वयं द्वयम् ।४७।
पूर्वाद्युत्तरद्वारान्तं हरिं नत्वा बलिं बहिः ।
विष्णुपार्षदेभ्यो नमो बलिपीठे बलिं ददेत् ।४८।
विश्वाय विष्वक्सेनात्मने ईशानके यजेत् ।
देवस्य दक्षिणे हस्ते रक्षासूत्रं च बन्धयेत् ।४९।
संवत्सरकृतार्चायाः सम्पूर्णफलदायिने ।
पवित्रारोहणायेदं कौतुकं धारय ओं नमः ।५०।
उपवासादिनियमं कुर्य्याद्वै देवसन्निधौ ।
उपवासादिनियतो देवं सन्तोषयाम्यहम् ।५१।

दिशामा यिनीहरूको पूजा गर्नुपर्छ । यसै गरी इन्द्र आदि दस दिक्पालहरूको पूजा पनि उनीहरूकै दिशामा हुनु आवश्यक छ। यी सबैका बीचमा श्रीहरि विराजमान छन्। धृति, श्री, रति र कान्ति यी परासिद्धा शक्तिहरू हुन् । मूल मन्त्रले भगवान् अच्युतको स्थापना गर्नुपर्छ। पूजाको प्रारम्भमा भगवान्सित हे भगवान् ! तिमी मेरा सम्मुख छौ, पूर्व दिशामा मेरा नजिक स्थित होऊ भनी प्रार्थना गर्नुपर्छ। यसरी प्रार्थना गरिसकेपछि अर्घ्य पाद्य आदि निवेदन गरेर गन्ध आदि उपचारसहित मूल मन्त्रले भगवान् अच्युतको अर्चना गर्नुपर्छ । यसरी अग्निकोण आदि दिशाहरूमा क्रमैसित बीजमन्त्रद्वारा अङ्गहरूको पूजा गर्नुपर्छ। पूर्व, दक्षिण, पश्चिम र उत्तर दिशामा मूर्त्यात्मक आवरणको अर्चना गर्नुपर्छ। वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध यी चार मूर्तिहरू हुन्छन् । अग्निकोण आदिमा क्रमशः श्री, रति, धृति र कान्तिको पूजा गर्नुपर्छ। यी पनि श्रीहरिका मूर्तिहरू नै हुन्। अग्नि आदि कोणमा क्रमशः शङ्ख, चक्र, गदा र पद्मको परिचर्या गर्नुपर्छ। पूर्व आदि दिशाहरूमा शार्ङ्ग, मुसल, खड्ग, तथा वनमालाको अर्चना गर्नुपर्छ। त्यसका बाह्य भागमा पूर्व आदि दिशाहरूमा क्रमशः इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, कुबेर तथा ईशानको पूजा गरेर नैर्ऋत्य र पश्चिमका बीचमा अनन्तको एवं पूर्व तथा ईशानका बीचमा ब्रह्माको अर्चना गर्नुपर्छ । तिनको बाह्य भागमा वज्र आदि अस्त्रमय आवरणको पूजा गर्नुपर्छ। यिनको बाह्य भागमा पनि दिक्पालका वाहनरूपी आवरणहरूको पूजा गर्नुपर्छ। पूर्व आदिको क्रमले ऐरावत, बाख्रो, भैंसी, बाँदर, माछो, मृग, खरायो, साँढे, कूर्म र हंसको पूजा गर्नुपर्छ। यिनको बाह्य भागमा पनि पृश्निगर्भ र कुमुद आदि द्वारपालहरूको पूजा गर्ने विधि बताइएको छ। पूर्वदेखि लिएर उत्तरसम्म प्रत्येक द्वारमा दुईदुई द्वारपालको पूजा गर्नु आवश्यक छ । त्यसपछि श्रीहरिलाई नमस्कार गरेर बाह्य भागमा बलि अर्पण गर्नुपर्छ। ओं विष्णुपार्षदेभ्यो नमः भनेर बलिपीठमा उनका लागि बलि समर्पित गर्नुपर्छ। ईशान कोणमा ओं विश्वाय विष्वक्सेनात्मने नमः भन्ने मन्त्रले विष्वक्सेनको अर्चना गर्नुपर्छ। त्यसपछि भगवान्का दाहिना हातमा रक्षासूत्र बाँध्नुपर्छ। त्यस बेला भगवान्सित हे प्रभु ! जो एक वर्षसम्म निरन्तर गरिएको तिम्रो पूजाका सम्पूर्ण फल प्राप्तिको कारण छ, त्यो पवित्रारोहण कर्मले पूरा हुन्छ, त्यसका लागि यो कौतुक धारण गर भन्नुपर्छ। ओं नमः भनिसकेपछि भगवान्का नजिकै उपवास आदिको नियम ग्रहण गर्नुपर्छ र म उपवासका साथ नियमपूर्वक रहेर इष्टदेवतालाई सन्तुष्ट

कामक्रोधादयः सर्वे मा मे तिष्ठन्तु सर्वथा ।
अद्यप्रभृति देवेश यावद्वैशेषिकं दिनम् ।५२।
यजमानो ह्यशक्तश्चेत्कुर्यान्नक्तादिकं व्रती ।
हुत्वा विसर्जयेत्स्तुत्वा श्रीकरं नित्यपूजनम् ।
ओं ह्रीं श्रीं श्रीधराय त्रैलोक्यमोहनाय नमः ।५३।

गर्दछु । हे देवेश्वर ! आजदेखि लिएर जहिलेसम्म वैशेषिकको दिन नआएसम्म काम, क्रोध आदि सारा दोष मेरा छेउमा कुनै पनि किसिमले आउन नपाऊन् भन्नुपर्छ । व्रतालु यजमान यदि उपवास गर्नमा असमर्थ भयो भने रात्रिको भोजन गर्नुपर्छ । हवन गरेर भगवान्को स्तुति गरिसकेपछि तिनलाई विसर्जन गर्नुपर्छ । भगवान्को नित्य पूजनले लक्ष्मीको प्राप्ति हुन्छ । ओं ह्रीं श्रीं श्रीधराय त्रैलोक्यमोहनाय नमः यही नै भगवान्का पूजाको मन्त्र हो ।३८-५३।

३४. चतुस्त्रिंशोऽध्यायः

होमविधि

अग्निरुवाच

विशेदनेन मन्त्रेण यागस्थानं च भूषयेत् ।
नमो ब्रह्मण्यदेवाय श्रीधरायाव्ययात्मने ।१।
ऋग्यजुः सामरूपाय शब्ददेहाय विष्णवे ।
विलिख्य मण्डलं सायं यागद्रव्यादि चाहरेत् ।२।
प्रक्षालितकराङ्घ्रिः सन्विन्यस्यार्घ्यकरो नरः ।
अर्घ्याद्भिस्तु शिरः प्रोक्ष्य द्वारदेशादिकं तथा ।३।
आरभेद्वारयागं च तोरणेशान्प्रपूजयेत् ।
अश्वत्थोदुम्बरवटप्लक्षाः पूर्वादिगा नगाः ।४।
ऋगिन्द्रशोभनं प्राच्यां यजुर्यमसुभद्रकम् ।
सामापश्चसुधन्वाख्यं सोमाथर्वसुहोत्रकम् ।५।
तोरणान्ताः पताकाश्च कुमुदाद्या घटद्वयम् ।
द्वारी द्वारी स्वनाम्नार्च्याः पूर्वे पूर्णश्च पुष्करः ।६।
आनन्दनन्दनो दक्षो वीरसेनः सुषेणकः ।
सम्भवप्रभवौ सौम्ये द्वारपांश्चैव पूजयेत् ।७।
अस्त्रजप्तपुष्पक्षेपाद्विघ्नानुत्सार्य संविशेत् ।
भूतशुद्धिं विधायाथ विन्यस्य कृतमुद्रकः ।८।
फट्कारान्तं शिखां जप्त्वा सर्षपान्दिक्षु निक्षिपेत् ।

अग्निदेवले भने— हे मुनिश्वर ! वेद तथा ब्राह्मणका हितकारी देवता अव्ययात्मा भगवान् श्रीधरलाई नमस्कार छ, ऋग्वेद, यजुर्वेद र सामवेद तिम्रा स्वरूप हुन्, शब्द नै तिम्रो शरीर हो, तिमी भगवान् विष्णुलाई नमस्कार छ भन्ने निम्नाङ्कित मन्त्र उच्चारण गर्दै साधकले यज्ञमण्डपमा प्रवेश गर्नुपर्छ र सजावटले यज्ञस्थललाई शोभायमान गराउनुपर्छ । सायंकाल सर्वतोभद्र आदि मण्डलहरूको रचना गरेर यजनपूजनसम्बन्धी द्रव्यहरूको सङ्ग्रह गर्नुपर्छ । हातगोडा धुनुपर्छ । सम्पूर्ण सामग्रीहरू यथास्थानमा सजाएर हातमा अर्घ्य लिई मानिसले त्यही जलले आफ्नो शिर सेचन गर्नुपर्छ । त्यसपछि द्वार आदिमा जल छर्कनुपर्छ । त्यसपछि द्वारयाग आरम्भ गर्नुपर्छ । पहिले तोरणेश्वरलाई राम्ररी पूजा गर्नुपर्छ । पूर्व आदि दिशाहरूका क्रमले अश्वत्थ, उदुम्बर, वट र पाकर यी वृक्षहरू पूजनीय हुन्छन् । यिनीहरूबाहेक पूर्व दिशामा ऋग्वेद, इन्द्र तथा शोभन, दक्षिणमा यजुर्वेद, यम तथा सुभद्र, पश्चिममा सामवेद, वरुण तथा सुधन्वा र उत्तरमा अथर्ववेद, सोम एवं सुहोत्रको अर्चना गर्नुपर्छ । तोरणभन्दा भित्र पताकाहरू लहराउनुपर्छ, दुईदुई कलश स्थापित गर्नुपर्छ र कुमुद आदि दिग्गजहरूको पूजा गर्नुपर्छ । प्रत्येक ढोकामा दुईदुई द्वारपाललाई उनैका मन्त्रले पूजा गर्नुपर्छ । पूर्व दिशामा पूर्ण र पुष्करको, दक्षिण दिशामा आनन्द र नन्दनको, पश्चिममा वीरसेन र सुषेणको तथा उत्तर दिशामा सम्भव र प्रभव नामका द्वारपालहरूको पूजा गर्नुपर्छ । अस्त्रमन्त्रको उच्चारण गर्नु फूल छरेर विघ्नहरूलाई भगाइसकेपछि मण्डपभित्र प्रवेश गर्नुपर्छ । भूतशुद्धि, न्यास र मुद्रा गरेर शिखाका अन्त्यमा फट् जोडेर त्यसैको जप गर्दै सम्पूर्ण दिशाहरूमा सर्स्युं छर्नुपर्छ ।

वासुदेवेन गोमूत्रं सङ्कर्षणेन गोमयम् ।९।
प्रद्युम्ने पयस्तज्जाद्दधि नारायणाद्घृतम् ।
एकद्वित्र्यादिवाराणि घृताद्वै भागतोऽधिकम् ।१०।
घृतपात्रे तदेकत्र पञ्चगव्यमुदाहृतम् ।
मण्डपप्रोक्षणायैकं चापरं प्राशनाय च ।११।
स्नानाय दशकुम्भेषु इन्द्राद्याँल्लोकपान्यजेत् ।
पूज्याज्ञां श्रावयेत्तांश्च स्थातव्यं चाज्ञया हरेः ।१२।
यागद्रव्यादि संरक्ष्य विकिरान्विकिरेत्ततः ।
मूलाष्टशतसञ्जप्तान्कुशकूर्चान्हरेच्च तान् ।१३।
ऐशानयां दिशि तत्रस्थं स्थाप्यं कुभं च वर्द्धनीम् ।
कुम्भे साङ्गं हरिं प्रार्च्य वर्द्धन्यामस्त्रमर्चयेत् ।१४।
प्रदक्षिणं यागगृहं वर्द्धन्याऽच्छिन्नधारया ।
सिञ्चन्नयेत्ततः कुम्भं पूजयेच्च स्थिरासने ।१५।
सपञ्चरत्नवस्त्राढ्यकुम्भे गन्धादिभिर्हरिम् ।
वर्द्धन्यां हेमगर्भायां यजेदस्त्रं च वामतः ।१६।
तत्समीपे वास्तुलक्ष्मीं भूविनायकमर्च्चयेत् ।
स्नपनं कल्पयेद्विष्णोः सङ्क्रान्त्यादौ तथैव च ।१७।
पूर्णकुम्भानवस्थाप्य नवकोणेषु निर्व्रणान् ।
पाद्यमर्घ्यमाचमनीयं पञ्चगव्यं च निःक्षिपेत् ।१८।
पूर्वादिकलशेऽग्न्यादौ पञ्चामृतजलादिकम् ।
दधि क्षीरं मधूष्णोदं पाद्यं स्याच्चतुरङ्गकम् ।१९।
पद्मश्यामाकदूर्वाश्च विष्णुपत्नी च पाद्यकम् ।
तथाष्टाङ्गार्घ्यमाख्यातं यवगन्धफलाक्षतम् ।२०।
कुशाः सिद्धार्थपुष्पाणि तिला द्रव्याणि चार्हणम् ।
लवङ्गकङ्कोलयुतं दद्यादाचमनीयकम् ।२१।
स्नापयेन्मूलमन्त्रेण देवं पञ्चामृतैरपि ।
शुद्धोदं मध्यकुम्भेन देवमूर्ध्नि विनिःक्षिपेत् ।२२।

त्यसपछि वासुदेवमन्त्रले गउँत, सङ्कर्षण मन्त्रले गोबर, प्रद्युम्न मन्त्रले गाईको दुध, अनिरुद्ध मन्त्रले दही र नारायण मन्त्रले घिउ लिएर सबैलाई घिउकै पात्रमा एकत्र गर्नुपर्छ । अन्य वस्तुहरूको भाग घिउको भन्दा बढी हुनुपर्छ । यिनीहरू सबै मिसिँदा जुन वस्तु तयार हुन्छ उसैलाई पञ्चगव्य भनिएको छ। पञ्चगव्य एक, दुई या तीन पटक अलगअलग बनाउनुपर्छ । यिनीमध्ये एकपटकको मण्डप चोख्याउन हो, दोस्रोपटकको खानका लागि हो र तेस्रोपटकको स्नान गर्नका लागि हो । दसवटा कलश स्थापना गरेर तिनमा इन्द्र आदि लोकपालहरूको पूजा गर्नुपर्छ । पूजा गरेर *तिनीहरूलाई हे* लोकपालहरू हो ! यस यज्ञको सुरक्षाका लागि तिमीहरूले यहाँ सधैँ स्थिर रहनुपर्छ भन्ने हरिको आज्ञा छ भनी सुनाउनुपर्छ। यागद्रव्य आदिको रक्षा गर्ने व्यवस्था गरेर विघ्ननिवारक विकिर सबैतिर छर्नुपर्छ। सातपटक अस्त्रसम्बन्धी मूल मन्त्र अस्त्राय फट् भन्ने जप गर्दै उक्त विकिर वस्तुहरूलाई वरिपरि छर्नुपर्छ । फेरि उसै गरी अस्त्रमन्त्रकै जप गर्दै कुशको मुठो कुर्च ल्याउनुपर्छ। त्यसलाई ईशान कोणमा राखेर त्यसैमाथि कलश र वर्धनी स्थापित गर्नुपर्छ। कलशमा श्रीहरिको साङ्ग पूजन गरेर वर्धनीमा अस्त्रको पूजा गर्नुपर्छ। अवच्छिन्न धाराले वर्धनीलाई सेचन गर्दै याज्ञमण्डपको प्रदक्षिणा गरी कलशलाई उपयुक्त स्थानमा लगेर स्थिर आसनमा स्थापित गरी त्यसको पूजा गर्नुपर्छ । कलशभित्र पञ्चरत्न राख्नुपर्छ । त्यसका माथि कपडा बेर्नुपर्छ। अनि त्यसमाथि गन्ध आदि उपचारले श्रीहरिको पूजा गर्नुपर्छ। वर्धनीमा पनि सुनका टुक्रा हाल्नुपर्छ। त्यसपछि त्यसमाथि अस्त्रको पूजा गर्दै त्यसैका बायाँ भागमा वास्तुलक्ष्मी र भूविनायकको अर्चना गर्नुपर्छ । सङ्क्रान्ति आदिमा यसरी नै श्रीविष्णुको स्नान अभिषेकको व्यवस्था गर्नुपर्छ। मण्डपका कोण र दिशाहरूमा आठ र मध्यमा एक जम्मा गरी नौ टुपटफुट र छिद्रविहीन कलश स्थापित गरेर तिनमा पाद्य, अर्घ्य, आचमनीय एवं पञ्चगव्य हाल्नुपर्छ। पूर्व आदि दिशाका कलसहरूमा ती वस्तुहरू हाल्नुपर्छ। अग्निकोण आदिका कलशमा उक्त वस्तुहरूका अतिरिक्त पञ्चामृतयुक्त जल अधिक हाल्नुपर्ने विधान छ। पाद्यका चार अङ्ग दही, दुध, मधु तातो पानी यी चार वस्तु हुन् ।९-१९।

कसैकसैका मतमा कमल, श्यामाक, दूर्वादल र विष्णुक्रान्ता औषधि यी चार वस्तुले युक्त जल नै पाद्य हो भन्ने छ। यसै गरी अर्घ्यका पनि आठ अङ्ग हुन्छन् भनिएको छ । अर्घ्यका लागि पनि आठ अङ्ग नै बताइएको छ। जौ,

कलशान्निस्सृतं तोयं कूर्चाग्रं संस्पृशेन्नरः ।
शुद्धोदकेन पाद्यं च अर्घ्यमाचमनं ददेत् ।२३।
परिमृज्य पटेनाङ्गं सवस्त्रं मण्डलं नयेत् ।
तत्राभ्यर्च्याचरेद्धोमं कुण्डादौ प्राणसंयमी ।२४।
प्रक्षाल्य हस्तौ रेखाश्च तिस्त्रः पूर्वाग्रगामिनीः ।
दक्षिणादुत्तरान्ताश्च तिस्त्रश्चैवोत्तराग्रगाः ।२५।
अर्घ्योदकेन सम्प्रोक्ष्य योनिमुद्रां प्रदर्शयेत् ।
ध्यात्वाग्नि रूपं चाग्निं तु योन्यां कुण्डे क्षिपेन्नरः ।२६।
पात्राण्यासादयेत्पश्चाद्दर्भस्रुक्स्रुवकादिभिः ।
बाहुमात्राः परिधय इध्मव्रश्चनमेव च ।
प्रणीता प्रोक्षणीपात्रामाज्यस्थाली घृतादिकम् ।
प्रस्थद्वयं तण्डुलानां युग्मं युग्ममधोमुखम् ।२८।
प्रणीताप्रोक्षणीपात्रे न्यसेत्प्रागग्रगं कुशम् ।
अद्भिः पूर्य्य प्रणीतां तु ध्यात्वा देवं प्रपूज्य च ।२९।
प्रणीतां स्थापयेदग्रे द्रव्याणां चैव मध्यतः ।
प्रोक्षणीमद्भिस्सम्पूर्य्य प्राच्य दक्षे तु विन्यसेत् ।३०।
चरुं च श्रपयेदग्नौ ब्रह्माणं दक्षिणे न्यसेत् ।
कुशानास्तीर्य्य पूर्वादौ परिधीन्स्थापयेत्ततः ।३१।
वैष्णवीकरणं कुर्यादगर्भाधानादिना नरः ।
गर्भाधानं पुंसवनं सीमन्तोन्नयनं जनिः ।३२।
नामादिसमावर्त्तनान्तं जुहुयादष्ट चाहुतीः ।
पूर्णाहुतिः प्रतिकर्म्म स्रुचा स्रुवसुयुक्तया ।३३।
कुण्डमध्ये ऋतुमतीं लक्ष्मीं सञ्चिन्त्य होमयेत् ।
कुण्डलक्ष्मीः समाख्याता प्रकृतिस्त्रिगुणात्मिका ।३४।
सा योनिः सर्वभूतानां विद्यामन्त्रगणस्य च ।
विमुक्तेः कारणं वह्निः परमात्मा च मुक्तिदः ।३५।

गन्ध, फल, अक्षता, कुश, सर्स्युं, फूल र तिल यी आठ द्रव्यलाई अर्घ्यका लागि सङ्ग्रह गर्नुपर्छ । जाइफल, ल्वाङ र कङ्कोलयुक्त जलको आचमन दिनुपर्छ। इष्टदेवतालाई मूल मन्त्रले पञ्चामृतले स्नान गराउनुपर्छ । बीचका कलशमा भगवान्‌का मस्तकमा शुद्ध जलका छिटा दिनुपर्छ। कलशबाट निस्कँदै गरेको जल र कुर्चाग्रलाई स्पर्श गर्नुपर्छ । त्यसपछि शुद्ध जलले पाद्य, अर्घ्य र आचमनीय निवेदन गर्नुपर्छ । त्यसपछि वस्त्रले भगवान्‌को विग्रहलाई पुछेर वस्त्र धारण गराउनुपर्छ र वस्त्रसहित मण्डलमा लैजानुपर्छ । त्यहाँ उचित किसिमले पूजा गरेर प्राणायामपूर्वक कुण्ड आदिमा होम गर्नुपर्छ। दुवै हात धोएर कुण्डमा या वेदीमा तीन पूर्वाग्र रेखाहरू खिँच्नुपर्छ। यी रेखाहरू दक्षिणबाट क्रमशः उत्तरतर्फ तानिएका हुनुपर्छ अथवा दाहिनेतिरबाट बायाँतर्फ तानिएको हुनुपर्छ । त्यसपछि अर्घ्यका जलले यी रेखाहरूलाई प्रोक्षण गर्दै योनिमुद्रा प्रदर्शन गर्नुपर्छ। अग्निलाई आत्माको स्वरूपमा चिन्तन गर्दै मनुष्य योनियुक्त कुण्डमा अग्निलाई स्थापना गर्नुपर्छ। त्यसपछि दर्भ, स्रुक, स्रुवा आदिका साथमा पात्रासन गर्नुपर्छ । बाहुमात्रका परिधिहरू, इध्मव्रश्चन, प्रणीतापात्र, प्रोक्षणीपात्र, आज्यस्थाली, घिउ, दुईदुई सेर चामल, अधोमुख स्रुक र स्रुवाको जोडी त्यहाँ हुनुपर्छ । प्रणीता र प्रोक्षणीमा पूर्वाग्र कुश राख्नुपर्छ। प्राणीतालाई जलले भरेर भगवान्‌को ध्यानपूजन गर्दै त्यसलाई अग्निका पश्चिमतिर आफ्नो अगाडि र आसादित द्रव्यका माझमा राख्नुपर्छ। प्रोक्षणीलाई जलले भरेर पूजन गरेपछि दाहिनेतिर राख्नुपर्छ। आगामा चरु चढाएर पकाउनुपर्छ र अग्निभन्दा दक्षिण दिशामा ब्रह्मालाई स्थापना गर्नुपर्छ । कुण्ड या वेदीका चारैतिर पूर्व आदि दिशामा कुश बिछ्याएर परिधिहरूलाई स्थापना गर्नुपर्छ । त्यसपछि गर्भाधानादि संस्कार गरेर अग्निलाई वैष्णवीकरण गर्नुपर्छ । गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, नामकरण र समावर्तनभन्दा पछिका सबै संस्कारका प्रत्येक कर्महरूका लागि आठआठ आहुति दिनुपर्छ र स्रुवायुक्त स्रुक्ले पूर्णाहुति प्रदान गर्नुपर्छ। कुण्डका भित्रपट्टि ऋतुस्नाता लक्ष्मीको ध्यान गरेर हवन गर्नुपर्छ। कुण्डभित्रकी जुन लक्ष्मी छन्, उनलाई कुण्डलक्ष्मी भनिएको छ। उनी नै त्रिगुणत्मिका प्रकृति हुन्। उनी सम्पूर्ण प्राणी, विद्या एवं मन्त्रसमुदायकी योनी हुन् । परमात्मस्वरूप अग्निदेवता मोक्षका कारण र मुक्तिदाता हुन्। पूर्व दिशातर्फ कुण्डलक्ष्मीको शिर छ, ईशान र अग्निकोण उनका भुजा हुन्, वायव्य तथा नैर्ऋत्य कोण जङ्घाहरू हुन् । कुण्डलाई उदर मानिएको छ र योनीका स्थानमा कुण्डयोनीको विधान छ। सत्व, रज र तम यी तीन गुण नै तीन मेखलाहरू

प्राच्यां शिरः समाख्यातं बाहू कोणे व्यवस्थितौ ।
ईशानाग्नेयकोणे तु जङ्घे वायव्यनैर्ऋते ।३६।
उदरं कुण्डमित्युक्तं योनिर्योनिर्विधीयते ।
गुणत्रयं मेखलाः स्युर्ध्यात्वैवं समिधो दश ।३७।
पञ्चाधिकांस्तु जुहुयात्प्रणवान्मुष्टिमुद्रया ।
पुनराधारौ जुहुयाद्वाय्वग्न्यन्तं ततः श्रपेत् ।३८।
ईशान्तं मूलमन्त्रेण आज्यभागौ तु होमयेत् ।
उत्तरे द्वादशान्तेन दक्षिणे तेन मध्यतः ।३९।
व्याहृत्या पद्ममध्यस्थं ध्यायेद्वह्निं तु संस्कृतम् ।
वैष्णवं सप्तजिह्वं च सूर्यकोटिसमप्रभम् ।४०।
चन्द्रवक्त्रं च सूर्य्याक्षं जुहुयाच्छतमष्ट च ।
तदर्द्धं चाष्ट मूलेन अङ्गानां च दशांशतः ।४१।

हुन् । यस किसिमले ध्यान गरेर प्रणवमन्त्रले मुष्टिमुद्राद्वारा पन्ध्र समिधाहरूले होम गर्नुपर्छ । त्यसपछि वायुदेखि थालेर अग्निकोणसम्म आधार नामका दुईदुई आहुति दिनुपर्छ । यसै गरी आग्नेयदेखि ईशानसम्म आज्य भाग नामका आहुतिले हवन गर्नुपर्छ । आज्यस्थालीबाट उत्तर, दक्षिण र मध्यभागबाट घिउसहितको द्वादशान्तले अर्थात् मूललाई बाह्रपटक जप गर्दै अग्निमा पनि उनै दिशाहरूका क्रममा आहुति दिनुपर्छ र त्यहीँ त्यसलाई त्याग पनि गर्नुपर्छ । त्यसपछि भूः स्वाहा इत्यादि रूपले व्याहृति होम गर्नुपर्छ । कमलका मध्यभागमा संस्कारसम्पन्न अग्निदेवतालाई विष्णुका रूपमा ध्यान गर्नुपर्छ । उनी सात जिह्वायुक्त छन्, करोडौँ सूर्यको समान उनको प्रभा छ, चन्द्रमाको जस्तै मुख छ र सूर्यसमान देदीप्यमान नेत्र छन् भन्ने किसिमले ध्यान गरेर उनका लागि एकसय आठ आहुति दिनुपर्छ अथवा मूल मन्त्रले त्यसको आधा एवं आठ आहुति दिनुपर्छ । अङ्गहरूका लागि पनि दसदस आहुति दिनुपर्छ ।२०–४१।

३५. पञ्चत्रिंशोऽध्यायः

पवित्रअधिवासनविधि

अग्निरुवाच
सम्पाताहुतिना सिच्य पवित्राण्यधिवासयेत् ।
नृसिंहमन्त्रजप्तानि गुप्तान्यस्त्रेण तानि तु ।१।
वस्त्रसंवेष्टितान्येव पात्रस्थान्यभिमन्त्रयेत् ।
बिल्वाद्यद्भिः पोक्षितानि मन्त्रेण त्वेकधा द्विधा ।२।
कुम्भपार्श्वे तु संस्थाप्य रक्षां विज्ञाप्य देशिकः ।
दन्तकाष्ठं चामलकं पूर्वे सङ्कर्षणेन तु ।३।
प्रद्युम्नेन भस्मतिलान्दक्षे गोमयमृत्तिकाम् ।
वारुणे चानिरुद्धेन सौम्ये नारायणेन च ।४।
दर्भोदकं चाथ हृदा अग्नौ कुङ्कुमरोचनम् ।
ऐशान्यां शिरसा धूपं शिखया नैर्ऋतेऽप्यथ ।५।
मूलपुष्पाणि दिव्यानि कवचेनाथ वायवे ।
चन्दनाम्ब्वक्षतदधिदूर्वाश्च पुटिकास्थिताः ।६।
गृहं त्रिसूत्रेणावेष्ट्य पुनः सिद्धार्थकान्क्षिपेत् ।
दद्यात्पूजाक्रमेणाथ स्वैः स्वैर्गन्धपवित्रकम् ।७।

अग्निदेवले भने– हे मुनिश्वर ! सम्पात आहुतिले पवित्राहरूको सेचन गरेर तिनलाई अधिवासन गर्नुपर्छ । नृसिंहको मन्त्र जप गरेर तिनलाई अभिमन्त्रित गरेर सुरक्षित राख्नुपर्छ । पवित्राहरूमा वस्त्र बेरेर नै तिनलाई पात्रमा राखी अभिमन्त्रित गर्नुपर्छ । बिल्व आदिका सम्पर्कले युक्त जलले मन्त्रोच्चारणपूर्वक तिनीहरू सबैलाई एक या दुईपटक प्रोक्षण गर्नुपर्छ । गुरुले कुम्भपात्रमा पवित्रहरूलाई राखेर उनको रक्षाका लागि उसै पात्रले पूर्व दिशामा सङ्कर्षण मन्त्रद्वारा दतिवन, अमला; दक्षिण दिशामा प्रद्युम्न मन्त्रद्वारा भस्म र तिल; पश्चिम दिशामा अनिरुद्ध मन्त्रद्वारा गोबर र माटो अनि उत्तर दिशामा नारायण मन्त्रले कुशोदक छर्नुपर्छ । त्यसपछि अग्नि कोणमा हृदय मन्त्रले कुङ्कुम तथा रोचना, ईशान कोणमा शिरोमन्त्रद्वारा मूलपुष्प र वायव्य कोणमा कवच मन्त्रद्वारा धुप, नैर्ऋत्य कोणमा शिखा मन्त्रद्वारा चन्दन, जल, अक्षता, दही र दूर्वा आदि राखेर छर्नुपर्छ । मण्डपलाई त्रिसूत्रले बेरेर फेरि सबैतिर सर्स्युं छर्नुपर्छ । देवताहरूको पूजा जुन क्रमले गरिएको छ, उसै क्रमले उनका लागि उनकै आआफ्ना नामका मन्त्र उच्चारण गर्दै गन्धपवित्रक दिनुपर्छ । द्वारपाल

मन्त्रैर्वै द्वारपादिभ्यो विष्णुकुम्भे त्वनेन च ।
विष्णुतेजोभवं रम्यं सर्वपातकनाशनम् ।८।
सर्वकामप्रदं देव तवाङ्गे धारयाम्यहम् ।
सम्पूज्य धूपदीपाद्यैर्व्रजेद्वारसमीपतः ।९।
गन्धपुष्पाक्षतोपेतं पवित्रं चाखिलेऽर्पयेत् ।
पवित्रं वैष्णवं तेजो महापातकनाशनम् ।१०।
धर्मकामार्थसिद्ध्यर्थं स्वकेऽङ्गे धारयाम्यहम् ।
आसने परिवारादौ गुरौ दद्यात्पवित्रकम् ।११।
गन्धादिभिः समभ्यर्च्य गन्धपुष्पाक्षतादिमत् ।
विष्णुतेजो भवेत्यादिमूलेन हरयेऽर्पयेत् ।१२।
वह्निस्थाय ततो दत्त्वा देवं सम्प्रार्थयेत्ततः ।
क्षीरोदधिमहानागशय्यावस्थितविग्रह ।१३।
प्रातस्त्वां पूजयिष्यामि सन्निधो भव केशव ।
इन्द्रादिभ्यस्ततो दत्त्वा विष्णुपार्षदके बलिम् ।१४।
ततो देवाग्रतः कुम्भं वासोयुगसमन्वितम् ।
रोचनाचन्द्रकाश्मीरगन्धाद्युदकसंयुतम् ।१५।
गन्धपुष्पादिनाभूष्य मूलमन्त्रेण पूजयेत् ।
मण्डपाद्बहिरागत्य विलिप्ते मण्डलत्रये ।१६।
पञ्चगव्यं चरुं दन्तकाष्ठं चैव क्रमाद्भवेत् ।
पुराणश्रवणं स्तोत्रं पठञ्जागरणं निशि ।१७।
परप्रेषकबालानां स्त्रीणां भोगभुजां तथा ।
सद्योऽधिवासनं कुर्याद्विना गन्धपवित्रकम् ।१८।

आदिलाई उनका नामकै मन्त्रले गन्धपवित्रक अर्पित गर्नुपर्छ। यसै क्रमले कुम्भमा भगवान् विष्णुलाई सम्बोधित गर्दै पवित्रक दिएर– हे देवता ! तिमी भगवान् विष्णुकै तेजबाट उत्पन्न रमणीय तथा सर्वपातकनाशन पवित्रक हौ । यसले सम्पूर्ण मनोरथहरूलाई पूरा गराउँछ, यसै कारण तिम्रा अङ्गमा धारण गराउँछु भन्नुपर्छ । धूपदीप आदिले सम्यक् पूजा गरेर मण्डपका द्वारनजिकै जानुपर्छ । गन्ध, पुष्प र अक्षताले युक्त पवित्रक स्वयं पनि धारण गर्नुपर्छ । आफूलाई नै अर्पित गर्ने समयमा– यो पवित्रक भगवान् विष्णुको तेज हो र ठूलाठूला पातकलाई यसले नाश गर्दछ; म धर्म, अर्थ र कामको सिद्धिका लागि यसलाई आफ्ना अङ्गमा धारण गर्दछु भन्नुपर्छ। आसनमा भगवान् श्रीहरिको परिवार आदि र गुरुलाई पवित्रक दिनुपर्छ। गन्ध, पुष्प र अक्षत आदिले भगवान् श्रीहरिको पूजा गरेर गन्धपुष्पादिले पूजित परिवक श्रीहरिलाई अर्पित गर्नुपर्छ। त्यस बेला विष्णुतेजोभवम् इत्यादि मूलमन्त्रको उच्चारण गर्नुपर्छ । त्यसपछि अग्निमा अधिष्ठातारूपले स्थित भगवान् विष्णुलाई पवित्रक अर्पित गरेर उनै परमेश्वरसित– हे केशव ! तिम्रो विर्गह क्षीरसागरमा महानागको शय्यामा शयन गर्दछ । म प्रातःकालमा तिम्रो पूजा गर्दछु। तिमी मेरा सामु आऊ भनेर प्रार्थना गर्नुपर्छ । त्यसपछि इन्द्र आदि दिक्पालहरूलाई बलि अर्पित गरेर भगवान्का सम्मुख युगल वस्त्र, भूषित रोचना, कर्पूर, केसर र गन्ध आदि सहितका जलले पूरित कलशलाई गन्धपुष्प आदिले विभूषित गरेर मूलमन्त्रले नै त्यसको पूजा गर्नुपर्छ । त्यसपछि मण्डपभन्दा बाहिर आएर पूर्व दिशाका निम्ति लिइएका मण्डलत्रयमा पञ्चगव्य, चरु र दन्तकाष्ठ क्रमशः सेवन गर्नुपर्छ। रातमा पुराण श्रवण तथा स्तोत्रपाठ गर्दै जागरण गर्नुपर्छ । परप्रेषक, बालक, स्त्री तथा भोगीजनका उपयोगमा आएको गन्धपवित्रकलाई छोडेर अरू सबैको अधिवासन गर्नुपर्छ ।१–१८।

३६. षट्त्रिंशोऽध्यायः
पवित्रारोपण

अग्निरुवाच
प्रातः स्नानादिकं कृत्वा द्वारपालान्प्रपूज्य च ।
प्रविश्य गुप्ते देशे च समाकृष्याथ धारयेत् ।१।
पूर्वाधिवासितं द्रव्यं वस्त्राभरणगन्धकम् ।
निरस्य सर्व निर्माल्यं देवं संस्थाप्य पूजयेत् ।२।
पञ्चामृतैः कषायैश्च शुद्धगन्धोदकैस्ततः ।

अग्निदेवले भने– हे मुनि ! प्रातःकाल स्नान आदि गरेर, द्वारपालहरूको पूजन गरिसकेपछि गुप्त स्थानमा प्रवेश गरेर पूर्वाधिवासित पवित्रकमध्येबाट एउटालाई प्रसादका रूपमा धारण गर्नुपर्छ। द्रव्य, वस्त्र, आभूषण, गन्ध एवं सम्पूर्ण निर्माल्यहरू हटाएर भगवान्लाई स्नान गराइसकेपछि बाँकी सबैको पूजा गर्नुपर्छ । पञ्चामृत, कषाय र शुद्ध गन्धोदकले नुहाइदिएर भगवान्का लागि पहिलेदेखि नै राखिएको वस्त्र,

पूर्वाधिवासितं दद्याद्वस्त्रं गन्धं च पुष्पकम् ।३।
अग्नौ हुत्वा नित्यवच्च देवं सम्प्रार्थयेन्नमेत् ।
समर्प्य कर्म्म देवाय पूजां नैमित्तिकीं चरेत् ।४।
द्वारपालविष्णुकुम्भवर्द्धनीः प्रार्थयेद्धरिम् ।
अतोदेवेतिमन्त्रेण मूलमन्त्रेण कुम्भके ।५।
कृष्णकृष्ण नमस्तुभ्यं गृहीष्वेदं पवित्रकम् ।
पवित्रीकरणार्थाय वर्षपूजाफलप्रदम् ।६।
पवित्रकं कुरुष्वाद्य यन्मया दुष्कृतं कृतम् ।
शुद्धो भवाम्यहं देव त्वत्प्रसादात्सुरेश्वर ।७।
पवित्रं च हृदाद्यैस्तु आत्मानमभिषिच्य च ।
विष्णुकुम्भं च सम्प्रोक्ष्य व्रजेद्देवसमीपतः ।८।
पवित्रमात्मेन दद्याद्रक्षाबन्धं विसृज्य च ।
गृहाण ब्रह्मसूत्रं च यन्मया कल्पितं प्रभो ।९।
कर्म्मणां पूरणार्थाय यथा दोषो न मे भवेत् ।
द्वारपालासनगुरुमुख्यानां च पवित्रकम् ।१०।
कनिष्ठादि च देवाय वनमालां च मूलतः ।
हृदादिविष्वक्सेनान्ते पवित्राणि समर्पयेत् ।११।
वह्नौ हुत्वाग्नि वर्त्तिभ्यो विष्वादिभ्यः पवित्रकम् ।
प्रार्च्य पूर्णाहुतिं दद्यात्प्रायश्चित्ताय मूलतः ।१२।
अष्टोत्तरशतं वापि पञ्चोपनिषदैस्ततः ।
मणिविद्रुममालाभिर्मन्दारकुसुमादीभिः ।१३।
इयं साँवत्सरी पूजा तवास्तु गरुडध्वज ।
वनमाला यथा देव कौस्तुभं सततं हृदि ।१४।
तद्वत्पवित्रतन्तुंश्च पूजा च हृदये वह ।
कामतोऽकामतो वापि यत्कृतं नियमार्च्चने ।१५।
विधिना विघ्नलोपेन परिपूर्ण तदस्तु मे ।
प्रार्थ्य नत्वा क्षमाप्याथ पवित्रं मस्तकेऽर्पयेत् ।१६।
दत्त्वा बलिं दक्षिणाभिर्वैष्णवं तोषयेद्गुरुम् ।

गन्ध र पुष्पहरू उनैका सेवामा प्रस्तुत गर्नुपर्छ। अग्निमा नित्य होम गरेझैँ हवन गरेर भगवान्को स्तुति प्रार्थना गरिसकेपछि उनका चरणमा शिर झुकाउनुपर्छ। त्यसपछि आफ्ना समस्त कर्महरू नै भगवान्का चरणमा अर्पित गरेर उनैको नैमित्तिकी पूजा गर्नुपर्छ। द्वारपाल, विष्णु, कुम्भ र वर्धनीलाई प्रार्थना गर्नुपर्छ। अतो देवाः इत्यादि मन्त्रले अथवा मूल मन्त्रले नै कलशमाथि श्रीहरिलाई स्तुति प्रार्थना गर्दै– हे कृष्ण ! हे कृष्ण ! तिमीलाई नमस्कार छ; यो पवित्रक ग्रहण गर; यसले उपवासकलाई पवित्र गराउँछ र वर्षभरि गरेका सम्पूर्ण पूजाहरूको फल प्राप्त गराउँछ; हे नाथ ! मैले पहिले जेजति दुष्कृत वा पापहरू गरेको छु तिनलाई नष्ट गराएर मलाई परम पवित्र बनाइदेऊ; हे देव ! हे सुरेश्वर ! तिम्रा कृपाले म शुद्ध हुनेछु भन्नुपर्छ। त्यसपछि हृदय, शिर आदिका मन्त्रले पवित्रकको र आफ्नो पनि अभिषेक गरेर विष्णु कलशलाई पनि प्रोक्षण गरिसकेर भगवान्का समीपमा जानुपर्छ। उनको रक्षाबन्धन झिकेर उनलाई पवित्रक अर्पण गर्दै– हे प्रभु ! मैले जुन ब्रह्मसूत्र तयार गरेको छ, त्यो तिमी ग्रहण गर; यो नै कर्मपूर्तिको साधक हो, त्यसैले यस पवित्रारोपण कर्मलाई यसरी सम्पन्न गराऊ जसबाट मैले दोषको भागी हुनुपर्ने छैन। द्वारपाल, योगपीठासन तथा मुख्य गुरुहरूलाई पवित्रक चढाउनुपर्छ। यिनीहरूमध्ये कनिष्ठ श्रेणीको पवित्रक द्वारपाललाई, मध्यम श्रेणीको पवित्रक योगपीठासनलाई र उत्तम पवित्रक गुरुजनलाई दिनुपर्छ। साक्षात् भगवान्लाई मूल मन्त्रले वनमाला अर्पित गर्नुपर्छ। नमो विष्वक्सेनाय भन्ने मन्त्र उच्चारण गरेर विष्वक्सेनलाई पनि पवित्रक चढाइदिनुपर्छ। अग्निमा होम गरेर अग्निमा रहेका विश्वा आदि देवताहरूलाई पवित्रक अर्पित गर्नुपर्छ। त्यसपछि पूजा गरेर मूल मन्त्रका साथ प्रायश्चित्तको उद्देश्यले पूर्णाहुति दिनुपर्छ। मणि या मुगाको माला अथवा मन्दार पुष्प आदिले एक सय आठको गन्ती गर्नुपर्छ। अन्त्यमा भगवान्लाई– 'हे गरुडध्वज ! तिम्रो यो वार्षिक पूजा सफल होस्; हे देवता ! वनमालाले जसरी तिम्रो वक्षस्थलमा शोभा पाएको छ उसै गरी पवित्रकको धागो त्यसले गरेका पूजालाई पनि तिमी हृदयमा धारण गर। मैले जानेर वा नजानीकनै पनि नियमपूर्वक गरिने पूजामा जेजति त्रुटि गरेको छु, विघ्नवश विधि पालन गर्नमा जेजति बिराइएको छ अथवा कर्मलोप भएका छन् भने ती सबै तिम्रा कृपाले पूर्ण होऊन्। मैले गरेको तिम्रो पूजा पूर्णतः सफल होस् भन्नुपर्छ। यसरी प्रार्थना र नमस्कार गरेर अपराधहरूका लागि क्षमा मागेर पवित्रकलाई शिरमा चढाउनुपर्छ। त्यसपछि यथायोग्य बलि अर्पित गरेर दक्षिणाद्वारा वैष्णव गुरुलाई सन्तुष्ट गराउनुपर्छ।

विप्रान्भोजनवस्त्राद्यैर्दिवसं पक्षमेव वा ।१७।
पवित्रं स्नानकाले वा अवतार्य्य समर्पयेत् ।
अनिवारितमन्नाद्यं दद्याद्भुङ्क्तेथ च स्वयम् ।१८।
विसर्जनेऽह्नि सम्पूज्य पवित्राणि विसर्जयेत् ।
सांवत्सरीमिमां पूजां सम्पाद्य विधिवन्मम ।१९।
व्रज पवित्रकेदानीं विष्णुलोकं विसर्जितः ।
मध्ये सोमेशयोः प्राच्र्य विष्वक्सेनं हि तस्य च ।२०।
पवित्राणि समभ्यर्च्य ब्राह्मणाय समर्पयेत् ।
यावन्तस्तन्तवस्तस्मिन्पवित्रे परिकल्पिताः ।२१।
तावद्युगसहस्राणि विष्णुलोके महीयते ।
कुलानां शतमुद्धृत्य दशपूर्व्वान्दशापरान् ।
विष्णुलोके तु संस्थाप्य स्वयं मुक्तिमवाप्नुयात् ।२२।

यथाशक्ति एक दिन वा एक पक्षसम्म ब्राह्मणहरूलाई भोजन, वस्त्र आदिले सन्तुष्ट पार्नुपर्छ। स्नानका समयमा पवित्रकलाई झिकेर त्यसको पूजा गर्नुपर्छ । उत्सवका दिनमा आउने कसैलाई नरोकीकन सबैलाई अनिवार्य रूपले अन्न दिनुपर्छ र अन्त्यमा आफूले पनि भोजन गर्नुपर्छ । विसर्जनका दिन पूजा गरेर पवित्रकलाई विसर्जन गर्नुपर्छ र– हे पवित्रक ! मेरा यस वार्षिक पूजालाई विधिवत् सम्पादित गरेपछि अब तिमी मबाट विसर्जित भई विष्णुलोकमा जाऊ भनी प्रार्थना गर्नुपर्छ। उत्तर र ईशानकोणका बीचमा विष्वक्सेनलाई पूजा गरेर उनका पवित्रकहरूको पनि अर्चना गरिसकेपछि ती ब्राह्मणलाई दिनुपर्छ। ती पवित्रकहरूमा जति तन्तु कल्पित भएका छन्, त्यति नै सहस्र युगसम्म उपासक विष्णुलोकमा प्रतिष्ठित हुन्छ। पवित्रारोपणका कारण साधकले आफूभन्दा माथिका सय पुस्तालाई उद्धार गरेर आफूभन्दा पहिलेका दस पुस्ता र आफूपछिका दस पुस्तालाई विष्णुलोकमा स्थापित गराउँछ साथै आफूले पनि मुक्ति प्राप्त गर्दछ।१–२२।

३७. सप्तत्रिंशोऽध्यायः

देवपवित्रारोहण

अग्निरुवाच
सङ्क्षेपात्सर्वदेवानां पवित्रारोहणं शृणु ।
पवित्रं सर्वलक्ष्म स्यात्खरमानलगं त्वपि ।१।
जगद्योने समागच्छ परिवारगणैः सह ।
निमन्त्रयाम्यहं प्रातर्दद्यां तुभ्यं पवित्रकम् ।२।
जगत्सृजे नमस्तुभ्यं गृह्णीष्वेदं पवित्रकम् ।
पवित्रीकरणार्थाय वर्षपूजाफलप्रदम् ।३।
शिव देव नमस्तुभ्यं गृह्णीष्वेदं पवित्रकम् ।
मणिविद्रुममालाभिर्मन्दारकुसुमादिभिः ।४।
इयं सांवत्सरी पूजा तवास्तु वेदवित्पते ।
सांवत्सरीमिमां पूजां सम्पाद्य विधिवन्मम ।५।
व्रज पवित्रकेदानीं स्वर्गलोकं विसर्ज्जितः ।
सूर्य्य देव नमस्तुभ्यं गृह्णीष्वेदं पवित्रकम् ।६।
पवित्रीकरणार्थाय वर्षपूजाफलप्रदम् ।
शिवदेव नमस्तुभ्यं गृह्णीष्वेदं पपित्रकम् ।७।

अग्निदेवले भने– हे मुनि ! अब सङ्क्षेपमा समस्त देवताहरूका लागि पवित्रारोपणको विधि सुन । पहिले जेजस्ता चिह्न भनिएका छन्, उनै लक्षणहरूले युक्त पवित्रक देवताहरूलाई अर्पित गरिन्छ। त्यसका स्वरस र अनलग गरी दुई भेद हुन्छन् । पहिले– हे जगत्का कारणभूत ब्रह्मदेव ! तिमी परिवारसहित यहाँ आऊ, म तिमीलाई निमन्त्रित गर्दछु; भोलि बिहानै तिम्रा लागि म पवित्रक अर्पित गर्दछु भन्ने बेहोराले इष्टदेवतालाई निमन्त्रणा दिनुपर्छ । त्यसपछि भोलिपल्ट पूजन गरिसकेर पवित्रक अर्पित गर्दै– हे संसारको सृष्टि गर्ने विधाता तिमीलाई नमस्कार छ। यो पवित्रक ग्रहण गर; आफूलाई पवित्र गराउनका लागि यसलाई तिम्रो सेवामा प्रस्तुत गरेको छु; यसले वर्षभरिका पूजाको फल प्रदान गर्दछ भन्दै प्रार्थना गर्नुपर्छ। त्यस्तै– हे शिवदेव ! हे वेदवेत्ताहरूका पालक ! तिमीलाई नमस्कार छ; यो पवित्रक स्वीकार गर। यसैद्वारा तिमीलाई वर्षदिनसम्म मणि, मुगा र मन्दारपुष्पले गर्नुपर्ने पूजा सम्पन्न हुनेछ। हे पवित्रक ! मेरो यस वार्षिक पूजालाई विधिवत् सम्पन्न गराएर मसित बिदा लिई तिमी स्वर्गलोकमा जाऊ। हे सूर्यदेव ! तिमीलाई नमस्कार छ। यो पवित्रक स्वीकार गर । पवित्रीकरणका लागि यो तिमीलाई

पवित्रीकरणार्थाय वर्षपूजाफलप्रदम् ।
वाणेश्वर नमस्तुभ्यं गृह्णीष्वेदं पवित्रकम् ।८।
पवित्रीकरणार्थाय वर्षपूजाफलप्रदम् ।
शक्तिदेवि नमस्तुभ्यं गृह्णीष्वेदं पवित्रकम् ।९।
पवित्रीकरणार्थाय वर्षपूजाफलप्रदम् ।
नारायणमयं सूत्रमनिरुद्धमयं वरम् ।१०।
धनधान्यायुरारोग्यप्रदं सम्प्रददामि ते ।
कामदेवमयं सूत्रं सङ्कर्षणमयं वरम् ।११।
विद्यासन्ततिसौभाग्यप्रदं सम्प्रददामि ते ।
वासुदेवमयं सूत्रं धर्म्मकामार्थमोक्षदम् ।१२।
संसारसागरोत्तारकारणं प्रददामि ते ।
विश्वरूपमयं सूत्रं सर्व्वदं पापनाशनम् ।१३।
अतीतानागतकुलसमुद्धारं ददामि ते ।
कनिष्ठादीनि चत्वारि मनुभिस्तु क्रमाद्ददे ।१४।

अर्पण गर्दै छु। यसले एक वर्षका पूजाको फल दिनेछ। हे गणेश ! तिमीलाई नमस्कार छ। यो पवित्रक स्वीकार गर। यसले वर्षभरिका पूजाको फल दिनेछ। हे देवी ! तिमीलाई नमस्कार छ। यो पवित्रक स्वीकार गर। पवित्रीकरणका लागि तिम्रा सेवामा यो अर्पण गरेको छु। यसले वर्षदिनका पूजाको फल दिनेछ। यो उत्तम सूत्र नारायणमय र अनिरुद्धमय छ; धनधान्य, आयु र आरोग्य यसले प्रदान गर्दछ; मैले तिम्रा सेवामा यसलाई प्रस्तुत गरेको छु; यो श्रेष्ठ सूत्र प्रद्युम्नमय र सङ्कर्षणमय छ; विद्या, सन्तति र सौभाग्य यसले प्रदान गर्दछ; मैले यो तिम्रो सेवामा अर्पित गरेको छु; यस वासुदेवमय सूत्रले धर्म, अर्थ, काम तथा मोक्ष प्रदान गर्दछ; संसारसागरबाट पार लगाउने यो उत्तम साधन हो; तिम्रा चरणमा यो अर्पित गर्दै छु; यस विश्वरूपमय सूत्रले सबैथोक प्रदान गर्दछ र समस्त पापहरूलाई नष्ट गर्दछ; भूतकालका पूर्वज र भावी सन्ततिलाई उद्धार गर्दछ; तिम्रो सेवामा यसलाई अर्पित गर्दछु; कनिष्ठ, मध्यम, उत्तम एवं परमोत्तम यी चारै किसिमका पवित्रकहरूलाई मन्त्रोच्चारणसहित क्रमशः दान गर्दछु भनी प्रार्थना गर्नुपर्छ ।१-१४।

३८. अष्टत्रिंशोऽध्यायः

देवालयनिर्माणफल

अग्निरुवाच

वासुदेवाद्यालयस्य कृतौ वक्ष्ये फलादिकम् ।
चिकीर्षेर्द्देवधामादि सहस्र जनिपापनुत् ।१।
मनसा सद्मकर्तृऽणां शतजन्माघनाशनम् ।
येऽनुमोदन्ति कृष्णस्य क्रियमाणं नरा गृहम् ।२।
तेऽपि पापैर्विनिर्मुक्ताः प्रयान्त्यच्युतलोकताम् ।
समतीतं भविष्यं च कुलानामयुतं नरः ।३।
विष्णुलोकं नयत्याशु कारयित्वाःहरेर्गृहम् ।
वसन्ति पितरो हृष्टा विष्णुलोके ह्यलङ्कृताः ।४।
विमुक्ता नारकैर्दुःखैः कर्त्तुः कृष्णस्य मन्दिरम् ।
ब्रह्महत्यादिपापौघघातकं देवतालयम् ।५।
फलं यन्नाप्यते यज्ञैर्धाम कृत्वा तदाप्यते ।

अग्निदेवले भने— हे मुनिवर वसिष्ठ ! भगवान् वासुदेव आदि विभिन्न देवताहरूका निम्ति मन्दिर निर्माण गर्नाले जुन फल आदि प्राप्त हुन्छन्, तिनको म अब वर्णन गर्दछु । जसले देवताका लागि मन्दिर, देवालय आदिको निर्माण गर्ने इच्छा गर्दछ, उसको त्यस शुभ सङ्कल्पले नै हजारौँ जन्मको पाप नाश गर्दछ। जसले मनको भावनाद्वारा नै मन्दिरको निर्माण गर्दछ, उसका सयौँ जन्मको पाप नाश हुन्छ । जुन मानिस भगवान् श्रीकृष्णको मन्दिर अर्काले बनाउन कुरो गर्दा समर्थन मात्रै गर्दछ, ऊ पनि समस्त पापबाट मुक्त भएर अच्युतको लोक प्राप्त गर्ने हुन्छ। भगवान् विष्णुका निम्ति मन्दिरको निर्माण गरेर मानिसले आफ्ना भूतपूर्व र भविष्यमा हुने दस हजार कुललाई तत्काल विष्णुलोकमा जानका लागि अधिकारयुक्त बनाउँछन् । श्रीकृष्णको मन्दिर निर्माण गर्ने मानिसका पितृहरू नरकको कष्टबाट तत्काल छुट्दछन् र दिव्य वस्त्राभूषणले अलङ्कृत भई धेरै हर्षका साथ विष्णुधाममा निवास गर्दछन्। देवालयको निर्माण गर्नाले ब्रह्महत्या आदि पापको समूहलाई नाश गर्दछ। यज्ञले जुन

देवागारे कृते सर्वतीर्थस्नानफलं लभेत् ।६।
देवाद्यर्थे हतानां च रणे यत्तत्फलादिकम् ।
शाठ्येन पांसुना वापि कृतं धाम च नाकदम् ।७।
एकायतनकृत्स्वर्गी त्र्यगारी ब्रह्मलोकभाक् ।
पञ्चागारी शम्भुलोकमष्टागाराद्धरौ स्थितिः ।८।
षोडशालयकारी तु भुक्तिमुक्तिमवाप्नुयात् ।
कनिष्ठं मध्यमं श्रेष्ठं कारयित्वा हरेर्गृहम् ।९।
स्वर्गं च वैष्णवं लोकं मोक्षमाप्नोति च क्रमात् ।
श्रेष्ठमायतनं विष्णोः कृत्वा यद्धनवाँल्लभेत् ।१०।
कनिष्ठेनैव तत्पुण्यं प्राप्नोत्यधनवान्नरः ।
समुत्पाद्य धनं कृत्वा स्वल्पेनापि सुरालयम् ।११।
कारयित्वा हरेः पुण्यं सम्प्राप्नोत्यधिकं वरम् ।
लक्षेणाथ सहस्रेण शतस्यार्द्धेन वा हरेः ।१२।
कारयन्भवनं याति यत्रास्ते गरुडध्वजः ।
बाल्ये तु क्रीडमाणा ये पांसुभिर्भवनं हरेः ।१३।
वासुदेवस्य कुर्व्वन्ति तेऽपि तल्लोकगामिनः ।
तीर्थे चायतने पुण्ये सिद्धक्षेत्रे तथाष्टमे ।१४।
कर्त्तुरायतनं विष्णोर्यथोक्तात्त्रिगुणं फलम् ।
बन्धूकपुष्पविन्यासैः सुधापङ्केन वैष्णवम् ।१५।
ये विलिम्पन्ति भवनं ते यान्ति भगवत्पुरम् ।
पतितं पतमानं तु तथार्द्धपतितं नरः ।१६।
समुद्धृत्य हरेर्धाम प्राप्नोति द्विगुणं फलम् ।
पतितस्य तु यः कर्त्ता पतितस्य च रक्षिता ।१७।
विष्णोरायतनस्येह स नरो विष्णुरूपभाक् ।
इष्टकानिचयस्तिष्ठेद्यावदायतनं हरेः ।१८।
सकुलस्तस्य वै कर्त्ता विष्णुलोके महीयते ।
स एव पुण्यवान्पूज्य इह लोके परत्र च ।१९।
कृष्णस्य वासुदेवस्य यः कारयति केतनम् ।

फलको प्राप्ति हुँदैन, त्यो पनि देवालयको निर्माण गराउनाले मात्रै प्राप्त हुन्छ। देवालयको निर्माण गराउनाले समस्त तीर्थमा स्नान गरेको फल प्राप्त हुन्छ। देवता, ब्राह्मण आदिका लागि रणभूमिमा मारिने धर्मात्मा शूरवीरहरूलाई जुन फल आदि प्राप्त हुन्छ, देवालयको निर्माण गराउनाले सुलभ प्राप्त हुन्छ। कन्जुस्याइँले गर्दा कसैले धुलोमाटोले नै देवालयको निर्माण गराएछ भनेदेखि त्यसैले पनि त्यस्ता व्यक्तिलाई स्वर्ग या दिव्यलोक प्राप्त हुन्छ। एउटा देवताका लागि एकै कोठाको मात्रै मन्दिर बनाउनलेलाई पनि स्वर्गलोक प्राप्ति हुन्छ। तीन देवताका लागि वा तीन कोठाको मन्दिर बनाउनेले ब्रह्मलोकमा निवास गर्न पाउँछ। पञ्चायतन मन्दिरको निर्माण गर्नेलाई शिवलोकको प्राप्ति हुन्छ र अष्टायतन मन्दिरको निर्माण गर्नाले श्रीहरिको सान्निध्यमा रहने सौभाग्य प्राप्त हुन्छ। जसले सोह्र आयतन भएको मन्दिर निर्माण गर्न लगाउँछ, उसले भोग र मोक्ष दुवै प्राप्त गर्दछ। कनिष्ठ, मध्यम र श्रेष्ठ गरी श्रीहरिको मन्दिरका तीन श्रेणी हुन्छन्। यिनीहरूको निर्माण गर्नाले क्रमशः स्वर्गलोक, विष्णुलोक र मोक्ष प्राप्त हुन्छन्। धनी मानिसले भगवान् विष्णुको उत्तम श्रेणीको मन्दिर निर्माण गराएर जुन फल प्राप्त गर्दछ, निर्धन मानिसले त्यही फल निम्न श्रेणीको मन्दिर निर्माण गराउँदा प्राप्त गर्छ। धन उपार्जन गरेर त्यसबाट अलिकति मात्रै पनि खर्च गरेर यदि मानिसले देवमन्दिर निर्माण गरायो भने त्यसैबाट अति धेरै पुण्य र भगवान्को वरदान प्राप्त गर्दछन्। एक लाख, एक हजार, एक सय वा त्यसको आधा पचास मात्रै खर्च गरेर भए पनि भगवान् विष्णुको मन्दिर बनाउन लगाउने मानिसले त्यस्तो नित्य धाम प्राप्त गर्दछ, जहाँ साक्षात् गरुडको ध्वजा लहराएका भगवान् विष्णु विराजमान हुन्छन्। जुन मानिसले केटाकेटीमा खेल्दा धुलोले भगवान् विष्णुको मन्दिर बनाउँछन्, तिनले पनि उनको धाम प्राप्त गर्दछन्। तीर्थमा, पवित्र स्थानमा, सिद्धक्षेत्रमा र कुनै आश्रममा जसले भगवान् विष्णुको मन्दिर बनाउन लगाउँछन्, उनलाई अरूतिर मन्दिर बनाउँदा जुन फल प्राप्त हुन्थ्यो, त्यसको तीन गुना अधिक फल प्राप्त हुन्छ भनिएको छ। जुन मानिसले भगवान् विष्णुको मन्दिरलाई चुनाले लिपाउँछन् र त्यसमाथि बन्धूक फूलको चित्र बनाउन लगाउँछन्, उनीहरू आखिरमा भगवान्को धाममा पुग्दछन्। भगवान्को जुन मन्दिर भत्किएको हुन्छ अथवा आधा ढलेको हुन्छ त्यस्तालाई जसले जीर्णोद्धार गराउँछन् तिनले नयाँ मन्दिर बनाएको दोब्बर फल प्राप्त गर्दछन्। जसले ढलेको विष्णुमन्दिरलाई पुनः बनाउँछन् र ढलेकोलाई रक्षा गर्दछन्, त्यस्ता मानिस साक्षात् विष्णुकै स्वरूप प्राप्त गर्ने हुन्छन्। जहिलेसम्म भगवान्का मन्दिरका

जातः स एव सुकृती कुलं तेनैव पावितम् ।२०।
विष्णुरुद्रार्कदेव्यादेर्गृहकर्त्ता स कीर्तिभाक् ।
किं तस्य वित्तनिचयैर्मूढस्य परिरक्षिणः ।२१।
दुःखार्जितैर्यः कृष्णस्य न कारयति केतनम् ।
नोपभोग्यं धनं यस्य पितृविप्रदिवौकसाम् ।२२।
नोपभोगाय बन्धूनां व्यर्थस्तस्य धनागमः ।
यथा ध्रुवो नृणां मृत्युर्वित्तनाशस्तथा ध्रुवः ।२३।
मूढस्तत्राऽनुबध्नाति जीवितेऽथ चले धने ।
यदा वित्तं न दानाय नोपभोगाय देहिनाम् ।२४।
नापि कीर्त्यै न धर्मार्थं तस्य स्वाम्येऽथ को गुणः ।
तस्माद्वित्तं समासाद्य दैवाद्वा पौरुषादथ ।२५।
दद्यात्सम्यग्द्विजाग्र्येभ्यः कीर्त्तनानि च कारयेत् ।
दानेभ्यश्चाधिकं यस्मात्कीर्त्तनेभ्यो वरं यतः ।२६।
अतस्तत्कारयेद्धीमान्विष्ण्वादेर्मन्दिरादिकम् ।
विनिवेश्य हरेर्धाम भक्तिमद्भिर्नरोत्तमैः ।२७।
निवेशितं भवेत्कृत्स्नं त्रैलोक्यं सचराचरम् ।
भूतं भव्यं भविष्यं च स्थूलं सूक्ष्मं तथेतरत् ।२८।
आब्रह्मस्तम्बपर्य्यन्तं सर्वं विष्णोः समुद्भवम् ।
तस्य देवाधिदेवस्य सर्वगस्य महात्मनः ।२९।
निवेश्य भवनं विष्णोर्न भूयो भुवि जायते ।
यथा विष्णोर्धामकृतौ फलं तद्वद्दिवौकसाम् ।३०।
शिवब्रह्मार्क्कविघ्नेशचण्डीलक्ष्म्यादिकात्मनाम् ।
देवालयकृतेः पुण्यं प्रतिमाकरणेऽधिकम् ।३१।
प्रतिमास्थापने यागे फलस्यान्तो न विद्यते ।
मृण्मयाद्दारुजे पुण्यं दारुजादिष्टकाभवे ।३२।
इष्टकोत्थाच्छैलजे स्याद्धेमादेरधिकं फलम् ।
सप्तजन्मकृतं पापं प्रारम्भादेव नश्यति ।३३।
देवालयस्य स्वर्गी स्यान्नरकं न स गच्छति ।

इँटा रहन्छन् त्यस बेलासम्म त्यसलाई बनाउने मानिस आफ्नो कुलसहित विष्णुलोकमा रहन्छन् । यस संसारमा र परलोकमा त्यस्तै मानिस पुण्यवान् र पूजनीय हुन्छन् ।१-१९।

जसले भगवान् श्रीकृष्णको मन्दिर बनाउन लगाउँछ, ऊ नै पुण्यवान्का रूपमा उत्पन्न भएको हो र उसैले आफ्ना कुलको रक्षा गर्दछ। जसले भगवान् विष्णु, शिव, सूर्य र देवी आदिको मन्दिर बनाउन लगाउँछ, उसैले यस लोकमा कीर्तिको भाग पाउँछ। सधैँ धनको रक्षा गर्नमै लागेको मूर्ख मानिसले कृष्णका मन्दिर बनाएन भने अति कष्टले कमाएका धनले के लाभ होला ? जसको धन पितृ, ब्राह्मण र देवताहरूको उपयोगमा आउँदैन र बन्धुबान्धवको उपयोगमा पनि आउन सक्दैन भने उसको धन प्राप्ति व्यर्थ भएको हो। प्राणीको मृत्यु जसरी निश्चित छ, उसै गरी कमाएका धनको नाश पनि निश्चित नै हुन्छ। मूर्ख मानिस नै क्षणभङ्गुर जीवन र चञ्चल धनका मोहमा बाँधिएको हुन्छ। धनलाई जब दान गर्नको, प्राणीको उपभोगको, कीर्तिको र धर्मको काममा खटाइँदैन भने त्यस्ता धनको मालिक बनेर के लाभ हुन्छ र ? त्यसैले प्रारब्धले, पुरुषार्थले वा अन्य कुनै उपायले धन प्राप्त गरेर त्यो ब्राह्मणलाई दान दिनुपर्छ अथवा कुनै पनि स्थिर कीर्ति बनाउनुपर्छ। अझ दान र कीर्तिभन्दा पनि बढी असल काम मन्दिर बनाउनु हो त्यसैले बुद्धिमान् मानिसले विष्णु आदि देवताहरूको मन्दिर बनाउनुपर्छ। भक्तिमान् श्रेष्ठ मानिसले यदि भगवान्को मन्दिर निर्माण र त्यसमा भगवान्को स्थापना गराए भने उनले त्यहाँ चराचर त्रिभुवनलाई नै रहनका लागि भवन बनाइदिएका छन् भन्ने बुझ्नुपर्छ। ब्रह्मादेखि लिएर सिन्कोसम्मका भूत, वर्तमान, भविष्य, स्थूल, सूक्ष्म र त्यसभन्दा भिन्न जेजति छन् ती सबै भगवान् विष्णुबाट प्रकट भएका हुन्। उनै देवाधिदेव सर्वव्यापक महात्मा विष्णुलाई मन्दिरमा स्थापित गरेपछि मानिसले फेरि यस संसारमा जन्म लिँदैन। विष्णुको मन्दिर बनाउँदाको फल जस्तो बताइएको छ, उसै किसिमले शिव, ब्रह्मा, सूर्य, गणेश, दुर्गा र लक्ष्मी आदि अन्य देवताहरूको मन्दिर निर्माण गराउँदा पनि प्राप्त हुन्छ। मन्दिर बनाएको भन्दा देवताको प्रतिमा बनाएको पुण्य अधिक हुन्छ। देवप्रतिमाको स्थापनासम्बन्धी जुन यज्ञ हुन्छ, त्यसको फल त कहिल्यै अन्त्य नै हुँदैन। काँचो माटाको प्रतिमाभन्दा काठको प्रतिमा उत्तम हुन्छ, त्यसभन्दा इँटाको प्रतिमा उत्तम हुन्छ, त्यसभन्दा पनि ढुङ्गाको प्रतिमा राम्रो र त्यसभन्दा पनि सुन आदि धातुको प्रतिमाको फल अझै राम्रो हुन्छ। देवमन्दिरको स्थापना गर्न थालनी मात्रै गर्दा पनि सात जन्मका पापको नाश हुन्छ र

कुलानां शतमुद्धृत्य विष्णोर्लोकं नयेन्नरः ।३४।
यमो यमभटानाह देवमन्दिरकारिणः ।
यम उवाच
प्रतिमापूजादिकृतो नानेया नरकं नराः ।३५।
देवालयाद्यकर्त्तार आनेयास्ते विशेषतः ।
विचरध्वं यथान्यायन्नियोगो मम पाल्यताम् ।३६।
नाज्ञाभङ्गं करिष्यन्ति भवतां जन्तवः क्वचित् ।
केवलं ये जगत्तातमनन्तं समुपाश्रिताः ।३७।
भवद्भिः परिहर्त्तव्यास्तेषां नात्रास्ति संस्थितिः ।
यत्र भागवता लोके तच्चित्तास्तत्परायणाः ।३८।
पूजयन्ति सदा विष्णुं ते वस्त्याज्याः सुदूरतः ।
यस्तिष्ठन्प्रस्वपन्गच्छन्नुत्तिष्ठन्स्खलिते स्थिते ।३९।
सङ्कीर्त्तयन्ति गोविन्दं ते वस्त्याज्या सुदूरतः ।
नित्यैर्नैमित्तिकैर्देवं ये यजन्ति जनार्दनम् ।४०।
नावलोक्या भवद्भिस्ते तद्व्रता याँति तद्गतिम् ।
ये पुष्पधूपवासोभिर्भूषणैश्चातिवल्लभैः ।४१।
अर्च्चयन्ति न ते ग्राह्या नराः कृष्णालयं गताः ।
उपलेपनकर्त्तारः सम्मर्जनपराश्च ये ।४२।
कृष्णालये परित्याज्यास्तेषां पुत्रास्तथा कुलम् ।
येन चायतनं विष्णोः कारितं तत्कुलोद्भवम् ।४३।
पुंसां शतं नावलोक्यं भवद्भिर्दुष्टचेतसा ।
यस्तु देवालयं विष्णोर्दारुशैलमयं तथा ।४४।
कारयेन्मृण्मयं वापि सर्वपापैः प्रमुच्यते ।
अहन्यहनि यज्ञेन यजतो यन्महाफलम् ।४५।
प्राप्नोति तत्फलं विष्णोर्यः कारयति केतनम् ।
कुलानां शतमागामि समतीतं तथा शतम् ।४६।
कारयन्भगवद्धाम नयत्यच्युतलोककम् ।
सप्तलोकमयो विष्णुस्तस्य यः कुरुते गृहम् ।४७।

बनाउने मानिस स्वर्गको अधिकारी हुन्छ; ऊ कहिल्यै नरक जाँदैन । त्यति मात्रै होइन, त्यस मानिसले आफ्ना सय पुस्ता उद्धार गर्दछ र विष्णुलोकमा पुर्‍याउँछ ।२०–३४।

यमराजले देवताको मन्दिर बनाउने आफ्ना दूतहरूलाई लक्षित गरेर यसो भनेका थिए–

यमराजले भने– देवप्रतिमाको निर्माण तथा त्यसको पूजा आदि गर्ने मानिसलाई तिमीहरूले नरकमा नल्याउनू र जसले देवमन्दिर आदि बनाएका छैनन् उनीहरूलाई नै मुख्यतया पक्रेर ल्याउनू । जाओ, तिमीहरू संसारमा विचरण गर र न्यायपूर्वक मेरो आज्ञा पालन गर । संसारका कुनै पनि प्राणीले कहिल्यै तिमीहरूको आदेश टार्न सक्दैनन् । केवल तिनीहरूलाई नै तिमीहरूले छोडिदिनू जो जगत्पिता भगवान् अनन्तका शरणमा गइसकेका हुन्छन्, किनभने उनीहरूको स्थिति यस यमलोकमा हुनेछैन । संसारमा भगवान्मा चित्त लगाउने, भगवान्कै शरणमा परेका, भगवान् विष्णुकै पूजा गरिरहेका भगवद्भक्त महात्मा जहाँसुकै होऊन् उनीहरूलाई छोडेर तिमीहरू टाढैबाट फिर्ता आउनू । जो स्थिर भएर सुत्दा, हिँड्दा, उठ्दा, लड्दा, पछारिँदा वा उभिएका समयमा समेत भगवान् श्रीकृष्णको नामकीर्तन गर्दछन् भने उनीहरूलाई परैबाट छाडिदिनू । जसले नित्यनैमित्तिक कर्मद्वारा भगवान् जनार्दनको पूजा गरेका छन् उनीहरूतिर तिमीहरूले नहेर्नू पनि, किनभने भगवान्को व्रत गर्नेहरू भगवान्लाई नै प्राप्त हुन्छन् । जुन मानिसले फूल, धुप, वस्त्र र अत्यन्त प्रिय आभूषणद्वारा भगवान्को पूजा गर्दछन्, उनीहरूलाई नछुनू किनभने ती मानिसहरू भगवान् श्रीकृष्णको धाममा नै पुगिसकेका हुन्छन् । जसले भगवान्का मन्दिरमा लिप्ने वा बढार्ने गर्दछन् उनीहरूका पुत्र तथा तिनका वंशलाई पनि छोडिदिनू । जसले भगवान् विष्णुको मन्दिर बनाइदिएका छन्, तिनका वंशमा सय पुस्तासम्मका मानिसतिर तिमीहरूले खराब भावनाले नहेर्नू । जसले काठको, ढुङ्गाको वा माटाको नै पनि देवालय भगवान् विष्णुका लागि बनाइदिएका छन् तिनीहरू समस्त पापबाट मुक्त हुन्छन् । प्रतिदिन यज्ञद्वारा भगवान्को आराधना गर्नेहरूलाई जुन महान् फल प्राप्त हुन्छ त्यही फल जसले विष्णुको मन्दिर बनाएको छ उसले पाउँछ । जसले भगवान् अच्युतको मन्दिर बनाएको उसले आफ्ना विगतका सय पुस्तासम्मका पितृहरू र पछि जन्मने सय पुस्तासम्मका वंशजहरूलाई भगवान् विष्णुको लोकमा पुर्‍याउँछ । भगवान् विष्णु सप्तलोकमा व्याप्त छन् । उनको मन्दिर जसले बनाउँछ उसले आफ्ना कुललाई तार्दछ र तिनलाई अक्षय लोक

तारयत्यक्षयाँल्लोकानक्षयान्प्रतिपद्यते ।
इष्टकाचयविन्यासो यावन्त्यब्दानि तिष्ठति ।४८।
तावद्वर्षसहस्राणि तत्कर्तुर्दिवि संस्थितिः ।
प्रतिमाकृद्विष्णुलोकं स्थापको लीयते हरौ ।
देवसद्मप्रतिकृतिप्रतिष्ठाकृत्तु गोचरे ।४९।
अग्निरुवाच
यमोक्ता नानयंस्तेऽथ प्रतिष्ठादिकृतं हरेः ।
हयशीर्षः प्रतिष्ठार्थं देवानां ब्रह्मणेऽब्रवीत् ।५०।

प्राप्त हुन्छ साथै आफू पनि अक्षय लोकमा पुग्छ । मन्दिरमा ईँटाहरूको जोडाइ जति वर्षसम्म रहन्छ, उति नै हजार वर्षसम्म त्यो मन्दिर बनाउनेले स्वर्गलोकको वास पाउँछ । भगवान्‌को प्रतिमा बनाउनेलाई विष्णुलोक प्राप्त हुन्छ, त्यसलाई स्थापना गर्ने भगवान्मै लीन हुन्छ र देवालय बनाएर त्यसमा प्रतिमा स्थापना गर्नेले सधैं भगवान्‌को लोकमा निवास गर्दछ ।३५-४९।

अग्निले भने— यमराजले यस खालको आदेश दिएका हुनाले यमका दूतहरू भगवान् विष्णुको स्थापना आदि गर्नेहरूलाई यमलोकमा ल्याँदैनन्। देवताहरूको प्रतिष्ठा आदिको विधि भगवान् हयग्रीवले ब्रह्मालाई बयान गरेका थिए ।५०।

३९. ऊनचत्वारिंशोऽध्यायः

भूपरिग्रहविधान

हयग्रीव उवाच
विष्ण्वादीनां प्रतिष्ठादि वक्ष्ये ब्रह्मञ्छृणुष्व मे ।
प्रोक्तानि पञ्चरात्राणि सप्तरात्राणि वै मया ।१।
व्यस्तानि मुनिभिर्लोके पञ्चविंशतिसङ्ख्यया ।
हयशीर्षं तन्त्रमाद्यं तन्त्रं त्रैलोक्यमोहनम् ।२।
वैभवं पौष्करं तन्त्रं प्रल्हादं गार्ग्यगालवम् ।
नारदीयं च सम्प्रश्नं शाण्डिल्यं चेश्वरं तथा ।३।
सत्योक्तं शौनकं तन्त्रं वासिष्ठं ज्ञानसागरम् ।
स्वायम्भुवं कापिलं च तार्क्ष्यं नारायणीयकम् ।४।
आत्रेयं नारसिंहाख्यमानन्दाख्यं तथारुणम् ।
बौधायनं तथार्षन्तु विश्वोक्तं तस्य सारतः ।५।
प्रतिष्ठां हि द्विजः कुर्य्यान्मध्यदेशादिसम्भवः ।
न कच्छदेशसम्भूतः कावेरीकोङ्कणोद्गतः ।६।
कामरूपः कलिङ्गोत्थः काञ्चीकाश्मीरकोसलः ।
आकाशवायुतेजोऽम्बुभूरेताः पञ्च रात्रयः ।७।
अचैतन्यास्तमोद्रिक्ताः पञ्चरात्रविवर्जिताः ।
ब्रह्माहं विष्णुरमल इति विद्यात्स देशिकः ।८।
सर्वलक्षणहीनोऽपि स गुरुस्तन्त्रपारगः ।
नगराभिमुखाः स्थाप्या देवा न च पराङ्मुखाः ।९।
कुरुक्षेत्रे गयादौ च नदीनां तु समीपतः ।
ब्रह्मा मध्ये तु नगरे पूर्वे शक्रस्य शोभनम् ।१०।

हयग्रीवले भने— हे ब्रह्मन् ! अब म विष्णु आदि देवताको प्रतिष्ठाका विषयमा बताउँछु, ध्यान दिएर सुन । यस विषयमा मैले भनेका पञ्चरात्र एवं सप्तरात्रहरूलाई ऋषिहरूले मानवलोकमा प्रचार गरेका छन्। तिनीहरू सङ्ख्यामा पच्चीस हुन्छन् । आदिहयशीर्षतन्त्र, त्रैलोक्यमोहनतन्त्र, वैभवतन्त्र, पुष्करतन्त्र, प्रह्लादतन्त्र, गार्ग्यतन्त्र, गालवतन्त्र, नारदीयतन्त्र, श्रीप्रश्नतन्त्र, शाण्डिल्यतन्त्र, ईश्वरतन्त्र, सत्यतन्त्र, शौनकतन्त्र, वसिष्ठोक्त ज्ञानसागरतन्त्र, स्वायम्भवतन्त्र, कापिलतन्त्र, तार्क्ष्यतन्त्र, नारायणीयतन्त्र, आत्रेयतन्त्र, नारसिंहतन्त्र, आनन्दतन्त्र, आरुणतन्त्र, बौधायनतन्त्र, अष्टाङ्गतन्त्र र विश्वतन्त्र । यी तन्त्रहरूका अनुसार मध्यदेश आदिमा उत्पन्न द्विजले देवविग्रह प्रतिष्ठा गर्नुपर्छ । कच्छदेश, कावेरीतटवर्ती देश, कोङ्कण, कामरूप, कलिङ्ग, काञ्ची तथा काश्मीर देशमा उत्पन्न ब्राह्मणले देवप्रतिष्ठा नगरून् । आकाश, वायु, तेज, जल र पृथ्वी यी पञ्चमहाभूत पञ्चरात्र हुन्। जो चेतनाशून्य एवं अज्ञानान्धकारले आच्छन्न छन् ती पञ्चरात्ररहित हुन्छन् । जुन मानिसले— म पापमुक्त परब्रह्म विष्णु हुँ भन्ने धारणा लिएको हुन्छ ऊ देशिक हो । ऊ समस्त बाह्य लक्षण आदिले हीन भए पनि तन्त्रवेत्ता आचार्य मानिएको छ । देवताहरूलाई नगराभिमुख स्थापना गर्नुपर्छ । उनको पिठ्युँ नगरतिर पार्नुहुँदैन । कुरुक्षेत्र, गया आदि तीर्थस्थानमा अथवा नदीका नजिकै देवालयको स्थापना गर्नुपर्छ । ब्रह्माको मन्दिर

ावग्नेश्च मातृणां भूतानां च यमस्य च ।
णे चण्डिकायाश्च पितृदैत्यादिकस्य च ।११।
ते मन्दिरँ कुर्याद्वरुणादेश्च वारुणे ।
ार्नागस्य वायव्ये सौम्ये यक्षगुहस्य च ।१२।
ीशस्य महेशस्य ऐशे विष्णोश्च सर्वशः ।
वकुलं पीड्य प्रासादं स्वल्पकं त्वथ ।१३।
वाप्यधिकं वापि न कर्त्तव्यं विजानता ।
ोर्द्विगुणां सीमां त्यक्त्वा चोच्छ्र्यसम्मिताम् ।१४।
दं कारयेदन्य नोभयं पीडयेद्बुधः ।
तु शोधितायां तु कुर्याद्भूमिपरिग्रहम् ।१५।
ारसीमापर्य्यन्तं ततो भूतबलिं हरेत् ।
हरिद्राचूर्णं तु सलाजं दधिसक्तुभिः ।१६।
क्षरेण सक्तूंश्च पातयित्वाष्टदिक्षु च ।
ाश्च पिशाचाश्च येऽस्मिंस्तिष्टन्ति भूतले ।१७।
ते व्यपगच्छन्तु स्थानं कुर्य्यामहं हरेः ।
वाहयित्वा गां गोभिश्चैवावदारयेत् ।१८।
ाण्वष्टकेनैव रथरेणुः प्रकीर्तितः ।
ग्वष्टकेनैव त्रसरेणुः प्रकीर्त्यते ।१९।
भिस्तु बालाग्रं लिख्या तैरष्टभिर्मता ।
यूकाष्टभिः ख्याता ताश्चाष्टौ यवमध्यमः ।२०।
टकैरङ्गुलं स्याच्चतुर्विंशाङ्गुलः करः ।
ङ्गुलसंयुक्तः स हस्तः पद्महस्तकः ।२१।

नगरको मध्यभागमा र इन्द्रको पूर्वदिशामा स्थापना गर्नु उत्तम मानिन्छ। अग्निदेव र मातृकाहरूको आग्नेय कोणमा, भूतगण र यमराजको दक्षिणमा, चण्डिका, पितृगण र दैत्य आदिको मन्दिर नैर्ऋत्य कोणमा बनाउनुपर्छ। वरुणको पश्चिममा, वायु र नागको वायव्य कोणमा, यक्ष या कुबेरको उत्तर दिशामा, चण्डीश, महेशको ईशान कोणमा र विष्णुको मन्दिर सबैतिर बनाउनु राम्रो हुन्छ। ज्ञानवान् मानिसले पूर्ववर्ती देवमन्दिरलाई साँगुर्‍याएर, सानो पारेर, उत्रै वा विशाल पारेर बनाउनु हुँदैन। दुई मन्दिर नजिकै बनाउनुपर्दा दुवै मन्दिरका उचाइका जोडको दोब्बर सीमा छोडेर नयाँ देवालयको निर्माण गर्नुपर्छ। विद्वान् व्यक्तिले दुवै मन्दिरलाई आघात पार्नुहुँदैन। भूमिलाई शोधन गरेपछि मात्रै भूमि परिग्रह गर्नुपर्छ। त्यसपछि पर्खालको सीमासम्म मास, धुलो बेसार, लाजा, दही र सत्तुले भूतबलि प्रदान गर्नुपर्छ। त्यसपछि अष्टाक्षर मन्त्र पढेर आठै दिशामा सर्स्यूँ छर्दै— यस भूमिखण्डमा जेजति राक्षस एवं पिशाच आदिले निवास गरेका छन् तिनीहरू यहाँबाट जाऊन्। म यहाँ श्रीहरिका लागि मन्दिर निर्माण गर्दछु भन्नुपर्छ। त्यसपछि भूमिलाई हलोले जोतेर गाई हिँडाउनुपर्छ। आठ परमाणुलाई रथरेणु मानिन्छ। आठ त्रसरेणुलाई बालाग्र र आठ बालाग्रलाई लिक्षा भनिएको छ। आठ लिक्षाको एक यूका हुन्छ। आठ यूकाको एक यवमध्यम हुन्छ र आठ यवको अङ्गुल, चौबीस अङ्गुलको कर र अठ्ठाईस अङ्गुलको एक पद्महस्त हुन्छ।१–२१।

४०. चत्वारिंशोऽध्यायः

अर्घ्यदान

ानुवाच
ासीन्महद्भूतं सर्वभूतभयङ्करम् ।
र्निहितं भूमौ स वास्तुपुरुषः स्मृतः ।१।
ष्टिपदे क्षेत्रे ईशं कोणार्द्धसंस्थितम् ।
तैस्तर्प्पयेत्तं पर्जन्यं पदगं ततः ।२।
द्भिर्जयन्तं च द्विपदस्थं पताकया ।
चैककोष्ठस्थं सर्वरक्तैः पदे रविम् ।३।
नार्द्धपदगं सत्यं पदे भृशं घृतैः ।

भगवान्ले भने— हे ब्रह्मन् ! परापूर्व कालमा सम्पूर्ण प्राणीहरूका लागि भयङ्कर एउटा महाभूत थियो। देवताहरूले त्यसलाई भूमिमा राखिदिए। त्यसैलाई नै वास्तुपुरुष मानिएको छ। चौसठ्ठी पदले युक्त क्षेत्रमा अर्धकोणमा रहेका ईशलाई घिउ र अक्षताले तृप्त गर्नुपर्छ। त्यसपछि एक पदमा रहेका पर्जन्यलाई कमल तथा जलले, दुई पदमा रहेका जयन्तलाई पताकाले, दुई कोष्ठमा रहेका महेन्द्रलाई पनि त्यसैले, दुई पदमा रहेका रविलाई सबै रातो रङ्गका वस्तुहरूले सन्तुष्ट गर्नुपर्छ। दुई पदमा रहेका सत्यलाई चँदुवाले र एक पदमा रहेका भृशलाई घिउले, अग्निकोणमा आधापदमा रहेका

व्योम शाकुनमांसेन कोणार्द्धपदसंस्थितम् ।४।
स्रुचा चार्द्धपदे वह्निं पूषणं लाजयैकतः ।
स्वर्णेन वितथं द्विष्ठं मथनेन गृहाक्षतम् ।५।
मांसोदनेन धर्मेशमेकैकस्मिन् स्थितं द्वयम् ।
गन्धर्वं द्विपदङ्गन्धैर्भृशं शाकुनजिह्वया ।६।
एकस्थमूद्ध्र्वसंस्थं च मृगनीलपटैस्तथा ।
पितृन्कृशरयार्द्धस्थं दन्तकाष्ठैः पदस्थितम् ।७।
दौवारिकं द्विसंस्थं च सुग्रीवं यावकेन तु ।
पुष्पदन्तं कुशस्तम्बैः पद्मैर्वरुणमेकतः ।८।
असुरं सुरया द्विष्ठं पदेशाय घृताम्भसा ।
यवैः पापं पदार्द्धस्थं रोगमध्ये च मण्डकैः ।९।
नागपुष्पैः पदे नागं मुख्यं भक्ष्यैर्हि संस्थितम् ।
मुद्गोदनेनभल्लाटं पदे सोमं पदे तथा ।१०।
मधुना पायसेनाथ शालूकेन हृषिं द्वये ।
पदे दितिं लोपिकाभिरर्द्धे दितिमथापरम् ।११।
पूरिकाभिस्ततश्चापमीशाधः पयसा पदे ।
ततोऽधश्चापवत्सन्तु दध्ना चैकपदे स्थितम् ।१२।
लड्डुकैश्च मरीचिं तु पूर्वकोष्ठचतुष्टये ।
सवित्रे रक्तपुष्पाणि ब्रह्माधः कोणकोष्टके ।१३।
तदधःकोष्टके दद्यात्सवित्रे च कुशोदकम् ।
विवस्वतेऽरुणं दद्याच्चन्दनं चतुरङ्घ्रिषु ।१४।
रक्षोऽधःकोणकोष्ठे तु इन्द्रायान्नं निशान्वितम् ।
इन्द्रजयाय तस्याधो घृतान्नं कोणकोष्ठके ।१५।
चतुष्पदे तु दातव्यमिन्द्राय गुडपायसम् ।
वाय्वधःकोणदेशे तु रुद्राय पक्वमांसकम् ।१६।
तदधः कोणकोष्ठे तु यक्षायार्द्धं फलं तथा ।
महीधराय मांसान्नं माषं च चतुरङ्घ्रिषु ।१७।
मध्ये चतुष्पदे स्थाप्या ब्रह्मणे तिलतण्डुलाः ।
चरकिं माषसर्पिभ्यां स्कन्दं कृशरयासृजा ।१८।
रक्तपद्मैर्विदारीं च कन्दर्पं च पलोदनैः ।
पूतनां पलपित्ताभ्यां मांसासृग्भ्यां च जम्भकम् ।१९।
पित्तासृगस्थिभिः पापां पिलिपिञ्जं स्रजासृजा ।

व्योमलाई शाकुन नामका औषधिका दिगुलले, उसै कोणका अर्को आधा भागमा रहेका अग्निदेवतालाई स्रुक्ले, एक पदमा रहेका पूषालाई लाजाले, दुई पदमा रहेका वितथलाई स्वर्णले, एकपदस्थ गृहक्षतलाई नौनीले, एकपदस्थित यमराजलाई कालो दाल र भातले, दुई पदस्थ गन्धर्वलाई गन्धले, एकपदमा स्थित भृङ्गलाई शाकुनजिह्वा नामका औषधिले, अर्धपदमा स्थित मृगलाई नीलो वस्त्रले, अर्धकोष्ठकको निम्नभागमा विद्यमान पितृगणलाई खिचडीले, एकपदस्थ दौवारिकलाई दन्तकाष्ठले र दुई पदमा स्थित सुग्रीवलाई जौ खाद्यपदार्थले सन्तुष्ट गराउनुपर्छ। द्विपदस्थ पुष्पदन्तलाई कुशका समूहले, दुई पदमा स्थित वरुणलाई पद्मले, दुई पदमा रहेका असुरलाई सुराले, एक पदमा रहेका शेषलाई घिउमिश्रित जलले, अर्धपदमा स्थित पाप वा यक्ष्मालाई जौको अन्नले, अर्धपदमा स्थित रोगलाई माडले, एक पदमा स्थित नागलाई नागपुष्पले, द्विपदस्थित मुख्यलाई भक्ष्य पदार्थले, एक पदमा स्थित भल्लाटलाई मुगी र भातले, एक पदमा स्थित सोमलाई मधुयुक्त खिरले, दुई पदमा स्थित ऋषिलाई शालूकले एक पदमा स्थित अदितिलाई लोपिकाले अर्धपदमा स्थिति दितिलाई पुरीले सन्तुष्ट गराउनुपर्छ। त्यसपछि ईशान दिशामा स्थित ईशका निम्न भागको आधा पदमा स्थित आप देवतालाई दुधले र त्यसको तल्लो भागमा रहेका आपवत्सलाई दहीले सन्तुष्ट गर्नुपर्छ। त्यसका साथै पूर्ववर्ती चार कोष्ठकहरूमा मरीचिलाई लड्डु दिएर सन्तुष्ट गर्नुपर्छ। ब्रह्माका ऊर्ध्व भागको कोणमा रहेका कोष्ठकको आधा पदमा सावित्रलाई रातो पुष्प चढाउनुपर्छ। त्यसको तल्लो भागको आधा कोष्ठकमा रहेका सवितालाई कुशको जल प्रदान गर्नुपर्छ। चार पदहरूमा रहेका विवस्वान्लाई रक्तचन्दन, नैर्ऋत्यकोणका अर्धकोष्ठकमा रहेका सुराधिप इन्द्रलाई बेसार मिश्रित जलको अर्घ्य दिनुपर्छ। चतुष्पदमा मित्रलाई गुडमा पकाइएको पायस दिनुपर्छ। वायव्यकोणका आधा कोष्ठकमा प्रतिष्ठित रुद्रलाई मासको दाल पकाएर दिनुपर्छ।१-१६।

त्यसभन्दा तल्लो आधा भागको कोष्ठकमा रहेका यक्षलाई रसिलो फल समर्पित गर्नुपर्छ। चारपद भएका महीधरलाई अन्न र मास मिसाएर र मासकै बलि पनि दिनुपर्छ। मध्यवर्ती चार कोष्ठमा भगवान् ब्रह्माका लागि तिलचामल चढाउनुपर्छ। चरकीलाई मास र घिउले, स्कन्दलाई खिचडी र फूलका मालाले, विदारीलाई रातो कमलले, कन्दर्पलाई एक पला तौलबराबरको भातले, पूतनालाई पलपित्तले, जम्भकलाई मास र फूलका मालाले, पाप या पापराक्षसीलाई पित्त, पुष्पमाला र हड्डीहरूले र पिलिपित्सलाई विभिन्न

शाद्यान् रक्तमांसेन अभावादक्षतैर्यजेत् ।२०।
क्षोमातृगणेभ्यश्च पिशाचादिभ्यः एव च ।
तृभ्यः क्षेत्रपालेभ्यो बलीन्दद्यात्प्रकामतः ।२१।
हुत्वैतानसन्तप्य प्रासादादीन्न कारयेत् ।
ह्मस्थाने हरिं लक्ष्मीं गणं पश्चात्समर्च्चयेत् ।२२।
हीश्वरं वास्तुमयं वर्द्धन्या सहितं घटम् ।
ह्माणं मध्यतः कुम्भे ब्रह्मादींश्च दिगीश्वरान् ।२३।
ग्रात्पूर्णाहुतिं पश्चात्स्वस्ति वाच्य प्रणम्य च ।
गृह्य कर्करीं सम्यक् मण्डलं तु प्रदक्षिणम् ।२४।
त्रमार्गेण हे ब्रह्मंस्तोयधारां च भ्रामयेत् ।
र्ववत्तेन मार्गेण सप्त बीजानि वापयेत् ।२५।
रम्भं तेन मार्गेण तस्य खातस्य कारयेत् ।
तो गर्त्तं खनेन्मध्ये हस्तमात्रं प्रमाणतः ।२६।
तुरङ्गुलकं चाधश्चोपलिप्यार्चयेत्ततः ।
गात्वा चर्तुभुजं विष्णुमर्घ्यं दद्यात्तु कुम्भतः ।२७।
कर्या पूरयेश्वभ्रं शुक्लपुष्पाणि च न्यसेत् ।
क्षणावर्त्तकं श्रेष्ठं बीजैर्मृद्भिश्च पूरयेत् ।२८।
र्घ्यदानं विनिष्पाद्य गोवस्त्रादीन्ददेद् गुरौ ।
लज्ञाय स्थपतये वैष्णवादिभ्य अर्चयेत् ।२९।
स्तु खानयेद्यन्नाजलान्तं यावदेव तु ।
षाधः स्थितं शल्यं न गृहे दोषदं भवेत् ।३०।
स्थशल्ये भिद्यते वै भित्तिर्वै गृहिणोऽसुखम् ।
नामशब्दं शृणुयात्तत्र शल्यं तदुद्भवम् ।३१।

थरीका मालाले सन्तुष्ट गर्नुपर्छ । त्यसपछि ईशान आदि दिक्पालहरूलाई रातो मासको बलि दिनुपर्छ । यी सबै कुराहरूको अभाव भएमा अक्षताले नै सबैको पूजा गर्नुपर्छ। राक्षस, मातृका, गण, पिशाच, पितृ र क्षेत्रपाललाई पनि इच्छाअनुसार दहीअक्षता आदि या मासको बलि दिनुपर्छ । वास्तु होम एवं बलि प्रदान गर्दा तृप्त नगराईकन प्रसाद आदिको निर्माण गर्नुहुँदैन । ब्रह्माका स्थानमा हरि, श्रीलक्ष्मी र गणदेवताको पूजा गर्नुपर्छ। त्यसपछि भूमि, वास्तुपुरुष एवं वर्धनीयुक्त कलशको पूजा गर्नुपर्छ। कलशका मध्यमा ब्रह्मा र दिक्पालहरूको यजन गर्नुपर्छ। त्यसपछि स्वस्तिवाचन एवं प्रणाम गरेर पूर्णाहुति दिनुपर्छ। हे ब्रह्मन् ! त्यसपछि गृहपतिले हातमा छिद्रयुक्त जलपात्र लिएर विधिपूर्वक दक्षिणावर्त मण्डल बनाउँदै सूत्रमार्गबाट जलधारालाई घुमाउनुपर्छ । त्यसपछि पहिलेकै मार्गबाट सात बीजहरू रोप्नुपर्छ। खाडल खन्न आरम्भ पनि उसै मार्गबाट गर्नुपर्छ । त्यसपछि मध्यमा हातसमानको फराकिलो र चार अङ्गुल गहिरो खाडल खन्नुपर्छ । त्यसैलाई लिपपोत गरी पूजन आरम्भ गर्नुपर्छ । सर्वप्रथम चार भुजा भएका श्रीविष्णु भगवान्को ध्यान गरेर उनलाई कलशले अर्घ्य प्रदान गर्नुपर्छ । त्यसपछि छिद्रयुक्त जलपात्रले खाडल भरेर त्यसैमा सेतो पुष्प हाल्नुपर्छ । त्यस दक्षिणावर्त श्रेष्ठ खाडललाई बीज एवं माटोले भर्नुपर्छ। त्यसरी नै अर्घ्यदानको कार्य सम्पन्न गरेर आचार्यलाई गाई, वस्त्र आदि दान गर्नुपर्छ। ज्योतिषि र स्थपतिलाई यथोचित सत्कार गरेर विष्णुभक्त र सूर्यको पूजा गर्नुपर्छ । त्यसपछि भूमिलाई यत्नपूर्वक जलपर्यन्त खन्न लगाउनुपर्छ । मानिसबराबरको गहिराइभन्दा तल यदि कुनै हड्डी वा काँडा आदि भेटिए भने पनि त्यो घरका लागि दोषकारक हुँदैन । हड्डी आदि शल्य भएमा घरको भित्तो भत्कन्छ र घरधनीलाई सुख पनि हुँदैन । खन्दाखेरि जुन जीवजन्तुको नाम सुनिन्छ, त्यो हड्डी त्यसै जन्तुको हो भन्ने जान्नुपर्छ।१७–३१।

४१. एकचत्वारिंशोऽध्यायः

शिलाविन्यासविधि

वानुवाच
दप्रतिष्ठां वक्ष्यामि शिलाविन्यासलक्षणम् ।
तो मण्डपः कार्यः कुण्डानां तु चतुष्टयम् ।१।
म्भन्यासेष्टकान्यासौ द्वारस्तम्भोछ्रयं शुभम् ।
दोनं पूरयेत्खातं तत्र वास्तुं यजेत्समे ।२।

भगवान्ले भने– अब म शिलान्याससवरूपा पादप्रतिष्ठाको वर्णन गर्दछु । पहिले मण्डप बनाउनुपर्छ । त्यसपछि त्यहाँ चार कुण्ड बनाउनुपर्छ। ती कुण्डलाई क्रमशः कुम्भन्यास, इष्टकन्यास, द्वार र खम्बाका शुभ आश्रयका रूपमा राख्नुपर्छ । कुण्डको तीन चौथाइ भाग रोडा आदिले भर्नुपर्छ र सम्याएर त्यसमाथि वास्तुदेवताको पूजा गर्नुपर्छ । जगमा

इष्टकाश्च सुपक्वाः स्युर्द्वादशाङ्गुलसम्मिताः ।
सुविस्तारत्रिभागेण वैपुल्येन समन्विताः ।३।
करप्रमाणा श्रेष्ठा स्याच्छिलाप्यथ शिलामये ।
नव कुम्भांस्ताम्रमयान्स्थापयेदिष्टकाघटान् ।४।
अद्भिः पञ्चकषायेण सर्वौषधिजलेन च ।
गन्धतोयन च तथा कुम्भैस्तोयसुपूरितैः ।५।
हिरण्यव्रीहिसंयुक्तैर्गन्धचन्दनचर्चितैः ।
आपोहिष्ठेति तिसृभिः शन्नोदेवीति चाप्यथ ।६।
तरत्समन्दीरिति च पावमानीभिरेव च ।
उदुत्तमं वरुणमिति कयानश्च तथैव च ।७।
वरुणस्येनि मन्त्रेण हंसः शुचिषदित्यपि ।
श्रीसूक्तेनापि च तथा शिलाः संस्थाप्य संयुताः ।८।
शय्यायां मण्डपे प्राच्यां मण्डले हरिमर्चयेत् ।
जुहुयाज्जनयित्वाग्निं समिधो द्वादशीस्ततः ।९।
आधारावाज्यभागौ तु प्रणवेनैव कारयेत् ।
अष्टाहुतीस्तथाष्टान्तैराज्यं व्याहृतिभिः क्रमात् ।१०।
लोकेशानामग्नये वै सौमायावग्रहेषु च ।
पुरुषोत्तमायैति च व्याहृतीर्जुहुयात्ततः ।११।
प्रायश्चितं ततः पूर्णा मूर्तिमांसघृतांस्तिलान् ।
वेदाद्यैर्द्वादशान्तेन कुम्भेषु च पृथक्पृथक् ।१२।
प्राङ्मुखस्तु गुरुः कुर्यादष्ट दिक्षु विलिप्य च ।
मध्ये चैकां शिलां कुम्भं न्यसेदेतान्सुरान्क्रमात् ।१३।
पद्मं चैव महापद्मं मकरं कच्छपं तथा ।
कुमुदं च तथा नन्दं पद्मशङ्खे च पद्मिनीम् ।१४।
कुम्भान्न चालयेत्तेषु न्यसेदष्टेष्टकाः क्रमात् ।
ईशानान्ताश्च पूर्वादाविष्टकाः प्रथमं न्यसेत् ।१५।
शक्तयो विमलाद्यास्तु इष्टकानान्तु देवताः ।
न्यसनीया यथायोगं मध्ये न्यस्यात्त्वनुग्रहा ।१६।
अव्यङ्गे चाक्षते पूर्णे मुनेरङ्गिरसः सुते ।

हालिने ईँटाहरू खुब पक्का हुनुपर्छ । बाह्रबाह्र अङ्गुल लामा हुनुपर्छ र लम्बाइको तीन भाग बराबर अर्थात् चार अङ्गुल मोटाइ भएका हुनुपर्छ । यदि ढुङ्गाकै मन्दिर बनाउने हो भने ईँटको सट्टा ढुङ्गा नै जगमा राख्नुपर्छ । प्रत्येक ढुङ्गाहरू एक हात लमाइका हुनुपर्छ । सकिन्छ भने ताँबाका अन्यथा माटाकै भए पनि नौवटा कलश स्थापना गर्नुपर्छ । जल, पञ्चकषाय, सर्वौषधि र चन्दन मिश्रित जल ती कलशहरूमा भर्नुपर्छ । यसै गरी सुन, धान आदि सहितका गन्धचन्दन आदिले उचित पूजा गरेर ती जलपूर्ण कलशहरूबाटै आपो हि ष्ठा आदि तीन ऋचा, शं नो देवीरभीष्टय आदि मन्त्र र तरत्स मन्दीः इत्यादि मन्त्र एवं पावमानी आदि ऋचाहरू तथा उदुत्तमं वरुण, कया नः र वरुणस्योत्तमम्भनमसि इत्यादि मन्त्रहरूको पाठ गर्दै हंसः शुचिषद् इत्यादि मन्त्र र श्रीसूक्तको पनि उच्चारण गर्दै धेरै ढुङ्गा वा ईँटाहरूलाई अभिषेक गर्नुपर्छ । त्यसपछि तिनलाई जगमा राखेर मण्डपभित्रको एउटा शय्याको पूर्व मण्डलमा भगवान् विष्णुको पूजा गर्नुपर्छ । अरणीमन्थनद्वारा अग्नि प्रकट गरेर द्वादशाक्षर मन्त्रले त्यसमा समिधाहरूको हवन गर्नुपर्छ । आधार र आज्यभाग नामका आहुति प्रणव मन्त्रले नै प्रदान गर्नुपर्छ । त्यसपछि अष्टाक्षर मन्त्रले आठ आहुति दिएर ओं भूः स्वाहा, ओं भुवः स्वाहा, ओं स्वः स्वाहा भन्दै तीन व्याहृतिले क्रमशः लोकेश्वर अग्नि, सोमग्रह र भगवान् पुरुषोत्तमलाई हवन दिनुपर्छ । त्यसपछि प्रायश्चित्त नामको हवन गरेर प्रणवयुक्त द्वादशाक्षर मन्त्रले मास, घिउ र तिल एकै साथ लिएर पूर्णाहुति हवन गर्नुपर्छ । त्यसपछि आचार्यले पूर्वतिर फर्किएर आठै दिशामा स्थापित कलशहरूलमा अलगअलग पद्म आदि देवताहरूको स्थापना गरी पूजा गर्नुपर्छ । बीचमा पनि धर्ती लिपेर एउटा ढुङ्गा र कलश स्थापना गर्नुपर्छ । यी नौ कलशहरूमा क्रमशः निम्नउल्लिखित देवताहरूलाई स्थापना गर्नुपर्छ । पद्म, महापद्म, मकर, कच्छप, कुमुद, आनन्द, पद्म र शङ्ख यिनलाई आठ कलशहरूमा र पद्मिनीलाई मध्यवर्ती कलशमा स्थापित गर्नुपर्छ । यी कलशहरूलाई हल्लाउनु चलाउनु हुँदैन । यिनीहरूका नजिकै पूर्व आदि दिशाका क्रमले ईशान कोणसम्म एकएक ईँटा राख्नुपर्छ । त्यसपछि तिनमा तिनैका देवतालाई विमला आदि शक्तिहरूसँगै न्यास गर्नुपर्छ । बीचमा अनुग्रहालाई स्थापना गर्नुपर्छ । त्यसपछि– मुनिवर अङ्गिराकी सुपुत्री इष्टका देवी, तिम्रो कुनै अङ्ग फुटेको भाँचिएको छैन, तिमी सम्पूर्ण अङ्गहरूले सम्पन्न छ्यौ,

इष्टके त्वं प्रयच्छेष्टं प्रतिष्ठां कारयाम्यहम् ।१७।

मन्त्रेणानेन विन्यस्य इष्टका देशिकोत्तमः ।
गर्भाधानं ततः कुर्य्यान्मध्यस्थाने समाहितः ।१८।

कुम्भोपरिष्टाद्देवेशं पद्मिनीं न्यस्य देवताम् ।
मृत्तिकाश्चैव पुष्पाणि धातवो रत्नमेव च ।१९।

लोहानि दिक्पतेरस्त्रं यजेद्वै गर्भभाजने ।
द्वादशाङ्गुलविस्तारे चतुरङ्गुलकोच्छ्रये ।२०।

पद्माकारे ताम्रमये भाजने पृथिवीं यजेत् ।
एकान्ते सर्वभूतेशे पर्वतासनमण्डिते ।२१।

समुद्रपरिवारे त्वं देवि गर्भं समाश्रय ।
नन्दे नन्दय वासिष्ठे वसुभिः प्रजया सह ।२२।

जये भार्गवदायादे प्रजानां विजयावहे ।
पूर्णेऽङ्गिरसदायादे पूर्णकामं कुरुष्व माम् ।२३।

भद्रे काश्यपदायादे कुरु भद्रां मतिं मम ।
सर्वबीजसमायुक्ते सर्वरत्नौषधीवृते ।२४।

जये सुरुचिरे नन्दे वासिष्ठे रम्यतामिह ।
प्रजापतिसुते देवि चतुरस्त्रे महीयसि ।२५।

सुभगे सुप्रभे भद्रे गृहे काश्यपि रम्यताम् ।
पूजिते परमाश्चर्य्ये गन्धमाल्यैरलङ्कृते ।२६।

भवभूतिकरी देवि गृहेभार्गवि रम्यताम् ।
देशस्वामिपुरस्वामिगृहस्वामिपरिग्रहे ।२७।

मनुष्यादिकतुष्ट्यर्थं पशुवृद्धिकरी भव ।
एवमुक्त्वा ततः खातं गोमूत्रेण तु सेचयेत् ।२८।

कृत्वा निधापयेद् गर्भं गर्भाधानं भवेन्निशि ।
गोवस्त्रादि प्रदद्याच्च गुरवेऽन्येषु भोजनम् ।२९।

गर्भं न्यस्येष्टका न्यस्य ततो गर्भं प्रपूरयेत् ।
पीठबन्धमतः कुर्य्यान्मितप्रासादमानतः ।३०।

पीठोत्तमं चोच्छ्रयेण प्रासादस्यार्द्धविस्तरात् ।
पादहीनं मध्यमं स्यात्कनिष्ठं चोत्तमार्द्धतः ।३१।

मेरो अभीष्ट पूर्ण गर, अब म प्रतिष्ठा गर्दै छु भनी प्रार्थना गर्नुपर्छ ।१-१७।

उत्तम आचार्यले यसै मन्त्रले इष्टकाहरू स्थापना गरिसकेपछि एकाग्रचित्त भएर मध्य स्थानमा गर्भाधान गराउनुपर्छ । त्यसो गर्दा एक कलशमाथि देवेश्वर भगवान् नारायण तथा पद्मिनी लक्ष्मीलाई स्थापित गरेर उनैका नजिकै माटो, फूल, धातु र रत्न राख्नुपर्छ । त्यसपछि फलाम आदिले बनाइएको बाह्र अङ्गुल फराकिलो र चार अङ्गुल अग्लो गर्भपात्रमा अस्त्रको पूजा गर्नुपर्छ । त्यसपछि कमलको आकारमा बनाइएको ताँबाको पात्रमा पृथ्वीको पूजा गर्दै— सम्पूर्ण प्राणीकी ईश्वरी हे पृथ्वीदेवी ! तिमी पर्वतका आसनले सुशोभित छ्यौ । चारैतिर समुद्रले छेकिएकी छ्यौ । एकान्तमा गर्भधारण गर । हे वसिष्ठकन्या नन्दा ! वसु र प्रजाहरूका साथै मलाई पनि तिमी आनन्दित गराऊ । हे भार्गवपुत्री जया ! प्रजालाई विजय प्रदान गर्ने तिमी नै हौ । हे अङ्गिराकी पुत्री पूर्णा ! मेरा कामनाहरू तिमीले पूरा गर । हे महर्षि कश्यपकी पुत्री भद्रा ! मेरो बुद्धि तिमीले कल्याणमय गराऊ । सम्पूर्ण बीजले युक्त र सबै खालका रत्न एवं औषधिले सम्पन्न सुन्दरी जयादेवी तथा वसिष्ठ पुत्री हे नन्दादेवी ! यहाँ आनन्दपूर्वक रमाऊ । हे कश्यपकी पुत्री भद्रा ! तिमी प्रजापतिकी पुत्री हौ, चारैतिर फैलिएकी छ्यौ । परम महान् छ्यौ । तिमी सुन्दर र कान्तिसम्पन्न छ्यौ । यस घरभित्र रमाऊ हे भार्गवी देवी तिमी परम आश्चर्यमयी छ्यौ । तिमी गन्ध र माल्य आदिले सुशोभित एवं पूजित छ्यौ । हे लोकलाई ऐश्वर्य प्रदान गर्ने देवी ! यस गृहमा तिमी रमण गर । यस देशका सम्राट्, यस नगरका राजा र यस घरका मालिकका बालबच्चा तथा मानिस आदि प्राणीलाई आनन्द दिनका लागि पशु आदि सम्पदा वृद्धि गराइदेऊ भनेर प्रार्थना गर्दै वास्तुकुण्डलाई गहुँतले सेचन गर्नुपर्छ । यस्तै किसिमका विधिहरू पूरा गरेर कुण्डमा गर्भ स्थापित गर्नुपर्छ । यस्तो गर्भाधान रातमा हुनुपर्छ । त्यस बेला आचार्यलाई गाई वस्त्र आदि दान गर्नुपर्छ र अन्य मानिसहरूलाई भोजन गराउनुपर्छ । यसै किसिमले गर्भपात्र राखेर र इँटा पनि राखेर त्यो कुण्ड भर्नुपर्छ । त्यसपछि मन्दिरको उचाइअनुसार प्रधान देवताको पीठ निर्माण गर्नुपर्छ । उत्तम पीठ भनेर जो मन्दिरको आधा विस्तार बराबर उचाइ भएकालाई मानिएको छ । उत्तम पीठको अपेक्षा एक चौथाइ कम उचाइ भयो भने मध्यम पीठ भनिन्छ र उत्तम पीठको आधा मात्रै उचाइ भयो भने त्यो कनिष्ठ पीठ हो भन्ने मानिन्छ ।

पीठबन्धोपरिष्टात्तु वास्तुयागं पुनर्यजेत् ।
पादप्रतिष्ठाकारी तु निष्पापो दिवि मोदते ।३२।
देवागारं करोमीति मनसा यस्तु चिन्तयेत् ।
तस्य कायगतं पापं तदन्हा हि प्रणश्यति ।३३।
कृते तु किं पुनस्तस्य प्रासादे विधिनैव तु ।
अष्टेष्टकासमायुक्तं यः कुर्य्याद्देवतालयम् ।३४।
न तस्य फलसम्पत्तिर्वक्तुं शक्येत केनचित् ।
अनेनैवानुमेयं हि फलं प्रासादविस्तरात् ।३५।
ग्राममध्ये च पूर्वे च प्रत्यग्द्वारं प्रकल्पयेत् ।
विदिशासु च सर्वासु ग्रामे प्रत्यङ्मुखो भवेत् ।
दक्षिणे चोत्तरं चैव पश्चिमे प्राङ्मुखो भवेत् ।३६।

पीठबन्ध भएपछि त्यसमाथि पुनः वास्तुयाग गर्नुपर्छ। केवल पादप्रतिष्ठा मानिसले पनि सबै पापबाट मुक्त भएर देवलोकमा आनन्द भोग गर्दछ। म देवताको मन्दिर बनाउँदै छु भनेर जसले मनले मात्रै चिन्तन गर्दछ, त्यसको पनि शारीरिक पाप उसै दिन नष्ट हुन्छ। त्यसपछि जसले विधिपूर्वक मन्दिर बनाउन लगाउँछ, उसका विषयमा त के भनिराख्नुपर्छ र ? जसले आठवटा इँटाको मात्रै भए पनि देवताको मन्दिर बनायो भने त्यसका फलप्राप्तिको कुनै बयान गरी साध्य छैन। त्यसभन्दा विशाल मन्दिर बनाउनाले प्राप्त हुने महान् फलको अनुमान आफैँ गर्नुपर्छ। गाउँका बीचमा अथवा गाउँभन्दा पूर्वदिशामा यदि मन्दिर बनाइयो भने त्यसको ढोका पश्चिमतिर राख्नुपर्छ र जुनसुकै कोणहरूमध्ये कुनै एकातिर बनाउनुपर्ने हो भने ढोका गाउँतिर फर्काउनुपर्छ। गाउँभन्दा दक्षिण, उत्तर या पश्चिम दिशामा मन्दिर बनेको छ भने त्यसको ढोका पूर्व दिशातर्फ राख्नुपर्छ।१८-३६।

४२. द्विचत्वारिंशोऽध्यायः

प्रासादलक्षण

हयग्रीव उवाच
प्रासादं सम्प्रवक्ष्यामि सर्वसाधारणं शृणु ।
चतुरस्त्रीकृतं क्षेत्रं भजेत्षोडशधा बुधः ।१।
मध्ये तस्य चतुर्भिस्तुकुर्यादायसमन्वितम् ।
द्वादशैव तु भागांश्च भित्त्यर्थं परिकल्पयेत् ।२।
जङ्घोच्छ्रायस्तु कर्त्तव्यश्चतुर्भागेण चायतः ।
जङ्घाया द्विगुणोच्छ्रायं मञ्जर्य्याः कल्पयेद्बुधः ।३।
तुर्यभागेण मञ्जर्य्याः कार्यः सम्यक्प्रदक्षिणः ।
तन्माननिर्गमं कार्य्य उभयोः पार्श्वयोः समम् ।४।
शिखरेण समं कार्यमग्ने जगति विस्तरम् ।
द्विगुणेनापि कर्त्तव्यं यथाशोभानुरूपतः ।५।
विस्तारान्मण्डपस्याग्ने गर्भसूत्रद्वयेन तु ।
दैर्घ्यात्पादाधिकं कुर्यान्मध्यस्तम्भैर्विभूषितम् ।६।
प्रासादगर्भमानं वा कुर्वीत मुखमण्डपम् ।
एकाशीतिपदैर्वास्तुं पश्चान्मण्डपमारभेत् ।७।

हयग्रीवले भने– हे ब्रह्मन् ! अब म सर्वसाधारण प्रासादको वर्णन गर्दछु, सुन। विद्वान् पुरुषले जहाँ मन्दिर निर्माण गरिने हो, त्यहाँको क्षेत्रलाई चारकुने रूपले सोह्र भागमा विभाजन गर्नुपर्छ। तिनबाट भित्रका चारभागलाई आयत वा गर्भ निश्चित गर्नुपर्छ र बाँकी बाह्र भागलाई पर्खाल उठाउने क्षेत्रफल बनाउनुपर्छ। उक्त बाह्र भागमध्येबाट चार भागको लम्बाइ जति हुन्छ, त्यति नै उचाइ प्रासादका पर्खालहरूको हुनुपर्छ। विद्वान् पुरुषले पर्खालको उचाइको दोब्बर शिखरको उचाइ राख्नुपर्छ। शिखरको चौथो भागको उचाइकै अनुसार मन्दिरको परिक्रमाको उचाइ राख्नुपर्छ। त्यसै मानको अनुसार पार्श्व भागमा निस्कने मार्ग बनाउनुपर्छ। ती द्वारहरू एकअर्कामा समानै हुनुपर्छ। मन्दिरका अगाडिको भूभागको विस्तार पनि शिखरजतिकै बनाउनुपर्छ। जसरी त्यसको शोभा हुन्छ, त्यसै अनुसार त्यसको विस्तार शिखरको दोब्बर बनाउन सकिन्छ। मन्दिरका अगाडिको सभामण्डप मन्दिरको गर्भसूत्रको दोब्बर हुनुपर्छ। मन्दिरको पादस्तम्भ आदि भित्ताकै बराबर लम्बाइमा हुनुपर्छ। तिनीहरू मध्यवर्ती स्तम्भले विभूषित हुनुपर्छ। अथवा मन्दिरका गर्भको मान जेजति छ, त्यही नै त्यसको मुख वा सभामण्डप पनि राख्नुपर्छ। त्यसपछि एकासी पदयुक्त